CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका कृतिहरुको समीक्षात्मक अध्ययन



प्रकाशक
जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् संस्थाको २५ औं प्रकाशन

कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका कृतिहरूको समीक्षात्मक अध्ययन

समीक्षक
प्रा.डा. नवराज कट्टेल

प्रकाशक
जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तक नाम	:	कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका कृतिहरूको समीक्षात्मक अध्ययन
समीक्षक	:	प्रा.डा. नवराज कट्टेल
प्रकाशक	:	जयतु संस्कृतम्
प्रकाशन सौजन्य	:	रामशरण शर्मा अर्याल
प्रकाशन मिति	:	२०८१ चैत्र, रामनवमी
प्रकाशनप्रति	:	पाँच सय
सर्वाधिकार	:	समीक्षकमा
मुद्रक	:	किशोर अफसेट प्रेस प्रा.लि., काठमाडौँ
मूल्य	:	रु. ३००/–
ISBN	:	978-9937-7-914-9

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गेहसिद्धं नमामि

पं. गणेशप्रसाद अर्याल तथा श्रीमती पूर्णमाया अर्याल

गोर्खाक्षेत्रे प्रकृतिलषिते पुण्यग्रामे पुराणे
बक्राङाख्ये कविबुधकुले योऽभिजातो मनीषी ।
वेदाध्यायी कलुषरहितो यश्च ह्यर्यालवंशे
वेदश्चासीत् प्रथितजनकश्चन्द्रमाया च माता ॥१॥

हैमं दृश्यं शिखरिशिखरं पर्वतात् पर्वतञ्च
हैमश्रृङ्गं सुनयनपथे दृश्यते मेघमाला ।
ग्रामात् ग्रामो धवलशिखरं दृश्यते मञ्जूदिच्यां
स्वल्पा दीर्घा बहुनदततिर्दृश्यते वक्रगा च ॥२॥

शैले कुञ्जे प्रकृतिरचिते बालकेलिं वितन्वन्
क्षेत्रात् क्षेत्रं प्रतिदिनमहो पर्यटन् वन्यकुञ्जम् ।
गाश्चाज़ान् वा सुचरमहिषीं पालयन् पोषयँश्च
बाल्यं कालं सरलगतिना यो गणेशो निनाय ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रावं श्रावं कति च दिवसैः वेदशास्त्रं पपाठ
स्वल्पे काले दशरथसुतात् दीव्यभावं समाप ।
विद्याज्योतिस्त्वरितगतिना मानसं पोषयित्वा
ह्युच्चैर्विद्यां पठितुमनसा राजधानीं जगाम ॥४॥

शाव्दं शास्त्रं सुकुशलगुरोर्टेकनाथात् पपाठ
वेदान्तं वै नरपतिगुरोः सोमनाथात् पपाठ ।
साहित्यं वै निगमगमकं व्यासशास्त्रं विशालं
दीव्यां रामायणमृदुकथां प्रातिभः स्वः पपाठ ॥५॥

भार्यामूढ्वा गणपतिगुरुर्गेहधर्मं प्रविष्य
पुत्रीपुत्राः समभवनहो जन्मवंशं ततान ।
विद्यावंशं कतिपयवटून् शिक्षयित्वा सहार्दं
सौर्यं जप्त्वा सुबहुतपसा ब्रह्मभावं जगाम ॥६॥

नेत्रज्योति तरुणवयसि प्राप्तनष्टं जगाम
अन्तर्ज्योतिर्ह्युदभवदहो रामभक्तिप्रसादात् ।
श्रौतं प्राज्ञं कविबुधवरं ज्ञानभक्त्योः स्वरूपं
आदर्शार्षं रविछ्विकरं गेहसिद्धं नमामि ॥७॥

प्रा.डा. नवराज कट्टेल
२०७०।११। १५ शिवरात्रि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

वि.सं २००४ सालमा एकतन्त्रीय राणाशासनको विरोधमा सर्वश्री पूर्णप्रसाद ब्राह्मणको विमर्शमा श्रीभद्र शर्मा, राजेश्वर देवकोटा, कमलराज रेग्मी, पद्मराज अधिकारी आदि विद्यार्थी नेताहरूको नेतृत्वमा सञ्चालित 'जयतु संस्कृतम्' नामक विद्यार्थी आन्दोलनले नेपालको शैक्षिक एवं राजनीतिक इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेकोछ। वि.सं. २०५४ सालमा सो आन्दोलनले ५० वर्ष पूरा गरेको उपलक्ष्यमा स्वर्ण महोत्सवको आयोजना गरी वि.सं. २०५५ सालमा सो आन्दोलनलाई 'जयतु संस्कृतम्' संस्थाका नाममा रूपान्तरित गरियो । आन्दोलनको स्मरणमा तीनधारा छात्रावास अगाडि स्मारकस्तम्भ स्थापित गरिएको छ ।

संस्थामा रूपान्तरित भएपछि यसले प्राच्य भाषा, धर्म, संस्कृति, परम्परा मूल्य र मान्यताको संरक्षण, संवर्द्धन र प्रचारलाई आफ्नो मुख्य अभियान बनाएको छ र संस्कृत भाषाको लोकप्रियता बढाउन संस्कृतको पठनपाठन प्रक्रियालाई अरू व्यापक बनाउने, संस्कृत वाङ्मयका महत्त्वपूर्ण ग्रन्थहरूलाई नेपालीसहित विभिन्न लोकभाषामा अनुवाद गर्दै प्रकाशित गर्ने, संस्कृत भाषाको प्रचारप्रसार गर्दै नेपाली संस्कृति र सभ्यताको संरक्षण एवं संवर्द्धन गर्ने अनि गोष्ठी, प्रशिक्षण, कार्यशाला आदि सञ्चालन गर्ने जस्ता विविध कार्य गर्दै आइरहेको छ ।

यस संस्थाकै प्रयत्नमा नेपालको सबैभन्दा पुरानो, नेपाल सरकारको प्रकाशन, 'गोरखापत्र' दैनिकमा संस्कृत पृष्ठ २०७२ असार १ गते (जयतु संस्कृतम् दिवस) देखि पाक्षिक रूपमा प्रकाशन हुँदै आएको छ । त्यस्तै जयतु संस्कृतम्कै प्रयत्नमा ०७५ भाद्र ६ गतेदेखि नेपाल टेलिभिजनमा संस्कृतसमाचार प्रसारण हुन थालेको छ । लोकसेवा आयोगमा संस्कृत पत्र राख्न, नेपाल एकेडेमीमा संस्कृत विभाग खोलाउन, खुला विश्वविद्यालय र अन्य विश्वविद्यालयहरूमा संस्कृत विषय समावेश गर्न गराउन, संस्कृत मा.वि पुनःस्थापित गर्न, गुरुकुल सुदृढ गराउन र आर्थिक अनुदान बढाउन संस्थाले आवाज उठाउँदै आएको छ । संस्कृत गूरुकुलहरूमा अनुदान थपिएको पनि छ । उत्तरमहाभारत र संस्कृत वाङ्मयमा महत्त्वपूर्ण मौलिक ग्रन्थहरू लेखी-लेखाई प्रकाशित गर्ने उद्देश्य पनि संस्थाको छ । संस्कृत नाटकको लेखन र मञ्चन कार्यलाई गति दिन संस्थाले कार्यारम्भ गरिसकेको छ । डा. नवराज कट्टेलबाट नै रचना गरिएको कर्मफलम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(रूपकसङ्ग्रह २०८१) प्रकाशित भैसकेको छ भने अर्को रूपकसङ्ग्रह सम्पादन हुँदै छ भने ७ वटा नाटक संस्थाले प्राप्त गरिसकेको छ। प्रकाशित संस्कृतको मौलिक पुस्तकको मूल्याङ्कनको आधारमा 'जयतु संस्कृतम्' पुरस्कारद्वारा १४ जना संस्कृतका विद्वान्हरू पुरस्कृत भइसक्नुभएको छ। डा. स्वामी प्रपन्नाचार्य, आचार्य खेमराज केशवशरणलगायत ७ जना र २०५१।५।७ मा प्रा.डा. दीर्घराज घिमिरेलगायतका ५ जनासहित १४ जना नै जयतु संस्कृतम् सम्मानबाट विभिन्न पदवीसहित विभूषित भैसक्नु भएको छ।

जयतुसंस्कृतम् संस्थाले नै थाइल्यान्डमा सन् १९१५ मा १७ औं विश्व संस्कृत सम्मेलन सम्पन्न हुँदा नेपालमा विश्व संस्कृत सम्मेलन गर्न आफ्ना प्रतिनिधि मार्फत अनुरोध गरी पठाएको थियो। सो प्रक्रिया अगाडि बढ्दै गएर सन् २०१८ मा क्यानडा, भ्यानकुवरमा र सन् २०२४ मा नेपालमा विश्वसंस्कृत सम्मेलन गर्ने घोषणा भएको थियो तर नेपाल संस्कृत विश्वविद्यालयले तयारी गर्न नसकेकाले सन् २०२५ तदनुसार २०८२ असार महिनामा सम्पन्न हुने भएको छ। भाषा आयोग र पाठ्यक्रम विकास केन्द्रमा पनि संस्थाले पटकपटक आत्मधारणा लिखित तथा मौखिक रूपमा राख्दै संस्कृतको विकासमा पूर्ण ध्यानकेन्द्रित गरेको छ। २०७५ को उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगमा यस संस्थाले महत्त्वपूर्ण सुझावहरू दिएको थियो। ती सुझावहरू २० र २१ अध्यायमा समावेश पनि भएका छन्। कक्षा एकदेखि ८ कक्षासम्म स्थानीय विषय, स्थानीय भाषा वा संस्कृत भाषा समावेश गर्न र यसको पाठ्यक्रम एवं पाठ्यपुस्तक तयार गर्न गराउन पनि जयतु संस्कृतम्को महत्त्वपूर्ण योगदान रहेको छ।

२०७७।०७८ मा संस्कृत लोकभाषा अभियान सञ्चालन गरी सातै प्रदेशमा संस्कृतभाषा प्रशिक्षण (१५ दिने शिविर) चलाई संस्कृतको पक्षमा जनमत तयार गरिएको थियो। यसैको पृष्ठभूमिमा ०७८।०७९ मा भएको जनगणनामा १३९०० जना संस्कृत मातृभाषाभाषी खडा भए भने ६ हजार मानिसले संस्कृत आफ्नो दोस्रो भाषा भनी नाम दर्ता गराए। एक लाख ३५ हजारले आफ्नो पुर्खाको भाषा संस्कृत भनी नाम दर्ता गराए। यसले कानुनी रूपमा समेत संस्कृत राष्ट्रभाषाको रूपमा स्थापित भएको छ।

यस संस्थाले ग्रन्थानुवाद एवं प्रकाशन परियोजनालाई अगाडि बढाउँदै हालसम्म वेदान्त, न्याय, बौद्ध, चार्वाक, तन्त्र, मीमांसा, जैन दर्शनका ग्रन्थहरू नेपालीमा अनुवाद गरी प्रकाशन गरिसकेको छ। एवं अन्य दर्शनका ग्रन्थहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि नेपालीमा अनुवाद गरी गराई प्रकाशित गर्ने योजना रहेको छ । संस्कृतमा विभिन्न किसिमका मौलिक ग्रन्थहरू, साहित्यिक कृतिहरू काव्य, नाटक, कथा, निबन्ध आदि पनि यथाशक्य रचना गर्दै गराउँदै प्रकाशन गर्ने योजना पनि यथावत् रहेको छ । संस्कृतका विभिन्न विद्वान्हरूका विषयमा संस्कृत विद्वान् परिचयकोश, व्यक्तित्व तथा कृतित्व आदि पनि तयार गर्दै जाने योजनामा संस्थाको चिन्तन रहेको छ । वि.सं. २०८१ भाद्र महिनामा राष्ट्रपतिलाई स्मृति पत्र दिदै जयतु संस्कृतम्ले 'राष्ट्रपति संस्कृत सुधार कार्यक्रम' ल्याउन र संस्कृत मा.वि., गुरुकुलहरूमा व्यापक सुधार गर्न, आर्थिक अनुदान बढाउन आग्रह गरेको छ ।

प्रस्तुत समीक्षा ग्रन्थ प्रा.डा.नवराज कट्टेलले तयार गर्नु भएको हो । जयतु संस्कृतम्का सदस्यसचिव समेत रहनुभएका प्रा.डा. नवराज कट्टेल (२०१७) छात्र जीवनदेखि नै संस्कृत वाङ्मयको संरक्षण, विकास र प्रचारप्रसारमा संलग्न रहँदै आउनुभएको छ । छात्रजीवनमा नै उहाँले तीनधारा संस्कृत छात्रावास शतवार्षिक समारोह (वि.सं. २०४२) सम्पन्न गर्न खेलेको भूमिका स्मरणीय रहेको छ । तीनधारा संस्कृत छात्रावासको इतिहास, जयतु संस्कृतम् र संस्कृत छात्र संघ (२००४) को इतिहास खोज र प्रकाशनमा पनि उहाँको भूमिका प्रशंसनीय रहेको देखिन्छ । हालसम्म जयतु संस्कृतम् संस्थाका योसहित २५ वटा पुस्तक प्रकाशित भैसकेका छन् । पुस्तक प्रकाशनजस्तो झन्जटिलो काममा धैर्यपूर्वक निरन्तर कार्य गर्नु पनि स्मरणीय छ । जयतु संस्कृतम् आन्दोलन २००४ को स्वर्णमहोत्सव समारोह २०५४ सम्पन्न गर्न र जयतु संस्कृतम् (२०५५) को स्थापना र सञ्चालनमा पनि उहाँको संस्कृत प्रतिको स्वतःस्फूर्त निष्ठा व्यक्त भएको पाइन्छ । जयतु संस्कृतम् संस्था २७ वर्षदेखि संस्कृतको सेवामा निरन्तर सन्नद्ध रहेको छ । गुरुकुलबाट अध्ययन अगाडि बढाउनुभएका कट्टेलजीले त्रिभुवन विश्वविद्यालयबाट एम.ए., बी.एड. र नेपाल संस्कृत विश्वविद्यालयबाट आचार्य र विद्यावारिधि मात्र गर्नुभएन संस्कृत विश्वविद्यालयको उन्नयनमा समेत योगदान पुर्‍याउनुभएको पाइन्छ । उहाँका नेपाली र संस्कृतमा कविता, खण्डकाव्य, लघुनाटक, कथा र उपन्यास समीक्षा आदि र सम्पादित एवं स्वलिखित पुस्तकहरू एक दर्जन जति प्रकाशित छन् ।

कट्टेलजीले तयार गर्नुभएको प्रस्तुत **कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका कृतिहरूको समीक्षात्मक अध्ययन** प्रकाशित हुँदैछ । गोरखा जिल्लाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बक्राङ, पुराना गाउँमा जन्मनुभएका अर्यालले (वि.सं. १९६६-२०२४) संस्कृत र नेपाली काव्यकृतिमा कलम चलाई २४११ श्लोकको रचना गर्नुभएको रहेछ । उहाँले संस्कृतमा २ खण्डकाव्य र १० कविताको रचना गरेको देखिन्छ भने नेपालीमा एक महाकाव्यसहित २ खण्डकाव्य र १८ कविता प्रकाशित भएको पाइन्छ । उहाँको जीवनी र यिनै काव्यकृतिहरूको समीक्षात्मक अध्ययन यस कृतिमा गरिएको छ ।

संस्कृतका अनन्य सेवक यशस्वी, तपस्वी गायत्री गणेशप्रसाद अर्यालका विषयमा अनुसन्धानमूलक ग्रन्थ तयार गर्नुभएकामा कट्टेलजी धन्यवादका पात्र हुनुहुन्छ भने यस पुस्तकको प्रकाशनमा आर्थिक सहयोग गर्नुभएकामा गायत्री गणेशप्रसाद अर्यालका सुगोग्य सुपुत्र रामशरण शर्मा अर्यालज्यू पनि धन्यवादका पात्र हुनुहुन्छ । यसमा शुभकामना मन्तव्य दिनुहुने प्रा.डा. विष्णुप्रसाद देवकोटा र ग्रन्थ तयार गर्न विमर्श प्रदान गर्ने विद्वान् मित्र प्रा.डा. मुकुन्दप्रसाद लामिछानेलाई पनि धन्यवाद ज्ञापन गर्दछु । प्रा.डा. टीकाराम अधिकारीले गायत्री गणेशप्रसाद अर्यालको स्मृतिग्रन्थमा प्रकाशित काव्यकृतिका विषयमा समीक्षालेख तयार गर्नुभएको रहेछ, सो समीक्षा यस ग्रन्थमा पनि समावेश गरिएको छ । यसका लागि स्व. टीकाराम अधिकारीलाई पनि आभार व्यक्त गर्दछु । प्रस्तुत ग्रन्थ तयार गर्न आ-आफ्नो स्थानबाट सहयोग गर्नुहुने सबै सज्जनवृन्दलाई धन्यवाद ज्ञापन गर्दछु । जयतु संस्कृतम् ।

डा. बद्री पोखेल
अध्यक्ष- जयतु संस्कृतम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पण्डित गायत्री गणेशका विषयमा

प्रा.डा. टीकाराम अधिकारी[1]

अज्ञानहृदयध्वान्तनाशमार्तण्डमण्डलम् ।
श्रीगुरोश्चरणद्वन्द्वं भजेऽहं मङ्गलप्रदम् ॥
भक्तहृत्कुमुदाह्लादिचन्द्रशेखार्धशेखरम् ।
जगतां शङ्करं सोमं भजे मङ्गलविग्रहम् ॥

गणेशप्रसाद अर्याल, राममभक्तमालामङ्गलाचरणम् (२।३)

श्रीरामः श्याममेघो विरसजनमनश्चातकैः प्रार्थ्यमानः
सीताविद्युत्प्रकाशैरुदयति सधनुर्लोकशैले सुरम्ये ।
लोकाशाः पूरयन् यः सलिलरसचयैः कामवृष्टिं प्रदाय
कुर्यात् सोऽन्तः प्रसन्नं भुवनमिव घनो राम एवं शरण्यः ॥

गणेशप्रसाद अर्याल,
रामभक्तमाला-मर्त्यावतारराज्यलीलाकुसुम (११०)

यस प्रकार रावणको शासनरूपी प्रचण्डगर्मीको शान्ति गर्दै तिर्खाले आत्तिएको काकाकुलजस्तो तत्कालीन समाजलाई शान्तिको सुमधुर वर्षा गरेर तृप्त पार्ने भगवान् मर्यादापुरुषोत्तम श्रीरामचन्द्रको कीर्तिगानमा केन्द्रित भएर आफ्ना स्थानीय देवदेवी मनकामना, गोरखकाली, गोरखनाथ आदिका अतिरिक्त परम्परागत गणेश, दुर्गा, सरस्वती, विष्णु, ब्रह्मा आदि देवदेवीहरूमा समेत आफ्नो भावना फिजाउँदै तत्कालीन प्रजापालकहरूको भक्तिधारामा समेत डुबुल्की मार्न पुगेका कविवर पं. गणेशप्रसाद अर्याल (पण्डित गायत्री गणेश) को (स्मृति) ग्रन्थप्रकाशन आजको भोगवादी सामाजिक मानसिकताको अचूक औषधिको रूपमा हाम्रो हातमा आएको छ। रामभक्ति र राजभक्तिप्रधान स्मृतिग्रन्थले लोकरावणको आतङ्कबाट जलेका तत्कालीन जनमानसले भोग्न पाएका अपूर्व रामराज्यको चित्र प्रस्तुत गर्दछ।

वि.सं. १९६६ मा गोरखा जिल्लाको बक्राङ, पुरानागाउँमा जन्मेर विभिन्न संघर्ष गर्दै व्याकरणमध्यमा र वेदान्तशास्त्रीको गहना पहिरने प्रातःस्मरणीय

१ प्रस्तुत पण्डित गायत्री गणेशका विषयमा नामक आलेख प्रा.डा. स्व.टीकाराम अधिकारीले स्व.अर्यालको स्मृतिग्रन्थ लोकार्पण समारोहमा दिनुभएको एक मन्तव्य हो। यो आलेख यस ग्रन्थमा राख्नु सान्दर्भिक नै हुने देखेर मिल्किएको कागजको टुक्रावाट वटुलेर एउटा आकार दिएर प्रकाशित गरिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुवरले विशेष गरी ३५ वर्षको उमेर पुग्दाका समयदेखि सम्पन्न गरिएका ३३ वटा काव्यकृतिहरूमा सबैभन्दा महत्त्वपूर्ण मानिने **'रामभक्तमाला'** र **'बालरामायण'** को प्रकाशन कविको रचनाकाल (वि.सं. २००१ वि.सं. २०२४) मा भन्दा पनि आजको विचलनग्रस्त समाजमा अझ बढी आवश्यक देखिएको र प्रकाशनकार्य सम्पन्न पनि भएकोमा सबैलाई खुसीलाग्दो विषय छ। यस प्रकाशनका विजयी योद्धा नै गुरुपुत्र श्रीरामशरण शर्मा अर्यालज्यू हुनुहुन्छ। आफ्ना पिताज्यूको तल उद्धृत भनाइलाई सार्थक गरिदिने आदरणीय विद्वान् श्रीरामशरण शर्मा अर्यालज्यू दिवङ्गत कीर्तिशेष गायत्री गणेशको साक्षात् मूर्ति हुनुहुन्छ।

आफ्नो महत्त्वपूर्ण काव्यरचना रामभक्तमालाको विषयमा उहाँका पिताज्यूको हृदयमा यस प्रकार आशाको लहरा झ्याङ्गिएको थियो- 'अपरितोषात् विदुषां न साधु मन्ये प्रयोगविज्ञानम्' यस उक्तिको सार्थकता निमित्त अशुद्धलाई शुद्ध गरी अरू दोषलाई मनैमा दबाई श्रीरामभक्तिकीर्तनगुणलाई अग्रसर गराई प्रकाश गराउने प्रयास कुनै सज्जनवर्गबाट होला कि भन्ने अभिलाषा गर्दछु। त्यस्तो रामभक्त कुनै व्यक्ति मिलेमा उसको जन्मजन्मान्तरको ऋणी बन्नेछु भन्ने आशा लिई नम्रताका साथ यो रामपदमा अर्पित कुसुम सुपद्यमणिमाला प्रसादरूपले सज्जनवर्गका करकमलमा अर्पित छ- (पं गणेशप्रसाद अर्जेल -गोरखा, बक्राङ) वि.सं. २०१५।

कवि गणेशप्रसादको यो आशाअनुसार रामभक्तमालाको प्रकाशनको प्रयासद्वारा नै पितृऋण तिरेर कृत्यकृत्य बन्न पुगेका विद्वान् छोरा श्रीरामशरण शर्मा अर्यालको ऋण बोक्न नपरेको हुँदा लेखक अवश्य हर्षले गर्दा सम्पूर्ण पाठकहरूको अनुकूल हुन सक्ने विश्वास गर्न सकिन्छ। लेखकको प्रस्तुत वक्तव्यअनुसार रामपदवाच्य साक्षात् परब्रह्मको निर्गुण रूपको उपासना असम्भव हुँदा सगुण उपासनाको लेखकको प्रयास सफल संझनुपर्छ।

मङ्गलाचरणसहित २६ वटा कुसुमहरूमा आबद्ध संस्कृत भाषाका १८८ ? (१४४) वटा र नेपाली भाषाका १६४ ? (१६५) वटा गरी जम्मा ३५२ श्लोकहरूले सिँगारिएको कविको अतिप्रिय 'रामभक्तमाला' रचना एउटा द्विभाषी र लयात्मक सिङ्गो काव्यरचना नै हो र यसका पूर्वार्द्ध र उत्तरार्द्धका रूपमा रामचन्द्रका विभिन्न जीवनझाँकीहरू हुन्- धनुर्भङ्गलीला, विवाहलीला, अयोध्याप्रवेशलीला, राज्यभङ्गलीला, वनगमनलीला, चित्रकूटवासलीला, सीतादर्शनलीला, वनविहारलीला, अत्रिदर्शनलीला, दण्डकारण्यलीला, पञ्चवटीलीला आदि पूवार्द्धका लीलाहरूका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतिरिक्त लङ्काप्रवेशलीला, सीतादर्शनलीला, हनुमान्-सीतासंवादलीलाका साथै पूर्णलीलासम्मका २६ वटा लीलाकुसुमहरू। स्रग्धरा छन्दमा आबद्ध संस्कृत र नेपाली भाषाका एउटै भावका यी कविताहरूले तत्कालीन रामराज्यका आवश्यकताको अभिव्यञ्जना गर्दछन् । रावणको आतङ्कबाट ग्रस्त समाजको चित्रण गरेर रामचरित्रको शीतल वर्षाद्वारा त्यस प्रकारको प्रचण्ड सन्तापको शान्ति भएको देखाउनु नै लक्ष्य रहेको प्रस्तुत काव्यरचना वर्तमान धार्मिक वितृष्णा समाप्त पार्न रामवाण सिद्ध हुने कुरामा दुई मत छैन । यस रामभक्तमाला-काव्यप्रकाशनले स्मृतिग्रन्थमा ४७ वटा पृष्ठहरूको क्षेत्र ओगटेको छ ।

यसका अतिरिक्त ८५ वटा पृष्ठहरू ओगट्न सफल भएको कवि गणेशप्रसाद अर्यालको दोस्रो काव्यरचना हो **'बालरामायण'** नामक विशुद्ध नेपाली भाषाको भक्तिकाव्य । १४ वटा विलास वा अध्यायहरूमा विभक्त र अनुष्टुप् छन्दका ११६८ श्लोकहरू भएको रामभक्तिप्रधान यो काव्य ठेट नेपाली भाषामा रचिएको दृष्टान्तकुशलताले भरिएको र सर्वलक्षणसम्पन्न एउटा महाकाव्य नै सिद्ध हुँदा भानुभक्तको रामायणभन्दा पनि बढी प्रभावकारी देखिन्छ । यस काव्यरचनाको मूल उद्देश्य नै सामाजिक शान्तिस्थापना भएकाले कविले यसमा पनि रावणलाई गृष्म ऋतुको प्रचण्ड गर्मीको रूपमा र रामचन्द्रलाई पानी भरिएको दयालु मेघमालाको रूपमा चित्रण गरेका छन् -

यो रावण खडेरीले सुकेका भक्तसस्यमा ।
छर्ने आनन्दको वर्षा प्रणाम गर्छु राममा ॥

गणेशप्रसाद अर्याल, बालरामायण दशम विलास -१

भक्तोपवनको बाधा गर्ने रावणकण्टक ।
काटी सफा गरुन् राम हटाई सब सङ्कट ॥

गणेशप्रसाद अर्याल, बालरामायण द्वादश विलास -१

यस प्रकार मङ्गलाचरणहरू गर्दै अध्यायहरू सुरु गर्ने भक्तकवि श्री अर्यालज्यूको काव्यरचनाको उद्देश्यअनुरूप धारावाहिक रूपमा भएको भक्तिरचनाले नेपाली साहित्यको रामभक्तिधारामा अपूर्वयोगदान दिने कुरा निश्चित नै छ । अत्यन्त सरल र झर्रो नेपाली भाषामा लेखिएको र रामायणको सम्पूर्ण विषयवस्तुलाई समेट्न सफल यस काव्यको वक्तव्य विषयवस्तु प्रसादगुणले परिपूर्ण हुँदा पढ्ने-पढाउने र सुन्ने-सुनाउने व्यक्तिहरूका लागि अत्यन्त हृदयस्पर्शी छ र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पढ्न सुरु गरेपछि रामभक्तिले मन रसाउन थाल्छ । रामचन्द्रविषयक कविको विषयवस्तुको सटीक लक्ष्य-व्यवस्थापन भने यस प्रकार छ -

न्यायी बाठो कुरा जान्ने नलाग्ने दुस्समाजमा ।
कार्यकर्ता सबै यस्ता चाहिन्छन् राजकाजमा ॥
सर्कारको कुनै काम नहेर्ने लोभले गरी ।
न्याय छोडी कुरा गर्ने घूस खाएर बेसरी ॥
जता थैली उतै फर्की अन्याय सन्तमा गरी ।
दुष्टमा फैसला गर्ने लोभका वसमा परी ॥
धनी मानिस आएमा फाँचो च्यापेर काखमा ।
हर्षले मख्ख भै हेर्ने हात राखेर वक्षमा ॥
हरी सर्वश्व यस्ताको देशबाट निकालन ।
पर्छ है अन्यथा होला राष्ट्रको भ्रष्टकारण ॥

गणेशप्रसाद अर्याल, बालरामायण त्रयोदश विलास -(५०-५४)

यस प्रकारको सामाजिक सुधारको दृष्टि राखेर रामायण रचना गर्ने कविको लक्ष्य केवल भानुभक्तीय रामायणको अनुकरणमात्र नभई तत्कालीन समाजका सङ्कष्ट र राज्यशासन व्यवस्थाका कमीकमजोरीहरू केलाउने लक्ष्य पनि स्पष्ट रहेको देखिन्छ । जुन युगको शासनव्यवस्था पनि रामराज्यजस्तै निष्पक्ष हुनुपर्छ भन्ने शाश्वत सन्देशको शङ्खघोष गर्ने कविको रचनालक्ष्य निष्पक्ष समाजमा निष्पक्ष रामभक्ति र राजभक्तिको उज्यालो छर्नु नै भएको कुरा उनको अर्को विशिष्ट काव्य **'महेन्द्रशतकम्'** बाट पनि स्पष्ट हुन्छ । १०० वटा मन्दाक्रान्ता छन्दमा प्रौढ र आलङ्कारिक पदविन्यासपूर्वक संस्कृतमा रचना गरिएको प्रस्तुत **'महेन्द्रशतकम्'** खण्डकाव्य श्री ५ महेन्द्रको भक्तिभावनामा आधारित मेघदूतजस्तै स्वादिलो तेस्रो काव्य रचना हो । यी सबै काव्यरचनाको माध्यमबाट कविले तत्कालीन समाजमा विशुद्ध दैवी सम्पत्तिको सम्प्रेषण गर्न चाहेको कुरा स्पष्ट हुन आउँछ । यसरी रामभक्ति र राजभक्तिमा द्रवित हुँदै विकसित भएको कविको एउटा स्थायीभाव गुरु गणेश, सरस्वती, विष्णु, शिव, ब्रह्मा आदि देवताहरूमा पनि प्रवाहित हुँदै र अन्त्यमा रागात्मक लहरीसंग लड्दै वैराग्यलहरीको रूपमा शान्तरसमा टुङ्गिन पुग्छ । यसैले यस स्मृतिग्रन्थले लक्ष्य गरेको वास्तविक आस्वाद शान्तरस वा शान्तिस्थापना नै हो र यो प्रकाशनले यस प्रकारको लक्ष्यसिद्धिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपूर्व योगदान दिन सक्ने कुरामा दुई मत छैन । महेन्द्रशतकम् काव्यका रचयिता कविको अनुभवमा श्री ५ महेन्द्रले गरेको शान्तिस्थापनाको चित्रण यस प्रकार छ -

शान्त्याधारे त्रिभुवनसुते प्रेमपात्रे प्रजानां
प्रज्ञास्थाने प्रगतिकुशले शासनस्थे महेन्द्रे ।
लीनाः सर्वे दिशि विदिशि ते राष्ट्रविद्रोहिणो ये
कस्मात् तिष्ठेत् तिमिरनिकरो भास्करे भासमाने ? ॥

गणेशप्रसाद अर्याल, महेन्द्रशतकं काव्यम् ।

यस प्रकार स्मृतिग्रन्थका कृतिखण्डमा सङ्कलित ३३ वटा रचनाहरूका माध्यमबाट कविले राष्ट्रमा शान्तिस्थापना र आदर्श समाजको परिकल्पना गरेको कुरा स्पष्ट छ भने दोस्रो स्मृतिखण्डमा सङ्कलित २६ वटा संस्मरणात्मक लेखहरूद्वारा उहाँको व्यक्तित्व र कार्यक्षेत्रको मूल्याङ्कन गरिएको कुरा पनि स्पष्ट नै छ । उहाँका शिष्यप्रशिष्यहरूका अनुभवप्रधान संस्मरणात्मक लेखहरू पनि गुरुभक्तिद्वारा ओतप्रोत भएकाले शान्तभावको आस्वाद गराउँछन् । यसरी स्मृतिग्रन्थ सम्पूर्णरूपमा देवता, देश, नरेश र गुरुभक्तिमा केन्द्रित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहस्थ सन्तशिरोमणि गायत्री गणेश

पण्डित गणेशप्रसाद अर्याल (१९६६-२०२४) गोरखा जिल्लाका ख्यातनाम विद्वान् हुनुहुन्थ्यो । उहाँको नाम मैले सानैदेखि सुनेको हुँ, तर मैले उहाँसँग पढ्ने वा अन्य किसिमको सङ्गत गर्ने अवसर भने पाइन । उहाँले लिगलिगकोट बोहरा गाउँ होमनाथ देवकोटाको घरमा बसेर होमनाथका पुत्रहरू र गाउँका अन्य बालबच्चाहरूलाई पनि पढाउनुभएको थियो भन्ने कुरा पनि सुनेको हुँ । उहाँले २००९ सालदेखि २०१५ सालसम्म लिगलिगमा होमनाथले स्थापना गरेको जयन्ती विद्यालयमा बसेर करिब डेडदुई सय विद्यार्थीलाई एक्लै पढाउनुहुन्थ्यो, मेरा पिताजी र अन्यबाट पनि सुनेको हुँ । २०१५ सालको उत्तरार्द्धवाट उहाँ आफ्नै गाउँ बक्राङ, पुराना गाउँ फर्केर पढाउन थाल्नुभएको थियो । पछि थाहा भयो उहाँले चलाएको विद्यालयको नाम ऋषिकुल विद्यालय रहेछ । लिगलिगमा जस्तै सो विद्यालयमा पनि गोरखा, धादिङ, लमजुङ, तनहुँ, नुवाकोटदेखिका विद्यार्थीहरू आएर पढ्थे भन्ने कुरा मैले सुन्दै आएको हुँ । त्यस्तो अनकन्टार गाउँमा सय डेड सय विद्यार्थी जम्मा हुनु र तिनको पठनपाठनको व्यवस्था चल्नु, गुरुले आँखा नै नदेख्नु, तर विद्यालय चल्नु आफैँमा पनि आश्चर्यलाग्दो विषय थियो, त्यस्तो सम्भव भयो किन भने त्यहाँ विद्याको बल थियो, तपस्याको बल थियो, गायत्रीको आशीर्वाद थियो श्रीरामको आशीर्वाद थियो । विद्याको बलका विषयमा निम्न श्लोकले पनि स्पष्ट पारेको छ -

न चौरहार्यं न च राजहार्यं, न भ्रातृभाज्यं न च भारकारी ।
व्यये कृते वर्द्धत एव नित्यं, विद्याधनं सर्वधनप्रधानम् ॥

सानै उमेरमा पिताजीबाट गाउँमा नै केही पढेर अयोध्यामा गई उतै बसेर मैले संस्कृत विद्याको उपासना गरेँ । बनारसमा पनि बसेर अध्ययन गरी चिन्मय भगवान् र प्रातःस्मरणीय मातापिताको आशीर्वादले अनि मेरो स्वयं परिश्रमले संस्कृत व्याकरण र साहित्य विषयमा आचार्य उत्तीर्ण भएँ । पछि मेरो विवाह २०३६ सालमा सोही गाउँका रुद्रनिधि अर्यालकी छोरी विमलादेवी (अर्याल) देवकोटासंग भयो । त्यसले गर्दा मैलै गायत्री गणेशका विषयमा थप सुन्ने र बुझ्ने अवसर पाएँ । उहाँको रामभक्तमाला मैले पहिले नै पढ्ने अवसर पाएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिएँ। उहाँको त्यो प्रौढ र पण्डित्यपूर्ण काव्य देखेर पढेर म निकै प्रभावित भएको थिएँ। म संस्कृतमा त्यसरी प्रौढ र पाण्डित्यपूर्ण ढङ्गले कलम चलाउन सक्ने भएको थिइन र अभ्यास पनि थिएन। त्यसैले त्यस्तै काव्यहरू लेख्ने लोभ ममा पनि जागृत भएको थियो।

पढाइ पूरा गरेर म २०३५ सालतिर नेपाल फर्किएँ, त्यस समय संस्कृतको उच्च शिक्षा हेर्ने संकाय भनेको त्रि.वि. अन्तर्गत संस्कृत अध्ययन संस्थान थियो, त्यसमा नियुक्ति लिई दाङमा बसेर लामो समयसम्म पढाएँ। विद्यावारिधि गरेँ भने विभिन्न विषयमा कलम पनि चलाएँ। तर संस्कृत काव्य कवितामा खासै रचना आउन सकेका थिएनन्। जयतु संस्कृतम् संस्था २०५४ सालपछि सक्रिय भयो भने यसको दाङ शाखाको संयोजक भएर लामो समयसम्म काम पनि गरेँ। यस संस्थाले हरेक वर्ष संस्कृत कविगोष्ठी गर्ने गरेको थियो, सोही प्रसङ्गले मैले पनि संस्कृतमा कविताहरू लेख्न थालेँ, कविगोष्ठीमा वाचन गरिएका कविताहरूको सँगालो संस्कृत कविता सङ्ग्रह भाग १ र भाग २ प्रकाशित पनि भएका छन्। त्यसमा मेरा थुप्रै कविताहरू प्रकाशित छन्।

शैक्षिक सेवाको उत्तरार्धमा म काठमाडौँ स्थित वाल्मीकि विद्यापीठमा सरुवा भएर आएपछि संस्कृत कविगोष्ठीमा मेरो संलग्नता झन बढ्न गयो। २०६२ सालमा उहाँका सुपुत्र रामशरण अर्यालज्यूले पण्डित गायत्री गणेश स्मृतिग्रन्थ प्रकाशनमा ल्याउनुभयो। सो स्मृति प्रकाशन समितिमा मेरो नामसमेत समावेश गर्नुभएको थियो र केही विचारविमर्श गर्ने अवसर पनि मिलेको थियो। सो कृति मेरो पनि हातलागी गायत्री गणेशका काव्यकृतिको अध्ययन गर्ने अवसर मिल्यो। उहाँका नेपाली तथा संस्कृत काव्यकृतिबाट म निकै प्रभावित भएँ। संस्कृतका धेरै विद्वान्हरूले कलम चलाएका छैनन्, कलम चलाउने अभ्यास त्यति देखिँदैन तर गायत्री गणेशले आँखा नदेख्ने भएर पनि अरूले नै लेखिदिनुपर्ने भएर पनि त्यत्रा काव्यकृति लेख्नुभयो, यो आश्चर्यलाग्दो कुरा पनि छ र प्रशंसनीय कार्य पनि छ। उहाँ कन्दरावासी हुनुहुन्थ्यो, उहाँको गाउँ गोरखा सदरमुकामबाट नजिकै भएर पनि कोल्टो परेको ठाउँमा छ। मानिसको आवतजावतबाट असम्पृक्त छ, एकान्तमा छ, सुस्त छ, मस्त छ। त्यसैले उहाँले मनकामना पर्वत शृङ्खलाको उत्तरपट्टिको फेदमा रहेको तपोभूमि पुराना गाउँ (जहाँबाट गोरखकालीको मन्दिरको नित्य दर्शन गर्न पाइन्छ) मा बसेर काव्यसाधना गर्नुभयो।

उहाँको स्मृतिग्रन्थमा संस्कृतका दुईवटा खण्डकाव्य र १० वटा कविता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेका छन् भने नेपालीमा एउटा महाकाव्य अनि दुई वोटा खण्डकाव्य र केही कविताहरू संकलित रहेका छन् । यी काव्यकृतिको अध्ययन गर्दा गायत्री गणेश राम्रा कविका रूपमा देखा पर्छन् । नेपालीमा भन्दा संस्कृतका रचनामा प्रौढी, भाषिक प्रवाह र कवित्वको क्षमता प्रकट भएको देख्दछु । स्मृतिग्रन्थबाट यो पनि ज्ञात भयो कि उहाँका एक कविताबाहेक सबै रचना नेत्रशक्ति गुमेपछि लेखिएका हुन् । उहाँलाई अवश्य पनि कविता फुर्दा लेखिदिने मानिस नहुने र लेखिदिने मानिस हुँदा कवितारानी नआउने अवस्था भयो होला । उहाँका सबैजसो रचनाहरू शिष्यहरूले उतारिदिन्थे भन्ने कुरा पनि मैलै सुन्दै आएको हुँ । उहाँले संस्कृत र नेपालीमा कलम चलाएर आफ्नो पदचिह्न छोडेर जानुभयो, उहाँको पार्थिव शरीर नभएपनि ज्ञानशरीर काव्यरूपमा हाम्रा अगाडि रहेको हामी अनुभव गर्न सक्तछौँ ।

अहिले मेरा हातमा कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका कृतिको समीक्षात्मक अध्ययन ग्रन्थको पाण्डुलिपि रहेको छ । यसका लेखक गोरखा जिल्ला कट्टेलडाँडामा ज़न्मिनुभएका डा. नवराज कट्टेल जो मेरा प्रियतम शिष्यमध्ये एक हुनुहुन्छ भने मित्रवत् अनुज पनि हुनुहुन्छ । उहाँ नेपाली विषयका प्राध्यापक भए पनि संस्कृत भाषामा समेत कलम चलाउनुहुन्छ । उहाँका नेपाली र संस्कृतमा थुप्रै ग्रन्थहरू प्रकाशित छन् भने प्रकाशनको प्रतीक्षामा पनि थुप्रै ग्रन्थहरू छन् भन्ने मैले चाल पाएको छु ।

कट्टेलजीका प्रकाशित कृतिहरूमा १-नेपाली कथा र उपन्यास: एक अनुशीलन (२०७२) । २-पण्डित दधिराम पौडेलका व्याकरणात्मक कृतिको अध्ययन (२०७९, नेपाल प्रज्ञाप्रतिष्ठान) । ३-संस्कृत काव्यसिद्धान्तसमीक्षा (२०७८, जयतु संस्कृतम्) । ४-उपन्याससमीक्षा (२०७८), ५-कर्मफलम् (२०८१, जयतु संस्कृतम्, संस्कृतभाषामा लेखिएका २१ वटा लघुनाटकको संग्रह) । सम्पादित कृतिहरूमा (क) लक्ष्मनीयाको गौना (कथासंग्रह, साझाप्रकाशन, २०५१), (ख) संस्कृतमा के छ ? (जयतु संस्कृतम्, २०६१), (ग) तारिणीप्रसाद कोइरालाका समग्रकथाहरू, (साझा प्रकाशन, २०७१), (घ) विवरणात्मक ग्रन्थ-कोष, (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०), (ङ) संस्कृतकविता-सङ्ग्रह (द्वितीयपुष्प, जयतु संस्कृतम्, २०७०), (च) मीमांसापरिभाषा, (जयतु संस्कृतम्, २०७६), ब्रह्माण्डपुराण (२०७८, जयतु संस्कृतम्) । प्रकाशोन्मुख कृति (क) सृजनाको थुङ्गा (नेपाली कवितासंग्रह) (ख) मातृशतकम् (संस्कृतशोककाव्य) । (ग) पृथ्वीशतकम् (संस्कृतखण्डकाव्य) (घ)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
नेपालमा संस्कृत शिक्षा (पृ.१०००), नेपालप्रज्ञाप्रतिष्ठान) । (ङ) संस्कृत कविता सङ्ग्रह । (च) संस्कृत लघुनाटक सङ्ग्रह (भाग २) आदि रहेका छन् । यी ग्रन्थ बाहेक अहिले यो ग्रन्थ पनि थपिएको छ ।

प्रस्तुत ग्रन्थमा गायत्रीगणेशको जीवनी, व्यक्तित्व र कृतित्वको समीक्षा गरिएको रहेछ । स्मृतिग्रन्थमा केवल मूल मात्रै प्रस्तुत गरिएको छ भने यस ग्रन्थमा अर्यालका सबै काव्यकृतिको समीक्षात्मक अध्ययन प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा जीवनी प्रस्तुत गरिएको छ भने दोस्रो अध्यायमा काव्य, कवि, नेपाली कविता साहित्यको संक्षिप्त रेखाङ्कन, गोर्खाका काव्यप्रतिभाहरू, गोरखाका शक्तिवल्लभदेखि वर्तमानसम्म संस्कृतकाव्यकृतिमा कलम चलाउने प्रतिभाहरूका विषयमा छोटो परिचय प्रस्तुत गरिएको छ ।

तेस्रो अध्यायमा संस्कृतका कविताको विवेचना गरिएको छ भने चारौँमा नेपाली कविताका विषयमा चर्चा गरिएको छ । पाँचौं अध्यायमा संस्कृत तथा नेपाली प्रबन्धकाव्यका विषयमा चर्चा गरिएको छ ।

प्रस्तुत कृतिले गायत्री गणेशका विषयमा राम्रै खालको परिचय प्रस्तुत गरेको छ भने काव्यकृतिको पनि राम्रै विवेचना भएको मैले अनुभव गरेको छु । यस ग्रन्थबाट नयाँ पुस्ताले पनि गायत्री गणेशका विषयमा जानकारी पाऊन् र अर्यालका आदर्श एवं आशीर्वचनबाट आसिक्त बन्न सकुन् । प्रस्तुत पुस्तक प्रकाशनको चाँजोपाँजो मिलाउने गुरुका वरद पुत्र रामशरण अर्याल पनि धन्यवादका पात्र हुनुहन्छ । यस ग्रन्थका लेखक काव्यविवेचक प्रा.डा. नवराज कट्टेललाई उत्तरोत्तर ग्रन्थ रचनामा प्रेरणा प्राप्त हुँदै जाओस् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

वदनं प्रसादसदनं सदयं हृदयं सुधामुचो वाचः ।
करणं परोपकरणं येषां केषां न ते वन्द्याः ॥ जयतु संस्कृतम्

प्रा.डा. विष्णुप्रसाद देवकोटा
ठूलाघर, राउतेपानी, गोरखा, हालः कलङ्की, काठमाडौँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहस्थ सन्त
गायत्री गणेशप्रसाद अर्याल

म अहिले प्रस्तुत ग्रन्थ र यसका मूल पुरुष गायत्री गणेशका विषयमा केही भन्न लागिरहेको छु। कवि पण्डित गायत्री गणेशप्रसाद अर्याल (१९६६-२०२४) को नाम मैले पिताजीबाट सुनेको हुँ । कुनै वेला मेरा पिताजी पनि गायत्री गणेशको वैदुष्यबाट प्रभावित हुनुन्थ्यो र अध्ययनको अभिलाषा राखे पनि त्यो त्यति पूरा हुन सकेको थिएन । म विद्यार्थी हुँदैमा गायत्री गणेश गुरुको रामभक्तमाला मेरो हातमा आइपुगेको थियो, त्यो कहाँबाट आयो, कसरी आइपुग्यो मलाई अहिले याद छैन । त्यो रामभक्तमाला पढेर म ज्यादै प्रभावित भएको थिएँ । यस्तै ग्रन्थ लेख्न सके त भन्ने लोभ पनि मनमा पलाएको थियो । विद्यार्थी राजनीतिमा संलग्न भएको हुँदा त्यस्ता गम्भीर विषयमा हात हाल्ने न फुर्सत रह्यो न क्षमता नै रह्यो ।

वि.सं. २०६२ सालमा पण्डित गायत्री गणेशको स्मृतिग्रन्थ प्रकाशित भएको थियो र सोको लोकार्पण समारोहमा सहभागी हुने अवसर पनि पाएको थिएँ । सो समारोहमा स्मृतिग्रन्थ बाँडिएको थियो र मैले पनि एक प्रति लिएँ, जुन अद्यापि मसँग छँदैछ र त्यसैको आधारमा मैले यो समीक्षा ग्रन्थ तयार पारेको हुँ । २०७० सालमा के प्रसङ्गमा हो अहिले मलाई हेक्का छैन तर गायत्री गणेशका विषयमा **गेहसिद्धं नमामि** भनेर एउटा कविता संस्कृतमा लेखेको थिएँ । त्यो मसँग छदै थियो, पछि कुनै प्रसङ्गमा मैले प्रज्ञाप्रतिष्ठानबाट गायत्री गणेशको व्यक्तित्व तथा कृतित्वको अध्ययन गर्न एउटा शोधप्रस्ताव बुझाएको थिएँ तर त्यस समयको मनोविज्ञानले गर्दा मेरो प्रस्तावले महत्त्व पाएन । केही सामग्री मैले सङ्कलन र अध्ययन पनि गरेको थिएँ। पछि गायत्री गणेशका विषयमा मैले एउटा संस्कृतमा लघुनाटक पनि लेखेको थिएँ । यी दुवै विषयमा कुनै वेला रामशरणज्यूको कानमा केही कुरा भन्ने अवसर मिल्दा सुनाएको थिएँ । २०८१ कार्तिक मंसिरताका भेटेर पनि केही कुरा भए । उहाँले पिताजीको कृतिका विषयमा समीक्षात्मक अध्ययन भएमा छपाइदिने प्रस्ताव गर्नुभयो तर म अन्य विषयको लेखनकै केही काममा व्यस्त थिएँ, त्यसैले मैले केही भन्न सकिन, पछि उहाँले फोनबाट पनि ग्रन्थ तयार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नलाई अभिरुचि देखाउनुभयो । मंसिर महिनामा उपकुलपतिमा उम्मेदवार भएको हुनाले अन्तर्वार्ताको तयारीमा रहनुपऱ्यो, केही काम भएन । पुसको दोस्रो हप्तावाट मैले कामको जिम्मा लिएँ र लेखन कार्यलाई अगाडि वढाएँ । एक महिना निरन्तर समय लाग्यो, यसको पहिलो खेस्रा आलेखन गर्न । त्यसपछि केही समय यसको परिष्कार परिमार्जनमा समय लाग्यो । प्रेसको कार्यमा पनि समय लाग्ने नै भयो, करिव ३ महिनामा यो ग्रन्थ तयार भएर प्रकाशित हुन सक्यो, यसमा मलाई ज्यादै खुसी लागेको छ । वचनवद्धताले गर्दा बाध्यता सृजना भयो र बाध्यताले गर्दा यो ग्रन्थ तयार भयो ।

मैले 'गोरखा जिल्लाका संस्कृतका पञ्चरत्न' आलेख लेखेर गोरखावाङ्मयमा छपाउन चाहेको थिएँ, तर समयाभाव र सामग्रीको अभावले गर्दा मैलै त्यो काम पूरा गर्न सकेको थिइन । यस क्रममा पनि गायत्री गणेशका विषयमा मैले केही अध्ययन गरेको थिएँ । अहिले मेरा हातमा पञ्चरत्न होइन 'गोरखा जिल्लाका संस्कृत-नवरत्न' लेख्ने सामग्री संकलन भएको छ । कुनै समयमा यस विषयमा कलम चलाउँला भन्ने लागेको छ । गायत्री गणेशका विषयमा मैले स्मृतिग्रन्थमा छापिएका सबै सामग्रीको अध्ययन गरेँ, त्यसबाट गायत्री गणेश नेपालीमा भन्दा संस्कृतमा सशक्त ढङ्गमा कलम चलाउनुहुदोरहेछ भन्ने निष्कर्षमा पुगेँ । उहाँ संस्कृतका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो । आफ्नो वैदुष्यलाई उहाँले काव्यलेखनमा पनि ढाल्नुभएको थियो । संस्कृतका ७० प्रतिशत विद्वान्हरूले कलम चलाएको देखिँदैन । तर गायत्री गणेशले भने नेत्रशक्ति गुमाएर पनि यति धेरै काव्य कृति लेखेर अर्यालवंशको मात्र होइन सिङ्गै गोरखालीहरूको प्रतिष्ठासमेत बढाउनुभएको छ भन्ने मलाई लाग्दछ ।

अर्यालका काव्यकृतिको लामै सूची रहेको देखिन्छ । उहाँका थुप्रै काव्यकृतिहरू अलपत्र परेर हराएर पनि गएका छन् । संस्कृत भाषामा उहाँका १० वटा फुटकर कविता स्मृतिग्रन्थमा प्रकाशित भएका छन् भने संस्कृतमा दुईवटा खण्डकाव्य प्रकाशित छन् । नेपालीका फुटकर रचना पनि १८ वटा रहेका छन् भने एक महाकाव्य र दुई खण्डकाव्य रहेका छन् । यी सबै मिलाउँदा स्मृति ग्रन्थमा ३३ वटा काव्यकृति प्रकाशित छन् । यिनै ३३ काव्यकृतिको सामान्य विवेचना प्रस्तुत गर्नु नै मेरो प्रमुख ध्येय रहेको छ । स्मृतिग्रन्थमा २६ जनाका स्मृतिपुष्प पनि प्रकाशित छन् । तिनबाट मैले सूचना भने लिएको छु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायत्री गणेशका सबैजसो रचनाहरू भक्तिप्रधान छन् । त्यसमा पनि रामभक्ति प्रबलरूपमा प्रकट भएको पाइन्छ भने प्राथमिक कालमा विकसित रामभक्तिधारालाई गायत्री गणेशका रचनाले आधुनिक कालसम्म पनि प्रवाहित गरेको देखिन्छ । अर्थात् प्राथमिक कालमा प्रारम्भ भएको भक्तिधाराको प्रवाह अहिलेसम्म पनि कतै कहिले सबल रूपमा र कतै कहिले दुर्बलरूपमा निरन्तर चलिरहेको देखिन्छ, त्यसको सशक्त नमुना गायत्री गणेशका रचनामा पाउन सकिन्छ। उहाँका नेपाली तथा संस्कृतका रचनामा भक्तिकाव्यकै रसास्वादन गर्न पाइन्छ ।

गायत्री गणेशले नेपालीमा जम्मा श्लोक १६२९ को रचना गरेको देखिन्छ भने संस्कृतमा ३८२ श्लोकको रचना गरेको पाइन्छ । संस्कृत तथा नेपालीमा रचना गरिएका र प्रा.डा.वासुदेव त्रिपाठीले अध्ययन गरेका दर्जनौं कविता स्मृतिग्रन्थ प्रकाशन गर्दा अप्राप्य रहे । त्यस्ता अप्राप्य रहेका श्लोकहरूको संख्या ३९० रहेको देखिन्छ । कतिपय श्लोकहरू विद्यार्थीले टिपेका र कण्ठ पनि गरेका रहेछन्, जुन स्मृतिग्रन्थको संस्मरण खण्डमा कतिपय छात्रहरूले उल्लेख गरेका छन् । यसबाट के देखिन्छ भने गायत्री गणेशका धेरै रचनाहरू भेटिएका छैनन् । प्रकाशित र अप्रकाशित रचनाको श्लोकसंख्या जोड्दा २४०१ हुन जान्छ । हाल प्रकाशनमा भेटिएका श्लोक संख्या २०११ हुन आउँछ । केही श्लोक तलमाथि होलान् । एउटा रचनाबाहेक सबै रचनामा निर्वेद भाव स्थायीरूपमा रहेको अनुभव हुन्छ । गायत्री गणेशको मन, वचन र कर्ममा ईश्वरभक्ति रहेको देखिन्छ । ईश्वरभक्ति नै काव्यरचनामा रूपान्तरण भएको कुरा काव्यको अवगाहन गर्दा दृष्टिगोचर हुन्छ । संस्कृतमा लेखिएको रामभक्तमाला र महेन्द्रशतकम् निकै स्तरीय काव्य मानिएको छ । नेपालीमा एक महाकाव्य, दुई खण्डकाव्य र अन्य कविताहरू पनि छन् । ती पनि सुरम्य काव्यका रूपमा रहेका छन् ।

गायत्री गणेशको जन्म वि.सं. १९६६ मा आमा चन्द्रमाया र पिता वेद शर्माबाट भएको हो । सानुमा पढ्ने अवसर नपाए पनि उहाँले १३-१४ वर्षको उमेरबाट पढ्न सुरु गरेको बुझिन्छ । रामका भक्त भएको हुनाले श्रीरामको आशीर्वादबाट चाडै नै अध्ययनमा प्रगति भएको देखिन्छ । उहाँले २४।२५ वर्षको उमेरमा सम्पूर्णमध्यमा उत्तीर्ण गरिसकेको बुझिन्छ । वेदान्तमा शास्त्रीतहको अध्ययन गर्दै गर्दा व्यावहारिक कठिनाइ भई पढ्न छोड्नुपरेको थियो । वि.सं.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९९० सालमा पिता वेद शर्मा र माता चन्द्रमायाको दूधपोखरीमा जनैपूर्णिमाको अवसरमा तीर्थ जाँदा उतै देहावसान भएको थियो । त्यसैले गर्दा घरायसी समस्यामा परेकाले गायत्री गणेशले अध्ययनमार्ग परित्याग गर्न परेको देखिन्छ ।

त्यसपछि १९९३ बाट लिगलिग, लमजुङ र खोप्लाङ्मा गरी करिव ७ वर्ष सरकारी विद्यालयमा पढाउनुभएको थियो । २००१ सालतिर आँखामा समस्या परी उपचारमा लागेको र कतैबाट पनि निको नभएकाले केही वर्ष घरमा नै बसी २००६ सालमा रामभक्तमाला लेख्नुभएको थियो भने उहाँले २००७ सालमा गायत्री पुरश्चरण गर्नुभएको थियो । २००८ सालको अन्त्यतिर उहाँ फेरि बोकाइएर लिगलिग जयन्ती विद्यालयमा लगिनुभयो । सो विद्यालयमा ७ वर्ष बिताएर २०१५ सालतिर आफ्नै गाउँ बक्राङ्मा फर्किएर ऋषिकुल विद्यालय सञ्चालन गर्नुभयो । उहाँले केही कविता जयन्ती विद्यालयमा हुँदैमा लेखेको बुझिन्छ भने प्रजातन्त्रसमाजचित्रण कविता २०१२ सालमा लेखेको देखिन्छ । जयन्तीविद्यालयमा हुँदा नै उहाँले मनःकामना, गोरक्षकालिका, शोकप्रवाहः, त्रिभुवनतरङ्गिणीजस्ता कविता रचेको देखिन्छ भने २०१५ सालमा रामभक्तमाला र श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा काव्य प्रकाशित भएको देखिन्छ ।

वि.सं. २०१६ सालमा श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल यात्रा काव्यको रचना भएको बुझिन्छ । २०१८ सालमा महेन्द्रशतकम् काव्य लेखिएको थियो भने लोकचेतावनी लामो कविता २०१५ सालतिर लेखिएको पाइन्छ । २०१९ सालमा वंशवर्णन र २०२० सालमा बालरामायण महाकाव्य लेखिएको थियो भन्ने चाल पाइन्छ । यसै कालखण्डमा रचना गरिएका ३९० श्लोक बराबरका संस्कृत तथा नेपालीका रचना अप्राप्य रहेका छन् । पद्मसमसेरलाई लेखेको निवेदनबाहेक गायत्री गणेशले सबै काव्य नेत्रशक्ति गुमेपछि नै लेखेको देखिन्छ । २४३ पृष्ठमा फैलिएको काव्यरचनाले नै गायत्री गणेशको असली परिचय दिएका छन् भने काव्यरूप वाक्तत्त्वमा गायत्री गणेश अमर रहनुभएको छ । गुरु शिष्यप्रशिष्यको चेतनामा अमर भएर रहेको हुन्छ, काव्यकृतिमा व्यक्त चेतनामा कवि अमर भएर रहेको हुन्छ । आज गुरु गायत्री गणेश शिष्यप्रशिष्यका चेतना र काव्यचेतनामा अमर हुनुहुन्छ भन्ने मलाई लागेको छ ।

प्रस्तुत ग्रन्थ तयार गर्न मलाई गुरुपुत्र रामशरण अर्यालबाट नै प्रेरणा मिलेको हो । एक दशक अगाडि नै केही काम गरेर यो यसै विस्मृतिमा रहेको थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसलाई उहाँले संझाउनुभयो र मैले यो ग्रन्थ तयार गरेँ। अलि हतारमा नै यसको आलेखन गरेकाले केही कमीकमजोरी रहन गएका होलान् भन्ने मलाई लाग्छ। अर्यालजीले सामग्री संकलनमा मलाई निकै सहयोग गर्नुभएको छ त्यसका लागि र प्रकाशनको व्यवस्थासमेत गर्नुभएकामा म उहाँलाई हार्दिक धन्यवाद दिन्छु। यस कार्यमा मेरा अदरणीय गुरुवर प्रा.डा. विष्णुप्रसाद देवकोटाबाट र अनि शिष्य प्रा.डा. मुकुन्दप्रसाद लामिछानेबाट पनि सुझाव पाएको छु। यसका लागि म दुवै जनालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। सदैव पठनपाठनको वातावरण मिलाइदिने सहयोगशीला धर्मपत्नी श्रीमती सरस्वती कट्टेललाई पनि धन्यवाद दिन्छु।

जयतु संस्कृतम्।

प्रा.डा.नवराज कट्टेल
कट्टेलडाँडा, गोरखा,
हाल- कुमारीगाल, कामपा-७, काठमाडौँ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची

शीर्षक		पृष्ठ
गोहसिद्धं नमामि	प्रा.डा. नवराज कट्टेल	४
प्रकाशकीय	डा. बद्री पोखेल	५
पण्डित गायत्री गणेशका विषयमा	प्रा.डा. टीकाराम अधिकारी	९
गृहस्थ सन्तशिरोमणि गायत्री गणेश	प्रा.डा. विष्णुप्रसाद देवकोटा	१४
गृहस्थ सन्त गायत्री गणेशप्रसाद अर्याल	प्रा.डा. नवराज कट्टेल	१८

१.	**परिच्छेद : एक**	
	कवि गायत्री गणेश अर्यालको जीवनी र व्यक्तित्व	२७
१.१	कवि गायत्री गणेश अर्यालको जीवनी	२७
१.१.१	जन्म र परिवार	२७
१.१.२	बाल्यकाल र उपनयन	२७
१.१.३	शिक्षादीक्षा	२७
१.१.४	विवाह, पाविारिक जीवन र वंशवृत्त	२८
१.१.५	आर्थिक अवस्था	३०
१.१.६	आचारविचार र शीलस्वभाव	३०
१.१.७	व्यक्तिगत रुचिका क्षेत्र	३१
१.१.८	जीवनवृत्ति (कृषि, पौरोहित्य र शिक्षण)	३२
१.१.९	धार्मिक अनुष्ठान र लोकप्रियता	३३
१.१.१०	नेत्राघात र जीवनयात्रा	३३
१.१.११	साहित्यसृजना : प्रभाव र प्रेरणा	३४
१.१.१२	साहित्यिक र प्राज्ञिक संलग्नता	३५
१.१.१३	ऋषिकुल विद्यालयको सञ्चालन र वैदिक संस्कृतिको संरक्षण	३५
१.१.१४	देशाटन	३६
१.१.१५	पुरस्कार र सम्मान	३६
१.१.१६	गायत्री गणेशका प्रकाशित कृतिहरू	३६
१.१.१७	देहावशान	३९
१.१७	निष्कर्ष	३९
१.२	कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालको व्यक्तित्व	३९
१.२.१	वाह्य व्यक्तित्व	४०
१.२.२	आन्तरिक व्यक्तित्व	४०
१.२.३	गुरु व्यक्तित्व	४०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.२.४	सामाजिक व्यक्तित्व	४३
१.२.५	साहित्यिक व्यक्तित्व	४३
१.२.६	प्राज्ञिक व्यक्तित्व	४४
१.२.७	धार्मिक व्यक्तित्व	४४
१.२.८	वाचक व्यक्तित्व	४५
१.३	निष्कर्ष	४६
२.	**परिच्छेद : दुई**	
	संस्कृत एवं नेपाली काव्यपरम्पराको रेखाङ्कन र कवि गायत्री गणेश	**४७**
२.१	पृष्ठभूमि	४७
२.२	संस्कृत काव्यपरम्परा र कवि अर्याल	४७
२.३	नेपालमा संस्कृत काव्यकृतिको परम्परा र कवि अर्याल	४८
२.४	नेपाली काव्यपरम्परा र कवि अर्याल	५४
२.५	गोरखाली प्रतिभाका बीचमा गायत्री गणेशका काव्यकृति	५७
२.६	गोरखाका संस्कृत प्रतिभा र कवि अर्याल	६३
२.७	मूल्याङ्कन र निष्कर्ष	६८
३.	**परिच्छेद : तीन**	
	कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका संस्कृत काव्यकृतिको अध्ययन	**६९**
३.१	श्रीपद्मशमशेरानुरोधपत्रम्	६९
३.२	मनःकामनास्तोत्रम्	७१
३.३	गोरक्षकालिका	७३
३.४	कालिकामङ्गलाष्टकम्	७४
३.५	गोरक्षकालीपञ्चदशीस्तोत्रमाला	७५
३.६	गोरक्षनाथाष्टकम्	७७
३.७	लक्ष्मणथापा	७८
३.८	त्रिभुवनशोकतरङ्गिणी	८०
३.९	शोकप्रवाहः	८१
३.१०	वंशवर्णनम्	८२
३.११	मूल्याङ्कन तथा निष्कर्ष	८४
४.	**परिच्छेद : चार**	
	गायत्री गणेशप्रसाद अर्यालका नेपाली फुटकर कविताको अध्ययन	**८५**
४.१	पद्मशमशेरलाई बिन्तीपत्र	८५
४.२	रामराज्यानुवर्णन	८७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.३ श्री ५ महेन्द्रमा शुभकामना ९०
४.४ प्रजातन्त्र समाज चित्रण ९२
४.५ राष्ट्रिय श्लोक ९५
४.६ लोकचेतावनी ९८
४.७ सती चरित्र ९८
४.८ गणेशकल्पलताका कविताहरूको अध्ययन १०१
४.८.१ श्रीगुरुलहरी १०३
४.८.२ श्रीहेरम्वलहरी १०४
४.८.३ श्रीआदित्यलहरी १०५
४.८.४ श्रीदुर्गालहरी १०६
४.८.५ श्रीशारदालहरी १०७
४.८.६ श्रीशिवलहरी १०७
४.८.७ श्रीरामलहरी १०८
४.८.८ श्रीविष्णुलहरी १०९
४.८.९ श्रीब्रह्मविचारलहरी ११०
४.८.१० रागलहरी ११०
४.८.११ वैराग्यलहरी १११
४.९ मूल्याङ्कन तथा निष्कर्ष ११३

५. परिच्छेद : पाँच
कवि गायत्री गणेशप्रसाद अर्यालका प्रबन्धकाव्यको अध्ययन ११४
५.१ पृष्ठभूमि ११४
५.२ रामभक्तमाला संस्कृत खण्डकाव्यको अध्ययन ११४
५.२.१ शीर्षक र संरचना ११४
५.२.२. कथानक ११५
५.२.३ चरित्रचित्रण ११७
५.३.४ भाषाशैली, छन्द, अलङ्कार र रसयोजना ११८
५.२.५. प्रकृति र संस्कृति १३१
५.२.६ निष्कर्ष १३२
५.३ महेन्द्रशतकम् खण्डकाव्यको अध्ययन १३३
५.३.१. काव्यपरिशीलन १३३
५.३.२. शीर्षक र संरचना १३४
५.३.३ कथानक १३५
५.३.४ चरित्रचित्रण १३७
५.३.५. भाषाशैली, छन्द, अलङ्कार र रसयोजना १३८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.३.६. प्रकृति र संस्कृति १४५
५.३.७ निष्कर्ष १४७
५.४ नेपाली प्रबन्धकाव्य बालरामायणको अध्ययन १४८
५.४.१ शीर्षक, संरचना र विषयवस्तु १४८
५.४.२. कथानक १४८
५.४.३. चरित्र चित्रण १५०
५.४.४. भाषाशैली, छन्द, अलङ्कार र रसविधान १५१
५.४.५. प्रकृति र संस्कृति १५५
५.४.६. निष्कर्ष १५७
५.५ श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा १५८
५.५.१ पृष्ठभूमि १५८
५.५.२ कथानक र विषयवस्तु १५८
५.५.३ चरित्रचित्रण १६०
५.५.४ संरचना, छन्द, भाषाशैली, अलङ्कार र रसविधान १६१
५.५.५ प्रकृति र संस्कृति १६३
५.५.६ निष्कर्ष १६५
५.६ श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल भ्रमण १६५
५.६.१ सन्दर्भकथन १६५
५.६.२. कथानक र विषयवस्तु १६६
५.६.३. चरित्रचित्रण १६८
५.६.४ भाषाशैली, छन्द, अलङ्कार र रसविधान १६९
५.६.५ प्रकृति र संस्कृति १७२
५.६.६. निष्कर्ष १७४

६. परिच्छेद : छ उपसंहार तथा निष्कर्ष
६.१ विषयप्रवेश १७५
६.२ परिच्छेदगत सारांश १७५
६.३ समष्टिगत निष्कर्ष तथा उपसंहार १७५

परिशिष्ट १७९

सन्दर्भग्रन्थ सूची १८१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद : एक
कवि गायत्री गणेशप्रसाद अर्यालको जीवनी र व्यक्तित्व

१.१.१ जन्म र परिवार

कवि गायत्री गणेशप्रसाद अर्याल गोरखा जिल्लाको बक्राङ, पुराना गाउँमा वि.सं. १९६६ साल माघ २७ गते बुधवार (अर्याल रामशरण ०६२, वंशवर्णन) पिता वेदप्रसाद शर्मा र माता चन्द्रमाया अर्यालको कोखबाट जन्मिएका थिए। गोरखा राज्यका संस्थापक द्रव्य शाहका सहयोगी नारायणदास अर्यालका वंशज भएको कुरा पनि कवि अर्यालले संकेत गरेका छन्।

१.१.२ बाल्यकाल र उपनयन

गायत्री गणेशप्रसादको बाल्यकाल घरमा नै बालसुलभ कृत्यबाट बितेको बुझिन्छ। ५-६ वर्षसम्म बाल्यकालीन खेलमा नै बितेको पाइन्छ भने त्यसपछि ६-७ वर्ष गोठालाका रूपमा बितेको देखिन्छ। (त्रिपाठी, स्मृतिग्रन्थ २०६२ : ३१४) उनको उपनयन त्यस वेलाको प्रचलन अनुसार ७-८ वर्षको उमेरमा भएको बुझिन्छ।

१.१.३ शिक्षादीक्षा

१३-१४ वर्षको उमेरमा गायत्री गणेशले पढ्न थालेको कुराको संकेत पाइन्छ। गाउँमा नै रामायण कथा कुनै प्रसङ्गमा सुन्ने अवसर पाएको र सोही क्रममा अक्षर चिनेको र शनैः शनैः रुद्री, चण्डी, कोश र व्याकरणको अध्ययन गरेको कुरा वंशवर्णन कवितामा संकेत गरिएको पाइन्छ। (वंशवर्णन २६-२९ श्लोक) कवि अर्याल अध्ययनका लागि कहिले काठमाडौं आए त्यो त्यति स्पष्ट छैन। तर गुरु टेकप्रसादबाट संस्कृत व्याकरण पढी बनारस गभर्नमेन्ट संस्कृत कलेजबाट २४ वर्षको उमेरमा सन् १९३४ वि.सं. १९९० मा व्याकरण मध्यमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको कुरा स्पष्ट देखिन्छ (त्रिपाठी पूर्ववत्)। सम्पूर्ण मध्यमा गर्न ४ वर्ष लाग्ने हुनाले र त्यस पूर्व प्रवेशिका परीक्षाको व्यवस्था हुनाले संभवतः १७-१८ वर्षको उमेरमा काठमाडौं आएको हुन सक्ने अनुमान गर्न सकिन्छ। अर्यालले सम्पूर्ण मध्यमापछि प्रधानाचार्य सोमनाथ सिग्देलबाट शास्त्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तहमा वेदान्त विषय लिएर २ खण्डको अध्ययनसमेत गरिसकेका थिए (अर्याल वंशवर्णन ३२ श्लोक)। शारीरिक रोग र आर्थिक एवं अन्य अनेक समस्याले गर्दा पनि औपचारिक पढाइलाई त्यहीँ विराम लगाएर गृहस्थ जीवनमा प्रवेश गरेको कुरा वंशवर्णन कविताबाट स्पष्ट हुन्छ।

१.१.४ विवाह पारिवारिक जीवन र वंशवृत्त

अर्यालले औपचारिक अध्ययनजीवन पूरा गरी वि.सं. १९९० सालतिर गोरखा तान्द्राङका भानुभक्त खनालकी सुपुत्री पूर्णमायासंग विवाह गरेको तथ्य पनि स्वकृत जीवनीबाटै अवबोध हुन आउँछ। घरगृहस्थीमा लागेका अर्यालको जेठो छोरा रामशरण अर्यालको जन्म १९९६ पुस १३ मा भएको पाइन्छ भने केही पछि शारदा नाम गरेकी छोरीको २००५ मा जन्म भएको देखिन्छ।

गायत्री गणेशका छोरा रामशरण अर्यालले संस्कृततर्फ शास्त्री तह व्याकरणमा र अंग्रेजी तर्फ बी.ए उत्तीर्ण गर्नुभएको देखिन्छ। उहाँले नेपाल सरकारको सेवा गरेर उपसचिवबाट राजीनामा दिई स्वैच्छिक अवकाश लिएको र २३ वर्ष सेवा गरी २०४५ सालमा सेवा छोड्नुभएको बुझिन्छ। २३ वर्षसम्म सरकारी सेवामा रहेका रामशरण अर्याल हाल स्वाध्ययन र समाज सेवामा जीवन लगाइरहनु भएको छ। उहाँका **पण्डित गायत्री गणेश स्मृतिग्रन्थ** (सम्पादन)। **अल्वर्टा यात्रा मेरा केही अनुभूति** (२०६३) **केही संस्मरण र त्यसभित्रका कथाहरू** (२०६७) जस्ता ग्रन्थ प्रकाशित छन्। हिमानी र दायित्व पत्रिकामा कथा र कविताहरू पनि प्रकाशित छन्।

रामशरण तथा श्रीमती बिमला अर्यालका दुई भाइ छोरा रहेका छन्। उनीहरू जेठा दिनेश अर्याल र जेठी बुहारी सानु अर्याल हुन्। त्यस्तै कान्छा छोरा सरोज अर्याल र बुहारी संगीता अर्याल रहेका छन्। छोरी शोभा अर्याल र ज्वाइँ मोहन जोशी हुनुहुन्छ।

नारायणदास अर्यालका वंशमा जन्मिएका गणेशप्रसाद अर्यालको वंशविस्तार निम्नानुसार भएको देखिन्छ :

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायणदास अर्याल (द्रव्यशाहकालीन)

- उद्धवदास
  - जयभद्र
    - वाचस्पति
      - प्रभुनाथ
        - वासुदेव
          - हरिकेशव
            - इन्द्रमणि
              - श्रीवल्लभ
              - शिरोमणि
              - हरिहर
                - लक्ष्मीनाथ
                - मायानाथ
                - मोदनाथ
                  - वेद शर्मा
                    - मनोहर
                    - षडानन्द
                      - जीवनाथ
                      - दिवाकर
                    - गणेशप्रसाद (गायत्री गणेश)
                      - रामशरण
                        - दिनेश
                        - सरोज
                    - खिल शर्मा
                      - वैकुण्ठ
              - भगीरथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.५ आर्थिक अवस्था

गायत्री गणेशप्रसादको आर्थिक अवस्था त्यति राम्रो देखिदैन । गणेशप्रसादका हजुरबुबा मोदनाथको देहावसान भएपछि हजुरआमा तारादेवीले तीनमहिनाको शिशुलाई कमारीको पोल्टामा हालिदिएर आसमीको ऋणसमेत मिनाह गरी सती गएकी हुनाले शिशु वेद शर्मालाई माइजू द्रौपदाले लगी पालनपोषण गरेको र १६ वर्ष भएपछि भदै नारायणदत्त देवकोटाकी छोरी मागी बिहे गरिदिएपछि बक्राङ आई बस्न थालेको हुनाले पुर्ख्यौली सम्पति खासै देखिदैन । (अर्याल रामशरण, स्मृति ग्रन्थ १९६२ : ३००) पहाडमा जग्गाजमिन पनि धेरै नहुने र भएमा पनि धेरै उत्पादन नदिने हुनाले पनि कृषिमा आधारित आर्थिक पक्ष सबल भएको लाग्दैन । पढिसकेर ७ वर्ष मात्रै शिक्षक भएर काम गरेको र २००१ सालमा आँखाको ज्योति गुम्न थालेपछि शिक्षक जागिर पनि छोडी घरै बसेकाले आय आर्जनको अवस्था नरहेको देखिन्छ । नेत्रज्योति गुमेको हुँदा पौरोहित्य र कृषि कार्य पनि हुन नसकेकाले आर्थिक पक्ष सबल हुने स्थिति नै रहेन । तैपनि पुर्ख्यौली रूपमा नै हुनेखाने परिवार भएकाले स्वयं उपार्जित सम्पत्ति नभए पनि वंशपरम्पराप्राप्त जायजेथा पनि राम्रै थियो भन्ने बुझिन्छ ।

१.१.६ आचारविचार र शीलस्वभाव

गायत्री गणेशको आचारविचार र शीलस्वभाव अत्यन्त राम्रो भएको कुरा उहाँसंग सङ्गत गर्नेहरू, विद्यार्थीहरू र परिवारका सदस्यहरू बताउँछन् । विद्यार्थीको पढाइलाई ज्यादै जोड दिनुहुन्थ्यो भने पढ्ने र पाठबुझाउने कार्यमा भने कडाइ गर्नुहुन्थ्यो । विद्यार्थीहरूलाई आफ्नै छोराछोरीसरह गर्नुहुन्थ्यो । उनीहरूको स्वास्थ्य, खानपान आदिमा चासो राख्नुहुन्थ्यो । घरका बुहारी, श्रीमती, छोरा आदिका विषयमा पनि कहाँ के भइरहेको छ कस्ले के गरिरहेको छ र के गर्दा राम्रो हुन्छ भनेर परामर्श दिनुहुन्थ्यो ।

पाहुना आइरहून् भन्ने उहाँको चाहना हुन्थ्यो । कतिपय समयमा त बाटोमा गएर ढुकेर पनि बटुवालाई खोजेर ल्याउनुहुन्थ्यो । आज कोही आएको छैन घरमा भनेर सोध्ने बानी पनि थियो । पाहुनापाच्छालाई ज्यादै सम्मान गर्नुहुन्थ्यो, आफ्नो घरमा दुहुनु भैंसी नहुँदा पनि गाउँमा खोजेर पनि यथेष्ट भोजन गराउनुहुन्थ्यो । एकपटक दुधमात्रै खाने पाहुना आए, घरमा दूध छैन, सासूबुहारीले दूध खोजेर ल्याए, जम्मा गर्दै जाँदा १८ माना दूध भएछ जोगी पाहुनाले सबै पिइदिए ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रात्रिविश्रामपछि जोगी कता गए पत्तो भएन । गाउँलेले १८ माने जोगी भनेर कुरा काट्दा पनि अतिथिलाई यस्तो भन्नु हुँदैन भनेर सम्झाउनुहुन्थ्यो (विमला अर्याल, स्मृतिग्रन्थ, २०६२ : ३३४) गणेशका पिता वेद शर्मा पनि पाहुना खोजेरै भए पनि ल्याउने स्वभावको हुनुहुन्थ्यो ।

१.१.७ व्यक्तिगत रुचिका क्षेत्र

व्यक्तिगत रुचिका विषयमा त्यति धेरै सूचना पाउन सकिँदैन किनभने उहाँको बाल्यकाल सामान्य बालबुद्धिमा नै बितेको देखिन्छ भने केही हुर्केपछि पढ्न थालेको र पछि काठमाडौं आएकाले पनि रुचिका क्षेत्र त्यति प्रकट हुन पनि पाएनन् । २००१ सालदेखि नेत्रशक्ति क्षीण भएपछि कविको रुचि, पढ्ने, पढाउने, कविताकाव्य लेख्ने, गायत्री पुरश्चरण, अतिथिसेवा गर्ने र भक्ति एवं वेदान्तको मननमा रमाउन थालेको बुझिन्छ शिवप्रसाद रिमाल र हरिप्रसाद रिमाल नुवाकोटका विद्यार्थी थिए । शिवप्रसाद रिमालको २५।२६ वर्षको उमेरमा २०१२।०१३ सालतिर वाक्य बन्द भएको थियो । तर पनि पढ्ने हुटहुटीले विद्वान् खोज्दै जाँदा गायत्री गणेशसंग भेट भएछ र लाटा विद्यार्थी र अन्धा गुरुको दोभाषेबाट संवाद भयो । यी शिवले गुरु बक्राङ आएर जयन्ती विद्यालयमा फर्कँदा गुरुलाई बोकेर लिगलिग पुऱ्याएका थिए । लाटा चेला अन्धा गुरु गाउँमा खुबै चर्चा हुन्थ्यो । शिवले गुरुको खुबै सेवा गरे, गुरुले सरस्वतीको बीजमन्त्र दिनुभएको थियो, सदासर्वदा त्यो मन्त्र जप्दा एक्कासी एक दिन वाक्य फुट्यो, उनी बेहोस भए, पछि उनी होसमा आए र अध्ययन जीवन पूरा गरे । पछि भाइ हरिप्रसाद रिमाललाई पनि संगै लगेर पढाए (रिमाल, शिव, स्मृतिग्रन्थ, २०६२) । हरिप्रसाद गुरुका विषयमा लेख्छन्- दृष्टिशक्तिहीन भएर पनि जीवनभर विद्यादानमा समर्पित हुनुभयो । मिजासमा फरासिलो र बोलीमा स्पष्ट हुनुहुन्थ्यो । मिठो नचाहिने, राम्रो नखोज्ने, अनि शुद्ध सात्विक भोजन र सादा परिधानमा सन्तुष्ट हुने । पढाउँदा पढाउँदै आनन्द प्राप्त गर्ने, फुर्सदका समयमा गफमा भन्दा आत्मचिन्तनमा तल्लीन रहने । विद्यादान गरेबापत पारिश्रमिकमा कुनै चासो नदिने । विद्यार्थीले जे जति दिन्छन् त्यसमा सन्तुष्ट हुने, लालसारहित । गुरुकुलका परम्पराका एक आदर्श गुरुको भूमिका । आर्यसंस्कृतिका परम उपासक, रामचन्द्रका परम भक्त । कोमल हृदयका धनी, आदर्श पुत्र, आदर्श पति र आदर्श महापुरुषका दृष्टान्त हुनुहुन्थ्यो गायत्री गणेश गुरु (रिमाल, हरिप्रसाद, स्मृतिग्रन्थ, २०६२ : ३५१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.८ जीवनवृत्ति (कृषि, पौरोहित्य र शिक्षण)

परम्पराबाट प्रचलित ब्राह्मणवृत्ति नै गायत्री गणेश गुरुले अवलम्वन गरेको देखिन्छ । ब्राह्मणले षट्कर्म गर्नुपर्ने कुरा धर्मसूत्र र स्मृतिग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ । यज्ञ गर्नु, यज्ञ गराउनु, पढ्नु पढाउनु, दान लिनु र दान दिनु ब्राह्मणका षट्कर्म हुन् । कृषियुग सुरु भएपछि ब्राह्मणहरूले पनि कृषिकार्यलाई आजीविकाको माध्यम बनाएको पाइन्छ ।

(क) कृषि : कृषि पेशा गणेश गुरुका लागि त्यति लामो समयसम्म रहेन किनभने १९९३ सालसम्म छात्रजीवनमा व्यतीत गरेको देखिन्छ भने त्यसपछि ७ वर्ष शिक्षक भएर लिगलिग, खोप्लाङ र लमजुङमा बिताएको देखिन्छ । २००१ सालमा वहाँको आँखाले काम गर्न नसकी उपचारका अनेक प्रयत्न प्रारम्भ भएको देखिन्छ । आँखा बिग्रिएर ७८ वर्ष वहाँ घरमा नै बस्नुभएको पनि बुझिन्छ । ०९ सालदेखि ०१५ सालसम्म मावली होमनाथ देवकोटाको घरमा बस्नुभएको र जयन्तीमा पढाउनुभएको चाल पाइन्छ । २०१६ सालदेखि २०२४ सालसम्म बक्राङस्थित स्वकीय निवासमा नै जीवनको उत्तरार्ध व्यतीत भएको देखिन्छ । यस आधारमा वहाँ काठमाडौं पढ्न जानुभन्दा अगाडि जेजति कृषिकार्यमा संलग्न हुनुभयो त्यो नै यस क्षेत्रको अन्तिम कार्य रह्यो । घर परिवार कृषिकार्यमा संलग्न भएपनि आँखाको कारणले उहाँको संलग्नता रहन सकेन । घरपरिवारको पालनपोषण कृषिबाट नै हुन्थ्यो र त्यसवेला पुराना गाउँका अर्यालहरू जग्गाजमिन भएका र हुनेखाने वर्गमा नै गनिन्थे ।

(ख) पौरोहित्य : ब्राह्मणहरूको प्रमुख पेशामध्ये पौरोहित्य एक हो । पौरोहित्यमा वर्षकृत्य, संस्कारकृत्य र पर्वकृत्य एवं अनुष्ठानकृत्यहरूका साथै यज्ञहरू पर्दछन् । वर्षकृत्यमा वैशाखदेखि चैत्रान्तसम्म पर्ने तिथि व्रतहरू पर्दछन् । अक्षय तृतीया, नागपञ्चमी, जनैपूर्णिमा, तीज, दसैं, तिहार, कृष्णाष्टमी, हरिशयनी, हरिबोधिनी, स्वस्थानी, रामनवमी आदि तिथिहरू पर्दछन् । संस्कारकृत्यमा न्वारान, भातख्वाइ, चूडा, उपनयन, व्रतबन्ध, विवाह, मृत्युसंस्कार आदि पर्दछन् । विभिन्न पर्वमा गरिने पूजाआजा, रुद्री, चण्डी, वास्तु, ग्रह, नवान्नप्राशन, तुलसीहोम आदि पर्वकृत्यमा पर्न सक्छन् । भागवत्, देवीभागवत्, हरिवंश पुराण, शिव पुराण, चतुर्मासा, गरुड पुराण र विभिन्न किसिमका अनुष्ठान र यज्ञहरू यसमा समेटिएका हुन्छन् । यस्ता किसिमका पौरोहित्य कृत्यमा गायत्री गणेश आँखा नबिग्रिउन्जेल केही संलग्न हुनुभएको बुझिन्छ । पुराण पनि वाचन गर्नुभएको बुझिन्छ । मावली घरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्राद्ध आदि केही कर्मकाण्डको काम चलाउने र ठाउँठाउँमा किताव उच्चारण गरिदिनुपर्ने कुरा पनि थाहा लाग्दछ (वाचस्पति देवकोटाबाट प्राप्त जानकारी)। यसबाट के बुझिन्छ भने गायत्री गणेशको जीवनवृत्ति पौरोहित्य हुन सकेन।

(ग) शिक्षण : शिक्षण नै गायत्री गणेशको जीवनवृत्ति शेष रहन गएको पाइन्छ। २००१ देखि कृषिसंलग्नता पूरै बन्द भएको देखिन्छ। कर्मलोपका अवस्थामा फाटफुट कर्मकाण्ड गर्ने गरेको कुरा थाहा लागे पनि १९९४ सालदेखि मृत्युपर्यन्त नै करिव ३१ वर्ष मूलतः अध्यापन कार्यमा नै संलग्न हुनुभएको कुरा स्पष्ट हुन्छ। ५ वर्ष खोप्लाङ, लिगलिग र २ वर्ष लमजुङ उदीपु, चितीमा समेत गरी ७ वर्ष सरकारी शिक्षक भएर भाषा पाठशालामा पढाएको बुझिन्छ। २००१ सालदेखि ०८ सालसम्म घरमै बसेर पढाएको पाइन्छ भने ०९ सालदेखि ०१५ सालसम्म लिगलिगको जयन्ती विद्यालयमा करिव ७ वर्ष पढाएको पाइन्छ। त्यसपछि ९ वर्ष बक्राङमा नै रहेर ऋषिकुल विद्यालय सञ्चालन गरी शेष जीवन व्यतीत गरेको देखिन्छ। शिक्षाबाट गायत्री गणेशले धन आर्जन गर्नुभएन विद्या दान गर्नुभयो, लोकसेवा गर्नुभयो, ग्रामसेवा गर्नुभयो भन्ने कुरा वहाँको जीवनीबाट देखिन आँउछ।

१.१.९ धार्मिक अनुष्ठान र लोकप्रियता

कवि गणेश प्रसाद अर्यालले धार्मिक अनुष्ठान पनि गर्नुभएको पाइन्छ। विद्वान् ब्राह्मण भएकाले नित्य सम्पादन गर्नुपर्ने अनुष्ठानहरू त गर्नु नै भयो। त्यस अतिरिक्त धर्मपुराण र गायत्रीपुरश्चरण गायत्री गणेशबाट सम्पादन भएका हुन्। वहाँले २००७ सालबाट पुरश्चरण थाल्नुभएको बुझिन्छ। बक्राङमा रहदा घर नजिकै बेलवृक्षको फेदमा पर्णकुटि थियो र त्यसैमा बसेर पुरश्चरण गर्नुहुन्थ्यो भन्ने बुझिन्छ। पुरश्चरणको विधिअनुसार २४००००० (चौबीस लाख) गायत्री जपेपछि गायत्री पुरश्चरण हुन्छ। त्यसको उद्यापनविधि पनि हुन्छ। गायत्रीको पुरश्चरण गरेपछि गणेशप्रसाद अर्याल गायत्री गणेश नामले ख्याति आर्जन गर्दछन्। उहाँको लोकप्रियता र लोकप्रसिद्धि पनि ह्वात्तै बढेको पाइन्छ।

१.१.१० नेत्राघात र जीवनयात्रा

१९९७/०९८ सालदेखि नै वहाँलाई आँखाको समस्याले पिरोल्न थालेको पाइन्छ। त्यो बढ्दै गएर २००१ सालसम्म पुग्दा नेत्रविहीन जस्तै स्थिति सृजना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन जान्छ । वहाँलाई उपचार गर्न भारतसम्म पनि पुऱ्याइन्छ तर केहीसिप लाग्दैन (अर्याल, रामशरण, स्मृतिग्रन्थ, २०६२) । २०१८ सालमा जापानीहरूले चलाएको आँखाशिविरमा पनि लगिएको र भित्रको नशा नै बिग्रिएकाले उपचार हुन नसकेको कुरासमेत बुझिन आउँछ । (शिष्य वाचस्पति देवकोटाबाट प्राप्त जानकारी) । उहाँ ३४ वर्षको उमेरमा नै नेत्ररोगबाट पीडित हुनुभयो । २००१ सालदेखि २०२४ सालसम्म आजीवन नै नेत्रविहीन भएर रहनुपरेको देखिन्छ । एउटा कविताबाहेक उनका सबै रचना यसै कालखण्डका हुन् । यस कालखण्डमा बाह्य आँखा गुमाउन परेपनि अन्तर्ज्योति जागृत भएकाले अमूल्य सृजनाहरू लेखिन संभव भएको देखिन्छ । उहाँ ज्ञानचक्षु, प्रज्ञाचक्षु आदि विशेषणबाट पनि संबोधित गरिनुहुन्थ्यो ।

१.१.११ साहित्यसृजना : प्रभाव र प्रेरणा

साहित्य सृजनामा गायत्री गणेशले को-कसबाट प्रेरणा पाए त्यति स्पष्ट छैन तर रामभक्तिमा चुर्लुम्म डुब्दा र त्यसैमा गुनगुनाउँदै गर्दा कवित्वमा परिणत भएको देखिन्छ । आँखा बन्द नहुँदा नै लेखिएको 'पद्मशमशेरलाई बिन्तीपत्र' कवितामा संस्कृत एवं नेपाली दुवैमा प्रातिभ क्षमता र कवित्वको राम्रो झल्को पाइन्छ । संस्कृतका ५ श्लोकको अवगाहन गर्दा उहाँमा कवित्व, भाषिक प्रौढता, छन्दगत अनुशासन, व्याकरणगत प्रौढता र अभिव्यक्तिगत कौशल झल्किन्छ । नेपालीमा चाहिँ माध्यमिक कालीन भाषाको प्रभाव भेटिए पनि कवित्वको प्रस्फुटन छ । यस्तो काव्य कवितामा मन जानुमा गुरु टेकनाथ, दधिराम पौडेल र अर्का गुरु सोमनाथ सिग्देलको प्रभाव र प्रेरणाले काम गरेको हुनसक्छ । गुरु टेकनाथले कवितामा हात नचलाए पनि सोमनाथले अनेक ग्रन्थ लेखेका छन् ।

सोमनाथ नेपाली कविता, नेपाली महाकाव्य, संस्कृत कविता-काव्यको र अन्य अनेक ग्रन्थको सृजनामा संलग्न थिए, उनको प्रभाव र प्रेरणा अवश्य नै मिल्यो होला भन्न सकिन्छ । नब्बेको दशकमा शारदा पत्रिकाको प्रकाशनले ठूलो हलचल ल्याइरहेको अवस्था थियो । लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, धरणीधर कोइराला, महानन्द सापकोटा, युद्धप्रसाद मिश्र आदि सक्रिय रहेको बेलामा उनी काठमाडौंमा रहेकाले त्यसको प्रभाव उहाँमा परेको हुनसक्छ । शारदा र गोरखापत्रमा प्रकाशित सामग्रीले पनि उनलाई प्रभावित पारेको हुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सक्छ। रानीपोखरी संस्कृत प्रधान पाठशालामा दिउँसोको ४५ मिनेटको विश्राममा गुरुहरूका बिचमा प्रछन्न राजनीतिक, साहित्यिक र शास्त्रीय चर्चाहरू भइरहन्थे र त्यसमा जिज्ञासु र चलाख विद्यार्थीहरूले पनि सुन्न पाउँथे (स्व. पूर्णप्रसाद ब्राह्मणबाट प्राप्त जानकारी) । त्यसको प्रभाव र प्रेरणा पनि हुन सक्छ । यी सबै बाह्य कारण हुन्, आन्तरिक कारणचाहिँ नेत्रान्धताका कारण पठनपाठनमा मात्र संलग्न हुन बाध्यात्मक परिस्थिति बन्नु, तज्जन्य पीडालाई विस्मरण गर्न रामभक्तिमा डुब्नु र एकान्तमा गुनगुनाइरहनुजस्ता काव्यका कारण देखिन्छन् र ऋषिकुल विद्यालय खोल्नुमा श्री ५ महेन्द्रको सहयोग र प्रेरणा रहनु र महेन्द्रप्रति कृतज्ञताभाव प्रकट गर्नु कवितासृजनाको प्रेरक तत्त्व रहेको बुझिन आउँछ ।

१.१.१२ साहित्यिक र प्राज्ञिक संलग्नता

कवि पं. गायत्री गणेशप्रसाद अर्यालको साहित्यिक र प्राज्ञिक संलग्नता निरन्तर रह्यो तर त्यो संलग्नता विद्वान् र कविहरूका बिचमा प्रस्फुटित हुन पाएन । विद्यार्थीहरूका बिचमा मात्रै सीमित हुन पुग्यो । नेत्रान्धताले गर्दा र त्यतिखेर यातायातको अभावले गर्दा लिगलिग र बक्राङको वनशैलमा नै सीमित हुनुपर्ने बाध्यात्मक परिस्थिति सृजना भएको देखिन्छ। कवि एवं विद्वत् मण्डलीमा समावेश हुन पाएको भए गणेशप्रसाद अर्यालको कलम र प्रतिभाले अर्कै मोड लिएको हुन सक्थ्यो । तर आज हाम्रो अगाडि जे जति कृति उपलब्ध छन् ती कृति नै अर्यालका साहित्यिक र प्राज्ञिक प्राप्ति हुन् भनेर स्वीकार्नु बाहेक हामीसंग अहिले अर्को उपाय छैन । गायत्री गणेशले गाउँघरमा उठ्ने अनेक धर्मशास्त्रीय समस्याहरूमा, ज्योतिष, कर्मकाण्ड, पुराण आदिका विषयमा आवश्यक पर्दा विचारविमर्श गर्नेगरेको बुझिन्छ। बेलाबेलामा योगी नरहरिनाथ आउने गरेको र उहाँसँग पनि शास्त्रार्थ हुने गरेको कुरा विमलाले उल्लेख गरेको पाइन्छ। (अर्याल विमला, स्मृतिग्रन्थ २०६२) ।

१.१.१३ ऋषिकुल विद्यालयको सञ्चालन र वैदिक संस्कृतिको संरक्षण

वि.सं. २०१५ सालमा लिगलिगबाट बक्राङ फर्किएपछि आफ्नै घरमा गायत्री गणेशले ऋषिकुल विद्यालय चलाउनुभएको पाइन्छ । वहाँको विद्वत्ता र प्रसिद्धिले गर्दा टाढाटाढाबाट समेत विद्यार्थी आउने गरेको पाइन्छ । नुवाकोट, धादिङ, लमजुङ, तनहूँ आदि जिल्लाबाट आई पढ्नेहरूको संख्या पनि ठूलै रहेको देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋषिकुलमा थोरै हुँदा पनि ४०।५० र धेरैमा सय डेढसय जनासम्म विद्यार्थी रहेको परिस्थिति पनि भेटिन्छ । गोरखा जिल्लाका धेरै गाउँबाट विद्यार्थी आएर पढ्ने गरेको कुरा समेत थाहा पाइन्छ । यस विद्यालयमा राजा महेन्द्रको सदिच्छाअनुसार सरकारी अनुदानसमेत मिल्न थालेको थियो । उहाँको देहावसानपछि यो विद्यालयलाई दिपलिङ्ग भन्ने ठाउँमा स्थानान्तरण गरियो, नामान्तरण गरियो । (रामशरण अर्यालबाट प्राप्त जानकारी)

१.१.१४ देशाटन

कवि पं गायत्री गणेश अर्यालले देशाटनको खासै अवसर पाउनुभयो जस्तो देखिँदैन । तैपनि नेपाल र भारतका कतिपय क्षेत्रको भ्रमण गरेको देखिन्छ । मध्यमा परीक्षा दिन जाँदा भारतका विभिन्न ठाउँको र पठन पाठनका क्रममा नेपालका केही क्षेत्रको भ्रमण गरेको देखिन्छ । आँखाको उपचार गर्नसमेत उहाँलाई जनकपुर, पटना लगिएको कुरा पनि बुझिन आउँछ । आँखा बिग्रिएपछि वहाँले बक्राङ र लिगलिगकोट जयन्ती विद्यालयमा नै बिताएको देखिन्छ । २०१५ सालदेखि २०२४ सालसम्म घरमै शेष जीवन बिताएको पाइन्छ ।

१.१.१५ पुरस्कार र सम्मान

कवि पं गणेशप्रसाद अर्याल एकान्त कन्दरावासी भएकाले प्रतिभावान् व्यक्तित्व भए पनि त्यसले विद्वत् समाजमा प्रवेश पाउने परिस्थिति रहेन । औपचारिक पुरस्कारबाट सुशोभित हुने अवसर नपाए पनि जनस्तरबाट ठूलो सम्मान पाएको देखिन्छ । गायत्री पुरश्चरण गरेपछि सबै क्षेत्रबाट गायत्री गणेशको सम्मानले महिमा मण्डित गरिएको पाइन्छ ।

१.१.१६ गायत्री गणेशका प्रकाशित कृतिहरू

१.१६.१ कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका प्रकाशित संस्कृत काव्यकृति विवरण

कविता काव्य	श्लोक संख्या	रचना मिति
१. श्रीपद्मशमशेरानुरोधपत्रम्	(५)	१९९३
२. रामभक्तमाला (खण्डकाव्य)	(१२१)	२००६
३. मनःकामनास्तोत्रम्	(१५ श्लोकाः)	२०११।९।६
४. गोरक्षकालिका	(६ श्लोकाः)	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. कालिकामङ्गलाष्टकम्	(९ श्लोकाः)	
६. गोरक्षकालीपञ्चदशीस्तोत्रमाला	(१६ श्लोकाः)	
७. गोरक्षनाथाष्टकम्	(११ श्लोकाः)	
८. लक्ष्मणथापा	(५ श्लोकाः)	
९. महेन्द्रशतकम्	(१०१ श्लोकाः)	२०१८
१०. त्रिभुवनशोकतरङ्गिणी	(१३ श्लोकाः)	२०११।चैत्र
११. शोकप्रवाहः	(१० श्लोकाः)	२०११।५।१६।४
१२. वंशवर्णनम्	(७० श्लोकाः)	२०१९
जम्मा श्लोक	३८२	

१.१६.२ कवि गायत्री गणेश अर्यालका प्रकाशित नेपाली काव्यकृतिहरूको विवरण

कविता र काव्य	श्लोक संख्या	रचना मिति
१. पद्मशमशेरलाई बिन्तीपत्र	(४७)	
२. बालरामायण (महाकाव्य)	(११६५)	२०२०
३. श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा	(१०३)	२०१५
४. श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल भ्रमण	(१०५)	२०१६
५. श्री ५ महेन्द्रमा शुभकामना	(५)	
६. प्रजातन्त्र समाज चित्रण	(४७)	२०१७
७. राष्ट्रिय श्लोक	(५)	
८. लोकचेतावनी	(४०)	२०१५
९. सतीचरित्र	(१९)	
१०. गणेशकल्पलताका कविताहरूको विवरण		
१०.१ श्रीगुरुलहरी	(९)	
१०.२ श्रीहेरम्बलहरी	(९)	
१०.३ श्रीआदित्यलहरी	(९)	
१०.४ श्रीदुर्गालहरी	(१०)	
१०.५ श्रीशारदालहरी	(६)	
१०.६ श्रीशिवलहरी	(९)	
१०.७ श्रीरामलहरी	(८)	
१०.८ श्रीविष्णुलहरी	(१०)	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०.९ श्रीब्रह्मविचारलहरी (९)
१०.१० रागलहरी (९)
१०.११ वैराग्यलहरी (५)

१०.१२. गायत्री गणेशप्रसाद अर्यालका अप्राप्य रचनाहरूको विवरण

कविता	श्लोकसंख्या	रचना मिति
१. महेन्द्रोदय	१५२ (अनुष्टुप्)	
२. महाराजाधिराज श्री ५ महेन्द्र वीरविक्रम	४०-अनुष्टुप् र शार्दूलविक्रीडित	
३. विजया दशमी २०१६ को शुभकामना		२०१६
४. श्री ५ महेन्द्र शुभकामना	५	
५. श्री ५ महेन्द्र अभिनन्दन पुष्पाञ्जलि	३ (संस्कृत)	
६. संस्कृत-सोपान (श्लोकव्याकरण, वृद्धिसन्धिसम्म)		
७. वैषम्य-वर्णन	७ (शिखरिणी)	
८. हा हन्ताऽधुना (संस्कृत)	५ (शार्दूलविक्रीडित)	
९. कृष्णप्रणामी सम्प्रदाय	९ उपजाति	
१०. चुनाव चर्चा (शार्दूलविक्रीडित)	५ राजनीतिक	०१५
११. विभव र भोगको व्यर्थता	५ शिखरिणी	
१२. रामगीतमालिका	१९ इन्दिरा	
१३. शोकप्रकाश	११ अनुष्टुप्	
१४. कृष्णगण्डकीस्तोत्रम् (संस्कृत)	२८ विविध	
१५. कालिका-वर्णन	९१ वसन्ततिलका	
	जम्मा श्लोक ३९०	

गायत्री गणेशले यसरी नेपाली र संस्कृतमा विद्यार्थी जीवनदेखि लेखेका रचनाको संख्या ठूलै हुन जान्छ । तर उहाँले लेखेका सबै रचना संकलन हुन सकेका छैनन् । संकलन भएर कुनै कालखण्डमा गणना गरिएका र उल्लेख भएका रचनाहरू पनि स्मृति ग्रन्थ प्रकाशित गर्दा प्राप्त गर्न सकिएन । सबै रचनाको गणना गर्दा नेपालीमा

	जम्मा श्लोक	१६२९
	संस्कृत रचना	३८२
	हाल फेला नपरेको	३९०
	अन्य	१०
	जम्मा रचना	२४११

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.१.१७ देहावसान

गायत्री गणेश २०१५ को अन्त्यतिर लिगलिगबाट आफ्नै बक्राङ पुराना गाउँ फर्किनु भयो र ऋषिकुल विद्यालयको स्थापना गरी अध्यापनलाई नै निरन्तरता दिनुभयो। धार्मिक अनुष्ठानमा पनि वहाँको उत्तिकै संलग्नता रहिरह्यो भने काव्य सृजनालाई पनि उत्तिकै निन्तरता दिनुभयो । कवि पं. गायत्रीप्रसाद अर्यालको देहावसान २०२४ साल चैत्र १६ गते गोरखाको बक्राङ पुराना गाउँमा भएको हो।

१.१७ निष्कर्ष

वि.सं. १९६६ माघ २७ गते तत्कालीन पश्चिम २ नं. इलाका र हालको गोरखा जिल्लाको बक्राङ पुराना गाउँमा जन्मिएका गायत्री गणेश ५८ वर्षसम्म जीवित रहे। ५८ वर्षसम्मको जीवनकालमा १२।१३ वर्षसम्म खेलबाडमा, गोठालो भएर र खेतीपातीसमेत गरेर बितेको पाइन्छ भने करिव ४५ वर्षको जीवन अध्ययन र अध्यापनमा बितेको पाइन्छ । १९९३ सालसम्म उहाँले औपचारिक अध्ययन पूरा गरेको देखिन्छ। सरकारी दरबन्दीमा शिक्षक जागिरे भएर खोप्लाङ, (लिगलिग) र लमजुङमा समेत ७ वर्ष बिताएको पाइन्छ भने २००१ सालदेखि ००८ सालसम्म दुबै आँखा बन्द भएका कारण घरमा नै रहेर पढाएको पाइन्छ। यसै अवधिमा गायत्री पुरश्चरण पनि सुरु भएको देखिन्छ। साथै रामभक्तमाला संस्कृत खण्डकाव्यको रचना पनि यसै कालखण्डमा भएको बुझिन्छ । २००९ सालदेखि २०१५ सालसम्म गायत्री गणेशले लिगलिगको जयन्ती विद्यालयमा रहेर अध्यापन गराएको देखिन्छ । यसै अवधिमा उनका नेपाली र संस्कृतका अनेक काव्यकृतिको रचना भएको बुझिन्छ । २०१५ सालमा रामभक्तमाला संस्कृत काव्यको प्रकाशन भएको थियो। २०१६ सालदेखि गायत्री गणेशले आफ्नै जन्म घरमा फर्किएर ऋषिकुल विद्यालयको स्थापना गरी अध्यापनलाई निरन्तरता दिनुभएको पाइन्छ। यही अध्यापन र धार्मिक अनुष्ठान गर्दै शेष जीवन बिताई २०२४ साल चैत्र १६ गते इहलीला समाप्त गरी गायत्री गणेश ब्रह्मलीन हुनुभएको हो । ब्रह्मलीन हुनुभए पनि उहाँ आफ्ना चेलाहरूको चेतनामा र काव्यकृतिमा जीवितै हुनुहुन्छ।

१.२ कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालको व्यक्तित्व

गायत्री गणेशका विभिन्न किसिमको व्यक्तित्व रहेको देखिन्छ । सामान्य परिवारमा जन्मिए पनि विद्या, तपस्विता, अध्यापनका कारणले गर्दा उनमा विभिन्न किसिमको व्यक्तित्वको विकास भएको पाइन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.२.१. बाह्य व्यक्तित्व

गायत्री गणेश पाँच फिट करिव पाँच इन्च अग्लो हुनुहुन्थ्यो । उहाँ अग्लो र पातलो हुनुहुन्थ्यो । सधैँ सेतो दौराल, सुरुवाल, पटुका टोपी लाउनुहुन्थ्यो । पूजा, जप र भान्छामा धोती लगाउनुहुन्थ्यो । उपर्ना पनि प्रायः ओड्नुहुन्थ्यो । जुत्ता लगाउने खास चलन थिएन तै पनि वेलाबखत कपडाको जुत्ता प्रयोग गर्नुहुन्थ्यो । उहाँमा सोमनाथ, दधिराम आदिको वस्त्राभूषणको प्रभाव परेको पाइन्छ । टाढाटाढा जानुपर्दा कि त डोकामा बोकाएर कि त डोऱ्याएर लानुपर्थ्यो । आवश्यक र शास्त्रपूत कुरा गर्ने बानी उहाँमा थियो । ठूलो विद्वान् भएकाले जुनसुकै गाउँमा गएपनि उहाँको ठूलो सम्मान हुन्थ्यो (रामशरणबाट प्राप्त जानकारी) ।

१.२.२ आन्तरिक व्यक्तित्व

गायत्री गणेश एक गम्भीर स्वभावका व्यक्ति थिए । वेदान्त दर्शनबाट प्रभावित । 'हितवाक् मितवाक् भवेत्' अर्थात् हित कुरा बोल्नु, थोरै बोल्नु भनेझैँ थोरै तर हितकारी कुरा बोल्ने स्वभाव गायत्री गणेशमा रहेको थियो । आवश्यक पर्दा शास्त्रीय कुराहरू जति पनि गर्न सक्तथे । वेद, वेदान्त, पुराण, धर्मशास्त्र, ज्योतिष आदि विषयमा राम्रो दखल भएकाले प्रभावपूर्ण ढङ्गमा नै प्रस्तुत हुन्थे । दया, करुणा, दानशीलता, अतिथिप्रेमी, अरूको स्वागत र सम्मान गर्न मन पराउने स्वभाव थियो । कर्म, ज्ञान, वैराग्य र भक्तियोगको त्रिवेणी गायत्रीको आन्तरिक शक्ति र साधना मनमा सल्वलाएको हुँदा ऋषिकल्प देखिनुहुन्थ्यो भन्ने पाइन्छ ।

१.२.३ गुरु व्यक्तित्व

गायत्री गणेशले मुख्य गरेर ३ ठाउँमा पढाउनुभयो । पहिलो लमजुङ्गको चिति भाषापाठशालामा दुई वर्ष र उदिपू तथा खोप्लाङको सरकारी भाषा पाठशालामा ५ वर्ष (त्रिपाठी, स्मृतिग्रन्थ, ०७०, पृ. ३१५) सूचना पाइन्छ । त्यस्तै गोरखाको खरीबोट, दोस्रो मावली गाउँ लिगलिगको जयन्ती विद्यालयमा र अन्तिममा २०१५ सालदेखि २०२४ सालसम्म आफ्नै गाउँमा आफूले नै खोलेको ऋषिकुल विद्यालयमा (रामशरण, स्मृतिग्रन्थ, पृ.२९९) पढाएको देखिन्छ । ऋषिकुल विद्यालयलाई राजाले पनि सहयोग गरेका थिए । राजा मनकामना भ्रमणमा आउँदा विद्यार्थीहरूसहित भएर निवेदन पनि दिएका थिए । **'ढोकानेर बसेर आर्षकुलका छात्रादिले साथ**

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै । गर्थे मङ्गलवेदपाठ म पनि आनन्दमा मग्न भै ॥ (श्री ५ ...गोरक्षयात्रा, स्मृतिग्रन्थ पृ. १६८) । राजाले गायत्री गुरुलाई गोरखा डाकेर १५००। बक्स दिएका थिए । सोही पैसाले गाउँमा पक्की विद्यालय वनेको थियो । राजकीय जस्तै बनेको थियो विद्यालय पछि नयाँ शिक्षाले गर्दा सोही गाउँको पूर्वमा रहेको दिपलिङ्ग गाउँमा प्राथमिक विद्यालयका रूपमा स्थानान्तरण र रूपान्तरण गरियो (रामशरण अर्यालबाट प्राप्त जानकारी) । यसरी एउटा ऋषिकल्प ऋषिले बनाएको विद्यालयको दुःखद अन्त्य भयो ।

१९९३ सालमा पनि लिगलिगमा गायत्री गुरुले पढाउनुभएको थियो, त्यहाँ उमानाथ देवकोटा, राजेश्वर देवकोटा, बुद्धिनाथ देवकोटा, विष्णु धिताल, भेषनाथ धिताल, वेणीमाधव, हरिप्रसाद आदिले पढेका थिए । पछि यी सबै जना आआफ्नो क्षेत्रमा सफल पुरुष बन्न गएको देखिन्छ ।

नगेन्द्र देवकोटा, उपेन्द्र देवकोटा, वाचस्पति देवकोटा, पूर्णचन्द्र देवकोटा, कृष्णप्रसाद देवकोटा, गोपाल पौडेल, बालकृष्ण देवकोटा, माधव देवकोटा, रमेशचन्द्र देवकोटा, वासुदेव त्रिपाठी, हरिहर अर्याल, दिवांकर देवकोटा, रुद्र देवकोटा, पुरुषोत्तम देवकोटा आदि हजारौं विद्यार्थीले जयन्ती विद्यालयमा पढेका थिए । चिरञ्जीवी वाग्ले आदिले बक्राङमा पढेका थिए । नुवाकोटका हरिप्रसाद रिमाल र शिवप्रसाद रिमाल पनि शिष्य थिए । गुरुकै कृपाले शिवको वाक्य फुटेको थियो ।

ऋषिकुल विद्यालय पुराना गाउँमा चारैतिरबाट विद्यार्थी वैरिएका थिए । त्यहाँ कुनै खानेको व्यवस्था थिएन, बस्नका लागि कुनै राम्रो व्यवस्था थिएन, गुरु अन्धो तर विद्याको प्रकाशले गर्दा त्यसको सुवास र ज्योति चारैतिर फैलिरहेको थियो । मानौं त्यो घर र त्यो गाउँ कुनै प्राचीन ऋषिकेतन जस्तै ऋषिकुल जस्तै थियो । त्यो गाउँमा वेद घन्किरहन्थ्यो, विद्यार्थीहरू व्याकरण घोकी रहन्थे । पुराणको पाठ र कर्मकाण्डका मन्त्रहरूले गाउँको वातावरणलाई मुग्ध बनाएको हुन्थ्यो । ज्योतिष र धर्मशास्त्रको चर्चा परिचर्चाले गाउँ नै वेदव्यासको पाठशालाजस्तै वा वशिष्ठको पाठशालाजस्तै आभासित हुन्थ्यो । त्यहाँ मध्यकौमुदी, सिद्धान्तकौमुदी, तर्कसङ्ग्रह, रघुवंश, अमरकोश, किरातार्जुनीय आदिको पठनपाठन हुन्थ्यो । अनि स्वाहा र स्वधा चलिरहन्थ्यो । त्यो पुण्य र आनन्दमय क्षणको हामी कल्पनासम्म पनि गर्न सक्दैनौं (हरिकृष्णबाट प्राप्त जानकारी) ।

ऋषिकुल विद्यालयमा विद्यार्थी संख्या यति नै हुन्थ्यो भन्न सकिदैन । कहिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छात्रसंख्या बढेर डेडसयसम्म हुन्थ्यो भने घटेका बेलामा ५०।६० पनि हुन्थे । पछि पक्की विद्यालय भवन पनि बन्यो । बस्नलाई पनि सानोतिनो व्यवस्था गरियो । डेडसय जति हुन्थे गाउँमा । गोरखाका मकैसिङ, फुजेल, ताकलुङ्ग, बुंकोट, कट्टेलडाँढा, गोरखाबजार, बनौती, गाइखुर, खोप्लाङ्ग आदि अनेक ठाउँबाट विद्यार्थी आउँथे । रामेश्वर मरहट्टा, मधुससूदन मरहट्टा, चिरञ्जीवी वाग्ले र रमेशचन्द्र देवकोटा, दिवाकर देवकोटा, हरिहर अर्याल, रामप्रसाद खनाल आदि गोरखाका ख्यातिनाम विद्यार्थी हुन् । कार्यक्षेत्रमा पनि यिनीहरूले निकै प्रगति गरे ।

बाहिर जिल्लाका मानिस पनि ऋषिकुल विद्यालयमा पढ्न आउँथे । वासुदेव त्रिपाठी तनहुँका हुन् । उनी रोहिणीदेव भट्टका भानिज हुन् । शिवप्रसाद रिमाल र हरिप्रसाद रिमाल त्रिशूलीका हुन् । बाहिरका धादिङ, नुवाकोट, तनहुँ, लमजुङ्ग पोखरा आदि क्षेत्रबाट पनि विद्यार्थीहरू आउँथे । गायत्री गणेशले पढाएर तयार गरेपछि विद्यार्थीहरूलाई प्रवेशिका (प्रथमा) ८ कक्षा बराबर वा मध्यमा एसएलसी बराबरको परीक्षा दिन सिफरिस गरेर पठाउँथे । गायत्री गणेशले पठाएको भनेपछि उनीहरूले सजिलै रानीपोखरी संस्कृत प्रधान पाठशालामा प्रवेश पाउँथे, परीक्षा दिन्थे र राम्रो अङ्क ल्याएर उत्तीर्ण पनि हुन्थे ।

जयन्ती विद्यालयमा २०० जति नै हुन्थे । त्यो विद्यालय लिगलिगको देवकोटा गाउँमा खोलिएको थियो र देवकोटाहरूकै प्रयत्नमा खोलिएको थियो । त्यो गाउँ पनि ठूलो थियो । देवकोटाहरू सचेत पनि थिए । पढ्नुपर्छ पढाउनुपर्छ भन्ने कुरामा उनीहरू दृढ थिए । डा. उपेन्द्र देवकोटा, वाचस्पति देवकोटा,। पुरुषेत्तम देवकोटा आदि विद्यार्थी थिए । जयन्ती विद्यालयमा त्यस भेगका उत्सुक विद्यार्थीहरूको राम्रै जमघट हुन्थ्यो ।

पढाउँदा भने कडिकडाउ नै गर्नु हुन्थ्यो र लट्ठी नै लिनुहुन्थ्यो । समूह बनाउनु भएको थियो । पाठ दिनुहुन्थ्यो र त्यो पाठ बुझाउनुपर्थ्यो । अगाडिको पाठ बुझाएपछि मात्रै पछिको नयाँ पाठ दिनुहुन्थ्यो । पुरानो जमानामा पञ्चसन्धि, सुबन्त, भ्वादि, कारक, कृदन्त आदि रूपमा व्याकरण पढ्ने विद्यार्थीको समूह विभाजन गरिएको हुन्थ्यो । माथिल्लो समूहमा पढ्ने विद्यार्थीले तल्लो तहलाई पाठ लगाइदिने, पाठ सुन्ने र तयार गराएर गुरुसमक्ष पाठ बुझाउन लगाउने गरिन्थ्यो । यसो गर्दा एउटा आचार्यले सयौं विद्यार्थीलाई पठनपाठनको व्यवस्था मिलाएको हुन्थ्यो । छात्रशिक्षक (विद्यार्थी नै शिक्षक हुने) हुँदा स्वयं छात्रको व्युत्पत्ति पनि निकै उच्चस्तरको बन्न जान्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.२.४ सामाजिक व्यक्तित्व

सामाजिक काम गर्ने र गराउने प्रवृत्ति उहाँमा विकसित भएको थियो । गाउँमा पानीको व्यवस्था, बाटोको व्यवस्था, चरनको व्यवस्था आदिमा पनि सक्रिय हुनुहुन्थ्यो । सुरुमा त आँफैं सक्रिय हुनुहुन्थ्यो पछि नेत्रशक्ति गुमेपछि गाउँका दाजुभाइलाई उत्साहित गर्ने, आवश्यक पर्ने खर्च जुटाइदिने आदि गर्नुभयो । गाउँमा खानेपानीको दुःख थियो, त्यसैले खानेपानीको व्यवस्था गर्न अवाले लगेर माटोको डुड बनाई गाउँमा पानी ल्याउनुभएको थियो । सबैका लागि हुने गरेर कुलो खन्नु भयो भने बाटो पनि बनाउनु भयो । सबैका लागि ऋषिकुल विद्यालयको स्थापना गरी पठनपाठन गराउनुभयो । सबैका लागि उपयोगी होस् भनेर गाउँमा नै राममन्दिर पनि बनाउनुभयो । जो अद्यापि छँदैछ । राजाको मनकामनामा सबारी हुँदा ठूलो स्वागत गरेका थिए ऋषिकुलका गुरु र विद्यार्थीहरूले । राजाबाट गायत्री गणेशलाई १५०० रुपैया बक्स भएको थियो । त्यो पैसामा केही रकम थपेर छाप्रो भत्काएर इट्टाको गारो बनाएर पक्की विद्यालयभवन बनेको थियो (पूर्णचन्द्र देवकोटा, स्मृतिग्रन्थ पृ. २८२)

१.२.५ साहित्यिक व्यक्तित्व

गायत्री गणेशको साहित्यिक व्यक्तित्व चुलिएको देखिन्छ। विद्यार्थी जीवनदेखि नै उहाँमा सशक्त प्रतिभा रहेको कुरा उहाँका कविताले सिद्ध गर्दछन् । आँखा सक्षम हुन्जेल स्वयं कविता लेख्नुभयो भने नेत्रशक्ति गुमेपछि विद्यार्थीहरूलाई लेख्न लगाउनुभयो। ऋषिकुल विद्यालय खोलेर गाउँमा नै बस्न थालेपछि पूर्णचन्द्र देवकोटाले नै धेरै जसो कविता काव्य लेखिदिन्थे भन्ने जानकारी पाइन्छ। कविले लेखेको ३९० श्लोकको रचना त अहिले प्राप्त हुन सकेको छैन। र पनि नेपालीमा एउटा महाकाव्य, संस्कृतमा दुईवटा र नेपालीमा दुई खण्डकाव्य प्रकाशित छन् । त्यस्तै उहाँका नेपाली र संस्कृतमा एक दर्जनभन्दा बढी कविताहरू प्रकाशित छन्। नेत्रशक्ति नगुमेको भए उहाँबाट अनेकौं कृति आउन सक्थे भन्ने अनुमान गर्न सकिन्छ। अर्को कुरा उहाँको नेत्रशक्ति गुमेकाले नै उहाँ अन्तर्मुखी हुनुभयो, परमभक्त हुनुभयो, मनमा बुद्धिमा चेतनामा गुन्जिएको अगाध भक्तिलाई नै उहाँले काव्यात्मक वाणी दिनुभयो । यदि नेत्रशक्ति नगुमेको भए घरायसी, व्यावहारिक र शिक्षाका अनेक प्रपञ्चमा लागेर लेख्ने फुर्सद नै नहुने अवस्था पनि हुनसक्थ्यो भनेर पूर्वानुमान गर्न सकिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१.२.६ प्राज्ञिक व्यक्तित्व

साहित्य, व्याकरण, वेदान्त उहाँले पढेका औपचारिक विषय नै हुन् । यी तीन विषयमा उहाँको अगाध अध्ययन र विशिष्ट क्षमता रहेको थियो । त्यसबाहेक धर्मशास्त्र, ज्योतिष, पुराणजस्ता विषयमा पनि उहाँको ज्ञान उच्चस्तरको रहेको थियो । यी विषयमा विचारविमर्श पनि हुन्थ्यो, गाउँमा पुराण, धर्मशास्त्र, ज्योतिषका अनेक सन्दर्भहरू आइरहन्थे । कसैलाई पुराण लाउनुपऱ्यो, जुठोसुतक आदिको धर्मशास्त्रीय समस्या आयों, नाम राख्नुपऱ्यो, विभिन्न कार्यको शुभमुहूर्त निकाल्न पऱ्यो भने सबै गाउँले पण्डितकै घरमा धाउँथे । यी विषयमा विद्यार्थीहरूलाई पनि ज्यादै सुन्दर ढङ्गमा पढाउनुहुन्थ्यो र त गोरखा जिल्लाका विभिन्न गाउँबाट विद्यार्थी आउँथे भने तनहुँ, नुवाकोट, धादिङ, लमजुङ्ग लगायतका जिल्लाबाट पनि विद्यार्थीको धुइरो छुट्थ्यो ।

१.२.७ धार्मिक व्यक्तित्व

गायत्री गणेश धार्मिक व्यक्ति हुनुहुन्थ्यो । गाउँमा कसैले रामायण लगाउँदा रामगाथा सुनेर नै उहाँमा पढ्नुपर्छ भन्ने भावना आयो र पढ्न थाल्नुभयो । श्रीरामको आशीर्वादले शीघ्रगतिमा नै उहाँले पठनपाठनलाई अगाडि बढाउन सक्नुभयो । पुस्तकसमेत नपाउँदा पद्मसमसेरलाई कवितामा नै निवेदन लेखी सहयोग पाएका थिए । काठमाडौँमा रहँदा पनि सोमनाथ, दधिराम, टेकनाथ आदि गुरुहरूको सान्निध्य र आशीर्वाद पाएका थिए । पढ्नमा तेजस्वी र आज्ञाकारी भएकाले सबै गुरुहरूले मन पराउँथे । उहाँको नित्य स्नान, सन्ध्या, पूजापाठ सधैँ चलिरहन्थ्यो । गाउँमा नै उहाँले केही वर्ष लगाएर गायत्री पुरश्चरण गर्नुभयो । त्यसपछि उहाँको नाम नै गायत्री गणेश रहन गयो । वर्षकृत्य, संस्कारकृत्य, दैनिककृत्य आदिमा अर्यालको संलग्नता हुन्थ्यो नै । वर्ष दिनमा आउने एकादशी, कृष्णाष्टमी; रामनवमी, दसैं, तिहार, मकरसङ्क्रान्ति, शिवरात्री आदि तिथिहरूमा व्रत उपासना हुन्थ्यो । आफ्नो घरमा दैनिक बेलका रूखमुनि बसेर जप, ध्यान आदि गर्नुहुन्थ्यो । घरमा नित्य पाञ्चायन पूजा हुन्थ्यो । शङ्ख घण्ट नित्य बज्दथ्यो । ब्राह्मणवस्तीमा सबैतिर बिहानबेलुका शङ्खघण्ट बज्थ्यो । अहिले हरेक गाउँका ब्राह्मणवस्तीमा दैनिक पूजापाठ हुने घर भेटाउन आइसल्याण्डमा सर्प पाउन गाह्रो भएजस्तै भएको छ । सबै बाहुनहरू क्रान्तिकारी भएर गौरवपूर्ण परम्परा भुलिसकेका छन् । कतिपय त हाम्रो परम्परा नष्ट गर्न नै तल्लीन देखिन्छन् । समाज भौतारिएको देखेर 'प्रजातन्त्र समाज चित्रण' र 'लोक चेतावनी'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवितामा उहाँले चिन्ता व्यक्त गरेको पाइन्छ । गणेशमा रामप्रति अगाध भक्ति भएकाले गाउँमा आफ्नै प्रयत्नमा आफ्नै जग्गामा राममन्दिर पनि बनाउनुभएको थियो । यो मन्दिर २०१९ साल वैशाख संक्रान्तिका दिन प्रतिष्ठापन गरिएको थियो (त्रिपाठी, स्मृतिग्रन्थ, ०७०:२१७) । सो मन्दिर जीर्ण भएपछि उहाँका सुपुत्र रामशरण अर्याल र पुत्रवधू बिमला अर्यालले पुनर्निर्माण गराउनु भएको जानकारी पाइन्छ (रामशरणबाट प्राप्त जानकारी) ।

गायत्री गणेशले आफ्नै घरमा २००७ सालमा गायत्री पुरश्चरण थाल्नुभएको थियो भने संभवतः २००८ सालको उत्तरार्द्धमा लिगलिग जानु अगाडि नै पुरश्चरण सम्पन्न गरी पूर्णाहुति गरेको बुझिन्छ । गायत्री गणेशका पिता वेदप्रसाद शर्मा र माता चन्द्रमाया पनि तपस्वी हुनुहुन्थ्यो । १९९० सालमा जनैपूर्णिमाको दिन गोरखा जिल्लाको तीर्थस्थल दूधपोखरीमा नुहाउन जाँदा उतै दुवैको स्वर्गवास भएको थियो । गायत्रीका हजुरबुबा मोदनाथ शर्मा र हजुरआमा तारादेवीको कथा पनि यस्तै छ । मोदनाथ र तारादेवी काठमाडौँबाट घर फर्कदा गोरखाको ताप्ले, कोखे भन्ने ठाउँमा मोदनाथको झाडापखालाका कारण निधन भयो । ३ महिनाको वेदप्रसादलाई घरपरिवारमा रहेकी कमारीलाई जिम्मा लगाएर तारादेवी सती जानुभयो (रामशरण, स्मृतिग्रन्थ पृ. ३००) । यसरी गायत्री गणेशका पितृपरम्परा पनि सन्त र सतीहरूको पवित्र गाथाबाट भरिएको देखिन्छ । वेदप्रसादकी माइजू एवं लिगलिगका रङ्गनाथ देवकोटाकी छोरी द्रौपदादेवी अधिकारी थिइन् । द्रौपदालाई श्रीमद्भागवत् कण्ठस्थ थियो । योगसाधना पनि उच्च थियो । यिनै द्रौपदाले भानिज वेदप्रसादलाई बच्चामा नै लमजुङ्ग लगी हुर्काएकी थिइन् । माइजूको तपस्विता र विद्याको प्रभाव वेदप्रसादमा परेको थियो (अधिकारी, श्रीकान्त, स्मृतिग्रन्थ, २०६२: ३४४) । त्यो पूर्वपरम्पराको प्रभाव गायत्री गणेशमा पनि आएको देखिन्छ ।

१.२.८ वाचक व्यक्तित्व

ब्राह्मणपरिवारमा जन्मिएकाले परम्परागत रूपमा संस्कृत र कर्मकाण्ड जान्नु स्वाभाविक देखिए पनि पछि मात्रै अक्षरारम्भ गरेको हुनाले उहाँको वाचक व्यक्तित्व पनि पछि नै विकसित भएको देखिन्छ । कर्मकाण्डमा पनि पिताश्रीलाई सघाउनु सामान्य कार्य थियो भने कहिले रहर र कहिले करले कर्मकाण्डमा संलग्न रहेका देखिन्छन् । नेत्र बन्द भएपछि उहाँको प्रखर वाचक व्यक्तित्वको यात्रा पनि टुङ्गिएको देखिन्छ । खरिबोट, लिगलिग, लमजुडको चिति आदि टाढा र केही आसपासका गाउँमा पुराण वाचन गर्नुभएको बुझिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मण भएको हुनाले र सम्बद्ध विषयको ज्ञाता भएकाले गाउँमा कर्मकाण्ड गर्नुहुन्थ्यो । कहिले काँही टाढाटाढा पनि जानुपर्थ्यो विशेष कार्यहरूमा । गाउँका कतिपय मानिसहरू घरमा नै आउँथे । अन्यत्र पनि जानुहुन्थ्यो । उहाँ लिगलिगतिर मावलीमा जानुहुन्थ्यो । ससुरालीमा पनि वेलाबखत जानुपर्थ्यो तर आँखाबन्द भएपछि जानुभएन । त्यस्तै व्याकरण र वेदान्तका विद्वान् भएकाले पुराणको विषयमा उहाँ विशेषज्ञ नै हुनुहुन्थ्यो । त्यसैले गर्दा उहाँ कहलिएका पौराणिक हुनुहुन्थ्यो । टाढाटाढासम्म पनि पुराण भन्न जानुपर्थ्यो । पुराणवाचनमा र व्याख्यानमा पनि उहाँको ख्याति थियो । तर २००१ सालतिर नेत्रशक्ति गुमेपछि कर्मकाण्ड र पुराण दुवै छोड्नुपऱ्यो (अर्यालका सुपुत्र रामशरणबाट प्राप्त जानकारी) ।

१.३ निष्कर्ष

गायत्री गणेशप्रसाद अर्याल गोरखाको विकट गाउँमा सामान्य परिवारमा जन्मिएर पनि उहाँले विद्याको बलमा ख्याति आर्जन गर्नुभयो । किशोरावस्थाबाट पढ्न सुरु गरेका गायत्रीले गाउँघरमा नै केही अध्ययन गरी आठामाडौं आई निकै दु:खकष्ट सहेर पढेको बुझिन्छ । अर्यालले १९९० सालसम्ममा उत्तरमध्यमा उत्तीर्ण गरी वेदान्त विषयमा शास्त्री तह पढ्न थालेको बुझिन्छ । १९९३ देखि विविध पारिवारिक समस्याले गर्दा घरगृहस्थितिर प्रवेश गरेको चाल पाइन्छ भने गृहस्थ जीवनमा पनि स्वाध्ययनलाई जीवित नै राखेको देखिन्छ र विद्याको साधनामा संलग्न भएको देखिन्छ । वि.सं. १९९३ सालदेखि ७ वर्षसम्म २ वर्ष लमजुङ चिती र ५ वार्ष खोप्लाङ गोरखाको भाषा पाठशालामा सरकारी सेवा गरेको बुझिन्छ । २००१ सालमा आँखामा समस्या आई उपचारमा लागेको र उपचार असम्भव भएपछि जन्मथलो बक्राङ, पुराना गाउँ, गोरखामा ७ वर्ष स्वाध्ययन, अध्यापन, रामभक्तमाला काव्यको आलेखन (२००६) र गायत्री पुरश्चरण (२००७) सम्पन्न गरेको देखिन्छ । २००८ सालको उत्तरार्धबाट मावली गाउँ लिगलिगको जयन्ती विद्यालयमा गएर ७ वर्षसम्म अनेक विद्यार्थीहरूलाई पढाउनुभएको पाइन्छ भने केही काव्यकृतिको रचनासमेत गर्नुभएको बुझिन्छ । २०१५ सालको उत्तरार्धमा पुन: जन्मथलो पुराना गाउँ आई ऋषिकुल विद्यालय खोलेर २०२४ सालसम्म सयौं विद्यार्थीहरूलाई अध्यापन गर्नुभएको पाइन्छ । यसै अवधिमा महेन्द्रशतकं, श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल-भ्रमण, लोकचेतावनी, प्रजातन्त्रसमाजचित्रण, वंशवर्णनम्, बालरामायण जस्ता काव्य र कतिपय कविताहरू समेतको रचना गरेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद : दुई
संस्कृत एवं नेपाली काव्यपरम्पराको रेखाङ्कन र कवि गायत्री गणेशप्रसाद अर्याल

२.१ पृष्ठभूमि

संस्कृत एवं नेपाली काव्यपरम्पराको रेखाङ्कन र कवि पण्डित गायत्री गणेशका काव्यकृति संस्कृत तथा नेपाली भाषामा लेखिएकाले संस्कृत काव्य परम्परा र नेपाली काव्य परम्परामा उहाँको स्थान र योगदानका विषयमा चर्चा गर्न यहाँ विकासक्रमको रूपरेखाका विषयमा विमर्श गरिएको छ ।

२.२ संस्कृत काव्यपरम्परा र कवि अर्याल

संस्कृत काव्यको प्रारम्भ, विकास र परम्पराको कुरा गर्दा वैदिक साहित्यसम्म पुग्नु पर्ने हुन्छ । वेदसंहिता, ब्राह्मण, आरण्यक, उपनिषद्, वेदका षडङ्ग, चार उपवेद, सूत्रग्रन्थहरूलाई वैदिक साहित्यभित्र गणना गरिएको पाइन्छ । यसभित्र हजारौं ग्रन्थहरू पर्दछन् । वेदसंहिता नै ११३१ शाखामा विभक्त र विकसित छन् भने यिनको षडङ्ग (व्याकरण, ज्योतिष, कल्प, निरुक्त, शिक्षा, छन्द) र (उपाङ्ग मीमांसा, पूर्व मीमांसा र उत्तर मीमांसा) न्याय, धर्मशास्त्र र पुराणमा विस्तार भएको पाइन्छ । यी सबैको मूलनाम अष्टादशविद्या दिइएको पाइन्छ भने अवान्तर भेद र विषयविस्तार गर्दा १७२ विषय उपस्थित हुन्छन् ।

वेदोत्तरकालमा संस्कृत काव्यको सृजना परम्परा विकसित हुन थालेको पाइन्छ । आदिकवि वाल्मीकि ऋषिद्वारा रचना गरिएको वाल्मीकिरामायणलाई आदिकाव्यको रूपमा ग्रहण गरिएको पाइन्छ । रामायणपछि महाभारत र पौराणिक ग्रन्थहरूको विकास भएको भेटिन्छ । पुराणकै हाराहारीमा स्मृतिग्रन्थ र त्यसपछि तन्त्रसाहित्यको समेत विकास हुन थालेको देखिन्छ । १८ पुराण, १८ उपपुराण र १८ उपपुराणको १८ औपपुराण गरी ९० पुराणको समेत सृजना भएको पाइन्छ । ११८ जति स्मृतिग्रन्थ रहेका छन् भने तन्त्रसाहित्यको अनेक भेद उपभेद रहेका छन् । अश्वक्रान्तामा ६४, रथक्रान्तामा ६४, विष्णुक्रान्तामा ६४ तन्त्र रहेका छन् । शैवतन्त्र, शाक्ततन्त्र, बौद्धतन्त्र, जैनतन्त्रसमेत गरी हजारौं संख्यामा तन्त्रग्रन्थहरूको आलेखन गरिएको पनि भेटिन्छ ।

ईशापूर्व पाँचौं शताब्दीदेखि प्रथम शताब्दीसम्म संस्कृत काव्य र नाटकको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकास र विस्तार भएको पाइन्छ । यस अवधिमा पाणिनिको जाम्बवती काव्य, भासका १३ वटा नाटक, अश्वघोषको बुद्धचरित महाकाव्य र कालिदासका रघुवंश एवं कुमारसम्भव महाकाव्य, मेघदूत खण्डकाव्य, अभिज्ञानशाकुन्तल नाटकको आलेखन भएको देखिन्छ । यसै अवधिमा भरतमुनिको भरतनाट्यशास्त्रम् नामक लक्षण ग्रन्थको पनि रचना भएको भेटिन्छ। संस्कृत साहित्यका अमर स्रष्टा महाकवि कालिदासका रघुवंशमहाकाव्य, कुमारसंभव महाकाव्य, मेघदूत खण्डकाव्य, शाकुन्तल नाटक अमर कृतिका रूपमा रहेका छन् । कालिदासकै समकालिक मानिने अश्वघोषको महाकाव्य बुद्धचरितम् पनि प्रसिद्ध रहेको पाइन्छ ।

इशाको प्रथम शताब्दीदेखि यता भारवि, भट्टि, कुमारदास, माघ जस्ता कविहरू दोस्रो चरणमा देखापर्दछन् । इशाको ५ चौं शताब्दीतिरका मानिएका भारविको किरातार्जुनीय महाकाव्य पनि संस्कृत साहित्यमा बेजोड मानिन्छ । (कीथ, १९६७: १३४) इशाको सातौं शताब्दीका मानिएका भट्टिको भट्टिकाव्य रामगाथा र व्याकरणको प्रखर प्रयोगले महिमामण्डित बन्न पुगेको पाइन्छ (कीथ,: १४३) । छैटौं शताब्दी पूर्वार्धका मानिएका कुमारदासको जानकीहरण महाकाव्य पनि चर्चित रहेको पाइन्छ (कीथ, १९३७: १४७) । ईशाको सातौं शताब्दीका मानिएका माघको शिशुपालवध महाकाव्य पनि संस्कृत साहित्यमा बहुश्रुत रहेको छ (कीथ, १५४) ।

१२ औं शताब्दीतिरका मानिएका श्रीहर्षको नैषध महाकाव्य पनि अर्को अतुलनीय महाकाव्यको रूपमा रहेको पाइन्छ । श्रीहर्ष अलङ्कृत शैलीका काव्य रचना गर्ने यस चरणका कविहरूमध्ये रोचक र विशिष्ट मानिन्छन् । (कीथ: १९६७: १७४)

२.३ नेपालमा संस्कृत काव्यकृतिको परम्परा र कवि अर्याल

नेपालमा पनि संस्कृत नाटक र काव्यको रचना भएको पाइन्छ । नेपालका संस्कृत रचनाहरूलाई तीन चरणमा विभाजन गरिएको पाइन्छ । क. लिच्छविकाल ख. मल्लकाल र ग. शाहकाल

(क) लिच्छविकालमा नेपालमा संस्कृत नै राष्ट्रभाषा रहेको पाइन्छ । यसै समयमा नेपालमा ब्राह्मीलिपिको प्रयोग हुनथालेको र यसैलाई लिच्छविलिपि समेत भन्ने गरेको भेटिन्छ । पाँचौं शताब्दीको मानदेव (वि.सं ५२१-५६२) को चाँगुनारायणस्थित शिलालेख नै नेपालको संस्कृत रचनाको प्राचीन नमुना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिएको छ । यो शार्दूलविक्रीडित छन्दका १९ श्लोकमा रचित छ र यसमा स्तरीय र प्राञ्जल संस्कृतभाषाको प्रयोग देखिन्छ ।

छैटौं शताब्दीतिरका आभीरवंशी अनुपरमको द्वैपायनस्तोत्रम्, भारविका वि.सं. ६०७ र ६२७ तिरको हाँडीगाँउको अभिलेख र पाटनको अभिलेख, आठौं शताब्दीतिरका कवि राजा जयदेवको पशुपति शिलालेख, बुद्धकीर्तिको विसं ७९२ तिरको ३०-३५ श्लोके पशुपति अभिलेख, आठौं शताब्दीका बुधस्वामीको पैशाची भाषाबाट संस्कृतमा अनुवाद गरिएको मानिएको 'बृहत्कथा श्लोकसंग्रह' पनि लिच्छविकालकै उपलब्धि मानिएको छ (सुवेदी, २०३८ : ३०१-३१६) ।

(ख) मल्लकालमा पनि संस्कृत काव्य र नाटकको रचना भएको पाइन्छ मल्लकालका रचनाकारहरूमध्ये कवि प्रताप मल्ल (वि.सं. १६८०) पनि एक देखा पर्दछन् । यिनका सर्वापराधक्षमास्तोत्रम् र संगीतदामोदरम् प्रसिद्ध रहेका छन् । १० वटा जति शिलाङ्कित स्तोत्र पनि छन् । जगज्योति मल्ल (वि.सं. १६६८)का हरगौरीविवाह, कुञ्जविहार, मुदितकुवलयाश्व तीनवटा नाटक, स्तोत्रसंग्रह रहेका छन् (सुवेदी २०३८ : ३२८) । वि.सं. १६२३ मा नीतिवर्माले रचना गरेको **कीचकवधकाव्यम्** पनि एक महत्त्वपूर्ण रहेको छ । यो महाभारतीय कथामा आधारित छ भने ५ सर्गमा यो विस्तारित रहेको बुझिन्छ (शर्मा, वि.सं. २०७६ : ४३) । जगत्प्रकाशमल्लका पारिजातहरणनाटकम् र पद्यसमुच्चयः कवितासंग्रह प्रसिद्ध रहेका छन् । १४३८ तिरका धर्मगुप्तको रामाङ्कनाटिका (प्रकाशन वि.सं. २०३३) उपलब्ध छ (सुवेदी : ३४४)

(ग) शाहकालमा पनि संस्कृत नाटक र काव्यको रचना भएको भेटिन्छ । पृथ्वीनारायण शाहका सभापण्डित शक्तिवल्लभ अर्यालले जयरत्नाकर र हास्यकदम्ब नाटकको रचना गरेको पाइन्छ भने अन्य विद्वान्हरू पनि विभिन्नकाल खण्डमा देखापर्दछन् ।

ललितावल्लभको **भक्तविजयकाव्यम्** (वि.सं. १८२६), **पृथ्वीन्द्रोदयम्** काव्य, वाणीविलास पाण्डे (वि.सं. १८२७-१८८८)का नवरत्न युगलस्तोत्रम्, दुर्गास्तोत्रम्, गङ्गास्तोत्रम्, आदि ९ कृति, सुन्दरानन्दबाँण (वि.सं. १८३०) का त्रिरत्नसौन्दर्यगाथा (वि.सं. २०१९ प्रकाशन), छविलाल सूरिको सुन्दरचरित र लवकुशोदयौ, नाटक, सुकृतिदत्त पन्तको कार्तवीर्योदय महाकाव्य र तारिणीवरिवस्या, कुलचन्द्र गौतमका कृष्णकरणाभरणम् (वि:सं. १९७५), भागवतमञ्जरी (वि.सं. १९८४), गङ्गागौरवम् (वि.सं. १९९२), प्रपन्नचर्चा (वि.सं. १९९३), वन्दनायुगलम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(वि.सं. १९९५), आदर्शदम्पतिसीतारामौं (वि.सं. २०१२), सोमनाथ सिग्देलका सुन्दरचम्पू (वि.सं. १९६१), आदर्शराघवपुष्पाञ्जलि (वि.सं. २००५), मैथिल कविको नेपालसाम्राज्योदयम्, भरतराज मन्थलीयको महेन्द्रोदयम् महाकव्यम् (वि.सं. २०१७), बुद्धिसागर पराजुलीको साम्राज्यलहरीस्तवकाव्यम् (वि.सं. २०१७), हप्रिसाद आचार्यको गोरक्षशाहवंशमहाकाव्यम् (वि.सं. २०२८), पूर्णप्रसाद ब्राह्मणको सत्यहरिश्चन्द्रमहाकाव्यम (वि.सं. २००७), कृष्णप्रसाद घिमिरेका श्रीकृष्णचरितामृतम् महाकाव्यम् (वि.सं. २०२८), नाचिकेतसम् महाकाव्यम् (वि.सं. २०३१), दामोदर शर्मा झाको श्रीमद्बालबोधरामायणम् (वि.सं. २००३), खेमराज केशवशरणका रचनाहरू पनि शाहकालका महत्त्वपूर्ण उपलब्धि हुन् (सुवेदी : ३४९-४०९)।

अर्घाखाँचीको खिदिममा परीक्षित र खगेश्वरीको कोखमा (१९३९-२०२० वि.सं.) जन्मिएका दधिराम मरासिनीले **श्रीरामचरितामृतम्** काव्य प्रणयन गरेका छन् । दधिरामकै विसं. १९८६ सालमा रचना गरिएको ७ सर्गमा फैलिएको **श्रीकृष्णचरितामृतम्** काव्य पनि महनीय रहेको छ । गुल्मी धुरकोटका कवि नोमनाथ पन्थीले (वि.सं. १९७५-२००२) ले २००० सालमा **गण्डकीगौरवम्** काव्य प्रणयन गरेको देखिन्छ ।

गोरखा जिल्लामा १९६६ मा जन्मिएका गायत्री गणेशप्रसाद अर्याल (वि.सं. १९६६-२०२४)को **रामभक्तमाला** २०१५ सालमा प्रकाशित भएको थियो । मङ्गलाचरण २३ श्लोकमा र पूरा काव्य १४४ श्लोकमा विस्तारित छ । यसमा उहाँकै समच्छन्दमा नेपाली अनुवाद पनि राखिएको छ । गायत्री गणेशका **महेन्द्रशतकम् खण्डकाव्य** र ७० श्लोकमा **वंशवर्णनम् काव्य** पनि **पण्डित गायत्री गणेश स्मृतिग्रन्थ** २०६२ मा प्रकाशित भएको पाइन्छ ।

गोरखा अभिजन भएका पाल्पा कार्यक्षेत्र भएका माधवप्रसाद देवकोटाले २००५ सालमा रचना गरेको र २०१० सालमा प्रकाशित भएको **भारतीवैभवम्** काव्य सुन्दर छ । देवकोटाकै महारानी लक्ष्मीदिव्येश्वरीको दानवीरतालाई विषय बनाइएको, १९८६ मा लेखिएको र २०३८ मा प्रकाशित भएको **जीवनदानम्** काव्य पनि उपलब्ध छ । जनकपुर निवासी कवि रोहिणीवल्लभ पोखेलका २०३४ मा लेखिएको **अभिनवमेघदूतम्** (२०४१), कलीदासीय प्रभावमा रचित छ भने २०३५ सालमा रचना गरिएको **वकसंहारम्** काव्य र २०३६ मा लेखिएको एवं २०४२ मा प्रकाशित **मिथिलासौरभम्** काव्य पठनीय छन् । काठमाडौं निवासी अग्निहोत्री गणेशप्रसाद गौतमको २०३९ मा प्रकाशित ३०७ श्लोकमा विस्तारित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारबहादुर जोशीको संस्कृतभूमिकासहित **प्रपञ्चाप्रपञ्च-प्रकाशः** लघुकाव्य र अर्को **धिङ्मे कुक्कुरजीवनम्** काव्य पनि उपलब्ध छन् ।

कवि एवं वैयाकरण टीकाराम पन्थी (१९९३-२०६६) ले २०२१ सालमा पौराणिक कथामा आधारित **रुरुवृत्तम्** काव्य, २०४० सालमा ५ सर्गमा फैलिएको नेपालनिर्माणको ऐतिहासिक पौराणिक तथ्यमा आधारित **नेनेपालकाव्यम्, अश्रूपहारम्** (२०३९) र **सुधर्माखण्डकाव्यम् (२०४०)** दुवै काव्य नेपालका पूर्वप्रधानमन्त्री एवं जनक्रान्तिका नायक विपीकोइरालाको विषयवस्तुमा आधारित रहेको दृष्टिगोचर हुन्छ । पन्थीको २०५४ सालमा प्रकाशित ३११ श्लोकमा विस्तारित **बुद्धस्मरणम्,** जयतु संस्कृतम्बाट २०५६ सालमा प्रकाशित भएको ४७४ श्लोकमा फैलिएको **मङ्गलग्रहः** काव्य उपलब्ध छ । पन्थीले जयतु संस्कृतम् को उत्तरमहाभारत ग्रन्थनिर्माण योजना अन्तर्गत करिब ५ हजार श्लोकको जैनपर्व र जापान पर्व पनि लेखिसक्नुभएको छ भने अमरुक पर्व पनि केही तयार भएका छन् । पूर्णप्रसाद ब्राह्मणको म.सं.वि.बाट २०४९ सालमा प्रकाशित ५ सर्गात्मक ४५७ श्लोकमा विस्तारित **रामराज्यम्** खण्डकाव्य वैचारिक दृष्टिले महनीय छ भने उनैको **राजतन्त्रं सदा जीव्यात्** काव्य पनि पठनीय छ । २०५६ सालमा प्रकाशित सुकृतिदत्त पन्तको २०७ श्लोकमा फैलिएको **तारिणीवरिवस्या** काव्य पनि उपलब्ध छ ।

दाङ निवासी रामेश्वर शर्मा (विसं. १९७९-२०६०) ले पूर्वरचित **पशुपतिदर्शनम्** काव्य २०५९ मा प्रकाशित गरेको पाइन्छ । यो लघुकाव्य १३ तरङ्गमा विभक्त छ । दाङका अर्का प्रतिभा हुन् भागवत शर्मा रिजाल । उनले नेपाल संस्कृत विश्वविद्यालयको स्थापना र संस्कृतविद्याको संरक्षणमा जीवनोत्सर्ग गर्ने पछि सन्यासी बनेका दाङकै जागेश्वर ब्राह्मणको जीवनीमा आधारित तीन सर्गमा विभक्त **जागेश्वरचरितम्** काव्य प्रणयन गरेका छन् । दाङका ठाकुरप्रसाद आचार्यको **शिवलहरी** स्तोत्रकाव्य पनि प्रकाशित छ । कास्कीका टीकाराम अधिकारी (२००७-२०७६) **चन्द्रप्रभा (खण्डकाव्यम्)** (२०५८), **गोविन्दचरितामृतम्** (२०६२) **पद्यपुष्पाञ्जलिः** कवितासङ्ग्रह(२०६४) प्रकाशित छन् । **चन्द्रप्रभा** पृथ्वीनारायणकी जेठी आमा र नेपाल एकीकरणको विषयवस्तुमा आधारित छ भने गोविन्दचरितामृतम् अधिकारीका गुरुको जीवनवृत्तसंग सम्बन्धित देखिन्छ । **पद्यपुष्पाञ्जलिले** २०६४ को **जयतु संस्कृतम् पुरस्कार** पाएको थियो भने **चन्द्रप्रभा** जयतु संस्कृतम्बाट नै प्रकाशित भएको कृति हो । अधिकारीले जयतु संस्कृतम् को उत्तरमहाभारत ग्रन्थयोजना अन्तर्गत ५ हजार श्लोकको गण्डकी पर्व तयार गर्नुभएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्घाखाँचीका धनञ्जय मरासिनीका केही काव्यकृति प्रकाशित छन् । तीमध्ये **हरिहरप्रार्थनापुष्पाञ्जलिः** (२०५७) काव्यले २०५७ को जयतु संस्कृतम् पुरस्कार पाएका थियो । तनहुँका यदुनाथ खनालको **सूक्तिसञ्चयः** ०५७ र पछि **संस्कृत कवितासङ्ग्रह** पनि प्रकाशित छ । पाल्पाका हरिहरशर्मा अर्यालको **तपस्वीकृषीबलम्** काव्य (२०५७) र पछि **काव्यत्रिवेणी** पनि प्रकाशित छ र यसले २०५९ को जयतु संस्कृतम् पुरस्कार पाएको थियो ।

महाकवि कृष्णप्रसाद घिमिरेको **सम्पातिसन्देशम्** र **रामविलापखण्डकाव्यम्** पनि प्रकाशित रहेको देखिन्छ। पाल्पा निवासी वेणीमाधव ढकालको **अमरसिंहचरितम्** (२०५२) खण्डकाव्य प्रकाशित छ । यो काव्य अमरसिंहको जीवनीमा आधारित छ । उनले लेखेका महाकाव्यका केही अंश प्रकाशित भएको पाइन्छ । पूर्णप्रसाद ब्राह्मणको **रामराज्यम् काव्य** रामायणीय आदर्श राज्यको वर्णनमा केन्द्रित छ भने **राजतन्त्रं सदा जीव्यात्** नेपालको राजतन्त्रको विषयमा केन्द्रित छ ।

पोखराका नेवार परिवारमा जन्मिएका संस्कृतका ठूला विद्वान् गोपाल किञ्जल्क वैद्यको २०६१ मा प्रकाशित **हिमाद्रिमहिमा** काव्यले २०६१ को जयतु संस्कृतम् पुरस्कार पाएको थियो । उनका केही फुटकर संस्कृत रचनाहरू पनि प्रकाशित छन् । काशीनाथ न्यौपानेको **लाहिडीक्रियायोगसंहिता** पनि २०६१ मा प्रकाशित भएको देखिन्छ । पद्यमा लेखिएको यो ग्रन्थ दार्शनिक विषयमा केन्द्रित रहेको छ । काशीनाथकै २०६७ मा **सन्तोषीमाता** कथाकाव्य पनि प्रकाशित छ । जनकपुरका कवि रोहिणीवल्लभ पोखेलको मृत्यूपरान्त प्रकाशित **भावावर्तः कविता** संग्रहले २०६७ सालको **जयतु संस्कृतम् पुरस्कार** पाएको थियो । पाल्पाका नवराज पाण्डेयको ८ विश्राममा रचित **परमानन्दचरितम्** ०६८ सालमा प्रकाशित भएको पाइन्छ ।

रामहरि दाहालका **अमरभारतीगौरवम्** (२०७३) खण्डकाव्य र **गतो मदीयो ननु कुत्र देशः** कविता संग्रहले संयुक्त रूपमा जयतु संस्कृतम् पुरस्कार २०७३ प्राप्त गरेका छन् । लक्ष्मीकान्त पन्थीले मुकुन्दशरण उपाध्यायको **प्राकृतपोखरा**को र लेखनाथ पौडेलको **ऋतुविचार** ०६३ संस्कृत भाषामा अनुवाद गरेका छन् । उनको **ऋतुविचारः सानुवादः ले** ०६३ को जयतु संस्कृतम् पुरस्कार प्राप्त गरेको थियो भने प्राकृतपोखराको संस्कृत अनुवाद **जयतु संस्कृतम्**बाट नै प्रकाशित भएको हो । पन्थीकै **काव्यमालिका** (०७५) ले २०७५ को **जयतु संस्कृतम्** पुरस्कार प्राप्त गरेको थियो । यसमा कवितासहित ५ वटा खण्डकाव्य संग्रहीत छन् । यसमा कविता र काव्यमा गरी ४ हजार श्लोक रहेका छन् ।

नेपालका संस्कृतविद्वान्हरूले काव्यकृतिको सृजनामा निकै कलम चलाएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । राजपुरोहित प्रयागदत्त पण्डितको २०५७ सालमा प्रकाशित, स्रग्धरा छन्दमा विरचित २०१ श्लोकमा फैलिएको **शिक्षारत्नम्** दार्शनिक काव्य पनि स्मरणीय छ । तनहुँका आहिताग्नि तीर्थराज आचार्य दीक्षितको २०६० सालमा प्रकाशित **पुत्रोपदेशः** काव्यसङ्ग्रहमा ४२ कविताकणिका उपलब्ध छन् । सखुवासभा, खाँदबारीका रोहिणीप्रसाद खनाल (१९९२।४।२२)को २०६७ माघमा प्रकाशित ११२ श्लोकमा फैलिएको **क्षमा**-काव्यम् र त्यसपछि प्रकाशित **गृहस्थकाव्यम्** पनि उपलब्ध छन् ।

संस्कृत भाषामा कविता-काव्य रचनाका लागि जयतु संस्कृतम्ले २०५४ देखि सुरु गरेको संस्कृत कविसम्मेलन २७ वर्षसम्म निरन्तर चल्दै आइरहेको छ । यसमा सयौं कविहरूले आ-आफ्ना रचना वाचन गरिसकेका छन् । कविगोष्ठीमा वाचन गरिएका कविताहरूको संग्रह पनि प्रकाशित भएको छ । संस्कृत कवितासङ्ग्रहः प्रथमपुष्प २०५९ सालमा प्रकाशित भएको देखिन्छ र यसमा ९५ कविता संकलित छन् । संस्कृतकवितासङ्ग्रहः द्वितीयपुष्प २०७० मा प्रकाशित भएको हो । यसमा १०३ जनाक १४७ वटा कविता प्रस्तुत छन् ।

यसै क्रममा जयतु संस्कृतम् संस्थाले पुरस्कृत गरेका कृतिहरू पनि नेपालको संस्कृत काव्यरचनाहरूमा महत्त्वपूर्ण मानिएको पाइन्छ ।

क. पं. भीमकान्त पन्थी २०५६, जगदम्बिकावैभवम् (महाकाव्य)
ख. पं धनञ्जय मरासिनी २०५७, हरिहरप्रार्थना पुष्पाञ्जलिः (संस्कृतकाव्य)
ग. डा हरिहर शर्मा अर्याल २०५९, काव्यत्रिवेणी (संस्कृत नाटक एव काव्य)
ग प्रा.डा. माधव भट्टराई २०५८, सत्यशाइचरितम् (महाकाव्य)
घ. प्रा.डा.वेणीमाधव ढकाल २०६०, लिच्छविकालिकानामभिलेखानां साहित्यिकं परिशीलनम् ।
ङ गोपाल वैद्य किंजल्क २०६१, हिमाद्रिमहिमा (काव्य)
च. डा.लक्ष्मीकान्त पन्थी २०६३, ऋतुविचारसानुवादः (संस्कृत अनुवाद)
छ. प्राडा. टीकाराम अधिकारी, २०६५ पुष्पाञ्जलिः (संस्कृत कवितासंग्रह)
ज. पं. लोकनाथ लुइँटेल २०६६, श्रीरामशरणं मम (काव्य)
झ प्रा.रोहिणीवल्लभ पोखेल २०६७, भावावर्तः (काव्यकविता)

यसै क्रममा जयतु संस्कृतम् संस्थाले प्रकाशन गरेका ग्रन्थहरू पनि नेपालको संस्कृत काव्यकृतिको विकासमा महत्त्वपूर्ण रहेका छन्

क. मंगलग्रहः (काव्य)	प्रा.डा. टीकाराम पन्थी
ख. कृष्णाभिसर्पणम् (काव्य)	महाकवि भरतराज मन्थलीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ग. मीमांसातर्कभाषा — डा. काशीनाथ न्यौपाने
घ. चन्द्रप्रभा (काव्य) — प्रा.डा. टीकाराम अधिकारी
ङ. संस्कृतकवितासङ्ग्रहः (भाग १) — संयुक्त सम्पादन
च. कलमाक्षरचरितकाव्यम् — प्रा. तेजकेशरी शर्मा
छ. प्राकृतपोखरा — अनु. प्रा.डा. लक्ष्मीकान्तपन्थी
ज. संस्कृतकवितासङ्ग्रहः (भाग १-२) — संयुक्त सम्पादन
झ. नेपालगौरवम् महाकाव्य — प्रा.डा. विष्णुप्रसाद देवकोटा
ञ. कर्मफलम् २०८१ (२१ लघुनाटकसङ्ग्रह) प्रा.डा. नवराज कट्टेल

नेपाल संस्कृत विश्वविद्यालयले प्रकाशन गरेका काव्यकृतिहरू पनि नेपालको संस्कृत काव्यकृतिको विकासमा महत्त्वपूर्ण मानिएका छन् ।

क. रामराज्यम् (काव्य) — पूर्णप्रसाद ब्राह्मण
ख. स्वर्गद्वारीमहाप्रभु-चरित्रम् — प्रा. दुर्गादत्त पौडेल
ग. गण्डकीगौरवम् — पं. उमानाथ पन्थी
घ. श्रीरामचरितामृतम् — पं. दधिराम मरासिनी
ङ. हरिकेलीनवनीतम् — पं. वंशमणि शर्मा
च. मोतिवृतम् — पं. भरतराज मन्थलीय

यसरी संस्कृत काव्य परम्पराका काव्यकृतिको अध्ययन गर्दा र गायत्री गणेशका कविताको अध्ययन गर्दा गणेश अर्यालका कविता कमजोर छैनन्, साथै नेपाली विद्वान्हरूले लेखेका संस्कृत काव्यकृतिको अध्ययन गर्दा पनि गायत्री गणेश उत्तम कोटिका कवि देखा पर्दछन् । उहाँका रामभक्तमाला र महेन्द्रशतकम् खण्डकाव्य एवं १० वटा कविता नेपाली संस्कृत कविहरूका बिचमा कमजोर सिद्ध हुदैनन् । उत्तमकोटिका काव्यकृति ठहर्लान् वा नठहर्लान् तर नेपालीहरूले लेखेका काव्यकृतिहरूका बिचमा तुलनात्मक अध्ययन गर्दा सुन्दर र स्तरीय छन् भन्न सकिन्छ ।

२.४ नेपाली काव्यपरम्परा र कवि अर्याल

नेपाली भाषामा काव्य लेख्ने परम्परा नेपालको एकीकरणसंगै थालिएको पाइन्छ । वि.सं. १७९९ देखि थालिएका परम्परा १८७१ मा आएर टुङ्गिन्छ । करिव त्रिहत्तर वर्षसम्म नेपाल एकीकरणको अभियान चलिरहेको र यस कालखण्डमा विभिन्न कविलेखकहरूले कलम चलाउन थालेको पनि पाइन्छ । (श्रेष्ठ र शर्मा, ०४९ : २८) नेपाल एकीकरणसंगै सुरु भएको नेपाली काव्य लेखनको विकास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रमलाई तीन कालखण्डमा विभाजन गरिएको पाइन्छ ।

क. प्राथमिक काल १८०१ देखि १९४० सम्म

ख. माध्यमिक काल १९४१ देखि १९७४ सम्म

ग. आधुनिक काल १९७५ देखि हालसम्म

क. प्राथमिक काल : यो कालखण्ड १४० वर्षको देखिन्छ । यस काललाई वीरधारा र भक्तिधारको रूपमा विभाजन गरिएको पाइन्छ । वीरधारा १८०१ देखि १८७१ सम्म रहेको पाइन्छ । नेपाल एकीकरणको अभियान चलुन्जेल यो धारा सक्रिय रहेको देखिन्छ । क. वीरधाराका कविहरूमा

सुवानन्ददास	पृथ्वीनारायण १८३०।३१ तिरको
शक्तिवल्लभ अर्याल	तनहूँ-भकुण्डो १८३९ तिरको
उदयानन्द अर्याल	पुरानु वातको अर्जी १८४३ तिरको
सुन्दरानन्द बाँण	बहादुर शाह वर्णनम् १८३५-१८५०
राधावल्लभ अर्याल	साँढ्याको कवित्त १८५०-१८५५
रामभद्रपाध्या	वन्धुविनयाष्टक १८५१ तिरको
गुमानी पन्त	धन्य गोर्खाली राजा (१८४७-१९०६)

ख. भक्तिधारा १८७३ देखि १९३९ सम्मको समय यस अन्तर्गत पर्दछ। यसलाई पनि कृष्णभक्ति धारा, रामभक्ति धारा र निर्गुण भक्तिधाराका रूपमा विभाजन गरिएको पाइन्छ (श्रेष्ठ र शर्मा ०४९ : ३५) कृष्णभक्तिधारामा कलम चलाउनेहरूमा इन्दिरस (गोपिका स्तुति), विद्यारण्यकेशरी (द्रौपदी स्तुति), वसन्त शर्मा (श्रीकृष्ण चरित्र र समुद्रलहरी), वीरशाली पन्त (विमलबोधानुभव), यदुनाथ पोखरेल (कृष्णचरित्र), हीनव्याकरण विद्यापति राघ बाह्रमासा, सात राग, गीतवाणी), पतञ्जलि गजुर्‍याल (बालगोपालवाणी, हरिभक्तमाला, जैमिनीभारत) रहेका छन् (श्रेष्ठ र शर्मा २६-२८) । रामभक्ति धारामा रघुनाथ पोखर्‍याल (सुन्दरकाण्ड) भानुभक्त आचार्य (भानुभक्तीय रामाण) रहेका छन् (श्रेष्ठ र शर्मा २०४९ : ३९)। निर्गुण भक्तिधारामा अगमदिलदास, अखण्डदिलदास र ज्ञानदिलदास रहेका छन् । (श्रेष्ठ र शर्मा : ४१)

ख. माध्यमिक काल (१९४० देखि १९७४ सम्म)

यस कालखण्डलाई शृङ्गार काल, मोतीयुग र रीतिकाल पनि भनेको पाइन्छ । शृङ्गार युगका प्रवर्तक मोतीराम भट्ट (१९२३-१९५३) मानिन्छन् । उनका उषा चरित्र, मनोद्वेगप्रवाह, पिकदूत, कमलभ्रमर संवाद, भ्रमरगीत शृङ्गारिक र गजेन्द्रमोक्ष एवं प्रह्लाद भक्तिकथा भक्ति रचना हुन् । (श्रेष्ठ र शर्मा, ०४९) केदारनाथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खतिवडाका (१९३५-२००३) महाभारत (७ हजार श्लोकमा नेपाली अनुवाद) शृङ्गारदर्पण आदि कृति रहेका छन् । पहलमानसिंह स्वाँरको पिकदूत (१९५९) पनि यस क्रममा उल्लेख्य छ । शम्भुप्रसाद ढङ्गेल (१९४६-१९८६) यस चरणका अर्का महत्त्वपूर्ण कवि हुन् । उनका शम्भु भजनमाला, वेश्यावर्णन, द्यूतशतक, चन्द्रवदनी लगायतका कृति रहेका छन् । गोपीनाथ लोहनी (१९३०-१९७४) नृगचरित्र, ध्रुवचरित्र, नलोपाख्यान, आदि कृति रहेका छन् । शिखरनाथ सुवेदी (१९२१-२००५) को बृहद् कृष्ण चरित्र पनि महत्त्वपूर्ण छ । सूक्ति-सिन्धु (१९७४) यस चरणको अन्तिम शृङ्गारिक कवितासंग्रह मानिन्छ । जगन्नाथ सेढाईं, बैजनाथ सेढाईं, सिद्धिदास अमात्य, कुलचन्द्र गौतम, सोमनाथ सिग्देललगायतका र अन्य कविहरू पनि यस अवधिमा देखापर्दछन् । यस कालखण्डमा दर्जनौं कविलेखकहरूले धार्मिक, सामाजिक र शृङ्गारिक विषयवस्तुमा कलम चलाएको पाइन्छ ।

ग. आधुनिक काल (१९७५ देखि यता)

सूक्तिसिन्धुको प्रकाशनले सृजना गरेको कम्पनपछि नेपाली कविहरू शृङ्गारधाराबाट मोडिएर शृङ्गारकालीन प्रवृत्तिलाई परित्याग गरी आधुनिक कालीन कविताको सृजना गर्न लागेको पाइन्छ । यस काललाई पनि १९७५ देखि २००७ सम्मलाई प्राक् आधुनिक वा नव्यकाल भनेको पाइन्छ भने २००८ देखि यताको समयलाई आधुनिक काल भनेको पाइन्छ । यस कालखण्डलाई चार धारामा विभाजन गरेर अध्ययन गरेको पनि पाइन्छ ।

क. शास्त्रीयतावादी धारा १९७५ देखि १९९० सम्म

ख. स्वच्छन्दतावादी धारा १९९१ देखि २०१६ सम्म

ग. प्रयोगवादी धारा २०१७ देखि २०२९ सम्म

घ. समसामयिक यथार्थवादी धारा २०३० देखियता

शस्त्रीयतावादी धारामा कलम चलाउने कविहरूमध्ये लेखनाथ पौडेल अग्रणी मानिन्छन् । उनका ऋतुविचार, बुद्धिविनोद, तरुणतपसी, लालित्य आदि काव्यकृति महत्त्वपूर्ण छन् । अन्य कविहरूमा धरणीधर कोइराला, महानन्द सापकोटा, रुद्रप्रसाद शर्मा, बालकृष्ण सम, पूर्णप्रसाद ब्राह्मण, भीमनिधि तिवारी, बदरीनाथ भट्टराई, गुणराज उपाध्याय, कृष्णप्रसाद घिमिरे, नयराज पन्त, आदि रहेका छन् (श्रेष्ठ र शर्मा ०४९: ५१)

स्वच्छन्दतावादी काव्यधाराका प्रणेता लक्ष्मीप्रसाद देवकोटा हुन् । उनका ७ सय जति कविता, २ दर्जन जति खण्डकाव्य, ७ वटा महाकाव्य प्रकाशित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । यस धारामा कलम चलाउनेहरूमा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भवानी भिक्षु, युद्धप्रसाद मिश्र, आदि रहेका छन् ।

प्रयोगवादी धाराका अग्रणी मोहन कोइराला हुन् । यस धारामा कलम चलाउनेहरूमा वासु शशि, तुलसी दिवस, उपेन्द्रभक्त श्रेष्ठ, जगदीश शमशेर राणा, ईश्वर वल्लभ, वैरागी काइला आदि रहेका छन् ।

समसामयिक यथार्थवादी धारामा अनेक पद्य कविता र गद्यकविताको आलेखन भएको पाइन्छ । यस धारामा कलम चलाउनेहरूमा हरिभक्त कटुवाल, मोहन हिमांशु थापा, क्षेत्रप्रताप अधिकारी, वियोगी बूढाथोकी, अशेष मल्ल, विश्वविमोहन श्रेष्ठ, कृष्णप्रसाद पराजुली, घनश्याम कँडेल, दैवज्ञराज न्यौपाने, रमेश तूफान, तीर्थ अधिकारी आदि सयौं प्रतिभा रहेका छन् ।

नेपाली कविताको प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालका प्रतिनिधि कविताको अध्ययन गर्दा र कवि गायत्री गणेशका कविताको अध्ययन गर्दा गायत्री गणेका कविता कमजोर छैनन् । कवि गणेश माध्यमिक कालका अन्तिम कालखण्डका कविता र प्राक् आधुनिक वा नव्य कालका कविताबाट प्रभावित देखिन्छन् । कतै यिनको भाषा, शैली र अभिव्यक्ति कला माध्यमिक कालकै अन्तिम चरणका कविताको अनुगामी देखिन्छ भने कतै परिष्कृत र परिमार्जित कविता नव्यकालका कवितासंग दाँजिन पुग्दछन् । कतै भानुभक्तीय प्रभाव ग्रहण गर्दै त कतै मूलतः लेखनाथीय प्रभावलाई ग्रहण गर्दै काव्य रचना गरेको पाइन्छ । अर्यालका कविताले प्राथमिक कालमा प्रकट भएको भक्तिसाहित्यलाई अगाडि बढाएको पनि बुझिन्छ । उहाँका काव्य कृतिहरू भक्तिभाव, दर्शन र सामाजिक विषयमा आबद्ध छन् ।

२.५ गोरखाली प्रतिभाका बीचमा गायत्री गणेशका काव्यकृति

नेपालीमा गायत्री गणेशले कविता, खण्डकाव्य र महाकाव्य रचना गरेको पाइन्छ । उहाँका कविताहरू प्रकाशित अप्रकाशित दुवै किसिमका छन् । प्रकाशित र अप्रकाशित कविता काव्यहरूलाई गायत्री गणेश स्मृति ग्रन्थमा प्रकाशन गरिएको छ । गायत्रीका कविताहरू गोरखाली प्रतिभाहरूका बिचमा तुलनीय छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(क) प्राथमिक काल

गोरखाली प्रतिभाको सुरुमा कुरा गर्दा शक्तिवल्लभ अर्याल र पृथ्वीनारायण शाहकै नाम आउने गर्दछ ।

शक्तिभल्लभको महाभारत विराट्पर्वको नेपाली अनुवाद र तनहूँ भकुन्डो (१८३९) २ श्लोक कविता र **जयरत्नाकर नाटक** (१८४९), **हास्यकदम्बम्** (१८३९), आदि ४ कृति साहित्यका र अन्य दानप्रकाश आदि कर्मकाण्डीय पुस्तकसहित ९ कृति रहेका छन् । उदयानन्द अर्याल १८१२-१८९४) यिनी शक्तिवल्लभका भतिजा हुन् । उनका सोमेश्वरविजयवर्णन काव्य प्राप्त छ ।

ललितावल्लभ अर्याल (१८००-१८५०) को **भक्तविजयकाव्य** र पृथ्वीन्द्रोदय काव्य महत्त्वपूर्ण रहेका छन् । राधावल्लभ अर्याल (१७८५-१८६९) यिनले नेपालीमा साँढ्याको कवित्त, माले साँढ्यको कवित्त उपलब्ध छ । **उद्धवदूतकाव्यम्,** संस्कृतमञ्जरी दुई ग्रन्थ संस्कृतमा छन् ।

पृथ्वीनाराण शाह (१७७९-१८३१) पृथ्वीनारायणले धेरै पढ्ने अवसर त पाएनन् तर पनि उनका ३ कृतिको उल्लेख पाइन्छ । तिनमा गोरखनाथ भजन, व्रतरत्नमाला र दिव्योपदेश ।

(ख) माध्यमिक काल

नेपाली साहित्यको माध्यमिक कालमा पनि गोरखाली प्रतिभाले संस्कृत तथा नेपाली काव्यरचनामा कलम चलाएको पाइन्छ ।

अग्निधर देवकोटा (१८३५-१८८०) ले **गोरखाविजयतिलकम्** काव्य लेखेका थिए भने यो पछि विसं. २०३५ सालमा प्रकाशित भएको थियो । माधवप्रसाद देवकोटा (१९६०-१०४१) यिनी गोरखाको लिगलिगकोटस्थ बोहरा गाउँमा जन्मिएका थिए भने यिनको कार्यक्षेत्र पाल्पा रहन गयो । त्यसैले धेरै मानिसहरू यिनलाई पाल्पाली संझन्छन् । यिनले एक दर्जनभन्दा बढी कृति लेखेका छन् । ईशादि नौउपनिषद्(२०३०) बृहदारण्योपनिषद् (२०३०) छान्दग्योपनिषद् (२०३५) जस्ता दार्शनिक ग्रन्थको अनुवाद गरेबाट नै देवकोटाको वैदुष्यको बोध हुन्छ । उनका दर्जनौं कृति प्रकाशित छन् भने हुस्सु पथिक र रुरुगौरव नेपाली काव्य प्रसिद्ध छन् । त्यस्तै भारतीगौरवम् संस्कृत काव्य महनीय रहेको छ ।

(ग) आधुनिक काला

गणेशराज पन्त (१९६१-२०५२) गोरखा बगुवाका पन्त राजनीति र साहित्यमा सक्रिय देखिन्छन् । उनका भजनमाला (२०३५) प्रथम, द्वितीयभाग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(०३७), तेस्रो भाग (०५२) प्रकाशित छन् । ४. बाबा डिल्लीराम ब्रह्मचारी (१९७६-....?) गोरखामा जन्मिएका बाबा चितवन देवघाट राममन्दिर र सीताराम संस्कृत माविका संस्थापक पनि हुन् । यिनका आत्मरस, श्रीरामानन्दचरितामृतम् श्रीरामकल्पतरुजस्ता काव्यकृति प्रकाशित छन् ।

पूर्णप्रसाद ब्राह्मण (१९७९-२०४५) जयतु संस्कृतम् आन्दोलनका प्रेरक तथा साहित्य र राजनीतिमा पनि सक्रिय व्यक्ति हुन् । उनका दर्जनौँ कृति प्रकाशित छन् र हुँदै पनि छन् । काव्यतर्फ कुन्तीको समाचार (खण्डकाव्य २०४४), समझौटो (काव्य, २०४७), पूर्णप्रसाद ब्राह्मणका फुटकर कविताहरू (२०६२) नेपालीमा प्रसिद्ध छन् । संस्कृत भाषामा सत्यहरिश्चन्द्रम् (महाकाव्य, २००६), राजतन्त्रं सदा जीव्यात् (२०४२), रामराज्यम् (२०४९), श्रीकृष्ण श्रीरामचरितादर्श (२०५०) जस्ता काव्य प्रसिद्ध छन् ।

विष्णुप्रसाद धिताल (१९७९-२९६०) गोरखा खरिबोटका धितालको कविता संग्रह प्रकाशित छ । विनोदप्रसाद धिताल (१९८०-....) राधामिलन काव्य (खण्डकाव्य, २०१२), उज्यालो हुनु अघि (उपन्यास २०१८) योजना गन्धा (उपन्यास २०५२) आचार्य विष्णुगुप्त आचार्य (अनूदित उप.२०२३), डिभाइन कमेडी महाकाव्य अनूदित २०४०) विद्यादेवी देवकोटा (१९८२...) समाजसेवी, राजनीतिक महिलानेतृ विद्यापुकार (२०६०) प्रकाशित छ । उमानाथ देवकोटा १९८५...) ओम् गीतासार प्रकाशित छ । राजेश्वर देवकोटाका उपन्यासहरू प्रकाशित छन् । काव्यमा युगलकाव्य २०३९), विनोद पुष्पाञ्जली (२०५८) स्वन र वसन्त कविता पनि प्रकाशित छन् ।

नेत्रमणि आचार्य (१९८७-.......) संस्कृतका विद्यार्थी हुन् र संस्कृत एवं नेपालीका शिक्षक हुन् । सदरमुकाम नै यिनको स्थायी घर र कार्यक्षेत्र भएकाले यिनलाई रचना प्रकाशनमा केही सहज भएको देखिन्छ । त्यसैले ८ कृति प्रकाशित हुन सक्यो । यिनका कविता कृतिमा रचना मञ्जरी (२०४८), पच्चीस थुँगा कविता (कवितासङ्ग्रह, २०४८), शिलान्यास (२०५१), श्रावणी दर्पण (२०५२), छन्दज्ञान (२०५२) दर्जी सुजेरो (२०६०) बुधोत्पत्ति (खण्डकाव्य ०६१), ऋतुप्रवाह र पं गोपालप्रसाद आचार्य (जीवनी, २०६३) । रमेशचन्द्र देवकोटा (१९९०) लिगलिग पण्डित गाउँका हुन् । यिनको **स्वाभिमान** महाकाव्य प्रकाशित छ । पुष्पराज देवकोटा (१९९१) संक्षिप्त पद्यरामायण (२०६६) प्रकाशित छ ।

ईश्वर वल्लभ (१९९४) गोरखा भट्टराईथोक पुर्ख्यौली थलो भएका वल्लभ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयामेली आन्दोलनका हस्ती हुन् । उनका थुप्रै कृति प्रकाशित छन् । आगोका फूलहरू हुन्, आगोका फूलहरू होइनन् (२०२९) कवितासंग्रह प्रसिद्ध छ । विद्याधर पोखेल (१९९४) खोप्लाङका प्रतिभा हुन् । लालकिल्ला (कवितासङ्ग्रह २०३४) प्रसिद्ध छ । तीर्थराज वन्त (१९८६) गोरखा बगुवाका प्रतिभा हुन् । उनले उनले नेपाली र नेवारी भाषामा पनि कलम चलाएका छन् । उनका आकाश सल्बलाएको रात (२०४०), आँखामा हिजोको इतिहास (२०५३), शब्द सोपान (२०५७) आदि एक दर्जन कृति प्रकाशित छन् । रामचन्द्र देवकोटा (१९९६) को सम्झनाको त्रिवेणी (स्मृतिकाव्य, २०७५) प्रकाशित छ । तारापति ढकाल (२०००) गोहरेका निवासी हुन् । यिनका अन्य कृतिका साथ मेरा अल्झिएका पानाहरू कवितासङ्ग्रह २०५८) प्रकाशित छ ।

केदारनाथ खनाल (२००१) ताकलुङ्गका हुन् । यिनका दर्जनौँ कृति प्रकाशित छन् । तिनमा अनुभूतिका शब्दतरङ्गहरू (२०६१), उज्यालोको खोजी (कवितासङ्ग्रह (२०७४) प्रकाशित छन् । वाचस्पति देवकोटा (२००१) लिगलिग बोहरा गाउँका प्रतिभा हुन् र गायत्री गणेशका चेला पनि हुन् । यिनको आमा-शोकाकाव्य (२०२८) प्रकाशित छ ।

सीताराम अधिकारी (२००२) हंसपुर लप्सीबोटका प्रतिभा हुन् । उनको नेपाली र अंग्रेजीमा दर्जनौँ काव्यकृति कोश आदि ग्रन्थ प्रकाशित छ । उनका कोयली (२०३३), आमा (२०३७), देवघाट (२०५७), अमर ज्योतितिर फर्केर हेर्दा (२०६६), अन्त्यभित्रको अन्त्य (२०६६), आलोक (२०६८) ६ वोटा काण्डकाव्य प्रकाशित छन् भने ५ वोटा कवितासङ्ग्रह छापिएका छन् । पृथ्वी महाकाव्य पनि प्रकाशित छ नेपालीका थुप्रै कृतिहरूको अंग्रेजीमा अनुवाद पनि गरेका छन् अधिकारीले । रमेश खकुरेलको स्रग्धरा, प्रह्लाद पोखेलको आस्थाको गन्तव्य, राधेश्याम भट्टराईको हलेसी काव्य, भुवनहरि सिग्देलको सुन सपना, शरत्कुमार भट्टराईको उपनिषत्कारिका आदि काव्य र दर्शनको अङ्ग्रेजीमा अनुवाद गरेका छन् ।

राजानीतिज्ञ चिरञ्जीवी वाग्लेका आधादर्जन कृति प्रकाशित छन् । संस्कृतमा आचार्य, नेपाली एम ए र बि.एल. गरेका वाग्ले मन्त्री पनि भए । उनको बधशालामा खीर (२०७०), बलिदानले बनेको देश (२०७२), बहादुर शाह (२०७९) उपन्यास प्रकाशित छन् । उनको उज्योलोतिरको यात्रा (२०७५) कवितासङ्ग्रह र नेपाली साहित्य : मेरो दृष्टि (२०६५) प्रकाशित छन् । शिवहरि मरहट्टा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२००४) गोरखा भोगटेनीका हुन् । उनका संस्कृत तथा नेपालीमा कविता काव्य प्रकाशित छन् । उनको मतिविनोद काव्य बुद्धिविनोदका प्रश्नहरूको उत्तर दिइएको काव्य हो । नयराज पन्त, राजेश्वर देवकोटा, श्रीभद्र शर्मा आदि १२।१३ जनाले लेखनाथको कृतिको उत्तर दिएका छन् । मरहट्टाको उत्तर न्यायदर्शनको प्रभावबाट उत्तरित छ ।

रेशम थापा (२००४) गोरखा ताकुका हुन् । यिनको शान्तिदूत (गीतिकाव्य (२०६०) सनत रेग्मी (२००४) पनि गोर्खा कुलघर भएका स्रष्टा हुन् । हाल नेपालगन्जमा जीवन बिताइरहेका यिनले कथासाहित्यमा मात्रै कलम चलाएका छन्। रेग्मीका आधादर्जन कृति प्रकाशित छन् । भवानी अधिकारी अर्याल (२००५) पद्मकन्याकलेजमा पढ्दाखेरि नै संस्कृतमा नववर्षस्य शुभकामना (२०२६) र सजिलो रामायणको कथा (२०६५) सहलेखनमा प्रकाशित छ । चन्द्रकान्त अधिकारी (२००५) हंसपुरका हुन् । यिनका एक दर्जन विभिन्न कृति प्रकाशित छन् । मौलिक अठोट भावानुवादिक छनोट २०४७) कविता सङ्ग्रह प्रकाशित छ । प्रा.डा. विष्णुप्रसाद देवकोटा नेपालगौरवम् संस्कृतमहाकाव्य र संस्कृतमा थुप्रै कविताहरू प्रकाशित छन् । संस्कृतमा एउटा नाटक पनि प्रकाशोन्मुख छ । विभिन्न विषयका एक दर्जन पुस्तक प्रकाशनको प्रतीक्षामा रहेका छन् ।

गोर्खाली प्रतिभा खुसीराम पाखिन (२००९-२०७४)का रक्तक्रान्तिका गीतहरू (२०३९), आँसुको भाका (०४७) गीतसङ्ग्रह प्रकाशित छन् । निर्मल जोशी (२०७१) को कठपुतलीको घर प्रकाशित छ । मोदनाथ मरहट्टा (२०१२) को उज्यालो हुनुअघि (२०६२) खण्डकाव्य प्रकाशित छ । तीर्थराज अधिकारी (२०१४) का आधा दर्जन कविता सङ्ग्रह प्रकाशित छन् । तिनमा सपनामा हराएको बिपना (पद्यकवितासं २०६६) सत्ताका किनाराहरू (पद्यकविता,२०७०) मकैका फूलहरू (गद्यकवितासङ्ग्रह २०७६) जङ्गल (गद्यकविता संग्रह २०७२) आदि प्रकाशित छन् । वेदकुमारी न्यौपाने (२०१४) पूर्णिमाको जून (कवितासङ्ग्रह) र केही नाटक र केही उपन्यास पनि प्रकाशित छन् ।

नवराज कट्टेल (२०१७) का सृजनाका थुङ्गाहरू (कवितासङग्रह) नेपाली कथा र उपन्यास: एक अनुशीलन २०७२) संस्कृतकाव्यसिद्धान्तसमीक्षा (२०७८), उपन्यास समीक्षा (२०७८) पण्डित दधिराम पौडेलका व्याकरणात्मक कृतिको अध्ययन (२०७९), कर्मफलम् (२१ संस्कृत लघुनाटक सङ्ग्रह २०८१) प्रकाशित छन् । पथ्वीशतकम् र मातृशतकम् प्रकाशोन्मुख संस्कृत खण्डकाव्य छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीता अर्याल (२०१८) का उपमा (कवितासङ्ग्रह ०६३) प्रकाशित छ । धनन्जय भट्ट (२०१८-२०५५), अतीतयात्रा (२०५४) कवितासङ्ग्रह र प्रभात (२०७१) महाकाव्य प्रकाशित छन् । वेदप्रसाद पोखेल (२०१९-२०४६) को बी.पी. गोर्खालीका कवितासङ्ग्रह (०५१) प्रकाशित छ । पण्डित नारायणप्रसाद पोखेल (२०२०-....) वाचनशिरोमणि कथावाचक तीजको गीत गीतिसङ्ग्रह (२०५९), मर्स्याङ्दी (खण्डकाव्य २०६३), प्रतिबिम्ब (काव्य २०६५) अमरगाथा महाकाव्य (२०६७) कलमको आँसु (काव्य ०७१) प्रकाशित छन् ।

मोदनाथ खनाल (२०२५) संस्कृतका विद्यार्थी र मीमांसा दर्शनका उपप्राध्यापक हुन् । यिनका केही कविताहरू प्रकाशित छन् । खण्डकाव्य र केही निबन्धसङ्ग्रह पनि प्रकाशोन्मुख छन् । रामनारायण जोशीका मलाई विभाजित नगर (०४८)समयको माग (०४९) कविता सङ्ग्रह प्रकाशित छन् । राजबाबु श्रेष्ठ (२०२५) गोरखाका स्थापित प्रतिभा हुन् । यिनका कविता, कथा गीतहरूका आधा दर्जन पुस्तक प्रकाशित छन् । राजबाबुका मनहरू (२०५७), देश दुःखेको बेला (२०६१), गृहयुद्धको घाउ (२०६८) मृत्युमेला (०६९) जस्ता कवितासङ्ग्रह प्रकाशित छन् । गीता रेग्मी अर्याल (२०२७) पोखरी थोकका बासिन्दा हुनुका साथै यिनका निबन्धसङ्ग्रहहरूका साथै ज्योतिका युगीन स्वरहरू (संयुक्त कवितासंग्रह २०६५) प्रकाशित छ ।

विभिन्न कालखण्डमा जन्मिएका यी प्रतिभाहरूले काव्य कवितामा कलम चलाएको पाइन्छ । उत्तरवर्ती प्रतिभाहरूसंग तुलना गर्ने कुरा भएन तर समकालिक कविहरूसंग गायत्रीका कविता राखेर अध्ययन गर्दा गायत्री गणेशका कविताहरू कमजोर छैनन्, यत्ति हो रचनामा केही माध्यमिक कालीन प्रवृत्तिको प्रभाव भेटिन्छ । उहाँका कविताले पौरस्त्य जगत्‌को परम्पराप्राप्त वैचारिक, धार्मिक, दार्शनिक र भक्तिधारालाई समाहित गरेको बुझिन्छ । यसरी हेर्दा कविका रचनाले वीर र भक्तिधारालाई समेट्दै भानु र लेखनाथका दार्शनिक चिन्तनलाई समेत आत्मसात् गरेको देखिन्छ । गायत्रीका रचनामा माध्यमिक कालको उत्तरवर्ती प्रभाव र नव्यकालको पूर्ववर्तीप्रभाव रहेको अनुभव हुन्छ । प्राथमिकालको रामभक्तिधारालाई नव्यकालमा जोड्दै सबल रूपमा काव्य रचना गर्नुभएको दृष्टिगोचर हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२.६ गोरखाका संस्कृत प्रतिभा र कवि अर्याल

संस्कृतमा कलम चलाउने गोरखाली प्रतिभाहरूको पनि यहाँ छुट्टै चर्चा गर्नु उपयुक्त हुन्छ । गोरखा राज्यको स्थापना भएपछि पृथ्वीनारायणसम्म १६ वटा अभिलेखहरू प्राप्त भएका छन् । ती अभिलेखरू धेरैजसो संस्कृत भाषाको पद्यमा नै लेखिएका छन् । सातौँ शताब्दीतिरको शिवदेवको अभिलेख गोरखनाथ गुफामा छ, त्यो पनि संस्कृत गद्यमा रहेको छ । पृथ्वीनारायणअघि लेखिएका काव्यकृति देख्न पाइएको छैन ।

सुरुमा शक्तिभल्लभका **जयरत्नाकर नाटक** (१८४९) र **हास्यकदम्बम्** (१८३९) जस्ता कृति छन् । उनको जयरत्नाकारनाटकबाट उदाहरण -

यत्रोच्चैः सप्तधारा हिमगिरिकुहरात् कौशिकीनां वहन्ति
यत्रोच्चैः सप्तधारा हिमगिरिकुहरात् गण्डकीनां वहन्ति ।
पार्वत्याः स्वेदभूताः मुनिगणनिवहैः सेव्यमाना समन्तात्
यत्राऽस्ते नीलकण्ठः जगति सुविदितः सैष नेपालदेशः ॥

शक्तिवल्लभले स्रग्धराछन्दको प्रयोग गरेका छन् भने गायत्री गणेशले पनि रामभक्तमाला काव्य स्रग्धरामा नैं रचेका छन् र दुवै जनाको काव्य कवितामा गोरखा, गोरखनाथ, कालिका, मनकामना केन्द्रमा रहेको बुझिन्छ ।

पृथ्वीनाराण शाह (१७७९-१८३१) ले गोरखनाथ भजन, व्रतरत्नमाला र दिव्योपदेश रचेका छन् । व्रतरत्नमाला १८५ संस्कृत श्लोकमा लेखिएको धर्मशास्त्रीय ग्रन्थ भएपनि काव्यात्मक स्वाद दिने खालको छ । समकालीन भाषा, स्तर र शैलीको समेत यसबाट परिचय प्राप्त गर्न सकिन्छ । यो काव्य 'अनेकौँका दृष्टिमा राष्ट्रनिर्माता' (२०७६, सम्पा. हरिप्रसाद सोडारी) ग्रन्थमा प्रकाशित भएको छ । गायत्री गणेशका संस्कृत रचना र यस काव्यको तुलनात्मक अध्ययन गर्दा गायत्री गणेश कमजोर देखिदैनन् । हेरौं -

जित्वा बलेन करदीकृतसर्वराजः सिंहासनोपरि निविश्य विराजमानः ।
आसीनमन्ति पुरतोऽवनिपालपृथ्वी-नारायणः सुतमुवाच हिताय वाचः ॥१॥
स्मृत्वा समाहितमतिर्हृदयारविन्दे पादारविन्दयुगलं नम हैमवत्याः ।
भूषार्थमात्मज मयाद्य विधीयमानां कण्ठे निधाय विहर व्रतरत्नमालाम् ॥२॥

ललितावल्लभ अर्याल (१८००-१८५०) का **भक्तविजयकाव्यम् (१९२६) र पृथ्वीन्द्रोदयकाव्य** (१९२७) दुवै ज्यादै सुन्दर काव्य रहेका छन् । भक्तविजय-काव्यको एक सर्ग त पूरै अन्त्यानुप्रासयुक्त छ । भक्तविजयमा कवित्व, शब्दालङ्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अर्थालङ्कारको सचेत आयोजना गरेको देखिन्छ । एउटा उदाहरण -

श्रीपृथ्वीनारायणनामधेयो राजा महान् वज्रधरोपमेयः ।
तस्यानुजाः सन्ततशुद्धभावाः सन्तीह चत्वार उरुप्रभावाः ॥१।३॥

पृथ्वीन्द्रोदयकाव्यबाट

गोरक्षाभिधपर्वतो विजयते गौरीगुरोर्दक्षिणे
कृष्णायाश्च सरितश्च पूर्वविषये शूलोद्भवा पश्चिमे ।
यस्मिन् शिद्धवरोऽस्ति शङ्करतनुर्गोरक्षनाथाह्वयः
तन्मध्ये नगरी विराजिततरां गोरक्षनाम्नाञ्चिता ॥१।१॥

राधावल्लभ अर्याल (१७८५-१८६९) **उद्धवदूतकाव्यम्,** संस्कृतमञ्जरी दुई ग्रन्थ संस्कृतमा छन् । यी दुई ग्रन्थ पढ्न पाइएको छैन ।

अग्निधर देवकोटा (१८३५-१८८०) ले **गोरखाविजयतिलकम्** पुस्तक लेखेका थिए भने यो पछि यो विसं. २०३५ सालमा प्रकाशित भएको थियो ।

माधवप्रसाद देवकोटा (१९६०-१०४१) यिनी गोरखाको बोहरा गाउँको लिगलिगकोटस्थ बोहरा गाउँमा जन्मिएका थिए भने यिनको कार्यक्षेत्र पाल्पा रहन गयो । त्यस्तै **भारतीगौरवम्** संस्कृत काव्य महनीय रहेको छ । बाबा डिल्लीराम ब्रह्मचारी (१९७६-....?) यिनका आत्मरस, श्रीरामानन्दचरितामृतम् श्रीरामकल्पतरुजस्ता काव्यकृति प्रकाशित छन्। पूर्णप्रसाद ब्राह्मण (१९७९-२०४५) जयतु संस्कृतम् आन्दोलनका प्रेरक तथा साहित्य र राजनीतिमा पनि सक्रिय व्यक्ति हुन्। संस्कृत भाषामा **सत्यहरिश्चन्द्रम्** (महाकाव्य, २००६), **राजतन्त्रं सदा जीव्यात् (२०४२), रामराज्यम् (२०४९),** श्रीकृष्ण श्रीरामचरितादर्शम् (२०५०) विश्वेदेवा, तदर्थमेव आदि काव्य प्रकाशित छन् ।

उनको सत्यहरिश्चन्द्रमहाकाव्यबाट केही उदाहरणहरू हेरौं

भूपे शरीरेण दिवं प्रयाते, प्रजागणे न्यायविवेकदक्षः ।
सम्मन्त्र्य सत् संसदि राज्यसूत्रं, तस्यैव पुत्राय ददौ सहर्षम् ॥१।१।
ततो हरिश्चन्द्रमवाप्ययोग्यं भर्तारमन्तःकरणे हसन्ती ।
साम्राज्यदेवी त्रपया प्रियाय, हितं नवोढेव चकाङ्क्ष मौनम् ॥१।२॥
को वर्णयेत् तस्य परां महत्तां यं सर्वभूपेषु विविच्य मौलिम् ।
सापत्न्यशोकान् अपि विस्मरन्ती चिराय शिश्राय विशां हि भक्तिः ॥१।३॥
धनं च शस्त्रं च धियं च शक्तिं मनुष्यभूत्यै विनियोजयन्तम् ।
सृष्ट्वा नृपं तं विधिनाऽत्मतोषो दिक्पालकानां पुरतो व्यदर्शि ॥१।८॥

सत्यहरिश्चन्द्रकाव्यमा अलङ्कार र सूक्तिहरूको प्रशस्तमात्रामा प्रयोग गरिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ। जस्तो निम्न श्लोकमा धर्म, अर्थ र कामको सेवा समकालमा नै गर्नुपर्छ भन्ने सूक्ति सुन्दर ढङ्गमा व्यक्त गरिएको पाइन्छ।

त्रिवर्गसेवाविधिमस्य राज्ञो मिथोऽविरुद्धं सफलं च वीक्ष्य।
जुघोष पश्चात् स्मृतिरर्थकाण्डे 'धर्मार्थकामाः सममेव सेव्याः' ॥११३॥

रामराज्यम् खण्डकाव्यमा ४५७ श्लोक छन्। यसमा रामराज्य कस्तो थियो र रामराज्य कस्तो हुनुपर्छ भनेर राजनीतिक सन्दर्भ प्रस्तुत छ -

तदर्थे राजकृत्यानि सन्ति त्रीणि- दमोऽसताम्।
सतां संरक्षणं न्यायदानं च स्वविवेकतः ॥२२॥ (पृ.४७)

राज्ञा भाव्यं कुलिशवत् खले, साधौ च पुष्पवत्।
भाव्यं चैतन्ययन्त्रेण सृष्टेनेव प्रंजाकृते ॥२५॥ (पृ ४७)

पूर्णप्रसाद ब्राह्मणका यी रामराज्यम् र राजतन्त्रं सदा जीव्यात् दुई ग्रन्थ राजनीतिक विषयमा आधारित भएकाले कवित्वभन्दा विषय प्रतिपादनमा केन्द्रित रहेको छ। ब्राह्मणकै सत्यहरिश्चन्द्र महाकाव्य भने उत्तमकोटिकै काव्यमा गणना गर्न सकिन्छ।

प्रा.शिवहरि मरहट्टा (२००४) गोरखा भोगटेनीका हुन्। शिवहरिको र गायत्री गणेशको गाउँ जोडिएका छन् र एकाध घण्टाको दूरीमा पर्दछन्। मरहट्टा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपतिसमेत भएका थिए। उनका संस्कृत तथा नेपालीमा कविता काव्य प्रकाशित छन्। उनको मतिविनोद काव्य बुद्धिविनोदका प्रश्नहरूको उत्तर दिइएको काव्य हो। यसमा शिवहरिले बुद्धिविनोदका उत्तरहरूको नैयायिक दृष्टिबाट उत्तर खोज्ने प्रयत्न गरेका छन्। गायत्रीमा भने न्यायदर्शनको भन्दा वेदान्तदर्शनको प्रभाव रहेको देखिन्छ। मरहट्टाको संस्कृत कवितासङ्ग्रह (२०८१) पनि तुलनीय छ। उनका अहिलेसम्म प्रकाशित कविताहरूबाट मरहट्टामा नाटक र संस्कृतमा महाकाव्य लेख्नसक्ने क्षमता रहेको देखिन्छ र त्यसको आशा पनि गर्न सकिन्छ। उनको कोरोना महामारीले संसार त्रस्त भएको वेलामा २०७७ सालमा लेखेको विषाणुसन्त्रासः कविता निकै राम्रो र परिष्कृत रहेको देखिन्छ। त्यसै कविताबाट एकाध श्लोक हेरौं -

भुवो भीमाः कम्पाः स्खलनमपि भीमं न समरम्
न वातानां चक्रं जनधनवनध्वंसनपरम्।
न चातङ्काः के तेऽनलजलप्रवाहादिप्रभवाः
कुतः संसारेऽस्मिन् वहति भयचिन्तामयनदी ॥१॥

कदाचारे रात्रिन्दिवमपि रतो दुर्जन इव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवं हिंसाजालैरसुरचरितैः शासितुमनाः ।
मनुष्याणां द्रोहान् निखिलजनताया रिपुसमः
विना सङ्कोचेन प्रविचरति चास्मिन् क्षितितले ॥२॥

अपारे संसारे गणयितुमशक्योऽणुनिवहः
स तत्रैकोऽदृश्यः प्रविशति यदा जानवपुषि ।
न त्यागेप्सा प्राणान्नपि हरति जागर्ति नितराम्
महादेशं चास्त्रं न गणयति गर्वेण सततम् ॥३॥

अणुः कोरोणाख्यः प्रसरति जगत्यां प्रतिदिनम्
तदीयं यल्लक्ष्यं मनुजततिविध्वंसनपरम् ।
धनाढ्ये निर्वित्ते शिशुयुवजराजीर्णवपुषि
सदा त्यक्त्वा भेदं प्रकटयति साम्राज्यचरितम् ॥४॥

प्रा.डा. विष्णुप्रसाद देवकोटाका नेपालगौरवम् संस्कृतमहाकाव्य र संस्कृतमा थुप्रै कविताहरू प्रकाशित छन् । संस्कृतमा एउटा नाटक पनि प्रकाशोन्मुख छ । देवकोटाको महाकाव्य १८ सर्गमा फैलिएको छ भने यसले नेपालका गौरव गर्न लायक विषयवस्तु र सन्दर्भको वर्णन गरेको पाइन्छ । नेपालको भूगोल, सगरमाथा, नदीनाला, वैदिक परम्परा, बुद्ध, गोरखनाथ, पृथ्वीनारायण शाह र नेपालको एकीकरण, उनको उपदेश आदि विषय आएका छन् काव्यमा । यी दुई कविको तुलना गर्दा कवि गायत्रीको भाषा प्रवाहपूर्ण र सहज रहेको देखिन्छ । तेस्रो सर्गको प्रकृतिवर्णन हेरौँ -

हिमालयानां महिमालयानां गीर्वाणवाण्याः बहुला व्यवस्थितिः ।
सदा भवाः संस्कृतिधर्मवासना भवन्ति नेपालकगौरवायिताः ॥१॥
गौराङ्गिकाः प्राकृतरूपवत्यः कुमारिका उन्नतयौवनाङ्कुराः।
स्वाभाविकाद् हिण्डनतश्च गोरसैश्शैत्येन पुष्टाश्च मनो हरन्ति ॥६॥
नीलाश्च नद्यो बहुवकतां गता गिरिव्रजैर्विघ्नितनैजमार्गाः ।
शिलोच्चयानां शिखरान्निरीक्ष्य ता मुह्यन्ति नित्यमटनं रसन्तः॥९॥
कायस्त्वदीयो बहुपर्वतात्मक उच्चानि कूटानि च तद्भवानि ।
मुदा समारुह्य च दर्शका भृशं दृश्यानि रम्याणि विलोकयन्ति ॥१०॥
नारङ्गजातीयफलानि कुत्रचित् विभिन्नरोहीणि च रक्तपत्रकम् ।
पक्वानि धान्यानि बहुत्र दूरतो गृहाणि प्राच्यानि च सँल्लसन्ति ॥११॥

नवराज कट्टेल (२०१७) कर्मफलम् (२१ संस्कृत लघुनाटक सङ्ग्रह २०८१) प्रकाशित छन् । पृथ्वीशतकम् र मातृशतकम् प्रकाशोन्मुख संस्कृत खण्डकाव्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । कर्मफलम् सङ्ग्रहमा बहादुरशाहः नाटकबाट- धरानमा अभिमानसिंह बस्न्यात्को कमाण्डमा रहेको सेना चितवन हान्न आएको घटनाको वर्णन हेरौं -

वैशालीं किल कौशिकीं जलवहां कल्लोलकोलाहलां
वाग्वत्यादिपयोधरां बहुनदीं तीर्त्वा गतो पश्चिमाम् ।
हर्यक्षान् गजभल्लुकौ च महिषान् तान् तर्जयन् केसरी
दुर्गं चित्रवने विजित्य सुभटैर्नेपालदेशायितः ॥ (कर्मफलम्, पृ. १८४)

सोही सङ्ग्रहको विश्वपिञ्जरं लघुनाटकबाट-कोभिड-१९ ले संसार नै बन्धक भएको अवस्थाको प्रकृति चित्रण -

वेश्मान्ते च वयं बहिः किसलया जल्पन्ति क्रीडन्ति किम् !
ईर्ष्यां ते ननु कारयन्ति मनुजान् धिक्धिक् कृतं जीवनम् ।
गायन्ति प्रचुरं सुपर्णतरवो नृत्यन्ति ते शाखिनः
वाद्यं ते किल वादयन्ति सततं वायुप्रहारैर्मुदा ॥ (कर्मफलम्, पृ.२१६)

प्रस्तुत श्लोकको वर्णनको भाव अर्यालको महेन्द्रशतकम् मा पाउन सकिन्छ । यहाँ पनि के भन्न सकिन्छ भने भाषाको प्रौढता र वहावको तुलना गर्दा अर्याल नै अगाडि छन् ।

पृथ्वीशतकम् खण्डकाव्यबाट पृथ्वीनारायण शाह चन्दागिरिमा आएपछि उत्पन्न भावको वर्णन-

नत्वा तां शिवपार्वतीं पशुपतिं बौद्धं च सानौ स्थितं
ऐशान्यां शिखरे सुदीर्घसमयात् नारायणं वासितम् ।
कालीं दक्षिणनामिकां प्रणवते याम्यस्य गोत्रे स्थितां
दृष्ट्वाऽमूं धरणीं सुचक्ररचितामैच्छन्नृपः शासितुम् ॥३०॥

यस श्लोकमा राजा पृथ्वीनारायण शाहको वर्णन छ । नेपाल एकीकरणको बीज प्रस्तुत भएको छ । यिनकै दशौं पुस्ताका राजा महेन्द्रमा नेपालको विकासको तीव्र चाहना र त्यसबाट सक्रिय भएको विषय प्रस्तुत । अर्यालको महेन्द्रशतकमा ४ श्लोक पृथ्वीनारायणले नेपालको एकीकरण गरी पशुपति नगरी काठमाडौंलाई राजधानी बनाएको सुन्दर वर्णन छ । यी दुवै काव्य तुलनीय छन् । भाषिक प्रौढिमा र वहावका दृष्टिले अर्यालको काव्य अगाडि छ ।

मातृशतकम् खण्डकाव्यबाट आमालाई पवित्र वाग्मती नदीमा अन्त्येष्टि गर्दै गर्दा झिसमिसे उज्यालो हुन लाग्दाको वर्णन -

स्नातुं तोये रविरपि तदा याति तत्र प्रभाते
खिन्नं मत्वा रविरपि तदा साश्रुधारैर्जहाति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाशे वै विधुरपि करैः खिन्नभावैः प्रयाति
नक्षत्राणामपि मलिनतां याति दुःखप्रसूताम् ॥४८॥

यस काव्यको करुण भावमा मिल्ने संस्कृत काव्य त अर्यालको छैन तर सतीचरित्रमा करुणाभाव छ र यो कविता १९ श्लोकमा रचित छ। वंशवर्णनकाव्यमा पनि हजुरबुबाको वर्णनमा, पिताको वर्णनमा केही करुणभावको उदय देखिन्छ। माथिको श्लोकमा करुण भावमा प्रकृतिको चित्रण छ।

२.७ मूल्याङ्कन र निष्कर्ष

कवि पं. गायत्री गणेश अर्याल एउटा सिर्जनशील प्रतिभासम्पन्न व्यक्तिका रूपमा देखापर्दछन्। उनको सृजना काव्यविधामा मात्रै रहेको पाइन्छ। गोरखाको एकान्त कन्दरामा रहेर पनि संस्कृत र नेपालीमा जेजस्तो सृजना गरे त्यो ज्यादै महत्त्वपूर्ण रहेको छ। त्यसमा पनि आँखा बन्द हुनुभन्दा अगाडि एउटै मात्र कविता उनले लेखे, बाँकी सबै कविताकाव्य आँखा बन्द भएपछि लेखिएका हुन्। कविहरूका बिचमा रहने र विचार आदानप्रदान गर्ने, कविता सुन्ने सुनाउने अवसर उनले पाएनन्। आफ्ना कविता आफैँ लेख्न पनि पाएनन् र कविता स्फुरण भएको वेलामा लेख्न पनि पाएनन्। लेखिदिने मानिस पाएको वेलामा मात्रै कविता रच्नुपर्ने बाध्यता थियो उहाँमा। त्यस्तो विषम परिस्थितिमा पनि संस्कृत र नेपाली भाषामा जेजति काव्यकृति लेखे त्यो ज्यादै महत्त्वपूर्ण छ।

भारतवर्षकै समकालिक संस्कृत काव्यहरूसंग तुलनात्मक अध्ययन गर्दा गायत्री गणेशका कविताहरू कमजोर छैनन्। भाव, विचार, भाषाशैली, अभिव्यक्ति कला, रस अलङ्कार आदिका दृष्टिले हेर्दा पनि संस्कृतका कुनै पनि कविसंग दाँजिन सक्तछन् र नेपालका संस्कृत कविताकाव्यहरूसंग तुलनात्मक अध्ययन गर्दा पनि गायत्री गणेश सशक्त काव्यकारका रूपमा स्थापित हुन्छन्। संस्कृतका शतक साहित्य र स्तोत्र साहित्यको प्रभाव पनि गायत्री गणेशमा रहेको देखिन्छ।

प्रा.डा. टीकाराम अधिकारीले गायत्रीको महेन्द्रशतकम् काव्यलाई मेघदूतको अनुगामी भनेर उचाइ प्रदान गरेका छन्। प्रा.डा. वासुदेव त्रिपाठीले कन्दरा निवासी भएकाले गायत्री गणेश चर्चामा पनि आउन पाएनन् र पुरस्कृत पनि भएनन्, तर उनका पाठकबाट सदैव प्रशंसनीय रहे भन्ने टिप्पणी गरेका छन्। समालोचक विष्णु प्रभातले पनि स्मृतिग्रन्थमा गायत्री गणेश गोरखाली प्रतिभाका लागि पथप्रदर्शक र आदर्श बन्न पुगे, नेपाली साहित्यको इतिहासमा पनि अङ्कित भए भनी टिप्पणी गरेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद : तीन

कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका संस्कृत कविताको अध्ययन

३.१ श्रीपद्मशमशेरानुरोधपत्रम्

प्रस्तुत विवेच्य कविता गायत्री गणेशका रचनाहरूको पोकामा फेला परेका कविताहरूमध्येको एक हो र यो गायत्री गणेश स्मृतिग्रन्थमा पहिलो कविताको रूपमा **पद्मशमशेरलाई बिन्तीपत्र** शीर्षकमा प्रकाशित छ । 'श्रीमत्कुमारकुमारात्मज-सुप्रदीप्त-मान्यवर-इनचिफ-पद्मशमशेर-प्रभुवराणाम्' भनी पद्मशमशेरलाई सम्बोधन गरिएको छ र स्रग्धरा छन्दका ५ वटा श्लोकबाट स्तवन र प्रशंसा गरी ४७ वटा नेपाली श्लोकबाट आफूले पद्मकै कृपाबाट अध्ययन गर्ने अवसर पाए पनि अहिले वृत्तिविहीन हुनगएको कुरा उनले उल्लेख गरेका छन् । उक्त नेपाली अंशको विवेचना नेपाली खण्डमा नै गरिनेछ । यहाँ संस्कृतका ५ श्लोकको मात्र चर्चा गरिनेछ । यो कविता उनको नेत्राघात नहुँदै लेखिएको पहिलो कविता हुन सक्ने अनुमान गरिएको छ । (त्रिपाठी, स्मृतिग्रन्थः ३१०-३३१) कविताको अन्त्यमा 'गोरखा बक्राङ घर भै हाल बीजेश्वरीमा डेरा गरी बस्ने गणेशप्रसाद उपाध्याय अर्याल' भन्ने पनि लेखिएको छ । संस्कृत अंशलाई मात्रै छुट्ट्याउँदा श्रीपद्मशमशेरानुरोधपत्रम् भनी शीर्षक दिएर विवेचना गर्न लागिएको छ ।

प्रस्तुत कविताको शीर्षक विषयवस्तुमा अवलम्बित भई अभिधार्थमूलक रहन गएको छ । यहाँका प्रत्येक पङ्क्ति, श्लोक र समग्र रचनाबाट पद्मशमशेरको चमत्कृत व्यक्तित्वको वर्णन गर्दै दीर्घायु र सुस्वास्थ्यको कामना गरिएको छ । यसको संरचना स्रग्धरा छन्दमा प्रौढ पाण्डित्यपूर्ण शैलीमा गरिएको छ । समासबहुल, ओजगुणप्रधान, अन्तिमबाहेक प्रत्येक श्लोकमा एउटै मात्र समापिका क्रियापदप्रयुक्त, सुन्दर संरचनाबाट कविताको सुन्दर कलेवर खडा भएको प्रतीत हुन्छ । अन्तिम श्लोकमा प्रत्येक पङ्क्तिमा आशीर्वादात्मक लोट लकारको सुखयतु, प्रविसतु लगायतका क्रियापदको प्रयोग गरिएको छ ।

यस कविताको विषय नै पद्मशमशेरको व्यक्तित्व-प्रशंसा र आत्मनिवेदन रहेको छ । पद्मशमशेर गम्भीर, उदार, प्रजापालनतत्पर, नित्य दानशील, गाई र ब्राह्मणको पालनपोषणमा सन्नद्ध छन् । उनका वीरतापूर्ण विक्रान्त कार्यले नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षत्रिय पद सार्थक बन्न पुगेको कुरा पनि यहाँ प्रस्तुत छ। पशुपति र गुह्येश्वरीले कल्याण गरून् भन्दै सुस्वास्थ्य र दीर्घायु कामनाका विषयवस्तु समेत यहाँ अभिव्यक्त छन् । चारौं श्लोकमा व्याकरणशास्त्रमा मध्यमा उत्तीर्ण गरेर पनि वृत्तिविहीन भई अनाथ बन्न पुगेको र पहिले कृपाप्राप्त भएर पनि अहिले फेरि शरणमा परेको छु भन्ने भाव प्रभावपूर्ण शैलीमा व्यक्त छ ।

शाब्दं शास्त्रं पठित्वा नियमितदिवसैर्मध्यमोत्तीर्ण एषः
लब्ध्वा वृत्तिं न काञ्चिद् विधिहतजननो जीवनोपायभूताम् ।
सम्प्राप्तोऽनाथविप्रः प्रतिदिनमटने दुःखमेवानुभूयः ।
पूर्वं लब्धानुभूयः पुनरपि शरणं याचते नाथमेव ।४। (पृ. १५)

आशीर्वाद यसरी दिन्छन्

श्रीमन्तं नाथमेनं सुखयतु सुतरां सर्वदा गुह्यकाली
वाञ्छापूर्तिं विदध्यात् पशुपतिरमितो नाथ ! आनन्दशाली ।
दीर्घायुः सर्वकालं प्रविशतु भवतां रोगनिर्मुक्तदेहे
वेदोक्तार्थानुवादैः प्रतिपदरचितं स्वस्ति वो नाथ ! भूयात् ।४। (पृ. १५)

प्रस्तुत कवितामा स्रग्धरा छन्दको प्रयोग गरिएको छ। स्रग्धरामा २१ अक्षरको एक पाउ र चार पाउको एक श्लोक हुन्छ । सात सात अक्षरमा तीन ठाउँमा विश्राम गरिन्छ । दीर्घ अक्षरमा मन्द गति र ह्रस्व अक्षरमा शीघ्र गति अपेक्षित देखिन्छ। यसको लक्षण 'म्रभ्नैर्यानां त्रयेण त्रिमुनियतियुता स्रग्धरा कीर्तितेयम्' (ऽ ऽ ऽ, ऽ । ऽ, ऽ।।, ।।।, । ऽ- ऽ, । ऽ ऽ, । ऽ ऽ, (म, र, भ, न, य,य,य,) रहेको पाइन्छ। छन्दको अनुशासनलाई कविले पूरापूर पालना गरेका छन् ।

प्रस्तुत कवितामा पद्मशमशेरका वीरत्वमय कर्मको र वैशिष्ट्यको विदग्धशैलीमा वर्णन गरिएको छ । दानशील व्यक्तित्वबाट पुनः अनुकम्पाको लागि समेत अनुरोध गर्दै कल्याणकामनाको भाव एवं विचार सुन्दर ढंगमा प्रकट गरिएको छ। यस कवितामा संस्कृत साहित्यमा पाइने वीरवन्दना र स्तुति साहित्यको प्रभाव एकातिर छ भने अर्कोतिर वीरकालीन र माध्यमिक कालीन नेपाली कविताको भावविचारको प्रभावसमेत रहेको दृष्टिगोचर हुन्छ ।

प्रस्तुत कविताको भाषाशैली प्रौढ, परिष्कृत समासबहुल प्राञ्जल भाषाशैलीको प्रयोग गरिएको छ । व्याकरण विषयमा मध्यमा उत्तीर्ण गरी शास्त्री तहको समेत केही अध्ययन गरेका अर्याल पाणिनीय व्याकरणानुसारको परिष्कृत भाषा प्रयोग गर्न सिपालु देखिन्छन् । संस्कृतका सन्धि र समासका नियमको पालना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुका साथै छन्दको अनुशासनभित्र बसेर संस्कृतका कारक र वाक्यविन्यास पद्धतिलाई नबिगारिकन प्रौढतापूर्वक श्लोक रच्न सक्नु अर्यालको वैशिष्ट्य हो । चन्द्रमाको आह्लादकता, धन्वन्तरीको रोग विनाशिता, विष्णुको दुर्जनदमनतासंग पद्मका वैशिष्ट्यलाई दाँजिएका अंश र 'तापयन् विक्रमार्कैः' 'यत्कीर्तिस्तम्भमूलं' आदि पदहरूले काव्यसौन्दर्यलाई उचालेको अनुभव हुन्छ । यस कविताको **यद्वा धन्वन्तरीशो र किं वा लक्ष्मीनाथ** वाक्यमा उत्प्रेक्षा अलङ्कार व्यक्त भएको छ ।

गणेशप्रसाद अर्यालबाट १९९३ सालतिर (त्रिपाठी स्मृतिग्रन्थ २०६२ : ३१०-३३१) 'पद्मशमशेरलाई विन्तीपत्र' लेख्दा तदङ्गत्वेन सुरुमा लेखिएका पञ्चश्लोकी संस्कृत कविता व्याकरण, साहित्य र अभिव्यक्तिकलाका दृष्टिले निकै रमणीय, प्रौढ र पाण्डित्यपूर्ण रहेको प्रतीत हुन्छ । पद्मशमशेरको वीरत्व र चरित्रगायनका साथै शास्त्रज्ञ भएर पनि वृत्तिविहीन हुन परेकोमा व्यक्त पीडा सशक्त र मार्मिक भाषाशैलीमा मुखरित छ भनी टिप्पणी गरेका छन् ।

३.२ मनःकामनास्तोत्रम्

यस कविताको रचना २०११ साल ९।६।३ मा गरिएको र जयतु संस्कृतम् (मासिक पत्रिका) (पूर्णाङ्क २१ काठमडौं : २०१९) मा प्रकाशित भएको विवरणसमेत पाइन्छ । (त्रिपाठी : पूर्ववत्) प्रस्तुत मनःकामनास्तोत्रम् रचना शार्दूलविक्रीडित छन्दका १५ श्लोकमा फैलिएको छ । यसमा गोरखाको दक्षिण सीमाको पर्वतशृङ्खलामा १६ शताब्दीतिर स्थापित भई प्रसिद्ध रहेकी मनःकामना देवीको प्रार्थना गरिएको छ । यस कविताको शीर्षक अभिधामूलक सरल र सहज रहेको छ । संस्कृतको स्तोत्रसाहित्यको प्रभाव यसमा रहेको देखिन्छ भने दार्शनिक स्तरको गहिराइभन्दा भौतिक स्वरूप, मन्दिरको वातावरण र भक्तिभावलाई मुखरित गरिएको अनुभव हुन्छ ।

यस कविताको विषयवस्तु नै मनःकामनादेवीको स्तुतिगान गर्नु रहेको छ । नेपालको पश्चिम दिशामा गोरक्षदेश रहेको छ र त्यहाँ शैलशिखरमा देवीको सुन्दर मन्दिर रहेको छ, त्यसमा विराजित जगदम्बा भगवतीले सर्वत्र कल्याण फैलाऊन् भन्ने भावका साथ विभिन्न आकाङ्क्षा लिएर भक्तहरू आउँछन्, ती सबैको मनोरथ भगवतीले पूरा गरिदिनुहुन्छ, त्यसैले उहाँको नाम नै मनःकामना रहन गएको छ । पृथ्वीनारायणादि राजाहरूले पनि देवीको नियमित पूजा गर्दथे । मन्दिरको उत्तरतिर गुफामा वक्रेश्वर शिव भगवान् विराजित हुनुहुन्छ भन्दै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जजसले मनःकामनाको दर्शन पूजा, स्मरण, भजनकीर्तन गर्दछन् तिनको मनोरथ मनःकामना देवीले अवश्य नै पूरा गरिदिनुहुन्छ भन्ने विषय यसमा सशक्त रूपमा व्यक्त भएको पाइन्छ ।

प्रस्तुत कवितामा १९ अक्षरको एक पाउ, चार पाउको एक श्लोक हुने शार्दूलविक्रीडित छन्द प्रयोग गरिएको छ। यसमा १२ औं र सातौं अक्षरमा विश्राम हुन्छ। छन्दशास्त्रमा यसको लक्षण 'सूर्याश्वैर्मसजस्तताः सगुरवः शार्दूलविक्रीडितम्' उल्लिखित छ । वंशवर्णन कविताबाहेक सबै कविता लामा छन्द (जसको रचना काठिन्यपूर्ण हुन्छ) मा गरिएको पाइन्छ । यस कविताको बाह्यसंरचना शादूविक्रिडित छन्दमा १५ श्लोकमा मनःकामना देवीको भक्तिभावमा निबद्ध भएको देखिन्छ ।

प्रस्तुत कविताको भाव र विचार भन्नु नै मनःकामना देवीको बाह्यतहमा भौतिक र आन्तरिक तहमा आध्यात्मिक पक्षको उजागर गरी आत्मनिवेदन गर्नु नै रहेको छ । देवीभक्तहरूका लागि करुणामूर्ति हुनुहुन्छ भने दुष्टहरूका लागि भयङ्कर रूप हुनुहुन्छ । स्वाद र स्वोदर पूर्तिका लागि बलिका नाममा पशुहिंसा गर्नेहरूलाई पनि आशीर्वाद दिनुहुन्छ, ताकि हिंस्रकलाई कालान्तरमा दुःखदायी नै किन नहोस् । पशुहिंस्रकलाई अर्को श्लोकमा निन्दा नै गरिएको पाइन्छ । पशुहिंसारूप पञ्चबलि परित्याग गरी भक्तिपूर्वक देवीको सेवा गर्नाले नै भगवती प्रसन्न हुनुहुन्छ, यथेष्ट फल दिनुहुन्छ भन्ने भाव यहाँ छ।

प्रस्तुत कविताको भाषा प्रौढ, प्राञ्जल र परिष्कृत रहेको छ। संस्कृतको समास, सन्धि र विशेषणबहुल शब्दावली प्रयुक्त छ। एकाध ठाउँमा कर्मवाच्यात्मक वाक्य ढाँचा पाइए पनि सबै जसो श्लोकमा कर्तृवाच्यात्मक वाक्य ढाँचामा नै वाक्य रचना गरिएको पाइन्छ । कवितामा नरीनृत्यते, बोभूयते, कुरुतात्, वरीवृत्यते, न्यधायि जस्ता क्रियापदको प्रयोग छ भने ध्यायन्ति, अर्चन्ति, विदधते, भजन्ते जस्ता कर्तृवाच्यका सरल क्रियापदहरू पनि प्रयुक्त छन्। तीन-चारवटा क्रियापद आत्मनेपदि भए पनि प्रायः परस्मैपदि क्रियाको प्रयोग गरिएको छ । करिव ३० वटा जति तिङन्त क्रियापद प्रयुक्त भएका छन् यस कवितामा ।

प्रस्तुत कवितामा शब्दालङ्कार अर्थालङ्कारका साथै कलात्मक अभिव्यक्ति प्रणालीले गर्दा सौन्दर्याधान भएको अनुभूत हुन्छ । अन्त्यानुप्रास र अन्य अनुप्रास समेत प्रयुक्त छन् यहाँ, जस्तो 'भूगर्भे भुवनेषु भूतहृदये भूपे बले हाटके' यहाँ भ को आवृत्तिले अलङ्कार पर्न गएको छ । प्रस्तुत श्लोकमा शब्दालङ्कार र अर्थालङ्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुवै पर्न गएको देखिन्छ :

> या विद्या पठतां प्रमादरहिता ज्ञानं परं योगिनां
> गायत्री जपतां जयो विजयतां लक्ष्मीः परा भूभृताम् ।
> शक्तिः शक्तिमतां कला कुशलिनां मेधा च मेधाविनां
> नानारूपधरा यथेष्टफलदा सैषा मनःकामना ॥

अन्त्यमा शार्दूलविक्रीडित छन्दका १५ श्लोकमा रचित मनःकामनास्तोत्रम् स्तोत्रहरूमध्ये उच्चस्तरको रहेको अनुभव हुन्छ । सन्धि, समास र विशेषणबहुल कर्तृवाच्यात्मक वाक्य ढाँचामा निवद्ध प्रौढ पाण्डित्यपूर्ण रचना कौशल, व्याकरण सम्मत स्तरीय भाषाशैली, शब्दालङ्कार र अर्थालङ्कारयुक्त रचनाधर्मिताले गर्दा कविता उच्चस्तरको बन्न पुगेको देखिन्छ । मनःकामना देवीप्रति भक्तिभाव प्रकट गर्दै देवीले सबैलाई कल्याण प्रदान गरून् भन्ने सात्त्विक भाववृत्ति यहाँ प्रकट भएको छ । भक्तिरसमा चुर्लुम्म डुबेको हुनाले निर्वेद स्थायी भाव भएको शान्तरसको उद्रेक भएको अनुभूत हुन्छ । साथै संस्कृत स्तोत्रसाहित्यको प्रभाव र प्रेरणासमेत यसमा रहन गएको प्रतीत हुन्छ ।

३.३ गोरक्षकालिका

प्रस्तुत विवेच्य कविता मन्दाक्रान्ता छन्दका ६ श्लोकमा गोरक्षकालिका शीर्षकमा रचना गरिएको छ । यो कविता जयतु संस्कृतम् पत्रिका (पूर्णाङ्क २३, २०१९ साल, फाल्गुन) मा प्रकाशित भएको पाइन्छ । यसको शीर्षक छोटो छरितो, विषयवस्तुमा अवलम्बित एक पदात्मक **गोरक्षकालिका** राखिएको देखिन्छ । मनःकामनास्तोत्रको तुलनामा यो कविता सरल संरचनामा निबद्ध देखिन्छ तर कलात्मक प्रस्तुतिमा यो पनि बेजोड नै प्रतीत हुन्छ । बाह्यसंरचना मन्दाक्रान्ताका ६ श्लोकमा निबद्ध छ भने आन्तरिक संरचना भक्तिभाव र अध्यात्मदर्शनको बेजोड प्रस्तुतिबाट व्यक्त रहेको छ ।

विषयवस्तुका दृष्टिले हेर्दा यस कवितामा देवीको स्तुतिमात्रै न गरेर नेपालको भौगोलिक सीमा र गोरखाको भौगोलिक स्थितिको समेत उल्लेख गरी सुन्दर पर्वतशिखरमा देवी विराजमान हुनुहुन्छ, सृष्टि, स्थिति र उपसंहारकर्त्री हुनुहुन्छ, दुष्टको दमन गर्ने र भक्तको संरक्षण, पालन-पोषण गर्ने स्वभावकी हुनुहुन्छ, यस्ती कालिकादेवीले हामी सबैको कल्याण गरून् भन्ने विषयवस्तु यस कवितामा अभिव्यक्त भएको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत कवितामा १७ अक्षरको एक पाउ र चार पाउका एक श्लोक हुने मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । यसको चारौं, दसौं र सत्रौं अक्षरमा विश्राम पर्न जान्छ । यसको लक्षण 'मन्दाक्रान्ता ....' रहेको छ ।

भाव र विचारका दृष्टिले हेर्दा प्रस्तुत कविताको भावविचार भन्नु नै कालिकादेवीको स्तुतिगान गर्नु रहेको छ । सिद्धसंघहरूबाट सेवित, हिमालको तटमा गोरखा देश अवस्थित छ, जसको पूर्वमा मेची र पश्चिम सीमामा काली नदी यस देशलाई पवित्र बनाउँदै बगेकी छिन् भन्ने भाव व्यक्त छ। जुन शिखरको पादतललाई धर्मावती नदीले पखालेकी छिन् त्यही स्थानमा गोरखनाथ बाबाले सिद्धि प्राप्त गरेका थिए । त्यसैले यस भूक्षेत्रको नाम गोरक्षदेश रहेको हो । यसै शिखरमा भुवनजननी कालिकाको मन्दिर पनि रहेको छ। ती भगवती परम सुखद हुनुहुन्छ, सृष्टि, स्थिति र लयको कारण हुनुहुन्छ, शाहवंशकी अधिष्ठात्री देवी हुनुहुन्छ । यस्ती देवीलाई विविध द्रव्यका साथ जसले पूजा गर्दछन् तिनीहरूका लागि देवी सुखदायी बनून् भन्ने भावविचार यहाँ सशक्त रूपमा व्यक्त भएको छ ।

भाषाशैलीका दृष्टिले हेर्दा यसको भाषाशैली सहज, सुन्दर र स्तरीय रहेको छ । समासबहुल, विशेषण बहुलशब्द यहाँ प्रयुक्त छन् । एकाध ठाउँ बाहेक सबै ठाउँमा कर्तृवाच्यमा भावविचार व्यक्त छ र अधिकांश वाक्यमा परस्मैपदि क्रियापद प्रयुक्त छन् भने सर्वनाम र अव्यय पदको समुचित प्रयोग देखिन्छ । शब्दालङ्कार र अर्थालङ्कारबाट कविता सुन्दर एवं कलात्मक बन्न पुगेको छ ।

नित्यानन्दा परमसुखदा दर्शनेनापि पुंसां
नानेवासौ वसति भुवने भक्तसङ्कल्परूपा ।
सैषा सृष्टौ कलयति कलां पालने मातृरूपा
कल्पे प्राप्ते क्षपयति जगत् कल्पनातीतरूपा ।४। (पृ. १५६)

अन्त्यमा भन्नुपर्दा प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दका ६ श्लोकमा गोरखकालीको स्तुति समाहित गरी संरचित छ । संस्कृत व्याकरणको नियम र छन्दका अनुशासनलाई पालना गर्दै कलिकादेवीको भौतिक स्वरूप र आध्यात्मिक पक्षको उजागर गरी रचना गरिएको प्रस्तुत कविता स्तरीय र कलात्मक सौन्दर्ययुक्त रहेको अनुभव हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.४ कालिकामङ्गलाष्टकम्

प्रस्तुत कालिकामङ्गलाष्टकम् कवितामा ९ श्लोक रहेका छन् तर यसका १, २, ३ श्लोक गोरक्षकालिका कवितासंग हुबहु मिल्न गएको छ । त्यस्तै गोरक्षकालिका कविताको छैटौं श्लोक कालिकामङ्गलाष्टकम् को सातौं श्लोकमा हुबहु मिल्न गएको छ । चारौं श्लोकको पनि पहिलो र दोस्रो लाइन हुबहु मिल्छ । दोस्रो र तेस्रो नयाँ देखिन्छ । कालिकामङ्गलाष्टकको ५ औं श्लोकको दुई लाइन अघिल्लो कविताको ४ औंको तेस्रो र चारौं पाउ मिल्न गएको देखिन्छ । अन्तिम श्लोक अनुष्टुप् छन्दमा रचित छ र रचनाकारको परिचय दिन्छ । आठौं श्लोक मात्रै नयाँ देखिन्छ । यसो हुनुको कारण कालिकामङ्गलाष्टकम् कविताबाटै परिष्कार गरी गोरक्षकालिका कविता जयतु संस्कृतम् पत्रिकामा छाप्न दिएको र पछि पोटलिकामा कालिकामङ्गलाष्टकम् पनि भेटिएकाले छानबिन नगरी दुवै कविता भिन्न शीर्षकमा छापिन गएको जस्तो देखिन्छ । त्यसैले यस कविताको यहाँ खासै विवेचना गर्नुपर्ने देखिएन । यस कवितामा प्रस्तुत श्लोक मात्रै नयाँ देखिन्छ :

आस्ते वासः शिखरिशिखरे सर्वदा ते भवानी
विष्फार्यैवं नयनकमलैर्दिक्षु सर्वान् निरीक्ष्य ।
भक्तान् लोकान् मृडयसि सदा पूर्णकामान् विधाय
दुष्टान् हत्वा जनयसि सुखं पादमूलं प्रपन्नान् ॥८॥

केही श्लोक दोहोरिए पनि यस कवितामा गोरक्षकालिका देवीका प्रतिको भक्तिभाव व्यक्त गरिएको छ । मन्दाक्रान्ता छन्दमा रचित यस कवितामा भाषा र भावको प्रवाह सुन्दर देखिन्छ ।

पहिलो श्लोकबाट उदाहरण हेरौं-

आस्ते चैको हिमगिरितटे सेवितः सिद्धसङ्घै-
र्गोरक्षाख्यः सुजलपवनो देश एषो वरिष्ठः ।
प्राच्यां मेची वहति तटिनी पश्चिमायाञ्च काली
मध्ये पुण्या हिमगिरिसुता स्वां भुवं पावयन्ती ॥१॥ (पृ.१५७)

प्रस्तुत कविता यसरी विभिन्न कोणबाट हेर्दा निकै स्तरीय भाव, भाषा र रचनाकौशलले पाठकलाई प्रभाव पार्न सफल देखिन्छ ।

३.५ गोरक्षकालीपञ्चदशीस्तोत्रमाला

शीर्षकमाथि विचार गर्दा प्रस्तुत कविताको शीर्षक **गोरक्षकाली पञ्चदशीस्तोत्रमाला** रहेको छ । यसको रचना शार्दूलविक्रीडित छन्दका १६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्लोकबाट भएको छ । यसमा **लोकानां वितनोतु मङ्गलमसौ गोरक्षकाली सदा** पदको सर्वत्र १५ श्लोकमा नै आवृत्ति गरिएको छ । लोकानाम् को ठाउँमा अस्माकम् ३ ठाउँमा, सर्वेषाम् ३ ठाउँमा तस्यैवम् १ ठाउँमा प्रयुक्त भएका छन् । यसको शीर्षक अभिधामूलक भई विषयवस्तुमा केन्द्रित छ । १५ वटा पद्यरचनाले भगवती कालीको वन्दना गरिएको छ भने १६ औं श्लोकमा फलस्तुति छ । भगवतीको बाह्यस्वरूपको करुणामय विग्रहको चर्चा गरिएको छ भने अर्कोतिर सृष्टि, स्थिति र लयकी कारणभूता देवीको वन्दना गरिएको छ ।

विषयवस्तुका दृष्टिले हेर्दा प्रस्तुत विवेच्य कविताको विषयवस्तु नै गोरक्षकालिकाको स्तुति गर्नु रहेको छ । यसमा एकातिर कालीको स्तुति छ भने अर्कोतिर भगवतीकै कृपाबाट शाहवंशीय राजाहरूले राज्यविस्तार र कीर्तिविस्तार गर्नसकेका हुन् भन्ने कुरा पनि दर्साइएको पाइन्छ । सृष्टि, स्थिति र लयकर्त्री देवीको एकातिर चर्चा छ भने अर्कोतिर धन, स्त्री, पुत्र आदिको कामना गर्नेहरूलाई भगवती वरदरूपा हुनुहुन्छ भन्ने कुरा पनि स्पष्ट गरिएको छ । जसको करुणाबलले नै द्रव्यशाहले गोरखा राज्यको स्थापना गरेका थिए, जसको कृपाले राम शाहले प्रसिद्धि कमाएका थिए त्यस्ती भगवतीले कल्याण प्रदान गरून् । यहाँ द्रव्य शाह, राम शाह, नरभूपाल, पृथ्वीनारायण, सिंहप्रताप, रणबहादुर, गीर्वाण, राजेन्द्र, सुरेन्द्र, पृथ्वीवीरविक्रम, त्रिभुवन र महेन्द्रसम्मका १२ राजाहरूको वीरताको संस्मरण गरिएको छ ।

छन्दका दृष्टिले हेर्दा प्रस्तुत कवितामा १९ अक्षरको एक पाउ, चार पाउको एक श्लोक हुने शार्दूलविक्रीडित छन्दको प्रयोग गरिएको छ । छन्द र व्याकरणको अनुशासनलाई कविले सचेततापूर्वक पालना गरेका छन् ।

भावका दृष्टिले हेर्दा भगवती गोरखकालीको तन्मयतापूर्वक स्तुतिगान गर्नु नै यस कविताको मूल भाव विचार हो । यसमा एकातिर भक्तिभाव छ भने अर्कोतिर दार्शनिक विचार पनि प्रकट भएको छ । साथै शाहवंशीय राजाहरूको इतिहास पनि संस्मरित छ । कालिकादेवी भक्तहरूको रोगव्याधि नाशिनी हुनुहुन्छ, शोकनाशिनी हुनुहुन्छ, भक्तिभाव प्रकट गर्नाले पूजाआजा गर्नाले कालिकाले मनोरथ पूरा गर्नुहुन्छ । सबै शाहवंशीय राजाहरूले भगवतीकै आशीर्वाद पाएर ख्याति र अकण्टक राज्य पाएका हुन् र यस्ती करुणामयी भगवतीले सबैको कल्याण गरून् भन्ने भावविचार पनि यहाँ सशक्त ढङ्गमा प्रकट भएको पाइन्छ । पहिलो श्लोकबाट एउटा उदाहरण हेरौं -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरक्षाचलवासिनी भगवती गोरक्षसंरक्षिणी
गोरक्षाश्रयिणी गणेशजननी गोरूपसम्पादिनी ।
शाहानां कुलदेवतातिसुखदा सन्तानदा शारदा
चास्माकं वितनोतु मङ्गलमसौ गोरक्षकाली सदा ॥१॥

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत कविताको भाषाशैली सहज र सुन्दर देखिन्छ । समासबहुल सन्धिबहुल विशेषणयुक्त भाषाको प्रयोग छ । चारौं पाउ आवृत्ति भएको हुनाले एकाध ठाउँ बाहेक वितनोतु क्रियापदको मात्रै प्रयोग छ भन्दा पनि हुन्छ ।

३.६ गोरक्षनाथाष्टकम्

यस रचनाको शीर्षक गोरक्षनाथाष्टकम् रहेको छ । शीर्षकबाट नै आठ श्लोक रहेको विषयबोध हुन्छ । तेस्रो श्लोकदेखि दशौं श्लोकसम्म ८ पद्यले गोरक्षनाथको स्तुति गरिएको छ भने सुरुका दुई अनुष्टुप् श्लोकले विनियोगको काम गरेको देखिन्छ । कालिका मन्दिरको पूर्वपट्टिको गुफामा गुरु गोरखनाथको आसन रहेको छ, भक्तहरूलाई इष्टफल प्रदान गर्ने गोरख बाबाकै स्तुति प्रस्तुत गरिन्छ भन्ने विनियोग रहेको पाइन्छ । ११ औं श्लोकमा फलस्तुति रहेको छ । श्लोकबद्ध ढाँचामा गोरक्षनाथप्रतिको भक्तिभाव सुन्दर संरचनाका साथ यस कवितामा व्यक्त भएको अनुभव हुन्छ ।

विषयका दृष्टिले हेर्दा यस कविताको विषयवस्तु नै गोरक्ष बाबा प्रति भक्तिभाव प्रकट गर्नु हो, गोरक्षनाथको वन्दना गर्नु हो । यहाँ गोरक्ष बाबालाई शिवजीकै साकार मूर्तिको रूपमा स्तुति वन्दना गरिएको छ । गोरखनाथ सुन्दर जटासमूहले सुशोभित हुनुहुन्छ, त्यसमाथि अर्धचन्द्रको आभूषणले सुसज्जित हुनुहुन्छ, पहेंलो कपडा पहिरनुभएको छ, हातमा त्रिशूल छ, देदीप्यमान सूर्यको प्रकाश जस्तै जाज्वल्यमान् आभामण्डल भएका गोरक्षनाथलाई नमन गर्दछु भन्ने विषय सशक्त ढंगमा अभिव्यक्त छ । गोरखनाथकै आशीर्वादबाट भक्तहरूले आआफ्नो मनोरथ सिद्ध गर्दछन् । सिद्धस्वरूप गोरखनाथलाई देवताहरूले पनि आएर नमन गर्दछन् । क्षत्रिय राजा द्रव्य शाहले पनि गोरखनाथकै कृपाबाट गोरखा राज्य पाएका हुन् भने पृथ्वीनारायण शाहले पनि गोरखनाथकै कृपाबाट राज्य विस्तार गरेका हुन्, त्यसैले मनोवाञ्छा सिद्ध गर्ने गोरखबाबालाई नमन गर्छु भन्ने विषय यहाँ प्रभावकारी ढंगमा व्यक्त छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगेश्वरं योगिजनैः प्रपूज्यं योगाधिरूढं तपतां वरेण्यम् ।
समाधिनिष्ठं शमनार्चितं तं गोरक्षनाथं प्रणतोऽस्मि नित्यम् ॥५॥

छन्दका दृष्टिले हेर्दा यस कवितामा सुरुका दुई श्लोक अनुष्टुप्मा र अन्त्यको श्लोक शादूलविक्रीडित छन्दमा संरचित छ । बिचका आठ श्लोकमा इन्द्रवज्रा र उपेन्द्रवज्राबाट निर्मित उपजाति छन्दको प्रयोग गरिएको छ उपेन्द्रवज्रा जतजास्ततो गौ । स्यादिन्द्रवज्रा यदि तौ जगौ गः । यी दुई छन्दबाट उपजाति छन्दको निर्माण हुन्छ । त्यसको प्रयोग यहाँ गरिएको देखिन्छ ।

भावका दृष्टिले हेर्दा प्रस्तुत कविताको मूल भाव गोरखनाथ प्रति भक्तिभाव प्रकट गर्नु रहेको छ । गोरखनाथलाई योगेश्वर, देवताहरूबाट पनि पूजित, समाधिनिष्ठ, सिद्धपुरुषका रूपमा ग्रहण गरिएको छ । द्रव्य शाह, पृथ्वीनारायण शाह आदिले पनि यिनै सिद्ध बाबाको आशीर्वादबाट नै अकण्टक राज्य प्राप्त गरेका थिए । कविले आफू अशक्त भएकाले सामग्री जुटाएर पूजा गर्न नसकेको र रचनारूपी सुवर्णपुष्पका माला बनाएर गोरक्ष बाबालाई सुम्पेको छु भन्ने भाव र विचार ज्यादै मीठो एवं सशक्त ढंगमा व्यक्त गरेको अनुभव हुन्छ ।

भाषाशैलीका दृष्टिले हेर्दा अन्य कविताको तुलनामा यो कविता अझ सरल देखिन्छ। छन्दगत हिसावले पनि सरल र सहज रूपमा प्रस्तुत गर्न सकिने खालको उपजाति छन्द प्रयुक्त छ । यस कवितामा परिष्कृत र परिमार्जित भाषाशैलीको प्रयोग गरिएको पाइन्छ। भक्तिभाव अनुरूप सुकोमल पदावलीको प्रयोगले कविता आस्वादनीय वन्न पुगेको छ । चन्द्रार्कभूषं, सुजटाकपालं, तरुणार्कभाषं जस्ता पदको प्रयोगबाट कविता कलात्मक बन्न गुगेको छ ।

गोरक्षनाथको स्तुति गर्दै रचना गरिएको यस कवितामा भक्तिभाव र गोरक्षनाथको चरित्रको पनि वैशिष्ट्य उपस्थापन गरिएको छ। भावगत कोमलता र भाषागत कलात्मकताले कविता सुन्दर बन्न गएको अनुभव हुन्छ ।

३.७ लक्ष्मणथापा

मन्दाक्रान्ता छन्दको ५ श्लोकमा रचना गरिएको प्रस्तुत लक्ष्मणथापा कविता लखन थापाको चरित्र उद्घाटनमा केन्द्रित देखिन्छ । विषयवस्तुमा आधारित अभिधामूलक सहज, सरल, छोटो शीर्षक रहेको छ। यसको रचना पनि पाण्डित्यपूर्ण, प्रौढ र प्राञ्जल शैलीमा गरिएको पाइन्छ । व्याकरण र छन्दको अनुशासनभित्र रहेर यसको रचना भएको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयका दृष्टिले हेर्दा यस कविताको विषयवस्तु भन्नु नै सिद्ध योगी लखन थापाको ऐतिहासिक र उनको सिद्धिको पक्षलाई देखाउनु रहेको छ । प्राकृतिक सौन्दर्यको बीचमा वक्रेश्वर गुफा छ । सुन्दर पर्वतशिखरको भद्रावती वनमा थापाको गुफा छ । यही गुफामा लखन थापाले योगसाधना गरेर गोरक्षनाथको आशीर्वादसमेत प्राप्त गरी सिद्धि प्राप्त गरेका थिए । राजा राम शाहको सभामा नै उनले जन उद्धार गरेका थिए । उनी अझै पनि त्यही गुफामा छन् भन्ने विश्वास गरिन्छ, तर त्यो विकृत ह्दयबाट अज्ञेय नै छ भन्ने विषयवस्तु काव्यभाषामा व्यक्त छ ।

छन्दका दृष्टिले हेर्दा प्रस्तुत कविता १७ अक्षरको १ पाउ र ४ पाउको एक श्लोक हुने समपादी मन्दाक्रान्ता छन्दमा रचित छ । छन्द सहज रूपमा प्रयुक्त छ । छन्द उहाँको पछि लाग्दछ, छन्दको पछि लाग्नुपर्दैन उहाँलाई । आँखा नदेख्ने हुनाले गुनगुनाउँदा गुनगुनाउँदै कविताको स्फुरण हुँदा अरूलाई टिपाउन लगाउँथे भन्ने सुनिन्छ । त्यसैले गर्दा उहाँको कवितारचनामा छन्दगत सहजता देखिन्छ ।

भाव र विचारका दृष्टिले लखन थापाको तपश्चर्या र उनीप्रतिको श्रद्धाभाव व्यक्त गरिएको छ यस कवितामा । हिमालतटमा गोरक्षदेश, जसको आग्नेय भागको पर्वतमालामा भद्रावती घनवन छ र त्यहाँ एक गुफा छ, त्यहीँ लखन थापाले तपस्या गरी सिद्धि प्राप्त गरेका थिए । उनका प्रति श्रद्धाभाव व्यक्त गर्नु नै प्रमुख उद्देश्य र प्रमुख भाव विचार रहन गएको छ ।

यस कविताको भाषा सुन्दर र सुललित रहेको छ । कर्तृवाच्यात्मक ढाँचामा वाक्य रचना भएको छ भने ३ वटा क्रियापद कर्मवाच्यमा छन् । यसमा व्याकरणका सन्धि र समासको प्रयोग समुचित ढंगमा छ ।

तस्मिन् स्थित्वा नियमविधिना युञ्जता योगमेवं
सिद्धिः प्राप्ता प्रवरयतिना सिद्धगोरक्षनाथात् ।
ख्यातिं प्राप्तः सकलभुवने यत्र तप्त्वा तपांसि ।
तन्नाम्नैषा जगति विदिता राजतेऽसौ गुहापि ॥

लक्ष्मणथापा लखन थापाको विशिष्ट ढंगमा स्मरण गरिएकोछ । लखनका बारेमा विभिन्न किंवदन्ती पनि छन्, त्यसलाई यहाँ श्रूयते किंवदन्ती भनेर संकेत गरिएको छ । ऐतिहासिक पात्रको संस्मरण, उनी प्रतिको श्रद्धाभाव र प्राकृतिक सौन्दर्यको चित्रणसमेत रहेको प्रस्तुत कविता सुन्दर र प्रभावपूर्ण रहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.८ त्रिभुवनशोकतरङ्गिणी

प्रस्तुत कविताको त्रिभुवनशोकतरङ्गिणी शीर्षकबाट नै विषयको बोध हुन्छ। वियोगिनी छन्दको १३ श्लोकमा रचना गरिएको छ। संख्या नदिईकन सुरु र अन्त्यमा स्रग्धरा छन्दका १।१ श्लोक नेपालीमा प्रस्तुत गरिएको छ। बिचका १३ श्लोकमा श्री ५ त्रिभुवनवीरविक्रम शाह स्वर्गवास भएपछि प्रवाहित शोकभावलाई यहाँ कविताबद्ध गरिएको छ। कवि त्यस समयमा लिगलिगमा थिए भन्ने कुरा कविताबाट बुझिन्छ। कविताको शीर्षकले नै त्रिभुवनको शोकमा उत्पन्न तरंग भन्ने अर्थ संकेत गरेको छ। क्रियापदरहित अभिधामूलक छोटोछरितो शीर्षक रहेको छ। शोक स्थायी भाव भएको करुणभाव यहाँ स्तरीय कवित्वका साथ छताछुल्ल भएर पोखिएको अनुभव हुन्छ।

यस कविताको विषयवस्तु भन्नु नै राजा त्रिभुवनको मृत्युमा उत्पन्न शोक भावलाई सशक्त ढंगमा व्यक्त गर्दै श्रद्धाभाव अर्पण गर्नु हो। मतिमान्, बलवान् र प्रजाप्रिय आफ्ना राजा अपहृत भएका छन्। दुष्टहरूबाट सोझा साझा जनतालाई सुरक्षित गर्ने दयालु राजालाई विधिले आज कहाँ छोडिदियो। दिदृक्षु प्रिय प्रजा र अकण्टक राज्य छोडेर अहिले कहाँ प्रस्थान गर्नुभएको छ ? भनी कवि शोक प्रकट गर्दछन्। जसको हृदय सुधासव जस्तै रसमय छ, त्यस्तो हृदयलाई स्वजनले देखेका छन्, त्यस्ता प्रियजनलाई छोडेर आजै कहाँ प्रयाण गर्नुभयो ? अमर भए पनि लोकपालनका निम्ति अग्रसर हुनुभयो, आज सबै प्रजाहरू तमोवृत भएका छन्, नृपरूपी सूर्यलाई कालो बादलले ढाकेको छ। आफ्नै सुन्दर वपुलाई तपाईंले हे राजा आफ्नै शाहकुललाई उज्ज्वलित गर्नुभएको छ ? आफ्ना प्रिय सन्तानलाई, रानीहरूलाई, उत्तम राज्यलाई र आफ्नै सुन्दर वपुलाई आज कसरी छोड्नु हुन्छ ? भन्ने जस्ता शोकसूचक विषयवस्तु यहाँ सशक्त ढंगमा व्यक्त भएको पाइन्छ।

राजा त्रिभुवनको मृत्युमा शोकसन्तप्त करुणाभावलाई मुखरित गर्नु नै यस कविताको लक्ष्य देखिन्छ। कविले राजाको मृत्युमा आफ्नो हृदय धुजाधुजा भएको र शोकज्वाला ज्वलित भएर सहनै नसक्ने अवस्था भएको भाव उल्लेख गरेका छन्। राजाप्रतिको असीम श्रद्धा र श्रद्धाका कारण उत्पन्न करुणा नै यस कविताको केन्द्रीय भावभूमि र विचार भएर अभिव्यक्त भएको छ। प्रतापवान्, बलवान्, धैर्यशील युवराज महेन्द्रको पनि यहाँ प्रशंसापरक भाव प्रस्तुत छ।

भाषाशैलीका दृष्टिले हेर्दा कविता स्तरीय र शुद्ध भाषामा लेखिएको छ। यस कविताको भाषाशैली परिष्कृत परिमार्जित र सुन्दर छ। कवि शोक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावलाई घनीभूत रूपमा व्यक्त गर्न सफल देखिन्छन् ।

कुलमुज्ज्वलितं त्वया किल दृढबद्धं पिशुनाभ्रसंवृतम् ।
परिधूय निहारमुत्कटमतिदीप्तोऽप्यधुना कथं गतः ॥७॥
सुगता रजनी तमोवृता जडमेघः परितः प्रजानिलैः
भुवनत्रितयं प्रकाशयन् दिनमध्ये दिनकृत् कुतो गतः ॥८॥ (पृ. २२१)

प्रस्तुत कविता राजा त्रिभुवनको मृत्यु भएपछि उत्पन्न शोक र करुण भावलाई सशक्त र कलात्मक ढंगमा व्यक्त गरिएको अनुभव हुन्छ ।

३.९ शोकप्रवाहः

प्रस्तुत कविताको शीर्षक शोकप्रवाह रहेको छ । सहपाठी मामली हरिभक्त देवकोटाको मृत्युको खबरले मर्माहत भएका गायत्री गणेशले शोकलाई श्लोकमा बदली शोकप्रवाहको तीव्र भाव यहाँ व्यक्त गर्नुभएको पाइन्छ । वियोगिनी छन्दका १० श्लोकमा करुणामय भाव सशक्त रूपमा व्यक्त भएको प्रतीत हुन्छ ।

प्रस्तुत कविताको विषयवस्तु भन्नु नै सहपाठी हरिभक्तको मृत्युमा मुखरित शोकभाव हो । हरिभक्त गायत्री गणेशका मामली हुन् भने सहपाठी भएकाले विशेष ममता, स्नेह सन्निकटता रहेको कुरा र हरिभक्त स्वयं पनि बनारसमा समेत गएर पढेको हुनाले गायत्री गणेश पनि अलि हच्कन्थे भन्ने बुझिन्छ । (वाचस्पति देवकोटाबाट प्राप्त जानकारी) । लिगलिगमा गएर पढाउनुमा हरिभक्तको ठूलो योगदान थियो भन्ने कुरा पनि यहाँ संकेतित हुन्छ ।

यस कवितामा पहिलो र तेस्रो पाउमा १० अक्षर छन् भने दोस्रो र चारौं पाउमा ११ अक्षर रहेका छन् । भावको तीव्रतासंगै गेयात्मक प्रवाह पनि सशक्त देखिन्छ । तीन तीन र चार अक्षरमा विश्राम पर्न जाने प्रस्तुत कविता लयात्मक रहेको अनुभव हुन्छ ।

शोक नै यसको केन्द्रीय भाव हो । चिरकालदेखिको सुदृढ मित्रतालाई परित्याग गरेर कहाँ जानुभएको ? आज सब बन्धुबान्धवहरू रोइरहेका छन् र मेरो मन पनि चूर्णितमेव जायते को स्थितिमा पुगेको छ । सचिवहरूबाट सम्मानित राजेश्वर जस्तो तपाईंको छोरो छ तै पनि छोडेर किन गइरहनुभएको छ ? के हाम्रो मित्रता मन परेन ? संगै पढियो, व्यवहारका धेरै कुरा सिकियो, तर आज म नेत्रहीन विकलाङ्गलाई डाकेर अहिले परित्याग गरी कहाँ जानुभएको छ ? तपाईंको गुणकीर्ति संझी आज रोइरहेको छु भन्ने भाव यहाँ सशक्त छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तवमा उनका बन्द भएका आँखाबाट पनि आँसु आएका थिए । (वाचस्पति देवकोटाबाट जानकारी)

विहितं पठनं त्वया सह मम सर्वं व्यवहारशिक्षणम् ।
अधुना विकलेन्द्रियं न मां कथमामन्त्र्य गतोऽस्यलोकताम् ॥९॥ (पृ.२२३)

प्रस्तुत कविता चिरपरिचित हरिभक्तको देहावसानमा शोकसन्तप्त भई रचना गरिएको हो । यस रचनामा करुणभाव तीव्र रूपमा पोखिएको देखिन्छ ।

३.१० वंशवर्णनम्

शीर्षकका दृष्टिले हेर्दा यस कविताले वंशको वृत्तान्त वर्णन गरेको कुरा स्पष्ट नै छ । यो कविता अनुष्टुप् छन्दका ७० श्लोकमा रचना गरिएको छ । यस कविताको शीर्षक नै वंशवर्णनम् रहेकाले भाव र विचारको विस्तारमा भन्दा पनि वंशावलीको विस्तारमा केन्द्रित रहेको देखिन्छ । यसमा जिजुका बुबा, जिजु, हजुरबा, बुबा, आफ्नो र छोरीका समेत गरी सात पुस्ताको जानकारी दिइएको छ । कविकै जीवनीका अनेक पाटालाई यसले उद्घाटित गरेको छ । कतिपय ठाउँमा कवित्वपूर्ण अभिव्यक्ति भेटिए पनि वस्तुगत तथ्यलाई सरल संरचनामा प्रणयन गरिएको छ ।

यस कविताको विषयवस्तु भन्नु नै पाँच पुस्ताको वंश वर्णन र स्वकीय जीवनको प्रकाशन रहेको देखिन्छ । आफू अगाडिका पिता, पितामह, प्रपितामह र वृद्ध प्रपितामह जसलाई उनी तिल तर्पण गर्दथे तिनका बारेमा संक्षिप्त रूपमा जानकारी दिइएको छ । तीन चार पुस्ता नै आर्षप्रणीत तापस जीवनमा आश्रित देखिन्छन् । ज्योतिषीय जानकारीबाट गायत्री गणेश ज्योतिष शास्त्रका राम्रा ज्ञाता थिए भन्ने स्पष्ट हुन्छ ।

यसमा ८ अक्षरको एक पाउ, ४ पाउको एक श्लोक हुने अनुष्टुप् छन्दको प्रयोग गरिएको छ ।

श्लोके षष्ठं गुरुज्ञेयं सप्तमं लघुन्ययो: ।
द्विचतु:पादयो ह्रस्वं सर्वत्र दीर्घमन्ययो: ॥

छन्दका नियम र अनुशासनलाई सर्वत्र पालना गरिएको पाइन्छ । इतिहास जस्तो रुखो विषयलाई पनि कविले काव्यभाषामा रमणीय तरिकाले व्यक्त गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत कविता वंशावली कथनमा आधारित भएको हुनाले र भाव विचारको विस्तारको दृष्टिले भन्दा पनि वंशविस्तारमा जोड दिइएको हुनाले वस्तुप्रधान विवरणात्मक कविता बन्न पुगेको छ। तर पनि काव्यभाषाको रसास्वादन भने सर्वत्र प्रवाहित छ। कविको जन्म, पठनपाठन, विवाह, सन्तति, शिक्षणपेशा, गायत्री-पुरश्चरण, लिगलिगको बसाइ, पुनः बक्राङ आगमन, ऋषिकुल विद्यालयको स्थापना, आफ्नो संपत्ति र अन्य केही धनसमेत संकलन गरेर पक्की भवन बनाएको, भक्तिपूर्वक राममन्दिर निर्माण गरेको र नित्य पूजा चलाई छात्रहरूलाई विद्यादान दिदै जीवन व्यतीत गरिरहेको कुरा सहज र सरल रूपमा व्यक्त छ।

वंशावली पूरै अनुष्टुप् छन्दमा रचना गरिएको छ र भाषा सहज र सरल रहेको पाइन्छ। ठाउँठाउँमा दार्शनिक, साहित्यिक र भक्तिपरक अभिव्यक्ति पनि सुन्दर ढङ्गमा व्यक्त भएको पाइन्छ। कतैकतै त अन्त्यानुप्रासको पनि प्रयोग भएको पाइन्छ :

ततः स्वग्राममागत्य जन्मस्थाने वरीयसी।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ॥३॥

दार्शनिक अभिव्यक्तिका दृष्टिले पनि यो कविता वा काव्य पठनीय छ। ठाउँठाउँमा दार्शनिक विचारहरू व्यक्त गरिएको पाइन्छ। कतिपय ठाउँमा दार्शनिक अभिव्यक्ति सरल ढङ्गमा व्यक्त भएको पाइन्छ।

सत्सङ्गार्थं गतो धीमान् योगाभ्यासी जितेन्द्रियः।
सन्न्यस्य सर्वकर्माणि निर्ममो निरहंकृतिः ॥७॥ (पृ. २२७)

अन्त्यमा प्रस्तुत काव्य वंशवर्णनमा केन्द्रित भएकाले काव्यिक वैशिष्ट्यभन्दा विषयवस्तु, वर्णनकौशल र भाषिक मृदुताकै आधारमा मूल्याङ्कित हुन सक्छ। यसमा ७ पुस्ताको सामान्य चर्चा छ भने गायत्री गणेशका जीवनीको विस्तृत विवरण पाउन सकिन्छ। वंशावली र जीवनी जस्तो नीरस र रुखो विषयलाई पनि कलकलाउँदो र सुरुचिपूर्ण शैलीमा प्रस्तुत गरिएको पाइन्छ। गायत्री गणेशपूर्वका ४ पुस्ता र आफ्नो जन्म, पठनपाठन, विवाह, ७ वर्षसम्मको अध्यापन, नेत्ररोग र अन्धता, लिगलिग बोहरा गाउँ मावलीमा ७ वर्षको अध्यापन, रामभक्तमाला लगायतका विभिन्न कृतिको सृजना, राममन्दिरको निर्माण, ऋषिकुल विद्यालयको स्थापना आदि कुरा पनि वंशावलीबाट अवगत गर्न सकिन्छ। त्यसैले वंशावली काव्यतत्त्वका हिसाबले भन्दा अन्य विषयवस्तुको प्रस्तुतिले महनीय बन्न पुगेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३.११ मूल्याङ्कन तथा निष्कर्ष

पण्डित कवि गायत्री गणोका उपर्युक्त संस्कृत भाषामा लेखिएका १० वटा कविताबाट कविप्रतिभाको परिचय प्राप्त गर्न सकिन्छ । कविले नेत्रशक्ति नगुमाउँदै जम्मा एउटा कविता लेखेका थिए । त्यस कवितामा कवित्वका राम्रा लक्षण र स्फुरण पाउन सकिन्छ । तर कविको ३४ वर्षकै उमेरमा नेत्रशक्ति गुम्न पुग्यो । उनले राम्रो साधना गर्न पाएनन् । आधुनिक कविहरूका राम्रा राम्रा कविताकाव्य पढ्न पाएनन्, कविगोष्ठीमा भाग लिन पाएनन्, उनको प्रतिभाको प्रचारप्रसार हुन पाएन, पारखीहरूले चिन्न पाएनन् । त्यसैले गर्दा गायत्री गणेशको कवित्व उनीभित्रै सीमित हुन गयो, गाउँमा मात्रै सीमित हुन गयो, छात्रहरूको मात्रै कर्णप्रिय बन्न पुग्यो, देशले सुन्न पाएन । त्यो एकान्तको कन्दरामा बसेर स्वान्तसुखायका लागि लेखे, आफैँलाई पोख्न लेखे, आफैँलाई देख्न लेखे, लेख्नका लागि लेखे, भविष्यमा कसैले पढ्ला भनेर लेखे । संस्कृतमा गायत्री गणेशले १० वटा कविता, २ खण्डकाव्य लेखे त्यो पनि धेरै हो, अर्काले लेखिदिनुपर्ने, कविता फुर्दा लेखिदिने मानिस नहुने, लेखिदिने मानिस हुँदा कविता नफुर्ने, यस्तो अप्ठेरोलाई पनि चिरेर केही लेखे, आफूलाई लेखे त्यो नै हाम्रा लागि महान् उपलब्धि बन्न पुगेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद : चार

कवि गायत्री गणेशप्रसाद अर्यालका नेपाली फुटकर कविताहरूको अध्ययन

४.१ पद्मशमशेरलाई बिन्तीपत्र

प्रस्तुत कविता कविले मध्यमा पास गरेपछि शास्त्री पढ्न खर्चबर्चले नधानेकाले अघि पनि श्रीपद्मशमशेरकै सहयोगले पढ्न पाएको र अहिले मध्यमा उत्तीर्ण गरेकाले शास्त्री पढ्नका लागि सहयोग पाऊँ अथवा केही वृत्ति पाऊँ भनी आग्रह गर्दै लेखिएको कविता हो । यो निवेदन प्रकाशित हुँदा प्रस्तुत कविताको शीर्षक **पद्मशमशेरलाइ बिन्तीपत्र** राखिएको छ र स्वयं कविको संकलनमा पनि सोही शीर्षकमा संकलित रहेको हुन सक्छ । पद्मलाई निवेदन गरिएको संस्कृत कवितासंगै राखिएकाले यो प्रारम्भिक रचना भनेर बुझ्नुपर्छ । अथवा यो कविता मध्यमा पास गरिसकेपछिको हो भन्ने कुरा कविताबाट नै स्पष्ट हुन्छ ।

यस कवितामा अनुष्टुप् छन्दका ४७ वटा श्लोक आएका छन् । सुरुमा शार्दूलविक्रीडितका ५ श्लोक संस्कृत भाषामा निबद्ध छन्, संस्कृत अंशको व्याख्या प्रस्तुत भैसकेको छ । यसको शीर्षक र विषयवस्तुका बिचमा तालमेल मिलेको देखिन्छ । यसको संरचना अनुष्टुप् छन्दको पद्यमा छ । मध्यमा उत्तीर्ण गरेर पनि वृत्तिविहीन हुन परेकामा बिन्ती बिसाइएको कुरा अत्यन्त सरल शैलीमा संरचित छ । यसको संरचनामा माध्यमिक कालकै प्रभाव देखिन्छ, साथै यो प्रथम रचना पनि हो त्यसैले यसमा प्रशस्त मात्रामा कसरमसर रहेको देखिन्छ । तर संस्कृतका ५ श्लोक चाँहि परिष्कृत र स्तरीय नै देखिन्छन् ।

विषयवस्तु भाव र विचारका दृष्टिले हेर्दा अघि पनि पुस्तक किन्न नसकेर पद्मशमशेरमा बिन्ती गरेको र नाथको निगाह पाई वा सहयोग पाई पढ्न पाएको र अहिले पनि शास्त्री पढ्न कठिन भएको कुरा उल्लेख गरेका छन् र सहयोगका लागि अभ्यर्थना गरेका छन् । पढ्ने कुरामा सहयोग हुन नसकेमा वृत्तिका लागि पनि यहाँ अभ्यर्थना गरिएको छ । कविले सुरुमा २३ श्लोकसम्म पद्मशमशेरको प्रशंसागान गरेका छन् भने त्यसपछि आफ्नो दुःखदर्दको कहानी प्रस्तुत गरेका छन् । दूरदरारमा आफ्नो जन्म भएको र पूर्वजन्मको संस्कारले गर्दा त्यो जङ्गलवास छोडेर पढ्न हिडेको र शारदाको कृपाले पढाइमा उन्नति गरे पनि पुस्तक नपाएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पढ्न कठिनाइ हुँदा पद्‌मशमशेरमा नै दुःख बिसाई पुस्तक किन्न सहयोग पाएको र प्रसन्नतापूर्वक अध्ययन गरी व्याकरण विषयमा मध्यमा उत्तीर्ण गरेको कुरा उल्लेख छ । साथै थप सहयोग पाएमा अझै माथिसम्म पढ्ने कुरा गर्दै सो सहयोग नजुरेमा वृत्तिका लागि विन्ती बिसाएका छन् । उनी आफ्नो कुरा यसरी व्यक्त गर्दछन् -

दिग्दार म थिएँ नाथ ! नपाईकन पुस्तक ।
धिक्कार आफूमा दिन्थेँ गराई हस्तमस्तक ॥२९॥
द.क.ज.पदमा नाथ ! आरूढ होइबक्सँदा ।
सर्कारमा गरेँ बिन्ती पढ्नलाई नपाउँदा ॥३०॥
पढी व्याकरणै शास्त्र जीवनै सर्वशास्त्रको ।
परीक्षोत्तीर्ण ता नाथ ! भएँ मध्यमसम्मको ॥३४॥
सहाय नाथको पाए पढ्नलाई थियो मन ।
अथवा द्वारमा नाथ ! सेवावृत्ति चलाउन ॥४३॥ (पृ.१८)

यस अभिव्यक्तिबाट कवि कतिसम्म आर्थिक कठिनाइमा रहेछन् भन्ने कुरा बुझिन्छ ।

प्रस्तुत कविताको रचना अनुष्टुप् छन्दका ४७ श्लोकमा भएको देखिन्छ । संस्कृतका अनुष्टुप् छन्दको लक्षण त विभिन्न स्थानमा उल्लेख गरिएको छ । त्यसलाई यहाँ पुनरुक्त गर्नु खासै महत्त्वपूर्ण विषय भएन । ८ अक्षरको एक पाउ, चार पाउ वा स्वरसहितका ३२ अक्षरको एक श्लोक हुने कुरा छन्दशास्त्रले स्थापित गरेको सिद्धान्त हो । छन्दको प्रयोग गर्दै जाँदा कतै अनुशासन मिलेन भने कविले शब्दलाई बलपूर्वक भाँच्ने, घुमाउने वा केही तलमाथि गर्ने प्रयत्न गरेका छन् । संस्कृतमा छन्दका विषयमा एउटा कथन प्रसिद्ध रहेको छ 'अपि मासं मसं कुर्यात् छन्दोभङ्गं नैव कारयेत्' अथवा मास शब्दलाई बरु मस बनाउनु तर छन्दभङ्ग नगर्नु । यसो गर्दा भानुभक्तीय प्रवृत्तिको प्रभाव कविमा परेको देखिन्छ । छन्द भङ्ग नहोस् भन्नेतिर कवि सचेत देखिन्छन् ।

यस कविताको भाव र विचार भन्नु नै पद्‌म शमशेरको स्तुतिप्रशंसा र आफ्नो दुःखदर्दको कथाव्यथा सुनाउनु रहेको छ । पद्‌मशमशेरकै कृपाले दुःख गरेर पढेको र अहिले वृत्तिविहीन हुन पुगेको र वृत्ति पाउन अनुनयविनय गरिएको भाव विचार यस कवितामा सरल शैलीमा मुखरित भएको अनुभूत हुन्छ ।

यस कविताको भाषाशैली पुरानो खालको देखिन्छ । संस्कृतको लिङ्गव्यवस्थाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रभाव पनि यसमा देखिन्छ । कीर्ति, भाषा शब्दलाई स्त्रीलिङ्गी मानी नाथकी कीर्ति, धर्मकी भाषा जस्ता शब्द प्रयुक्त छन् । शब्दालङ्कार र अर्थालङ्कारको सहज प्रयोग देखिन्छ । यस कवितामा शब्दालङ्कारमा अन्त्यानुप्रास, अन्तर् अनुप्रासको प्रयोग बहुधा रहेको देखिन्छ । अन्त्यानुप्रासलाई सर्वत्र जोड दिइएको छ । त्यस्तै 'चन्द्रचाँदनी' 'शत्रुशातनी' 'सागरै सरी' वृत्त्यनुप्रास पर्न गएको छ । कविले अलङ्कारको प्रयोग गर्दा कतै पनि कुनै किसिमले पनि कृत्रिम प्रयत्न गरेको देखिदैन । उनी वेदान्त र व्याकरणका विद्यार्थी भएको हुनाले पनि अलङ्कार शास्त्रको अध्ययन र प्रयोग कम भयो होला भनेर अनुमान गर्न सकिन्छ ।

अर्थालङ्कारमा स्वभावोक्ति, अतिशयोक्ति, उपमा, रूपक आदि अलङ्कार प्रयुक्त छन् ।

श्रीराणाकुलको जन्म हुँदा यी चन्द्रचाँदनी ।
स्वच्छ ती नाथकी कीर्ति बनेकी शत्रुशातनी ॥३॥
नेपालप्रभुका पुत्र हुँदा नाथ ! सुचन्द्रिका ।
उदाएकी छँदी कीर्ति सदा लोकप्रकाशिका ॥४॥
मनस्विता सिंहतुल्य अगाध सागरै सरी ।
धैर्य सब् प्रभुमा बस्छन् आपत्मा अघि नै सरी ॥२३॥

प्रस्तुत कविता कविका उपलब्ध भएका कवितामध्ये प्रथम रचना हो भन्ने देखिन्छ । त्यसैले यो कविता त्यति परिष्कृत परिमार्जित छैन । भाषा पनि पुरानो खालको छ । यसैको संस्कृत अंशभने परिष्कृत देखिन्छ । तर पनि त्यो वयमा त्यो अवस्थामा यत्तिको कविता लेख्नु पनि ठूलो कुरो हो राम्रो कुरो हो । यस कविताले त्यसबेलाको भाषा, साहित्य, विद्यार्थीको अवस्था, देशको आर्थिक अवस्था, रोजगारीको स्थिति, राज्यव्यवस्था, मनोविज्ञान, शासक र शासितको सम्बन्ध आदि कुरालाई पनि संकेत गर्दछ ।

४.२ रामराज्यानुवर्णन

रामराज्यानुवर्णन कविता रामभक्तमालापछि समावेश गरिएको छ । त्यसैले यो कविता पुरानै हो कि भन्ने जस्तो देखिन्छ । तर यसको भाषा, वर्णन, भावको ओजस्विता र रचनागत प्रौढिमा आदि हेर्दा यो उनको जीवनको पछिल्लो कालखण्डको हो कि भन्ने अनुभव हुन्छ । कविको जीवन नै त्याग, साधना र भक्तिमा बितेको देखिन्छ । त्यसमा पनि रामगाथाकै प्रभाव र प्रेरणामा वा भनौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामकथा सुनेपछि पढ्ने इच्छा जागृत भई अध्ययन मार्गमा लागेको र रामभक्तिमा नै जीवन बिताएकाले गायत्री गणेशका रचनाहरू सबै नै भक्तिरसमा डुबेका छन्। रसको चर्चा गर्दा भक्तिरस, वात्सल्यरस आदिको पनि चर्चा आउँछ। यद्यपि यिनलाई नवरसभित्र समेटिएको छैन र भक्तिरसलाई शान्तरसभित्रै समाहित गरिएको देखिन्छ। जे होस् भाव, विचार, रचनागत सौन्दर्य, रस, अलङ्कार आदिका दृष्टिले पनि यो रचना निकै उत्कृष्ट देखिन्छ।

भाव, विचार र विषय विस्तारका दृष्टिले हेर्दा राजा र प्रजाका बिचमा सुमधुर सम्बन्ध रहेको, राजाको प्रेम जनतामा र जाताको प्रेम राजामा रहेको र राजा र प्रजा दुबैले आफ्नो धर्म, कर्तव्य र दायित्व स्वविवेकले पालना गरेकाले राज्य सुन्दर अनुशासित रहेको वर्णन कविले यसरी गरेका छन्-

राजा जो रैतिमाथि जन पनि नृपमा प्रेमले बद्ध हुन्थे
सम्झी कर्तव्य आफ्नो उभय हित हुने काममा चित्त दिन्थे।
सारा स्वाधीन हुन्थे तर पनि दुनिया धर्म केही नतोडी
पढ्थे वेदादि विद्या द्विजकुलहरू ता वित्तमा लोभ छोडी ॥१॥ (पृ.६४)

राजा राम योग्य शासक थिए, धर्मात्मा र दयालु पनि थिए, भुवनभरमा विख्यात पनि थिए-

पृथ्वीमा योग्य शास्ता त्रिभुवनविजयी राम राजा कहिन्छन्
जस्को सौजन्यलीला भुवनभर सबै गान अद्यापि गर्छन् ॥५॥ (पृ.६४)

राम भगवान्को दर्शन गर्न देवताहरू पनि इच्छा गर्छन्, देव र मनुष्य जातिमा आएको संकट निवारण गर्न उहाँ राजपाठ छोडेर जङ्गलतिर जानुभो। सीता र भाइ लक्ष्मणलाई पनि साथमा लिएर १४ वर्ष वनवास गरी अनेक संकट र उल्झन सहनुभयो। अध्यात्म, धर्म र संस्कृतिका विरोधी मानवसभ्यताका विध्वंसकहरूलाई ध्वस्त बनाउनुभयो। धर्मको स्थापना गर्नुभयो, आर्षसभ्यताको रक्षा गर्नुभयो। वनबाट फर्किएर राजा भएपछि पनि सुखसयल, ऐसआरामतिर मन नदिईकन प्रजाको सुख नै आफ्नो सुख, प्रजाको दु:ख नै आफ्नो पनि दु:ख संझेर राज्य सञ्चालन गर्नुभयो। रामको राज्यमा जनताहरूको स्थिति कस्तो थियो त

बस्थे स्वाधीनतामा खुस भइ जनता पाइ सर्वस्वतन्त्र
सद्धर्माचारचर्चा गरिकन हरदम् जप्तथे राममन्त्र।
खाना-वस्त्रादिचिन्ता परिजनहरूमा केही गर्नै नपर्ने
जो जो सङ्कष्टबाधा जनबिच परदा रामबाटै उ टर्ने ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रामको राज्यमा विकासनिर्माणको स्थिति कस्तो थियो त-

धेरै राम्रा उज्याला सहरहरू सफा ठाउँठाउँ बनेका
जड्दा रत्नादि सारा घर पनि जसमा दिव्य शोभा लिएका ।
लम्बाचौडा खुलेको सडक पनि उता पाटिपौवा विशाल
देखिन्थे धर्मशाला सुरभवन उता पूर्ण छन् मालताल ॥१०॥ (६५)

रामको राज्यमा पठनपाठनको पनि सुव्यवस्था थियो भन्ने कुरा पनि कवि यसरी देखाउँछन्

देखिन्थे पाठशालापटि पढिरहने नम्र भै छात्रवर्ग । (पृ.६५)

ऋषिहरू योगीहरू वनमा नै बसेर भक्ति, ज्ञान, वैराग्य, यज्ञादिको अनुष्ठान र अध्यात्म चर्चा गरिरहने देखिन्थे ।

पर्णशाला वनबिच ऋषिका ध्यानले शान्तचित्त बस्थे योगीन्द्र सारा धनजनमनमा चिन्तनाले विरक्त ॥११॥ (पृ.६५)

ऋषिमुनि मात्र होइन चाहे गाउँमा बसून् चाहे वनमा बसून् सबैले धार्मिक आध्यात्मिक जीवन बाँचेका थिए । धर्म र अध्यात्मलाई कसैले पनि छोडेका थिएनन् । अझ यसो भनौँ धर्म, अर्थ, काम र मोक्षलाई नै जीवनको परम लक्ष्य बनाएका थिए

देखिन्थे होमशालाबिच रहि कति ता यज्ञमा मग्न हुन्थे
गर्थे अध्यात्म चर्चा यमनियमसँगै योगमा चित्त दिन्थे ॥१३॥ पूर्ववत् ।

ईश्वर ता अव्यक्त छ, अकर्ता छ अभोक्ता छ, सूक्ष्म छ, अनादि र अनन्त छ, एक छ र अनेक रूपमा प्रकट हुन्छ, अनुभव गम्य छ, इन्द्रियातीत छ, गोचरातीत छ, शब्दातीत छ, आकाररहित छ तर भक्तलाई अनुकम्पा गर्न रामको रूप धारण गरेर अनेक लीला देखाउनुहुन्छ र भक्तहरूको कल्याण गर्नुहुन्छ, यस भावलाई कवि यसरी प्रकट गर्छन् -

देखिन्छन् तत्त्व जो छन् जल, गगन, धरा तेज हावा अनेक
त्यस्मा जे तत्त्व चल्ने अणु-इथर सबै मुख्य कर्ता छ एक ।
जो हो साकारतामा प्रकट भइ उहाँ रामको रूपधारी
राजा भै राज्य गर्ने भुवनभर सबै लोककर्मानुसारी ॥ (पृ.६५)

रामराज्य वर्णन गर्दै नेपाललाई पनि यसै गरी कसले पालन गर्ला भनेर चिन्तित छन्

यो हो अभ्यान्तरात्मा सकल जनविषे योगिको ध्येयरूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञान-ज्ञान-साक्षात् परपुरुष उनै राष्ट्रको मुख्य भूप ।
बन्दै आदर्श सारा नरपतिहरूमा योग्य शिक्षा फिँजारी
पाल्लान् नेपाल कस्ले अझ पनि नरमा रामको झैं सपारी ॥१५॥ (पृ. ६६)

श्रीरामको आदर्श चरित्रको अनुसरण गर्दै प्रजालाई प्रसन्न पारी रामराज्यको जस्तै सुख दिन सक्ने व्यक्ति को होला भन्दै चिन्ता प्रकट गर्दछन् । रामको भक्ति गर्दै श्रीपशुपतिनाथमा माथ राखेर नेपालको उन्नति प्रगति गरोस् त्यस्तो व्यक्ति को होला भन्ने भाव निकै प्रभावपूर्ण देखिन्छ ।

त्यस्तै श्रीरामशिक्षा लिइकन मनमा रद्द पारी प्रजाको
आपत् सारा लघारी सुखमय दुनिया रामको राज्यजस्तो ।
को होला आज त्यस्तो अघि सरि अहिले रामको भक्तिसाथ
पारोस् नेपाल राम्रो पशुपतिपदमा भक्तिले राखि माथ ॥१६॥ (पृ. ६६)

यस कविताको भाषा अन्य कविताको तुलनामा बढी परिष्कृत र परिमार्जित देखिन्छ । भाव र विचार पनि यसमा निकै सुन्दर ढङ्गमा प्रकट भएको छ । एकातिर रामराज्यको सुन्दर वर्णन रहेको छ भने अर्कोतिर त्यसको छाया नेपालको सन्दर्भमा पार्न खोजिएको छ । कवितामा दूरान्वय, भग्नप्रयोग, विभक्तिलोप, विशेषणको बाहुल्य, लययोजनका लागि अविकारी पदको प्रयोग आदि गरिएको हुन्छ । यस्ता कतिपय प्रयोग यहाँ देख्न सकिन्छ । यस कवितामा लेखनाथीय प्रभाव रहेको छ भने अन्य कविताको तुलनामा भाषा परिष्कृत र परिमार्जित रहेको देखिन्छ । यस रचनामा ओजस्वी भाव व्यक्त छ भने त्यस्तै सो भाव व्यक्त गर्न ओजस्वी छन्द स्रग्धरा चयन गरिएको छ । यस्तो लामो छन्दमा रचना गर्न त्यति सजिलो हुँदैन ।

यस रचनामा अन्त्यानुप्रास सर्वत्र मिलेको देखिन्छ भने अन्तर् अनुप्रास र उपमा आदि गरिएका अर्थालङ्कारको समेत सहजविन्यास रहेको अनुभव हुन्छ । जस्तो 'राजा सारा' 'राजा भै राज्य गर्दा' 'राज्य गर्ला रमाई' (६४) आदिमा रको आवृत्ति भएको छ । 'सद्धर्माचारचर्चा' 'श्रीसीता, भाइ साथै' 'देखिन्थे पाठशालापटि पढिरहने' यस्ता अनेक स्थानमा समवर्ण दोहोरिएर अन्तर्अनुप्रासको निर्माण भएको छ ।

४.३ श्री ५ महेन्द्रमा शुभकामना

प्रस्तुत कविताको शीर्षक श्री ५ महेन्द्रमा शुभकामना रहेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शीर्षकअनुसार नै देश बनाउने कुलका रूपमा संझना गरिएको छ र राजा महेन्द्रको कल्याण कामना गर्दै जगदम्बा भगवतीले सदैव मङ्गल प्रदान गरून् भन्ने भावना शार्दूलविक्रीडित छन्दका ५ श्लोकमा व्यक्त छ ।

विषयवस्तुका दृष्टिले यसमा महेन्द्र राजामा शुभकामना व्यक्त गरिएको वस्तुयोजना रहेको छ । कविताका आधारमा पनि राजा महेन्द्रसंग कविका राम्रो सम्बन्ध रहेको देखिन्छ । अर्यालहरू शाह राजाका पुस्तौं पुस्तादेखि नै गुरुपुरोहित खलक पनि हुन् । राजा कवि भएकाले पनि कविमा नतभाव देखिन्छ भने राजा महेन्द्र पनि चतुर थिए । स्वदेशका विभिन्न गाउँमा छरिएर रहेका रत्नहरूलाई एकातिर संरक्षण र अगाडि बढाउने काम गर्थे भने विदेशमा रहेका नेपालीहरूलाई समेत नेपालमा ल्याई विभिन्न जिम्मेवारी दिन्थे । त्यसैले महेन्द्रको कीर्ति फैलिएको थियो । राजाले कविलाई गुरुकुल विद्यालय खोल्न मद्दत गरेका थिए । त्यसैले गर्दा गायत्री गणेशमा श्री ५ महेन्द्रका प्रति उच्च आदरभाव रहेको देखिन्छ । कविले संस्कृतमा महेन्द्रशतकम् काव्य नै लेखेका छन् भने नेपालीमा पनि दुईवटा शतक काव्य महेन्द्रकै विषयमा रचेका छन् । राजामात्र होइन यस काव्यमा रानी रत्नाको विषय पनि प्रस्तुत छ ।

भाव र विचारका दृष्टिले हेर्दा यस कवितामा राजालाई शुभकामना दिँदै राष्ट्रप्रेमको भाव पनि व्यक्त गरिएको छ र 'हाम्रो देश बनाउने कुलविषे गर्छौं सदा वन्दना' (पृ. १९२) भनिएको छ । राजा र रानीलाई कविले यसरी चित्रण गरेका छन्

जाडो दुर्जनले कठ्याइ जनता सङ्कोचमा नै थिए
ऐले सूर्य-महेन्द्रको उदयले उल्लास सब्ले लिए ।
झुल्केको छ समस्त विश्वभरमा जस्को सफा रोशनी
हे दुर्गे ! जगदम्बिके ! अटल होस् त्यो लोक पाल्ने गरी ॥४॥

गौरीझैं शिवकी प्रसादसुमुखी सीतासरी रामकी
लक्ष्मीझैं हरिकी सदैव चतुरा वाणीसरी ब्रह्मकी ।
श्रीरत्ना महिषी महेन्द्र नृपकी हाम्री मुमाझैं हुँदा
वाहाँका शुभ गाथमा दिनुहवोस् आरोग्य दुर्गे सदा ॥५५॥ (पृ. १९२)

यी दुई पद्यमा अलङ्कार पनि परेको छ । जाडोमा दुर्जनको अभेद आरोप गरिएको छ भने महेन्द्रमा सूर्यको आरोप गरिएको छ । यहाँ अभेद आरोप गरेकाले रूपक अलङ्कार पर्न गएको छ । एक ठाउँबाहेक सबै श्लोकमा अन्त्यानुप्रास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त पारिएकै छ । रानीको वर्णनमा सर्वत्र रानीलाई 'शिवकी गौरीझैं, सीतासरी रामकी, लक्ष्मीझैँ हरिकी, वाणीसरी ब्रह्माकी' भनेर वर्णन गरेकाले यहाँ उपमान, उपमेय समान धर्म र वाचक शब्दसमेत रहेकाले उपमा अलङ्कार पर्न गएको छ। त्यतिमात्र होइन यहाँ मालोपमासमेत पर्न गएको छ ।

४.४ प्रजातन्त्र समाज चित्रण

कवि अर्याल राणाकालखण्डमा जन्मेर राणा समयमै पढाइ र शिक्षा सेवामा लागेका देखिन्छन्। राणाकाल चलिरहँदा उहाँको आँखा बिग्रिसकेको थियो। उहाँका आचार, विचार, व्यवहार सबै पौरस्त्य शास्त्रवाट अनुप्राणित रहेका देखिन्थे। त्यसैले गर्दा उहाँको जीवन धार्मिक र शुद्ध शास्त्रोक्त गृहस्थ जीवन रहेको प्रतीत हुन्छ। यस्तो आदर्श जीवन बाँचेका कविले प्रजातन्त्र भएपछि छाडातन्त्र आयो, आचार विचार व्यवहारहरू सबै मैलिन थाले, समाज भ्रष्ट भयो। त्यसैले यस्तो अवस्थाको चित्रणसहित सुधारको चेष्टा राख्दै आदर्श विचारको स्थापना गर्न यस कविताको रचना गरेको बुझिन्छ। यस कविताको शीर्षक प्रजातन्त्रसमाजचित्रण रहेको छ । यस कविताको शीर्षक संस्कृत निष्ठ शब्द र व्युत्पत्तिको आधारमा राखिएको देखिन्छ। यसमा 'प्रजातन्त्रे विद्यमानः समाजः तस्य चित्रणम्' यस्तो अर्थ रहेको झल्किन्छ। कवि राणा समयमा जन्मिएर पुरानो आदर्श र मर्यादामा हुर्के बढेका व्यक्ति हुन्। हाम्रा धर्मशास्त्रहरू र कल्पसूत्रहरूले निर्देश गरेका आचार, विचार र व्यवहारलाई आत्मसात् गरेर जीवन बाँचेका व्यक्ति हुन् गायत्री गणेश। नित्य स्नान, सन्ध्या, पूजापाठ, होम, गोपूजा, बलिवैश्वदेव आदि गरेर जीवन अगाडि बढाएका व्यक्ति हुन्। त्यसैले गर्दा पौरस्त्य आचार र विचारको आदर्शमा रहेका व्यक्तिका सामु प्रजातन्त्र आएपछि हाम्रा मूल्य मान्यतामाथि सर्वत्र धावा बोलियो, गाउँका पण्डित र पुरोहितको उच्छित्तो काढ्न थालियो, महिलाहरूको परम्परागत मर्यादा समाप्त हुन थाल्यो, त्यसैले गर्दा कविमा वैदिक मर्यादा विपरीतको हावाहुरी चलेको देखेर दुःख लाग्यो र यस कविताको रचना गरे।

२००७ सालमा प्रजातन्त्र आयो, यो कविता २०१२ सालतिर रचना भयो। २०१८ सालमा प्रकाशित भयो। यसको प्रकाशन गोर्खा च्याङली, असौबारीका ईश्वरीप्रसाद कँडेलले गरेका हुन् भने काठमाडौँ वासी नरेन्द्रमान सिंह बस्न्यातले भूमिका लेखेका रहेछन्। यस कवितामा अन्त्यानुप्रासलाई सर्वत्र जोड दिइएको छ। कविता पढेपछि योगी नरहरिनाथले लेखेको श्लोक पनि भूमिकामा राखिएको रहेछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत कविता केही लामै मान्नुपर्छ । यसमा स्रग्धरा छन्दका ४६ श्लोक र १ श्लोक अनुष्टुप्मा संस्कृत भाषामा मङ्गलाचरण गरिएको छ र कुल ४७ श्लोक रचना भएका छन् ।

विषयवस्तुका दृष्टिले हेर्दा यसमा नेपाली समाज प्रजातन्त्र आएपछि पुरानो आदर्श, मूल्य मान्यता, आचार विचारवाट भ्रष्ट हुँदै गएकामा चिन्ता व्यक्त गरिएको छ । धर्म नै हाम्रो समाजको आदर्श र मेरुदण्ड हो । यसले सबैलाई आआफ्नो मर्यादामा बाँच्न सिकाउँछ । 'धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः' भन्ने भाव पाइन्छ । मङ्गलाचरणमा पनि शिवलाई 'धर्मवृषं समारूढं' भनिएको छ । विधाताले नै गुण र कर्मको आधारमा जातिको सृष्टि गरेथे, अनि वेदवाणी प्रकट भएको थियो । पढ्ने पढाउने, यज्ञगर्ने गराउने, दान लिने दिने षट्कर्म ब्राह्मणका रहेका थिए । तपस्विताले, सच्चरित्रताले, विद्याले, विनयले, धारणा, ध्यान र समाधिले द्विजहरू ब्राह्मण बनेका थिए । त्यो विप्रको मूल तत्त्व नै छोडेपछि विप्र ब्राह्मण रहन सकेन । जात गयो, धर्म गयो, संस्कार गयो, संस्कृति गयो र धर्म, अर्थ, काम, मोक्ष सबै गए । बाहुनको कुलमा जन्मिएर मात्रै ब्राह्मण ब्राह्मण हुदैन । हाम्रा पुर्खाहरू ब्रह्मज्ञानी थिए र ब्राह्मण भए, उनैको कुलमा जन्मिएका हामीले कुलधर्म छोड्न हुँदैन भनेका छन् -

पुर्खा थे ब्रह्म जान्ने उनिहरू गरथे शुद्ध आचारकर्म
तेसैले ब्राह्मणै भो अनि उनिहरूको कर्म हो शुद्ध धर्म ॥
जन्म्यौं सारा उनैका कुलबिच अहिले जातिमात्रै लिएर
फाली त्यो जाति सारा धन-जन-कुलमा हुन्छ के लोभिएर ॥ पृ. २०७

अहिले कलिकालमा 'विज्ञातामा घनतिमिर उठ्यो, धर्मभानु अस्त भो, आपत्तिधारा बर्स्यो' (पृ. २०७) भनेका छन् । काङ्ग्रेसीहरूले जातपात मेटाउने, नारी पुरुष सबै समान हुन्, धर्मकर्म आवश्यक छैन भन्ने प्रलाप गरेकामा कवि दुःखित छन् । कविले सृष्टिमै विभेद छ, हाम्रा पाँच ज्ञानेन्द्रिय र कर्मेन्द्रियमा पनि त सबैको काम अलग अलग छ नि । एउटै इन्द्रियले काम चल्ने भए दश इन्द्रियको के काम ? शरीर एउटै हो, तर शरीरभित्र हजारौं तत्त्वले काम गरेको हुन्छ, त्यस्तै संसारको व्यवस्थामा पनि हजारौं तत्त्वले काम गरेको हुन्छ भन्ने कविको तर्क छ । ब्रह्मतत्त्व पनि एउटै छ तर उपाधिले गर्दा अनेक भेद आभाषित हुन्छ । त्यस्तै उनले अर्को पनि उदाहरण दिएका छन् जलतत्त्व एउटै भए पनि त्यसका अनेक भेद छन् । लवण तत्त्व एकै भए पनि साबरी नुन, सिदेनुन, बिरे नुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि ७८ किसिमका नुन हुन्छन् र तिनको स्वाद र प्रभाव पनि फरक हुन्छन्। नारी मात्रै भनेर हुदैन नारीका पनि अनेक रूप र अवस्था छन्। यी सबै बिचार्दा जाति र उपजाति सबै प्राकृत रूपमा फरक छन्, गुणधर्ममा पनि फरक छन्, शील, स्वभाव र अङ्गरचनामा पनि फरक छन्। त्यसैले जाति उपजाति फरक छन्। सबैको अस्तित्व मान्नुपर्छ। सबैलाई सम्मान गर्नुपर्छ, भेदभाव गर्नुहुँदैन। राज्यले कुनै अधिकार र सुविधामा पनि भेदभाव गर्नु हुँदैन।

नित्यै हो धर्म हाम्रो तर बिच बिचमा ह्रासवृद्धि छँदैछ
कैले लामा र छोटा दिन अनि रजनी बारबारै हुँदैछ।
यौटै रात्री छ यो ता तर घरघरमा धर्मज्योति छँदैछ
आएमा भानु फेरि अघि सरि चहकै लोक उज्जल् हुँदैछ ॥३६॥ (पृ. २११)

हाम्रा पुर्खा ऋषिहरूले आदर्श जीवन बाँचेका थिए। धर्मकर्ममा बाँचेका थिए। आहारविहार शुद्ध थियो। साधनाबाट उठ्न सकिन्छ, उठाउन सकिन्छ। उनी 'मोथेमा अग्नि मिल्छन् जुन घुसिरहने काठमा गुप्तरूप' (पृ. ११२) भन्छन्। काठमा आगो नदेखिएझैँ ब्रह्माण्डमा पनि ईश्वर देखिएका छैनन्, गुप्त छन्, सूक्ष्म छन्। कर्मले साधनाले ईशचिन्तनले त्यो भेटिन सक्छ, साक्षात्कार हुन सक्छ कवि भन्छन्।

हाम्रा पुर्खाहरू पनि वैज्ञानिक थिए, उनीहरूले अनेक चमत्कार गरेका थिए। कर्दम ऋषि, शौभरी, पौलस्त्य, दितिसुत, यम आदिले अनेक चमत्कार गरेका थिए। विज्ञानको आविष्कार गरेथे। भोजराजाले पनि अनेक किसिमका यन्त्र बनाएका थिए, कलहरू चलाएका थिए। त्यसैले अहिलेकाले वैज्ञानिक चमत्कार देखाए भनेर कुलजाति धर्म त्याग्नुपर्छ भन्ने छैन।

साँचो तानेर छोड्दा कलहरू हिंडथे एकदम् चौध कोस
यस्तो अक्किल जान्या अघि पनि बस्थे हिन्दुमा जान्नुहोस्। (पृ.११२)

कवि धर्मको ह्रास भएकोमा चिन्तित छन्, यसको पुनरुत्थान कसले गर्ला भन्दै आफू गोरखाली भएका र मनकामना र गोरक्षकालीको पाउमा छु, अव यस समस्याको समाधान गर्न गोर्खाधीशले नै अगाडि सर्नुपर्छ भनेका छन्।

छन्दयोजनाका दृष्टिले हेर्दा यहाँ स्रग्धरा छन्दको प्रयोग गरिएको छ कविले 'अपि मासं मसं कुर्यात् छन्दोभङ्गं नैव कारयेत्' भन्ने सिद्धान्तलाई आत्मसात् गरेका छन्। कतै 'तेसैले' ऐले, ऐल्हेका उनिहरू, सरि, हिडनु, उहि, तिनी, उ, तिमि, सासु, अघिसरि, आफु' आदि ठाउँमा छन्द मिलाउन नेपाली शब्दको भग्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
प्रयोग गरेका छन् कतै खुट्टा काटेका छन्, कतै ह्रस्व दीर्घ भाँचेका छन् । तर कविले संस्कृत शब्दलाई भने खासै बिगारेका छैनन् । स्रग्धरा छन्द लेख्न र पढ्न निकै कठिन मानिन्छ । वीरताको, गम्भीर भावको, युद्धको, रौद्रताको भाव आदि व्यक्त गर्न यसको प्रयोग हुन्छ । कविका रचनाहरू स्रग्धरा, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी आदि छन्दमा व्यक्त छन् ।

भाषाशैली र सौन्दर्य प्रवर्धक तत्त्वका दृष्टिले हेर्दा यस कवितामा लेखनीय भाषा र शैलीलाई आत्मसात् गरेपनि सूक्ष्मतर परिष्कार पाउन सकिएको छैन, केही कसरमसर रहेको देखिन्छ । तर स्रग्धरा छन्दमा भाव र विचारलाई घनघटा रूपमा प्रस्तुत गर्न सक्नु चानचुने कुरा होइन । त्यसमाथि कवि आँफै कलम चलाउन सक्तैनन्, २००१ सालमा नै आँखा नदेख्ने भएकाले विद्यार्थीहरूले वा छोराले कविता लेखिदिनुपर्थ्यो । भाव स्फुरण हुँदा लेखिदिने मानिस नहुने, लेखिदिने मानिस हुँदा भाव स्फुरण नहुने । कहिले खाँदा खाँदै भावको स्फुरण हुने, कहिले बाटामा, कहिले रातमा अनि कसरी लेखाउने ?

कवितामा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको देखिन्छ । अन्त्यानुप्रास अलङ्कारको प्रयोग सर्वत्र पाइन्छ । अन्तर अनुप्रासको पनि प्रयोग भेटिन्छ, खाना खाने मुखै हो, सारा यो सृष्टिधारा, (पृ. २०८) थलजलफलले, नलदल, कलिकलफलको, (पृ. २१०) गर्थे पूरा पुरानु, धान्यौ यो धर्म माता, (पृ. २११) मन मति कृति, कलले कार्य सारा गरेथे, मानी प्राचीन चाला, जातिको धर्म धानी, (पृ. २१२) भक्तिले यो भएको, रद्द पारी रहेको, गोर्खा गोरक्षकाली, चम्कँदै कीर्तिचन्द्र, (२१३) आदि ठाउँमा शब्दालङ्कार पर्न गएको छ । अलङ्कार विन्यासमा कविले कुनै आडम्बर गरेका छैनन् । अकृत्रिम अलङ्कार विन्यास नै उनको विशेषता हो । अर्थालङ्कारमा स्वभावोक्ति, अतिशयोक्ति, रूपक, उपमा, दृष्टान्त आदि पर्न गएका छन् ।

४.५ राष्ट्रिय श्लोक

गायत्री गुरुले गोरखाका कतिपय गाउँमा र लमजुङमा समेत रहेर पढाउनुभयो । आँखा बिग्रिएपछि डोकामा बोकेर पनि लिगलिग लगिएको थियो । पछि आफ्नै घरमा ऋषिकुल विद्यालय खोलेर पनि पढाउनुभयो । गुरुले विद्यार्थीबाट र अन्य भेटघाट भएका व्यक्तिहरूबाट समेत देशका विषयमा विभिन्न कुरा सुन्नुहुन्थ्यो र त्यसबाट प्रभावित भएर देश, जनता, राजनीति र समाजका विषयमा पनि कलम चलाउनुहुन्थ्यो । यसैको एउटा नमुना हो **राष्ट्रिय श्लोक** यस कविताको शीर्षक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेको छ। यो शार्दूलविक्रीडितका ५ श्लोकमा रचना भएको छ। विषयका रूपमा सुरुको २ श्लोकमा नेपालको प्राकृतिक स्वरूपको वर्णन गरिएको छ भने तेस्रो र चौथोमा अम्मली र व्यसनी मानिस जतिसुकै ठूलो पदमा पुगे पनि मन्त्री राजा, धनाढ्य आदि भए पनि त्यसले समाज र राष्ट्रको हित गर्न सक्तैन। कविले गाँजा, भाङ, अफीम, सुर्ति, सिगरेट्, बिँडी, तमाखु, रण्डीबाजी, जुवा-तास हटाई स्वच्छ समाज निर्माण गर्ने व्यक्तिलाई महान् र मन्त्रीसरी ठान्दछु भनेका छन्। पाँचौं श्लोकमा वाग्मती तटमा रहेका राष्ट्रदेव भगवान् पशुपति र गुह्यकालीले 'तस्मात् विघ्न हटाई रक्षण गरुन् नेपालको सर्वदा' भनेका छन्।

प्राक् मेची तटिनी बहन्छिन उता पश्चिम् महाकालिका
मध्ये पर्वतपङ्क्तिका बिचबिचै भेरी र कर्णालीका।
कोशी गण्डकजा नदीसँग अरू नेपालको सिञ्चन
बग्दै पुण्य प्रवाह तीर्थ जलले गर्छन् सबै पावन ॥१॥ (पृ.२१४)

प्रस्तुत कविता नेपालका विषयमा लेखिएको छोटो कविता हो। राष्ट्रवादी विचार र भावधारा यसमा पाउन सकिन्छ। शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कविताको भाषा र शैली सुन्दर र परिष्कृत रहेको छ। नराम्रो कुरा हटाई स्वच्छ समाज निर्माण गर्ने व्यक्तिलाई महान् र मन्त्रीसरी ठान्दछु भनेका छन् कविले।

४.६ लोकचेतावनी

यस कविताको शीर्षक लोकचेतावनी रहेको छ। शादूलविक्रीडित छन्दका २१ र स्रग्धराका १४ र पुनः ४ श्लोक शार्दूलविक्रीडितका रहेका छन्। यसमा पनि प्रजातन्त्रसमाजचित्रण कवितामा जस्तै विषयवस्तु आएको देखिन्छ। यसमा चित्रणको मात्र प्रसङ्ग छैन हाम्रो सनातन समाजले कुन आदर्शको बाटो हिड्नुपर्ने हो त्यसको समेत संकेत गरिएको छ।

यस कवितामा चार आश्रम र चार वर्णका विषयमा उल्लेख छ। चार आश्रम र चारवर्णको धर्म, मर्यादा र अनुशासनका विषयमा कविले उपदेश दिएका छन्। चार आश्रमका धर्म, अर्थ, काम र मोक्षको संकेत गरेका छन्। उनी क्षत्रियको कर्तव्यका विषयमा 'हुन्थे क्षत्रिय जातका पुरुष नै यो क्षेत्रमा भूपति' भन्छन् भने 'पढ्ने वेद पढाउने मखहरू गर्ने गराइदिने, दानादान गरेर शान्तिपथको सद्धर्म धानी लिने' ब्राह्मणका विषयमा लेख्दछन् (पृ.२१५)। वैश्य र शूद्रले पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi
वाणिज्यादि वृत्ति गर्ने पुरानो परम्पराका विषयमा उल्लेख छ ।

प्राचीन राजाहरूको महत्त्वगान गर्दै ग्राह्य नेता र त्याज्य नेताको गुण पनि यहाँ उल्लेख गरिएको छ -

राजा राम र रन्तिदेव गुणवान् फेर् कार्तवीर्यार्जुन
मान्धाता र युधिष्ठिरादि अधिका ती सत्य राजा हुन ।
जस्को ध्यान थियो ती रैतीहरूमा के काम गर्दा सब
जाला दुःख र सौख्यमग्न ती हुनन् हाम्रा प्रजा लौ अब ॥९॥ (पृ. २१६)

अब नयाँ चाला आएकाले जनताले सरकार रोज्नुपर्ने भयो त्यसो भएकाले राम्रा गुणले युक्त भएका नेतालाई नै चुन्नुपर्‍यो भन्ने विचार कवि यसरी राख्दछन्

निःस्वार्थी र परोपकारी मतिमान् विद्वान् बडा धार्मिक
लज्जादानदयाप्रभाव गुणवान् ज्ञानी तथा आस्तिक ।
विद्या धर्म र राजनीति गुणले प्रख्यात लोक्मा अनि
सत्यालम्बनले प्रसिद्ध नरमा साझा प्रजामा पनि ॥१४॥ (पृ. २१६)
आम्दानीअनुसार खर्च गरने सारा प्रजामा हुने
मर्का जो जति छन् ती साम्य दिलले टाडै हटाइदिने ।
लोकाचार र वंश शुद्ध जसमा शूरा प्रतापी जन
त्यस्तालाई समस्त राष्ट्र जनले सर्कारमा लौ चुन ॥१५॥ (पृ. २१६)

कस्तालाई भोट दिनुहुन्न सरकारमा लानुहुन्न भन्ने विषयमा कवि आफ्नो धारणा यसरी राख्छन् -

पाखण्डी मनमोज काम गरने पापी प्रजापीडक
लोभासक्त भएर कार्य गरने जङ्गी बडा कामुक ।
मर्यादाकन नाघी वित्त हरने छोटो फटाहा अनि
जुम्सो कार्य बिगारने हरघडी लाटो अबोला पनि ॥१६॥
विद्या वेद र विप्र गाईहरूको सन्मार्ग सत्कर्मको
द्यौताको अनि साधुसन्तजनको विद्यार्थि-सत्पात्रको ।
निन्दा जो गरछन् ती रोगी जति छन् उन्मत्त पागल् सबै
यस्तालाई न चुन्नु मन्त्रिपदमा सर्कार रोज्दा कबै ॥१७॥ (पृ. २१७) ।

कवि रामजस्तै शासक चहिन्छ त्यसैले आफ्नो पुर्खाले लमजुङका यशोब्रह्म शाहको छोरा द्रव्य शाहलाई गोरखामा ल्याई शासनसत्ताको बागडोर सुम्पिए । उनकै सन्तान राम शाहले सल्यानकोट पनि आफ्नो बुद्धि र बलले प्राप्त गरेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए । यिनकै कुलमा नरभूपाल भए भने यिनकै पुत्र पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे । उनको देहावसानपछि सिंहप्रताप शाह राजा भए । उनी पछि बहादुर शाहले राजप्रतिनिधि भई काम गर्दा नेपालको सीमा बढ्यो र क्रमशः विशाल नेपालको निर्माण भयो । दरबारमा स्वार्थको युद्ध चल्दा जङ्गबहादुरले शासन सत्ता लिए र लामो समयसम्म 'चुस्तै-चुस्तै सबैले धन सब खिचियो बद्ध पृथ्वी बनाई' (पृ. २१८) देश र जनतालाई लुटे, त्यसैले गर्दा राजा त्रिभुवनले 'राणासर्कार मासी जनबिच करुणा बक्सियो लोकतन्त्र' (२१८) भनेर नेपालको राजनीतिक इतिहासको उल्लेख गरेका छन् । राजा त्रिभुवन कस्ता थिए, कविकै शब्दमा -

वीरश्री कीर्तिशाली त्रिभुवनविजयी त्यागले शान्तरूप
साराका योग्य नेता भई अतिकरुणापात्र नेपालभूप ॥३०॥ (पृ. २१९)

महेन्द्रका विषयमा कवि लेख्छन्

वाहाँका पुत्र ऐले पितृसरि गुणवान् लोकभर्ता महेन्द्र
बस्नुभो राज्यशास्ता बनिकन पदमा योग्य नेता नरेन्द्र ।
आशा यस्तो छ खासा गरिकन अब ता लोकलाई समाली
हाम्रो नेपाल राम्रो बनिकन रहला सर्वदा सौख्यशाली ॥३२॥ (पृ. २१९)

भाषाशैली र सौन्दर्यप्रबर्धक तत्त्वका दृष्टिले यस कविताको विश्लेषण गर्दा यसमा केही विशेषताहहरू पाउन सकिन्छ । यस कवितामा पनि माध्यमिक कालीन भाषाको प्रभाव रहेको देखिन्छ । छन्द मिलाउनलाई कतिपय शब्दलाई कविले भाँचभुच गरेका छन्, कतै जोडेका छन्, कतै तोडेका छन् । दीर्घलाई ह्रस्व र ह्रस्वलाई दीर्घ बनाएर छन्दको अनुशासनलाई पालना गर्ने प्रयत्न गरेका छन् । संस्कृत तत्सम शब्दलाई भने कमै मात्र चलाएका छन्, प्रायः शुद्ध रूप नै प्रयोग गरेको देखिन्छ । तर नेपालीमा अप्रचलित संस्कृत शब्दको प्रयोग पनि विभिन्न ठाउँमा आएका छन् । त्यसले सामान्य नेपाली पाठकलाई शब्दबोधमा केही अलमल अवश्य पार्न सक्छ ।

४.७ सतीचरित्र

सतीचरित्र शीर्षक रहेको १९ श्लोकमा फैलिएको प्रस्तुत कविता गायत्री गणेशकी हजुर आमा तारा सती गएको घटनामा आधारित छ । पुर्खाको इतिहास कथनपूर्वक मोदनाथ र ताराका विषयमा उल्लेख गर्दै विषय विस्तार गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायण अर्यालका कुलमा श्रीहरिकेशव जन्मे भने उनको जेठो छोरो इन्द्रमणि भए। इन्द्रमणिका कान्छी श्रीमतीमा दुई पुत्र भए जेठा हरिहर र कान्छा भगीरथ। हरिहरका लक्ष्मीनाथ, मायानाथ र मोदनाथ तीन छोरा भए। लक्ष्मीनाथका सन्तान भएनन् काशीमा गई पढे र उतै सन्यस्त भए। मायानाथ पनि योगमार्गमा नै लागे। मोदनाथ दैवज्ञ थिए र उनकी तारा नामकी पत्नी थिइन्। सन्तान जन्मिए पनि बितिहाल्ने समस्या थियो। दानधर्म गर्दा पछि वेद शर्मा भने जीवित रहे। कामविशेषले काठमाडौं आउनुपरेकाले पत्नी, छोरा साथै लिएर आए। परन्तु फर्कदा गोरखाकै ताप्ले गाउँमा आइपुगे पछि मोदनाथको अकस्मात् मृत्यु भयो। पत्नी तारालाई ठूलो विपत् आइपऱ्यो। ताप्लेबाट पुरानो गाउँ बक्राङ पुग्न बिहानै झिसमिसेमै हिड्दा खाना खान पुगिन्छ। त्यसैले यो खबर पुग्यो र बन्धुबाधवहरू आए। ताराले आफू सती जाने ढिपी गरिन्, कतिले नजाऊ बच्चा पाल्नुछ भने होलान् तर उनी मानिनन् र सती जाने निश्चय गरिन्।

तीन्मैने शिशु पुत्रका उपरमा वास्ता नराखी कुनै
सारा नै ऋण माफ दी धन दिँदै आगे बढीन् आफु नै ॥१०॥

ईश्वरप्रति उनको ठूलो भरोसा थियो, विश्वास थियो, सतीमार्गबाट कसैले पनि उनलाई रोक्न सकेनन्। अड्डाले अनुमति नदिइकन सती जान पाइदैनथ्यो। त्यसैले अड्डा साधेर अनुमति लिएर सती जाने निर्णय भयो। उनको घरमा एक घर्तिनी थिइन् उनलाई पनि आजाद गरिदिइन् र छोरा हुर्काउने जिम्मा लगाइन्।

अड्डा साधि लगाइ शुद्ध कपडा शास्त्रोक्तका रीतले
गौरी पूजनको विधान हुन गो धर्मार्थका गीतले ॥१२॥

नारीको तन यो लिएर मइले संकष्ट पाएँ अहो !
ऐले भाग्य खुलेर पो पतिसँगै मौका मिल्यो मर्नको।
राँडी भै अब के ? जिएर बसदा हेला हुँदै लोकको
तस्मात् जान्छु म ता सँगै खसमका ठानेर आनन्द यो। १३॥ (पृ२२५)

सती जाँदाका अवसरमा गरिने कृत्यलाई पनि यसरी संकेत गरिएको छ र घरकी घर्तिनीलाई आजाद गरेको सन्दर्भ पनि व्यक्त छ :

झटपटसँग मैले स्नान् गरी राम बोलें
पतिसँग सति जाने मन् गऱ्याँ आज मैले।
अब बुझ सुत सानो आइ रोला नदेखि
घरकी घरतिनी ! पार् भयौ आजदेखि ॥१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तारामा रहेको जिम्मेवारी र मातृत्वको भावलाई कविले यसरी वर्णन गरेका छन्

घसिदिनु तब तेलै काखमा राखिलिनु
बखतबखत रोला भोकले खान दिनु ।
तिमिसित यति बात् गर्दछु जानलिनु
शिशु निरस छ भोकै मर्नलाई नदिनु ॥१६॥

सन्तानप्रतिको प्रियता र स्नेहलाई कवि यसरी चित्रण गर्दछन्; जो पाठकको संवेदनालाई छुने खालको रहेको छ -

भोकलाग्ला मेरो बाबु ! ओखले बियाँ खाला
तिर्खा लाग्ला मेरो बाबु बलेनीपानी खाला ॥१७॥
निद्रालाग्ला मेरो बाबु ! भुस्कटैमा सुतौला ।
बाबु केही बिराम गर्ला रोई दिन बिताउला ॥१८॥ (पृ.२२६)

छन्दयोजनाका दृष्टिले हेर्दा यस कवितामा १५ श्लोक शार्दूलविक्रीडितमा र २ श्लोक मालिनी छन्दको प्रयोग गरिएको देखिन्छ । ३ पद्य लोकलयमा रहेको बुझिन्छ । कविले छन्दलाई सहजरूपमा खेलाएका छन् । कवि दृष्टिविहीन भएकाले भाषा प्रयोग र छन्दपरिष्कारमा पनि अवश्य समस्या रह्यो होला भन्न सकिन्छ । अरूले नै लेखिदिनुपर्ने र परिष्कार पनि भनेअनुसार अरूले नै गरिदिनुपर्ने भएपछि केही समस्या अवश्य भयो ।

भाषा प्रयोगमा माध्यमिक कालीन प्रभाव र संस्कृतको प्रभाव रहेको छ । कतै कतै खट्किने प्रयोग पनि भेटिन्छ तर त्यो समयमा दृष्टिविहीन कविले लेखेको काव्यमा त्यस्तो भेटिनु स्वाभाविक मान्नुपर्छ । कविले कवितामा सौन्दर्य प्रवर्धक तत्त्वहरूको विन्यासमा खासै कसरत गरेका छैनन् । अन्त्यानुप्रास र अन्तर्अनुप्रास अलङ्कारको प्रयोग गरिएको छ भने केही अर्थालङ्कारको खोजिगर्दा स्वभावोक्ति, अतिशयोक्ति उपमा आदिको प्रयोग भेट्न सकिन्छ ।

सतीका विषयमा केही चर्चा

गायत्री गणेशले सती चरित्र भनेर एउटा कविता लेख्नुभएको छ । सतीका विषयमा अनेक किंवदन्तीहरू छन् । हिन्दुधर्म परम्परामा यस्तो प्रथा छ र यसले महिलालाई जिउँदै मर्न बाध्य तुल्याएको छ भनेर आरोप लगाउनेहरू पनि छन् । अन्वारोहणका विषयमा सामान्य चर्चा नभएको होइन, सामान्य चर्चा छ, तर यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै प्रथा पनि होइन, चलन पनि होइन र शास्त्रीय प्रमाणबाट पुष्ट पनि हुँदैन। रामायण र महाभारतका प्रमुख पात्रहरूको मृत्यु हुँदा उनका रानीहरू कोही पनि सती गएका छैनन्। दशरथको मृत्युमा उनका रानीहरू सती भनौँ कि चिताशयन भनौँ गएका छैनन्। व्यासमाता सत्यवती या योजनगन्धा पनि सती गएकी छैनन्। कुन्ती पनि चिताशयनमा गएकी थिइनन्। यस्ता अनेक महिलाहरू सती थिए, लोग्नेको मृत्युपछि, आत्मदाह पनि गरेनन्, पुनर्विवाह पनि गरेनन्, कुलमाता भएर बसेका छन् कुलपरम्पराको धर्म थामेर बसेका छन्।

चन्द्रवंशी राजाहरू, सूर्यवंशी राजाहरू, यदुवंश, कुरुवंश आदिको वंशविस्तारको अध्ययन गर्दै जाने हो भने चिताशयन गर्ने महिलाहरू वा पतिको शवसंग आत्मदाह गर्नेहरू भेट्न ज्यादै दुर्लभ हुन्छ। आपस्तम्बले आफ्नो धर्मसूत्रमा धेरै ठाउँमा धार्मिक कृत्य गर्दा दोधार भयो भने कुलमाताहरूलाई सोधेर उनीहरूले बताएअनुसार गर्नु भनेका छन्। उनले स्वकीय धर्मसूत्रको अन्तिम सूत्रमा पनि मैले यस पुस्तकमा बताएका विषयहरू तद्अनुसार ग्रहण गर्नु र यहाँ नबताएका विषय उपस्थित भएमा कुलमाताहरूलाई सोधेर उनीहरूले बताएअनुसार गर्नू भनेका छन्। यसबाट पनि कुलमाताहरू जीवित नै हुन्थे, शवमा शयन गरी आत्महत्या गर्दैनथे भन्ने बुझिन्छ। १६ अध्याय भएको गरुड पुराणमा सती जाने कुराको चर्चा गरिएको छ। तर त्यो १६ अध्याय मूल गरुड पुरणमा भेटिँदैन। हिन्दुधर्मग्रन्थहरूको प्रमाणको एउटा निश्चित व्यवस्था छ। कुन कुन ग्रन्थ प्रमाण हुन्छन् भनेर गणना गरिएको छ। संस्कृतमा विभिन्न विषयका लाखौं ग्रन्थहरू लेखिएका छन्। कुन विषयक्षेत्रमा कुन ग्रन्थ आधिकारिक हुन्छ त्यसको निश्चित व्यवस्था छ। धर्मशास्त्रीय चिन्तनमा विचारकहरूले पतिको शवमा संगै जलेर प्राण त्याग्ने विषयलाई कतै कुनै महत्त्व नै दिएका छैनन्। त्यसलाई सतीप्रथा भन्नु पनि उचित देखिँदैन। श्रुतिलाई सबभन्दा बलियो प्रमाण मानिन्छ भने त्यसपछि स्मृतिलाई दोस्रो प्रमाण मानिन्छ। त्यसैले सामान्य ग्रन्थमा आएका सतीका विषय प्रमाणग्रन्थले मान्दैनन्।

सतीप्रथा भनेर पश्चिमाहरूले बढाइचढाइ गरेको देखिन्छ। भारतमा १२ औं शताब्दी अगाडिको सती गएका घटनाको गणना गर्दा अध्येताहरूले ज्यादै कम नगण्यमात्रामा छिटपुट रूपमा पाएका छन्। तर मुसलमानहरूको आक्रमणपछि हिन्दु विधवा नारीहरूलाई बलपूर्वक अपहरण गर्ने, फकाउने, फुलाउने, आश र त्रासमा पार्ने घटना बढ्न थालेपछि पतिसंग शवशयन गर्ने र देहत्याग गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारीहरूको संख्या बढेको र अंग्रेजहरूको राज्यमा झनै सती गएको डाटाले देखाएको छ ।

सत्ता, शक्ति र धनका कारणले भने कतिपय ठाउँमा महिलाहरूलाई दुःख दिएको र मर्न बाध्य तुल्याएको घटना देखिन्छ। त्यो धार्मिक कारण नभएर लोभानी पापानी थियो । लिच्छविकालमा मानदेवकी आमा सती जान खोजेकी थिइन् तर छोराले रोके । लिच्छविकालका ३६ जना महिलाहरूले विभिन्न किसिमका धार्मिक कार्य गरेर शिलापत्र लेखाएका छन् । पतिको स्मृतिमा धेरैले पाटीपौवा, धारा आदि बनाएको कुरा अभिलेखमा पाइन्छ । मल्लकालमा राजनीतिक दाउपेचले गर्दा रानीहरूलाई राजाका साथमा जलाएका घटना छन् । त्यो दुःखद छ र शास्त्रविपरीत पनि छ । शाहकालमा पनि राजनीतिक दाउपेचले गर्दा केही रानीहरू चितामा जिउँदै जल्न बाध्य भएका घटना छन् । यी सबै शास्त्रनिषिद्ध कुरा हुन् । सती जानलाई परम वैराग्य आवश्यक हुन्छ । तर त्यसमा पनि थुप्रै शर्तहरू पूरा भएमा मात्रै सती जान पाइन्छ । नत्र निषिद्ध हुन्छ । गायत्री गणेशकी हजुरआमा तारादेवी ३ महिनाको बच्चालाई छोडेर सती जान मिल्दैनथ्यो तर परम वैराग्यले गर्दा आफन्तजनले रोक्न नसकेको बुझिन्छ । तै पनि अड्डा साँधेर नै सती गएको उल्लेख छ । २।३ सय वर्षको इतिहासमा अर्यालवंशमा एक जना सती गएको देखियो भने कट्टेलवंशमा पनि २।३ सय वर्षमा एक जना सती गएको घटना पाइन्छ । उदयानन्द कट्टेलकी धर्मपत्नी पङ्क्तिकारका हजुरबुबाका पनि हजुरआँबै परम वैराग्यले गर्दा घरपरिवार र गाउँलेले रोक्दा रोक्दै पनि केही नलागेर सती जानुभएको भन्ने कथा पितृपरम्परामा सुनिदै आएको हो । त्यसैले गर्दा सयौँ वर्षमा सती गएका एकाध घटनालाई लिएर नेपालमा 'सतीप्रथा' भन्नु उपयुक्त हुँदैन भन्ने मलाई लाग्छ ।

४.८ गणेशकल्पलताका कविताहरूको अध्ययन

गणेशकल्पलतामा ११ वटा लहरीकविता प्रस्तुत गरिएको छ । संस्कृत साहित्यमा लहरीसाहित्यको प्रयोग र प्रभाव रहँदै आएको देखिन्छ । जलतरङ्गलाई लहर भनिन्छ भने भावतरङ्गकै अर्थमा (लेन इन्द्रेण इव ह्रियते उर्ध्वगमनाय इति (ल+हृ+इन्, पक्षे ङीष्=लहरी) लहरी शब्द बन्दछ । संस्कृतमा गङ्गालहरी, पीयूषलहरी पण्डितराज जगन्नाथका रचना हुन् । यस्तै आनन्दलहरी, तरुणलहरी, सुधालहरी आदि पनि छन् । त्यसैको प्रभावमा नेपालीमा लहरीसाहित्यको प्रभाव र परम्परा रहेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.८.१ श्रीगुरुलहरी

गणेशकल्पलतामा ११ वटा शीर्षकका कविताहरू रहेका छन् । पहिलो कविता श्रीगुरुलहरी हो । यो कविता अनुष्टुप छन्दका ९ श्लोकमा रचना गरिएको छ । श्रीगुरुलहरी शीर्षकबाट नै यस कविताले गुरुको महत्त्वगान गरेको बोध हुन्छ । गृ निगरणे धातुबाट कु प्रत्यय लागेर गुरु शब्द बन्दछ । शिष्यको अज्ञानलाई निलिदिन्छ र धर्मको वा ज्ञानको उपदेश गर्छ भन्ने यसको अर्थ हुन्छ । गुरु शब्दका अर्थ धेरै हुन्छन् मन्त्र दिने, विद्या वा कला सिकाउने, आफूभन्दा ज्येष्ठ व्यक्ति, माता, पिता, हजुरबुवा, काका आदि पनि गुरुस्थानीय व्यक्ति हुन् जसलाई सम्मान गर्नुपर्दछ । गुरु भन्ने बित्तिकै मन्त्र दिने वा दीक्षा दिने गुरु र विद्या दिने गुरु भन्ने अर्थ बोध हुन्छ । यहाँ आमा र पिता लाई नै प्रथम गुरु मानेको छ भने पितालाई महागुरु पनि भनिएको छ । योगसूत्रमा ईश्वरलाई गुरु भनिएको छ । 'पूर्वेषामपि गुरुः कालेनानवच्छेदात्' (१।२६) भनिएको छ । शास्त्रमा १२ किसिमका गुरुको उल्लेख पनि आउँछ । गुरुका लक्षण -

परोपकारनिरतो जपपूजादि तत्परः ।
अमोघवचनः शान्तो वेदवेदार्थपारगः ॥
योगमार्गानुसन्धाता देवताहृदयसङ्गमः ।
इत्यादिगुणसम्पन्नो गुरुरागमसम्मतः ॥ (शब्दकल्पद्रुम)

गुरुको सातिशय महत्त्व यहाँ बताइएको छ । तर सबै गुरु राम्रा हुँदैनन् त्यसैले वर्जनीय पनि हुन्छन् भन्ने विषय शास्त्रमा पाइन्छ ।

संस्काररहितो मूर्खो वेदशास्त्रविवर्जितः ।
श्रोतस्मार्तक्रियाशून्यः शुष्कभाषः सुकुत्सितः ॥
पुर-याजनजीवी च नरो वैद्यश्च कामुकः ।
क्रूरो दम्भी मत्सरी च व्यसनी कृपणः खलः ॥

यस कवितामा असल गुरुलाई देववत् सम्मान गर्नुपर्छ भन्ने मान्यता स्थापित गरिएको छ ।

यो कविता केही मौलिक र केही संस्कृतका 'गुरुर्ब्रह्मा ...' आदि श्लोकको अनुवादका रूपमा समेत रहेको देखिन्छ । गुरु शब्दबाट प्रकट हुने विशिष्ट भाव र विचार नै यस कविताको केन्द्रीय कथ्य रहेको छ । यस कविताको भाषा सहज र सरल रहेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.८.२ श्रीहेरम्बलहरी

यो कविता श्रीगणनायकका विषयमा लेखिएको छ । यस कवितामा गुरुवन्दनापछि गणेशको वन्दना गरिएको छ । शीर्षक भने अभिधेयात्मक रहेको छ । गणपति वन्दना नै यस कविताको केन्द्र रहेको छ भने शार्दूलविक्रीडित छन्दका ८ एक अनुष्टुप् गरी ९ श्लोककै रचना यहाँ पनि देखिन्छ । गणेशका विषयमा वेद, पुराण, तन्त्र, गणेशअथर्वशीर्ष, गणेशपुराण र गणेशका अनेक स्तुतिहरूमा व्यक्त गणेशका विशेषता र दार्शनिक भावसमेत यस रचनामा पाउन सकिन्छ ।

गौरीका स्तनपान गरिरहेका वेलामा खित्का छोड्दै हाँस्दा सेतो दाँत चम्कने र श्रीशम्भुलाई हेर्दा र उनकै काखमा बस्दा भक्तवत्सल रूप जस्को देखिन्छ तिनै गणेशले सिद्धि दिलाइदिनुपऱ्यो भनेर स्तुति गरिएको छ । गणेशजी सदैव भक्तहरूको कार्यसिद्धिदायक हुनुहुन्छ । जसलाई देवता, दैत्य, यक्ष, राक्षस, मनुष्य आदिले पूजा गर्छन् । योगीहरूले मूलाधारमा गणेशको चिन्तन, धारणा र ध्यान गर्दछन् । मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि, आज्ञा र सहस्रार जस्ता षट्चक्र वा सप्तचक्र मानव शरीरमा रहेका छन् । चक्रध्यानकै साधनाबाट योगीहरू सिद्ध हुन्छन् । गणपतिकै आशीर्वादबाट भक्तजनको इच्छा सिद्धि हुन्छ । शिवजीले त्रिपुरविजयमा र श्रीदेवी पार्वतीले शुम्भनिशुम्भ विजय गर्दा जसको स्तुति र पूजा गरेका थिए । जसको रातो शुण्डदण्ड छ, लम्बोदर छ, ऋद्धि र सिद्धि पत्नी छन्, लक्ष्य र लाभ पुत्र छन्, जस्को वस्त्र रातो छ, त्यस्ता गौरीपुत्र विनायकले सिद्धि प्रदान गर्नुपऱ्यो । जो गौरीपुत्र सिद्धिदायक छन् तिनी मातृकागणसंग नाच्दछन्, नाच्दा जसको ठूलो पेट शुण्डदण्ड हल्लेको देखेर दर्शक गण रद्दै हुन्छन्, गौरीशङ्करका पुत्र छन् तिनैका कुमार अग्रज रहेका छन् । यस्ता दिव्यशक्तिशाली गणेशले सदैव साधनामा सिद्धि दिऊन् भन्दै स्तुति गान गरिएको छ ।

यस कविताको रचना गाढबन्ध छ, संस्कृतको शैली प्रस्तुत छ, र अनि तत्सम शब्दको बाहुल्य रहेको देखिन्छ । शब्दालङ्कार र अर्थालङ्कार दुवै यहाँ पाउन सकिन्छ । शब्दालङ्कारमा सर्वत्र अन्त्यानुप्रास मिलाइएको छ भने अन्तर् अनुप्रास पनि पाउन सकिन्छ जस्तो 'चमक् चम्कदा' 'चन्द्र-चकोर' 'सिद्धि साधन' आदि प्रयुक्त छन् ।

गौरीका स्तनपानका समयमा खित्का दिँदै हाँसदा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्थ्यो शोभित दन्तको किरण नै सेतो चमक् चम्कँदा ।
तेसैले अब घोर विघ्न तमको पार्दै सबै ध्वंसन
हे हेरम्ब ! मलाई वक्सनु पर्‍यो यो सिद्धिको साधन ॥ (पृ.२३२)

यहाँ अन्त्यानुप्रास, वृत्त्यनुप्रास, अन्तर् अनुप्रास आदि पाउन सकिन्छ भने श्वेतदन्तकिरणलाई ज्ञानको रूपमा र तमलाई अज्ञानको रूपमा अभेद आरोप गरिएको देखिन्छ । यस्तो आरोपमा रुपक अलङ्कार व्यक्त हुन्छ । श्वेतदन्तरूप ज्ञानको किरणले तमरूप अज्ञानलाई ध्वंस गर्दै ज्ञान प्राप्ति होस् भन्ने आशय यहाँ झल्किएको छ । अर्को 'चन्द्रचकोरझैँ' वाक्यमा उपमान, उपमेय, समानधर्म र वाचक शब्दको संकेत रहेकाले उपमा अलङ्कार व्यक्त भएको देखिन्छ । यहाँ उपमेय गणेशको हेराइ, उपमान् चन्द्रचकोरको हेराइ, एक टकले हेर्नु समान धर्म, 'झैँ' वाचक शब्द आएकाले उपमा अलङ्कार व्यक्त भएको छ। त्यस्तै यस स्तुतिमा निर्वेद स्थायीभाव हुने शान्तरसको भाव अभिव्यक्ति भएको छ ।

४.८.३ श्रीआदित्यलहरी

लहरी काव्यको तेस्रो नम्बरमा श्रीआदित्यलहरी रहेको छ । शीर्षक छोटो छरितो र अभिधेयात्मक रहेको छ । यसमा पनि शार्दूलविक्रीडितका ८ र १ अनुष्टुप्सहित ९ श्लोक रहेका छन् । सूर्यस्तवन नै यस कविताको केन्द्रीय भाव र विचार हो । वेद, ब्राह्मण, उपनिषद्, अथर्वशीर्ष, सूर्यपुराण आदिमा सूर्यका विषयमा प्रतिपादित सिद्धान्तलाई यहाँ सुन्दर शैलीमा उल्लेख गर्दै सूर्यको प्रार्थना गरिएको छ । सूर्य विश्वनेत्र हुन्, आकाश र पृथ्वीका प्रकाश हुन्, सृष्टिका मूल हुन्, रोगका विनाशक हुन्, कालगणना जस्को आधारमा चल्छ त्यस सूर्यले देहको गौरव बढाइदिनुहोस् भनेर प्रार्थना प्रस्तुत छ ।

सूर्य सृष्टि र भौतिक ब्रह्माण्डका नायक हुन् । सूर्यको उदयले समस्त लोक जागृत हुन्छ र जो अस्ताचल जानाले संसार तिमिरले आछन्न हुन्छ । जसको रथमा सात घोडा जोतिएका छन्, एक सारथि छन्, सात लगाम लागेका छन् । जसको परिवारमा यमराज, दस्रा, शनि, कालिन्दी, छन् । छाया र संज्ञा पत्नी छन् । यस्ता सूर्यले रोगध्वान्त गराउनुहोस् भन्ने भाव र विचार प्रस्तुत छ । कवि गायत्री गणेश २००१ सालतिर आँखाको रोगी भई उपचारको लागि धेरै प्रयत्न भयो तर पनि निको हुन सकेन । अत: यहाँ रोग ध्वान्त हटाइ झट्ट दिनुहोस् 'यो देहको गौरव' त्यतापट्टि लक्षित रहेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्का छन् यमराज दस्र शनि औ छोरा र छोरी अनि
कालिन्दी अनि थे रतिज्ञ गृहिणी छाया र संज्ञा पनि ॥
यस्ता यी परिवारका बसि सँगै आनन्द पार्ने सब
रोगध्वान्त हटाइ झट्ट दिनुहोस् यो देहको गौरव ॥५॥ (पृ.२३४)

प्रस्तुत कविता पनि प्रौढ र प्राञ्जल भाषा शैलीमा लेखिएको छ। शार्दूलविक्रीडित छन्दमा लेखिएको कवितामा सर्वत्र अन्त्यानुप्रास र अन्तर्अनुप्रासको योजना गरिएको छ । संस्कृत तत्सम शब्दको बाहुल्य रहेको यस कवितामा सूर्यलाई केन्द्रीय भावभूमिको आलम्बन बनाउँदै सूर्यको शक्ति, सामर्थ्य र वैशिष्ट्यको वर्णन गरिएको छ। यसमा अतिशयोक्ति, स्वभावोक्तिजस्ता अलङ्कार रहेको पाइन्छ भने कवितामा निर्वेदस्थायी भाव भएको शान्तरसको भाव अभिव्यक्त भएको छ।

४.८.४ श्रीदुर्गालहरी

यस लहरी शृङ्खलाको चारौँ कविता श्रीदुर्गालहरी हो । शिखरिणी छन्दमा लेखिएको यस कवितामा पनि अनुष्टुप् १ श्लोकसहित ९ श्लोक रहेका छन् । यो पनि स्तुति काव्य नै हो । यसमा पनि हाम्रो पाञ्चायन मण्डलकी देवी दुर्गाको स्तुति गरिएको हुनाले यसको शीर्षक पनि दुर्गालहरी राखिएको बुझिन्छ। दुर्गालाई यहाँ विश्वको सृष्टिकर्ता मानिएको छ, सबै तिम्रो छोरा भए पनि समता भने छैन, तिनैमध्येको म हजुरप्रति ममताभाव राख्छु भन्ने भाव छ । संसारी नहुन्जेल म पनि सुखी थिएँ होला तर मायाले गर्दा ममा संसृति पैदाभयो र यस्तै अनेक जन्म बितेको कुरा उल्लेख छ। जननीको पवित्र काख गुमाएकाले ऐले फजिति भएको हो, आमाको दयादृष्टि कहिले पाउन सकुँला भन्ने चिन्ता लिँदा पनि फजिति भने थपिइरहेको छ । यस भक्तिरचनामा श्रीशङ्कराचार्य रचित देव्यपराङ्क्षमस्तोत्रको प्रभाव पनि देखिन्छ। संस्कृतका अन्य स्तुतिपंद्यको प्रभाव पनि पाउन सकिन्छ।

थियो कालो टालो हृदयनभको बादलसरी
सबै बाटो ढाक्यो निरय जलको वर्षण गरी।
दयाले दुर्गाको कलुषघन सारा हटिगयो
महामाये दुर्गे ! स्मरण पनि तिम्रो अब भयो ॥

यहाँ उपमा अलङ्कार व्यक्त भएको छ भने अन्य श्लोकमा अनुप्रास, स्वभावोक्ति, अतिशयोक्ति आदि अलङ्कार पनि प्रयुक्त छन् । भजनबाट नै जगज्जननीलाई प्रसन्न पार्न र भवाटवीबाट छुटकारा पाउन सकिन्छ भन्दै भक्तिभावको वर्णन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको निर्वेद स्थायीभावयुक्त कविता शान्तरसभावको अभिव्यञ्जक बनेको छ। यसको भाषाशैली पनि प्राञ्जल र प्रौढ रहेको प्रतीत हुन्छ।

४.८.५ श्रीशारदालहरी

शारदालहरी अर्को स्तुतिकविता रहेको छ। शीर्षकबाट नै सरस्वतीको बन्दना प्रतीत हुने यस कवितामा शारदादेवीका दिव्य गुणको वर्णन गरिएको पाइन्छ। यसमा पनि सरस्वती स्तोत्रको प्रभाव भेटिन्छ। यो पनि शार्दूलविक्रीडित छन्दका ५ श्लोक र अनुष्टुप छन्दको एक गरी ६ श्लोकयुक्त रचनामा फैलिएको देखिन्छ। सरस्वतीको वन्दना र स्वरूपचित्रण नै यस कविताको केन्द्रीय विषययवस्तु र भावभूमि रहेको अनुभव हुन्छ।

जस्को कुन्दसमान देहछविले शुभ्रांशुका विम्बले
वीणापुस्तकले र शुक्लगुणवत् वस्त्रादि भूषादिले।
ज्यादा शोभित शारदा चरणको पूजादि गर्लान् कुनै
वाग्देवी उसको बसून् मुखविषे त्रैलोक्यमाता उनै॥

यसरी प्रस्तुत कवितामा शारदाका विषयमा प्रभावपूर्ण भाव र विचार व्यक्त गरिएको छ। यसमा अन्त्यानुप्रास, अन्तरअनुप्रास, स्वभावोक्ति, उपमा अलङ्कार आदिको प्रयोग भएको देखिन्छ। यसको भाषा परिष्कृत र परिमार्जित रहेको बुझिन्छ।

४.८.६ श्रीशिवलहरी

शिवलहरी अर्को एउटा महत्त्वपूर्ण कविता हो जसमा शिवका गुणानुवादको वर्णन गरिएको छ। यसमा ४ पद्य शार्दूदविक्रीडित र ३ पद्य शिखरिणी एवं एक पद्य अनुष्टुप्का रहेका छन्। कविले शिवको वर्णन यसरी गरेका छन्

जस्का छन् तीन नेत्र पाँच मुख छन् गङ्गा शिरैमा अनि
छाला कम्मरमा र सर्प गहना छन् चन्द्र लट्टामनि।
गौरी काखविषे त्रिशूल करमा सेतो खरानी सबै
घस्ने देहविषे सदा शिवजीले रक्षा गरून् नित्य नै॥

सृष्टि, स्थिति र लयका मालिक शिवजी नै हुन्। उनै शिवजी सृष्टि गर्दा ब्रह्मारूपमा, पालन विष्णुरूपमा र लय शिवरूपमा गर्नुहुन्छ भन्ने दार्शनिक विचार यहाँ प्रकट गरिएको छ। प्रभु भज्ने प्रतिज्ञा गरेर संसारमा आए पनि माया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र ममताले गर्दा वा भवबन्धनले गर्दा सबै बिर्सियो, त्यसैले हे भगवन् दया होस् भनेर क्षमा याचना गरिएको छ। न काशीमा बसेर शिव जपियो, न एकान्तमा ध्यान गरियो, न शिवचरणको स्पर्श गरियो, त्यसैले यमको पाशमा परिने भयो, अतः शिवको दया दृष्टि होस् भन्ने भाव सुन्दर, प्रौढ र प्राञ्जल शैलीमा व्यक्त भएको छ। यहाँ पनि शब्दालङ्कार र अर्थालङ्कारको सहज विन्यास पाइन्छ। कविले कतै पनि अलङ्कार विन्यासका लागि कृत्रिम प्रयत्न गरेका छैनन्। चाहे शब्दालङ्कार होस् वा अर्थालङ्कार होस् लेख्दै जाँदा भनौं या टिपाउँदै जाँदा सहज रूपमा प्रकट भएर आएका हुन्छन् उनका कवितामा। शिवलाई केन्द्रीय भाव र विचार बनाइएको प्रस्तुत शिवलहरी कवितामा निर्वेद स्थायी भाव भएको शान्तरसकै भावछटा व्यक्त भएको अनुभव हुन्छ।

४.८.७ श्रीरामलहरी

श्रीरामलहरी पनि अर्को मर्यादापुरुषोत्तम रामको विषयमा लेखिएको महत्त्वपूर्ण कविता रहेको छ, यसले रामप्रतिको अगाध भक्तिभाव प्रकट गरेको छ। यस कवितामा ५ वटा शार्दूलविक्रीडित र ३ वटा शिखरिणी छन्दमा गरी ८ श्लोक छन्। कविको रामभक्तमाला संस्कृत काव्य र बालरामायण महाकाव्य नै प्रस्तुत भैसकेपछि पनि लहरीकाव्यको रचनाक्रममा यसको आलेखन भएको बुझिन्छ। कवि रामगाथा सुनेर नै किशोरावस्थामा लेखन र पठनमा प्रवृत्त भएको कुरा कविको जीवनीबाट थाहा लाग्दछ। अतः कविमा रामप्रतिको अगाध भक्ति र समर्पण रहेको देखिन्छ।

यस कवितामा सुरुका २ श्लोक संस्कृतका रहेका छन्, जुन ज्यादै प्रसिद्ध र लोकप्रिय पनि छन्। 'यं शैवा समुपासते शिव इति' यो समन्वयवादी श्लोक सबैलाई कण्ठै आउँछ पनि तर यसको अन्तिम पाउमा परिवर्तन गरिएको छ र 'सोऽयं वो विदधातु वाञ्छितफलं त्रैलोक्यनाथो हरिः' लाई 'शाक्ताः शक्तिमुपासते गणपतिं हेरम्बसम्पूजकाः' बनाइएको छ। अर्को छैटौं श्लोकको तेस्रो पाउ र चारौंको केही अंशमा पनि संस्कृतकै उद्धरण रहेको देखिन्छ। यस्तो प्रवृत्ति यदाकदा नेपाली कविहरूमा पाइन्छ र युवाकवि मोतीराम भट्टमा पनि यस्तै प्रवुत्ति भेटिन्छ। दोस्रो संस्कृतको श्लोक कविकै रचना हो कि कतैको उद्धरण हो अहिले म यसै भन्न सक्तिन।

कविका सबै लहरीकवितामा भक्ति, दर्शन र कवित्वको त्रिवेणी प्रवाहित भएको पाइन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा पाप विनाश गर्छ जसको जो मन्त्रका शक्तिले
त्यो मन्त्राक्षर रामनाम दिनहुँ जप्ता बडो भक्तिले ।
होला त्यो पदमा सुचित्तमयता गर्दा सदा भावन
यो जाओस वितेर राम अब ता मेरो सदा जीवन ॥ (पृ.२३८)

कवि रामभक्त हुन् त्यसैले रामका प्रतिको अगाध भक्तिभाव प्रकट भएको पाइन्छ । भक्तिभाव र दार्शनिक विचारसमेत यसमा व्यक्त भएको छ । यसको भाषाशैली सुन्दर र परिष्कृत छ, परिमार्जित छ ।

४.८.८ श्रीविष्णुलहरी

लहरी काव्यमालाको आठौँ नम्बरमा श्रीविष्णुलहरी प्रस्तुत गरिएको छ । ९ वटा शार्दूलविक्रीडित र एक अनुष्टुप् छन्दसहित १० पद्यमा रचित यस कवितामा दशावतारको वर्णन गरिएको पाइन्छ । तर यहाँ वर्णन गर्दै जाँदा नृसिंहावतार छुट्न गएको देखिन्छ । अतः ९ अवतारको मात्रै वर्णन छ यस कवितामा । वेदमा संकेत भए पनि अवतारवादको मुख्य आविष्कार र प्रवर्तन पौराणिक साहित्यले गरेको बुझिन्छ ।

श्रीमद्भागवत महापुराण र अन्य अनेक पुराण तथा संस्कृतमा लेखिएका अनेक साहित्यमा १० अवतार र २४ अवतारको चर्चा पाइन्छ । प्रबन्धकाव्य र स्फुटकाव्यमा पनि विभिन्न अवतारको मुख्य चरित्रका रूपमा वा सहायक चरित्रका रूपमा वर्णन भेटिन्छ । राम र कृष्ण हजारौँ हजार काव्यकृतिमा नायक बनेका छन् । काव्यकारले संस्कृतमा रामभक्तमाला र बालरामायणको रचना गरेर रामावतारप्रति उच्चस्तरको भक्ति प्रकट गरेका छन् । अवतारवादमा विष्णुलाई केन्द्र मानिएको छ भने सबै अवतार विष्णुकै हुन् भन्ने तथ्य स्थापित गर्न खोजेका छन् पुराणहरूले । एउटा उदाहरण पढौं -

धर्मग्लानि भएर पाप बडदा दुष्टादिका कर्मले
बाधा साधु र सन्तमा हुनगयो दुष्कर्मसंयोगले ।
धर्मस्थापन साधुरक्षण भनी उत्पन्न हुँला म ता
भन्ने बात गरेर हे रघुपते ! हा राम ! ऐले कता ॥

छन्दयोजनाका दृष्टिले हेर्दा यहाँ पनि वर्णमात्रिक छन्द नै प्रयोग गरेका छन् कविले । तर यसमा सातौं श्लोकमा 'आफैँ बुद्ध भएर बौद्धमतको प्रचार गर्दा उता' यहाँ 'प्रचार' शब्दमा त गण हुनुपर्नेमा सो नभएकाले छन्दभङ्ग भएको छ । अन्त्यानुप्रासको निर्वाह भने सर्वत्र गरिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.८.९ श्रीब्रह्मविचारलहरी

कवि गायत्री गणेशको यस शृङ्खलाको नवौं कविता ब्रह्मविचारलहरी हो। यो कविता पनि शार्दूलविक्रीडितका ८ र एक अनुष्टुप् छन्दको श्लोक रहेको छ। यसको शीर्षकबाट नै विषयवस्तुको बोध भएको छ। यस कवितामा ब्रह्मविषयमा विमर्श गरिएको छ । वेद, वेदान्त, उपनिषद्, ब्रह्मसूत्र, पुराण, योगवाशिष्ठ आदि हजारौं हजार ग्रन्थले प्रतिपादन गरेको ब्रह्मतत्त्वका विषयमा सहज र सरल रूपमा संझाउन खोजिएको छ यहाँ। यहाँ 'सत्यं ज्ञानमनन्तब्रह्म' संस्कृत वाक्यंशको प्रयोग गरिएको छ।

वेदान्तादिकवेद्य वस्तु जुन हो त्यै लोकको सार हो
'सत्यं ज्ञानमनन्तब्रह्म' पनि हो जो विश्वको सार हो। (पृ.२४०)

मायादेखि पृथक् र साथ रहने हो ब्रह्म यौटै तर
मायालाइ नचाई काम गरने त्यो भाग हो ईश्वर।
सर्वात्मा सब शक्तिपूर्ण जुन हो सर्वत्र जो व्यापक
मायाका वशमा परेर रहने त्यो ब्रह्म जीवात्मक ॥५॥ (पृ.२४१)

यसमा वेदान्त दर्शनको चिन्तन प्रस्तुत गरिएको छ । यसको भाषाशैली परिष्कृत र परिमार्जित रहेको देखिन्छ।

४.८.१० रागलहरी

यस संग्रहका रचनामा यो रागलहरी दशौं कवितामा पर्दछ । शीर्षकबाट नै यो कविता शृङ्गारिक भावधारामा लेखिएको छ भन्ने बुझिन्छ । यो कविता ८ शिखरिणी छन्द र एक अनुष्टुप् छन्दसहित ९ श्लोकमा रचित छ । संस्कृत काव्य चिन्तनमा नवरसको विवेचना गरिएको छ । नवरसमध्ये शृङ्गाररस पनि एउटा हो र त्यसको छनक यहाँ पाइन्छ। आफू युवक हुँदै गएको र मोटोघाटो, सुन्दर भएको, आफूलाई देखेर सबै मोहित हुने अवस्था एकातिर छ भने अर्कोतिर कुचभारले नतमुखी भएकी सुधा छर्दै बोल्ने पत्नीको उपस्थितिले मुग्ध भएको नायकको वर्णन सुन्दर ढङ्गमा गरिएको छ।

अहो ! कस्तो राम्रो म छु युवतिको चित्त हरने
युवा मोटो.घाटो अवयव सबै छक्क परने।
पियारी मेरी छन् कुचभरनता बालवनिता
सुधा छर्दै बोल्ने पतिहृदय हर्ने पुलकित ॥१॥ (पृ.२४२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नायकको सारा भौतिक वैभव उपस्थित छन् सेवामा, परिजन पनि भने जस्तै छन्, नोकरचाकर पनि छन्, यस्तो मनमौजी जिन्दगीलाई कसैले पनि बिगार्न सक्तैन र यो धर्तीमा मजस्तो सुखसयलमा डुब्न पाउने भाग्यमानी पुरुष अर्को कुन होला र ! भनी वर्णन गरेका छन् ।

भनेजस्तै सारा परिजन तथा नोकर अनि
तथा हेर्दा सारा उपकरणका साधन पनि ।
बिगार्ने छैनन् क्वै विषयसुखको रागलहरी
कहाँ होला अर्को सुखविषयमा आज मसरी ॥७॥ (पृ.२४२)

धन, सम्पत्ति, भोगविलास, सुखसयल आदिको वर्णन गरिसकेपछि अन्त्यमा यो सबै फिका छ है परमतत्त्वको खोज गरेनौँ भने जीवन बरबाद छ भन्ने सन्देश पनि दिएका छन् र काव्यशृङ्खलालाई पनि जोडेका छन् -

यो रागलहरी अष्ट सुनेर मनमा गुन ।
सबै फिक्का भनी जान वैराग्यलहरी सुन ॥९॥

प्रस्तुत कविता शिखरिणी छन्दमा रचना गरिएको छ। छन्दको अनुशासनलाई कविले पूर्णतया पालना गरेका छन् । यसको भाषा शैली परिष्कृत र मारिमार्जित रहेको देखन्छ । शब्दालङ्कार र अर्थालङ्कार पनि परेकै छन् । कवि आफ्नो अभीष्टप्रति आफ्नो भाव व्यक्त गर्न सक्षम देखिन्छन् ।

४.८.११ वैराग्यलहरी

प्रस्तुत कविता गणेशकल्पलतामा संकलित रचनाहरूमध्ये अन्तिम रचना हो । यस रचनाको शीर्षक नै वैराग्यलहरी रहेकाले वैराग्यको विषय नै यसमा मुखर भएर आएको छ । ५ श्लोक नै यसमा शिखरिणी छन्दमा लेखिएको छ । कविले धेरै जसो कविता स्रग्धरा र शार्दूलविक्रीडित छन्दमा रचेका छन् तर यसमा शिखरिणी छन्दको सुन्दर प्रयोग छ ।

मानिस धनसम्पत्ति, स्वास्नी छोराछोरी आदि जोडेर सुखसयल गरुँला भन्दछ तर धनैषणा, जायैषणा, पुत्रैषणा, मानैषणा आदि वृत्तिको पालनपोषण गरेर जीवन बिताउँछ तर सम्पूर्ण सञ्चय र सङ्ग्रहहरू विग्रहका कारकतत्त्व हुन् भनेर कहिल्यै मानिसले बुझ्न सक्तैन । भोगको लालसामा नै जीवन बितेर जान्छ । मानिस बूढो हुँदै जान्छ, रस विरसमा बदलिन्छ ! रघुनाथको कृपाले भोगवृत्ति त्यागवृत्तिमा बदलिन सक्छ भन्ने भावभूमि र विचारशृङ्खला सुन्दर भाषामा व्यक्त छ । यसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भर्तृहरिको वैराग्यशतकको प्रभाव पनि रहेको देखिन्छ ।

मानिसमा रहने भोगैषणावृत्तिलाई कवि यसरी भन्दछन्

गरुँला भन्दैथें विभवफलमा मोज अब ता
उँडे सारा आशा हृदयबिच उठ्ता विरसता ।
पियारो ज्यादा यो तनु पनि त छुट्ला समयमा
कहाँ नारी माता सुत विभव होला बखतमा ॥३॥ (पृ.२४३)

मानिसको जीवनचक्र कसरी चलेको छ, जन्म, बाल, किशोर, युवा, प्रौढ हुँदै वृद्धावस्थामा प्रवेश गरेपछि निरस र रामरसमा डुबेपछि यो सबै फिका भएको अनुभव यसरी व्यक्त गर्दछन् कवि -

म पैले माताको स्तनयुगल चुस्ता घटघट
नपाए कैले त्यो उही बखत हुन्थ्यो छटपट ।
युवावस्था आयो युवतिसँगमा नै मन गयो
सबै फिक्का लाग्यो रघुपतिकृपाले अब त यो ॥५॥ (पृ.२४३)

कवि गणेशको भाषा उनको समयमा प्रचलित भाषाको नजिक रहेको देखिन्छ। कवि दृष्टिविहीन नहुँदा भानु, मोती, लेखनाथ, देवकोटा आदिका कृति अवश्य पढेहोलान् । तर कृति रचना गर्ने समयमा कविको नेत्रशक्ति गुमेकाले नयाँ नयाँ कृतिको अध्ययन गर्ने अवसर पाएनन्, बक्राङजस्तो असम्पृक्त गाउँमा कतैबाट पनि मानिसको आवत जावत नहुने, एकान्त कुनामा रहेको गाउँमा रहेर रचना गर्दा पुरानु प्रवृत्तिको प्रभाव रहनु स्वाभाविक छ । साथै अरूले नै लेखिदिनुपर्ने अवस्था जुन थियो त्यो पनि ठूलो समस्या थियो । कविता स्फुरण हुँदा लेखिदिने मानिस नहुने, लेखिदिने मानिस हुँदा कवितारानी नआउने कस्तो उल्झन थियो । तर पनि २५० पेजमा फैलिएका रचना प्रकाशित भएको पाइन्छ। अझ यसमा पनि दर्जनौं रचना नष्ट भएका छन्, हराएका छन् ।

शिखरिणी छन्दमा यसको रचना भएको छ र कवि छन्दयोजनामा सचेत छन् । शब्दालङ्कार र अर्थालङ्कारको अवस्था पनि विभिन्न ठाउँमा पाउन सकिन्छ। अन्त्यानुप्रास सर्वत्र मिलाइएको छ। अन्तर् अनुप्रास पनि पाउन सकिन्छ ठाउँठाउँमा । जस्तो 'पिता माता नारी' 'भए मेरा घेरा' 'अहो कालो टालो' आदि प्रयोगमा अन्तर् अनुप्रासको प्रयोग भेटिन्छ । समग्रमा भन्नुपर्दा काव्यभाव ज्यादै सुन्दर छ र अभिव्यक्तिप्रणाली पनि सशक्त रहेको अनुभव हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.९ मूल्याङ्क तथा निष्कर्ष

कवि गायत्री गणेशका १८ वटा नेपाली कविता स्मृतिग्रन्थमा प्रकाशित रहेका छन् । त्यसमध्ये ७ वटा कविता सामाजिक, वैयक्तिक र समाज सुधारका विषयमा केन्द्रित छन् भने ११ वटा कविता भक्तिभावमा केन्द्रित रहेका छन् । ११ मध्ये रागलहरी कवितामा शृङ्गारभाव व्यक्त भए पनि शृङ्गारभाव पनि काम नलाग्ने र शाश्वत नहुँदा वैराग्यलहरी सुरु गरेका छन् । यसमा पद्मशमशेरलाई निवेदन, रामराज्यानुवर्णन, प्रजातन्त्रसमाजचित्रण, राष्ट्रिय श्लोक, लोकचेतावनी, सतीचरित्र, श्री ५ महेन्द्रमा शुभकामनाजस्ता काव्यकृतिमा धर्मसंस्कृतिको ध्वंस हुन लागेकामा चिन्ता व्यक्त गरिएको छ, स्वधर्म, स्वदेश र स्वदेशको विकासमा र स्वसंस्कृतिको रक्षामा उच्च प्राथमिकता दिन आग्रह गरिएको छ । गणेशकल्पलतामा गुरु, हेरम्ब, आदित्य, दुर्गा, शारदा, शिव, राम र विष्णुलहरी आएका छन् र यिनमा भक्तिभाव र दार्शनिक चिन्तनसमेत प्रस्तुत छन् । ब्रह्मलहरीमा ब्रह्मतत्त्वको चिन्तन गरिएको छ भने रागलहरीमा रागको चिन्तन गर्दै त्यो शाश्वत र चरमसुखको मार्ग नभएकाले वैराग्य नै उपयुक्त सुखको र परमात्मा साधनाको बाटो हो भनी काव्य टुङ्ग्याइएको छ र यी भावना र विचार नै गायत्री गणेशका रचनाको सार र सन्देश हो भनी बुझ्नुपर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद : पाँच
कवि गायत्री गणेशप्रसाद अर्यालका प्रबन्धकाव्यको अध्ययन

५.१ पृष्ठभूमि

गायत्री गणेशगणेशपूसाद अर्यालले ५ वटा प्रबन्धकाव्यको रचना गर्नुभएको पाइन्छ । वंशवर्णनम् काव्यलाई समेत प्रबन्धकाव्यमा गणना गर्ने हो भने ६ वटा काव्यको रचना भएको पाइन्छ । संस्कृतमा २ खण्डकाव्य र नेपालीमा एक महाकाव्यसहित २ खण्डकाव्यको रचना गरेको देखिन्छ । तिनको यहाँ क्रमिक रूपमा अध्ययन प्रस्तुत गरिएको छ ।

५.२ रामभक्तमाला संस्कृत खण्डकाव्यको अध्ययन

कवि गायत्री गणेशले संस्कृतमा रचना गरेको रामभक्तमाला खण्डकाव्यमा १४४ श्लोक रहेका छन् । रामगाथालाई यस काव्यमा ज्यादै संक्षिप्त रूपमा वर्णन गरिएको छ ।

५.२.१ शीर्षक र संरचना

कवि गायत्री गणेशप्रसाद अर्यालबाट लेखिएको र २०१५ सालमा प्रकाशित भएको रामभक्तमाला खण्डकाव्य २३ श्लोक मङ्गलाचरणमा र मुख्य काव्य १२१ संस्कृतका श्लोकमा गरेर १४४ श्लोकमा फैलिएको देखिन्छ । यसको नेपाली अनुवाद पनि प्रत्येक श्लोकसंगै छापिएको छ र यसको संख्या १६५ रहेको देखिन्छ । कतिपय श्लोकको अनुवाद गर्दा एउटै श्लोकमा भाव विस्तार गर्न नसक्दा २।२ श्लोक लगाएर प्रस्तुत गरिएको छ । मूल प्रतिमा राजेश्वर देवकोटा र कविकै भूमिका प्रकाशित छ र पण्डित गायत्री गणेश स्मृतिग्रन्थमा पनि ३३ रचनाभित्र यो काव्य भूमिकासहित प्रकाशित छ । यस काव्यमा २३ श्लोक लगाएर कविले मङ्गलाचरण गरेका छन् र यसको नेपालीमा अनुवाद गरिएको छैन । १२१ श्लोक स्रग्धरा छन्दमा मुख्य काव्य लेखिएको छ । काव्यको ६२ श्लोकसम्म पूर्वार्द्ध र त्यसपछिको भाग उत्तरार्द्धका रूपमा प्रस्तुत गरिएको छ । रामायणका विभिन्न कथाखण्डलाई पूर्वार्द्धका विभिन्न १३ उपशीर्षकमा विभाजन गरिएको छ । यसैगरी उत्तरार्द्धमा पनि ५९ श्लोक छन् र विभिन्न कथाखण्डलाई १३ उपशीर्षकमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखिएको छ । यस काव्यले रामायणको समग्र कथालाई संक्षिप्त रूपमा प्रस्तुत गरेको छ । समग्र रामायणको कथा संक्षेपीकृत भएकाले कथानकको दृष्टिले यो काव्य खण्डकाव्यको लक्षणभित्र पर्दैन तर आकारप्रकारको हिसावले खण्डकाव्यभित्र राखिएको हो र स्वयं कविले पनि रचनान्तमा यस कृतिलाई खण्डकाव्य नै भनेका छन् ।

५.२.२. कथानक

रामकथा प्रारम्भ गर्नुपूर्व कविले पुनः मङ्गलाचरण गरेका छन् । कविको कवित्व, दार्शनिक गहिराइ र भाषिक प्रौढिमा आदिका विषयमा एउटै श्लोकबाट बोध गर्न सकिन्छ -

यः सृष्टौ ब्रह्मरूपं जगदवनविधौ विष्णुरूपञ्च धत्ते
संहारे रुद्ररूपं तिमिरनिरसने गौरवञ्चापि ब्राध्नम् ।
सिद्धौ सिद्धिस्वरूपं ज्वलन इव सदा दुःखनाशे च दौर्गं
ध्यायेयं राममीशं सजनकतनयं प्रेरयेद्यो हि विश्वम् ॥

रामभक्तमाला कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालबाट लेखिएको सुन्दर रामकाव्यमा पर्दछ । पहिलो कुसुममा १६ श्लोक संस्कृतका छन् र यसमा जन्मदेखि धनुर्भङ्गसम्मका घटना वर्णित छन् । भगवान् परमपुरुष भए पनि, निर्लिप्त, निर्गुणवाला भएपनि प्रकृतिगुणगत धर्ममा समाविष्ट भएर दशरथ पुत्रका रूपमा भूभार हर्नका लागि एक तत्त्व भए पनि श्रीराम, लक्ष्मण, भरत र शत्रुघ्न चार पुत्रका स्वरूपमा जन्म लिनु भयो ।

जुन तत्त्वमा मन र वचनको समेत गति छैन, त्यस्तो परम तत्त्व लीलावपु लिएर दशरथ गृहमा अनेक अनेक कौतुकमय कार्य गर्न थाल्नुभयो । किशोर अवस्थामा पुग्दै गर्दा विश्वामित्र ऋषि आएर कोशीतटमा रहेको आफ्नो आश्रममा दशरथपुत्रलाई लान आग्रह गर्नुभयो । यज्ञ गर्दा मारिच आदि गरिएका राक्षसले विघ्न गर्ने गरेका थिए । राम लक्ष्मणलाई लानुभयो, राक्षस मारिए, यज्ञपूर्ण भयो र जनकपुरको बाटो फर्कंदा राजा जनकको धनुष यज्ञमा पनि पसेर रामले धनु उठाउनुमात्र भएन धनुर्भङ्ग नै गर्नुभयो ।

दोस्रो कुसुममा राम र सीताको एवं अन्य भाइको समेत विवाह सम्पन्न भएको विषय भव्यरूपमा वर्णित रहेको छ । तेस्रो कुसुममा राम लक्ष्मणादि दशरथतनयको बराँत अयोध्यामा भित्रिएको विषय वर्णित छ भने चारौं कुसुममा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रेष्ठ र उत्तम कहलिएका रामलाई राज्याभिषेक गर्ने निर्णय राजाले लिएपनि भरतजननी कैकेयीले विघ्न गरिन् । पाँचौं कुसुममा कैकेयीले पुरानु वरदान मागेर एकले राम १४ वर्षका लागि वनवास र अर्को वरले आफ्नो कोखबाट जन्मिएका भरतलाई राज्याभिषेक मागिन् । बाबुको प्रतिज्ञा पुरा गर्न राम, लक्ष्मण र सीता वन प्रस्थान गर्नुभयो । गङ्गा तरेर चित्रकूट भारद्वाज आश्रम निकट पर्णशाला बनाएर बस्न थाल्नुभयो । छैटौं कुसुममा चित्रकूट वास र सातौंमा वनविहारको वर्णन छ भने आठौं कुसुममा राम, सीता लक्ष्मण अत्रि आश्रममा जानुभएको र केही दिन बसेर दण्डकारण्यतिर प्रस्थान गर्नुभएको सन्दर्भ उल्लेख छ । नवौं कुसुममा दण्डकारण्यका लीला प्रस्तुत छन् भने दशौंमा पञ्चवटीका लीला प्रसङ्गको वर्णन गरिएको छ । एघारौं कुसुममा सीताहरणको उल्लेख छ ।

कापट्यान् मर्त्यरूपौ कपटमृगकृते दूरयातौ यदा तौ
कापट्याद् भिक्षुवेशः स च कपटकृतां रामपत्नीं जहार ॥४८॥ (पृ.४०)

बाह्रौं कुसुममा किष्किन्धा आदि क्षेत्रको भ्रमण गरेर सुग्रीव, हनुमान् आदिसंग मेल गरी लङ्का हान्ने योजनाको वर्णन गरिएको छ । तेह्रौं कुसुममा सागर तरेर सीताको हालखबर बुझ्रेर आउन आदेश दिइएको छ र हनुमान्ले समुद्र पनि तरेका छन् ।

अस्माकं रक्षणे वै प्रभवसि हनुमन् जानकीमार्गणेन
तीर्त्वा सिन्धुं ससत्त्वं दशमुखनगरीं रामकार्ये व्रजेति ।
एवं प्रोक्तोऽङ्गदाद्यैः प्रहसितवदनो हर्षयन् वानरौघं
लङ्कां गन्तुं प्रतस्थे स च पवनसुतश्चिन्तयन् रामपादम् ॥६०॥ (पृ.४४)

यसरी सीता लङ्कामा हुनुहुन्छ भन्ने पत्ता लागेको र त्यसलाई अझ पक्कापक्की गर्न हनुमान् लङ्का प्रस्थान गर्नुभयो भन्ने घटनामा यस काव्यको पूर्वार्द्ध पनि समाप्त भएको छ ॥

यस काव्यको उत्तरार्द्धमा १३ वटा कुसुम रहेका छन् । पहिलोमा हनुमान् लङ्का प्रवेश गर्नुभएको छ भने दोस्रोमा हनुमान्ले सीतालाई अशोकवाटिकामा देख्नुभएको प्रसङ्ग आएको छ । तेस्रो कुसुममा हनुमान् र सीताको संवाद भएको प्रसङ्ग आएको छ भने चारौं कुसुममा रामदूत र रावणको संवाद भएको प्रसङ्गको वर्णन गरिएको छ । पाँचौं कुसुममा लङ्कादहनको सुन्दर वर्णन गरिएको छ । छैटौं कुसुममा रावणसंग युद्ध गर्न रामको यात्रा समुद्रतर्फ प्रस्थान गरेको उल्लेख गरिएको छ । छैटौंमा राम र विभीषणको मिलाप र संवाद सुन्दर ढङ्गमा आएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। सातौंमा समुद्र तरेर लङ्का पुगेको र कुम्भकर्णसंग युद्ध भई उनको वध भएको वर्णन छ । नवौंमा इन्द्रजितसंग लक्ष्मणको युद्ध भएको र उसको वध भएको उल्लेख छ। दसौं कुसुममा राम र रावणको युद्ध सशक्तढङ्गमा वर्णन गरिएको छ र ११ औंमा रावणको वध भएको विषय सशक्त ढङ्गमा प्रस्तुत छ।

छिन्ना मूर्धान आजौ पुनरपि रुरुहू रावणस्यातिचित्रं
मत्त्वा छिन्नाश्च भूयोऽपि च पुनरभवन् वारमेकं शताष्टौ ।
सन्देहाविष्टचेतास्तदनुजवचनैर्नाभिपीयूषशोषं
कृत्वा रामोऽतिक्रुद्धो रिपुवधसमये कालरुद्रेण तुल्यः ॥१०३॥ (पृ.५७)

अर्को पनि श्लोक पढौं -

अभ्रस्था देवसङ्घा दशमुखनिधनं प्रार्थमानास्तदैव
छित्वा शीर्षाणि वाणै रघुपतिरवधीद् रावणं चापि वीरम् ॥
एवं हन्ता दशास्यं रविरिव स्वच्छयन् सद्हृदब्जं
भूयात् स्वान्तः प्रकाशी कलुषमपहरन् राम एवं शरण्यः ॥ १०४॥ (पृ.५७)

१२ औं लीलामा अयोध्या आगमन, राज्याभिषेक रामराज्यको वर्णन छ। १३ औंमा रामको दार्शनिक स्वरूपको वर्णन छ।

५.२.३ चरित्रचित्रण

प्रस्तुत काव्य रामचरित्रसंग सम्बन्धित रहेको छ। त्यसैले गर्दा रामका उदात्त चरित्रको वर्णन यस काव्यमा गरिएको छ । रामजन्मदेखि रावणको वधसम्मका घटनाहरू संक्षिप्त रूपमा वर्णन गरिएको हुनाले रामका मुख्य चरित्रको समाख्यान र सशक्त वर्णन यस संक्षिप्त काव्यमा गरिएको पाइन्छ। रामले गुरु वशिष्ठबाट विभिन्न विद्या र विश्वामित्रबाट युद्धविद्या सिक्नुभएको थियो । मारिच आदिलाई मारेर विश्वामित्रको यज्ञ सम्पन्न गराएका थिए । त्यस्तै मिथिलामा कसैले पनि उठाउनसम्म नसकेको धनु उठाएर शरसमेत चढाएका थिए र धनुर्भङ्ग भएको थियो । सीतालाई विवाह गरेर अयोध्यामा भित्र्याएपछि सुयोग्य पुत्र रामलाई राज्याभिषेक गर्ने तयारी भयो। तर कैकेयीले पुरानु मागको शर्त झिकेर रामलाई वनवास र भरतलाई राज्य मागिन् । पिताजीको बाध्यतालाई बुझेर राम स्वयंले वन जाने निर्णय गर्नुभयो भने सीताले पनि रामकै अनुसरण गर्ने निर्णय लिइन्। भाइ लक्ष्मणले पनि रामकै पछि लाग्ने निर्णय गरे। बाटोमा अनेक उतारचढावलाई भोग्दै अनेक दैत्यहरूको संहार गर्दै रहे। सीताहरण र रावणको विशाल राक्षसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फौजलाई समाप्त गरेर सीताका साथ अयोध्या फर्कन सफल भएको सन्दर्भमा रामको धीरोदात्त चरित्र पुष्ट भएको छ। रामकी विवाहिता पत्नी सीता स्वकीया नायिकाको रूपमा स्थापित गरिएको अनुभव हुन्छ।

५.२.४. भाषाशैली, छन्द, अलंकार र रसयोजना

(क) भाषाशैली: भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत काव्य निकै स्तरीय र प्रवहणशील भाषामा प्रयुक्त देखिन्छ। कवि नेपालीमा भन्दा संस्कृत भाषामा सशक्त ढङ्गमा कलम चलाउन सक्षम देखिन्छन्। काव्यमा समस्त पदहरूको पर्याप्त प्रयोग गरिएको पाइन्छ भने तीन किसिमका वाच्यको प्रयोग गरे पनि कर्तृवाच्यकै बाहुल्य रहेको देखिन्छ। तिङन्त क्रियापद र कृदन्त पदको पनि आवश्यकताअनुसार प्रयोग गरिएको अनुभव हुन्छ। कतिपय स्थानमा पादपूरणार्थ अव्यय पदको प्रयोग गरिएको बुझिन्छ।

लोहस्तम्भं गृहीत्वा दशमुखनगरीं चूर्णयन् पीडयन् सन्
हत्वा रक्षांसि भूयोऽपि च गृहमदहद् बालवृद्धातुराढ्यम्।
पापीनां पातकं यत् प्रदहति च यथा रामनामानलेन
तद्वल्लङ्कां ससेनां दहनसखसुतो भस्मशेषं चकार ॥८५॥ (पृ.५२)

(ख) छन्द: छन्दको चर्चा ऋग्वेदप्रातिशाख्यमा पाइन्छ भने पिङ्गलछन्दःसूत्र र भरतनाट्यशास्त्रमा पनि उल्लेख छ। 'छन्दः पादौ तु वेदस्य' भनेको हुनाले वेदको पाद छन्दशास्त्र रहेको बुझिन्छ। माथि उल्लिखित तीन ग्रन्थमध्ये पिङ्गलछन्दःसूत्र विषयसम्बद्ध आधिकारिक ग्रन्थ हो जसमा ८ अध्याय छन्। ४ अध्यायले वैदिक छन्द र ४ अध्यायले लौकिकछन्दको सूत्रबद्धरूपमा व्याख्या गरेका छन्। छन्दका विषयमा छन्दःकौमुदी, वृत्तरत्नाकर, छन्दोमञ्जरी, छन्दःप्रकाश, छन्दोदर्पण आदि अनेक ग्रन्थ रहेका छन्। लौकिक छन्दलाई मात्रिक र वर्णमात्रिक दुई वर्गमा राखिएको देखिन्छ। मात्रिकलाई आर्या पनि भन्निछ।

आर्यामा १ मात्रादेखि ३२ मात्रा सम्मको एक पाउ हुने छन्दहरू हुन्छन्, यिनको वृत्तविस्तार गर्दा असंख्य हुन सक्छन्। वृत्तरत्नाकरमा ७ वटा भेदको उल्लेख छ। आर्या, गीति, उपगीति, उर्मी, चौपाई, ललित र तोमर छन्। कतै कतै भिन्न नाम पनि पाउन सकिएला। आर्या या मात्रिकछन्दलाई पनि सममात्रिक, अर्धसममात्रिक र विषममात्रिक भेदमा छुट्याइएको पाइन्छ।

वर्णमात्रिक छन्दलाई समपादी, अर्धसमपादी र विषमपादी वर्गमा राखिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । समपादींमा एक अक्षरको एक पाउ हुने छन्ददेखि २२ अक्षरसम्म वा त्योभन्दा पनि बढ्ता अक्षरको एक पाउ हुने छन्दहरूलाई २२।२३ गुच्छकमा विभाजन गरिएको छ । सैद्धान्तिक रूपमा र गणितीय आधारमा समेत छन्दका करोडौं भेद हुन सक्ने भए पनि संस्कृत र नेपालीमा कविहरूले ३०।४० छन्दलाई बहुधा प्रयोग गरेको देखिन्छ ।

प्रस्तुत काव्यमा ५।६ वटा छन्दको प्रयोग गरिएको छ । काव्यमा संस्कृतका १४४ श्लोक आएका छन् । तिनमा २३ श्लोक मङ्गलाचरणमा रचित छन् । काव्यको १२१ श्लोक स्रग्धरा छन्दमा मुख्य काव्य लेखिएको छ । मङ्गलाचरणका १० श्लोक अनुष्टुप्मा, २ श्लोक शिखरिणीमा, ३ श्लोक शार्दूल-विक्रीडितमा, १ वसन्ततिलकामा, ६ उपजाति छन्दमा, १ स्रग्धरामा छन् । ११ औं श्लोकको दोस्रो पाउमा २ अक्षर बढ्ता रहन गएकाले लेख्दा वा छाप्दा गडवड भएको देखिन्छ । कविले छन्दलाई मजैसंग खेलाएका छन् । छन्द कविको पछि लाग्दछन्, त्यसैले कविमा छन्दसिद्धि रहेको देखिन्छ । काव्यप्रवाहमा छन्द साधक छन्, बाधक छैनन् । स्रग्धरा, शार्दूलविक्रीडित, शिखरिणी, मन्दाक्रान्ता, वसन्ततिलका जस्ता छन्दमा प्रौढतापूर्वक लेख्न सक्नु आफैँमा छन्दःसिद्धिको प्रमाण हो । एउटा उदाहरण हेरौं -

सर्वेऽमी विबुधा यदीयकलया लोकस्थितौ हेतवः
कुर्वन्तस्तनुधारणामभिमतां शापे वरे चेश्वरः ।
धर्मस्थापनसाधुरक्षणकृते जन्मापि धत्ते तनुं
तं रामं मनुजाकृतिं नवघनश्यामं ससीतं भजे ॥

(ग) प्रस्तुत काव्यमा अलङ्कार विधानः काव्यमा रस, अलङ्कार, ध्वनि आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । अलङ्कार शब्दको प्रयोग वैदिक साहित्यदेखि वर्तमानसम्म रहेको देखिन्छ । अलङ्कारको सामान्यार्थ व्यवहारमा गहना भन्ने हुन्छ ।

अलङ्कारको परिभाषा दुई किसिमबाट गरिएको पाइन्छ (क) काव्यलाई झकिझकाउ र सुशोभित बनाउने वस्तु अलङ्कार हो (अलङ्करणम् अलङ्कारः) ॥ (ख) जसको सहयोगले अलङ्कृत पारिन्छ त्यो अलङ्कार हुन्छ (अलङ्क्रियते अनेन इति अलङ्कारः) यसरी हेर्दा अलङ्कार अलङ्कृत पार्ने साधन भयो । अलङ्कारवादी र अलङ्कार इतर आचार्यहरूले आफ्नै किसिमले व्याख्या गरेका छन् । पहिलो परिभाषा अलङ्कारवादीको हो र दोस्रो परिभाषा इतर आचार्यहरूको हो ।

आचार्य भरतले अलङ्कारलाई काव्यभूषणको साधन ठानेको देखिन्छ, त्यसैले उनले **'एतानि वा काव्यभूषणानि । प्रोक्तानि वै भूषणसम्मितानि** (नाशा १६।४१) भनेको पाइन्छ । आचार्य भामहले कान्ता पनि गहना विना सुशोभित हुन्नन् भनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(न कान्तामपि निर्भूषं विभाति वनितामुखम् । काव्यालङ्कार ।१।१३।) अलङ्कारलाई काव्यशोभाको मुख्य तत्त्व ठानेका छन् । यिनको विशेष परिभाषा छैन । दण्डीले काव्यलाई सुन्दर बनाउने धर्म नै अलङ्कार हो भनेका छन् (काव्यशोभाकरान् धर्मानलङ्कारान् प्रचक्षते । काव्यादर्श २।१।) । यसपछिका वामन, रुद्रट, भोज, विश्वनाथ आदिले अलङ्कारका विषयमा व्याख्या गरेका छन् ।

आचार्य मम्मटले काव्यप्रकाशमा रसका अङ्गीभूत धर्म, पुरुषको शौर्यादि गुण जस्तै काव्य उत्कर्षका हेतु हुन्छन्, ती चल अचल गुण हुन् । हारादिवत् अनुप्रास आदि गरिएका अलङ्कारहरूले काव्यशोभालाई बढाउँछन् ।

ये रसस्याङ्गिनो धर्माः शौर्यादय इवात्मनः ।
उत्कर्षहितवस्ते स्युश्चलस्थितयो गुणाः ॥
उपकुर्वीन्ति तं सन्तं येऽङ्गद्वारेण जातुचित् ।
हारादिवदलङ्कारास्तेऽनुप्रासोपमादयः ॥ काव्यप्रकाश ।८।६६।

अलङ्कारको वर्गीकरण

जसले शब्दका माध्यमबाट काव्यलाई अलङ्कृत पार्दछ त्यसलाई शब्दालङ्कार भनिन्छ । अर्थमा आश्रित भएर काव्यको शोभा बढाउने तत्त्वलाई अर्थालङ्कार र शब्द र अर्थ दुवैमा आश्रित अलङ्कारलाई उभयालङ्कार भनिन्छ ।

शब्दालङ्कारमा प्रायः समध्वनि, वर्ण, समानवर्ण, असमानार्थी पदहरूको आवृत्तिबाट श्रुतिसौन्दर्य, उत्पन्न गरिन्छ । शब्दालङ्कारमा प्रयुक्त वर्ण, पद, वा वाक्यमा परिवर्तन गरिदिने हो भने अलङ्कार बिथोलिन्छ । त्यसैले यिनलाई शब्दालङ्कार भनिन्छ । यस प्रकार कुनै शब्दको उपस्थितिमा अलङ्कार रहनु र त्यही शब्दको ठाउँमा समानार्थी अन्य शब्द प्रयोग गर्दा अलङ्कार हराउनु शब्दालङ्कारको प्रकृति वा विशेषता हो ।

शब्दालङ्कारका अनुप्रास, यमक, पुनरुक्तवदाभास, वक्रोक्ति, श्लेष गरी पाँच मुख्य भेद छन् । समध्वनिको आवृत्तिलाई अनुप्रास भनिन्छ[२] । अनुप्रास पनि ८ किसिमका हुन्छन् । तिनमा (क) छेकानुप्रास (ख) वृत्त्यनुप्रास, (ग) श्रुत्यनुप्रास : ((घ) अन्त्यानुप्रास (ङ) आद्यन्तानुप्रास (च) मध्यानुप्रास (छ) शृङ्खलानुप्रास (ज) लाटानुप्रास छन् । नेपालीमा अन्त्यानुप्रास र अन्य ७ अनुप्रासलाई अन्तर्अनुप्रासको रूपमा ग्रहण गरिएको पाइन्छ ।

शब्दालङ्कार

नेपालीमा बहुधा अन्त्यानुप्रास र अन्तर्अनुप्रासको चर्चा गरिएको पाइन्छ ।

---

२ अनुप्रासः शब्दसाम्यं वैषम्येऽपि स्वरस्य यत् । (साहित्यदर्पण १०।३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्य अनुप्रास र यमक आदिको पनि प्रयोग गरिएको देखिन्छ। संस्कृत साहित्यमा अन्त्यानुप्रासको प्रयोगलाई त्यति जोड दिएको छैन । कालिदास, भारवि, माघ, अश्वघोष, भट्टि आदि प्रसिद्ध कविहरूको रचनामा पनि अन्त्यानुप्रास प्रयोगको प्रयत्न देखिदैन । तर नेपाली कवि ललितावल्लभले भक्तविजयकाव्यमा १०९ श्लोक अन्त्यानुप्रासयुक्त बनाएका छन् । सो काव्यको पहिलो श्लोक हेरौं -

श्रीदेवराड्दिग्गिरिसम्भवन्तं निरन्तरं व्योमवने चरन्तम् ।
अहं सहस्रांशुहरिं हरन्तं ध्वान्तेभयूथं प्रणमामि सन्तम् ॥१॥

महेन्द्रशतकमा कविले अलङ्कार प्रयोगका लागि कुनै प्रयत्न गरेको देखिदैन। तर पनि काव्यमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको पाइन्छ। अन्त्यानुप्रासको पनि प्रयोग भएको देखिन्छ भने अन्य शब्दालङ्कारको पनि प्रयोग भएको गोचर हुन्छ ।

अर्थालङ्कारको विन्यास

अलङ्कारले नै काव्यलाई सुशोभित, रमणीय र सुरुचिपूर्ण बनाउँछ। अलङ्कारवादी आचार्यहरू अलङ्कार विनाको काव्य विधवा वनिता जस्तै हुने बताउँछन् । भामह प्रथम अलङ्कारवादी आचार्य हुन् । भरतले रसका विषयमा व्यापक छलफल गर्दै अलङ्कारका विषयमा पनि चर्चा गरेका छन् । भरतले ४ अलङ्कारको चर्चा गरेका छन् भने भामहले ३९ अलङ्कारको विमर्श गरेका छन् । त्यसपछि, रुद्रट, उद्भट, भोज, मम्मट आदि आचार्यहरूले रसको संख्या थप्दै लगेर ३०० भन्दा बढी पुऱ्याएका छन् । विभिन्न आचार्यहरूले अलङ्कारको वर्गीकरण पनि गरेका छन् । भामह, उद्भट, रुद्रट, भोज, रुय्यक, विद्याधर, मल्लिनाथ आदिले यसको वर्गीकरण र विविध पक्षमाथि प्रकाश पारेका छन् ।

यीमध्ये रुद्रट र रुय्यकको वर्गीकरण बढी चर्चित र प्रचलित रहेको पाइन्छ । व्यावहारिक दृष्टिले रुय्यकको वर्गीकरण समुचित मानिएको छ । उनले अलङ्कारलाई तीन वर्गमा विभाजन गरेका छन् । शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कार । रुद्रटले वास्तव, श्लेष, औपम्य, अतिशय, चार वर्गमा बाँडी यसैको आधारमा ८ वर्गमा विभाजन गरेको पाइन्छ (रुद्रट, काव्यालङ्कार, ७९)[३]। रुद्रटकै विभाजनलाई हेरौं- १. औपम्यमूलक, २. विरोधमूलक ३. न्यायमूलक ४. शृङ्खलामूलक ५. गूढार्थमूलक ६. उक्तिचातुर्यमूलक, ७. संसर्गमूलक ८. प्रकीर्णक । यी आठ वर्गभित्र सयौं अलङ्कार पर्दछन् । मम्मटले अलङ्कारका विषयमा

३ अर्थस्यालङ्काराः वास्तवमौपम्यमतिशयः श्लेषः । एषामेव विशेषा अन्ये तु भवन्ति निःशेषा ॥ (रुद्रट, काव्यालङ्कार, ७९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अस्तित्वमा रहेको रसलाई शब्द र अर्थका माध्यमबाट उपकृत गर्ने अनुप्रास र उपमा आदि शब्दालङ्कार र अर्थालङ्कारहरू हार आदि लौकिक गहनाजस्तै उत्कर्षका कारण बन्दछन्' भनेका छन् -

उपकुर्वन्ति तं सन्तं योद्वारेण जातुचित् ।
हारादिवदलङ्कारास्तेऽनुप्रासोपमादयः ॥ (काव्यप्रकाश)

प्रस्तुत काव्यमा पाइने केही शब्दालङ्कार र अर्थालङ्कारको संक्षिप्त चर्चा निम्नानुसार गरिएको छ ।

(अ) शब्दालङ्कारका केही उदाहरण : शब्दालङ्कारका विभिन्न भेद हुन्छन् । कविले यस काव्यमा अनुप्रास अलङ्कारको सहज विन्यास गरेका छन् । अन्त्यानुप्रासको एउटा उदाहरण -

स्नात्वा शास्त्राब्धिमेवं मणिरिव सहसा प्राप्तसंस्काररूपो
रेजे श्री रामचन्द्रो विधुरिव जलधेर्मन्थनात् प्राप्त रूपः । (७ पृ.२६)

वृत्त्यनुप्रासको उदाहरण हेरौं

'तत्रास्तां तौ ससीतौ मुनिजनसदृशीं वृत्तिमेवाचरन्तौ । (२८। पृ.३४)

यहाँ त, स, म, व जस्ता वर्णहरू दोहोरिएर श्रुतिमधुरता थपेको हुँदा वृत्त्यनुप्रास पर्न गएको देखिन्छ ।

'तीर्त्वा सिन्धुं ससत्त्वं दशमुखनगरीं रामकार्ये व्रजेति' (६०। पृ.४४)

'तीर्त्वा सिन्धुं ससत्त्वं' मा दन्त्यस्थानीय वर्णको आवृत्ति भएकाले श्रुत्यनुप्रास पर्न गएको छ ।

'रात्रौ वा वासरे दशवदनपुरीं केन रूपेण यायाम्' (६३। पृ.४५)

यहाँ र, व, द य को आवृत्ति भएर वृत्यनुप्रास बन्न गएको छ ।

'दर्शं दर्शं नगर्याः' 'सा संस्थिता स्यात्' 'जनकीं मार्गमाणः' (६५। पृ.४६)

यहाँ द द, श श, स स, म म वर्णको आवृत्ति भएको छ ।

कविले अलङ्कारका लागि प्रयत्न नगरे पनि भावप्रवाहमा लेखन प्रवाहमा ठाउँठाउँमा शब्दालङ्कार स्वतः पर्न गएको देखिन्छ ।

(आ) अर्थालङ्कारका केही उदाहरण : अर्थालङ्कारमा पनि धेरै अलङ्कार पर्दछन् । यस काव्यमा धेरै अलङ्कारको प्रयोग गरिएको छैन । कविको रुचि पनि अलङ्कारमा भन्दा रामभक्तिमा केन्द्रित देखिन्छ ।

अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा, दृष्टान्त आदि प्रमुख छन् । प्रस्तुत काव्यमा कतिपय अलङ्कारको प्रयोग गरिएको भए पनि उपमा अलङ्कारको प्रयोग बहुधा देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत पङ्क्तिमा समुद्र मन्थन गर्दा निस्कने चन्द्रमा जस्तै राम सुशोभित भए भन्ने अर्थमा उपमा परेको छ -

रेजे श्रीरामचन्द्रो विधुरिव जलधेर्मन्थनात् प्राप्तरूपः । (७ पृ२.६)

तलका सवै पङ्क्तिमा पनि उपमा परेको छ

प्राप्तौ पौराः पपुस्तावनिमिषनयनैश्चक्रवाका यथेन्दुम् । (१३। पृ.२८)

रेजे योगात् स रामो घन इव तडिता रत्नवत् काञ्चनेन (१८। पृ.३०)

वैदेही चापि रेजे तडिदिव जलदे सङ्गता राघवेशे । (२०। पृ.३०)

रेजे चैवं स चन्द्रो भगण इव तदा वानराणां गणोऽपि' (८९। पृ.५३)

उद्गच्छन् वानरर्क्षैः सह परिशुशुभे चन्द्रवत् रामचन्द्रः (९०।पृ.५३)

यहाँ रामचन्द्र उपमेय, चन्द्रमा उपमान्, वरिपरि तारागणबाट चन्द्रमा र वानरबाट रामचन्द्र परिवेष्टित हुनु साधारण धर्म वत् वाचक शब्दबाट पूर्णोपमा अलङ्कार प्रकट भएको छ । माथिल्लो आधामा पनि वानरराज उपमेय, चन्द्र उपमान्, भगणबाट परिवेष्टित हुनु र वानरगणबाट परिवेष्टित हुनु साधारण धर्म इव वाचक शब्दबाट उपमा व्यक्त भएको देखिन्छ ।

निम्न स्थानमा पनि उपमा पर्न गएको देखिन्छ

कुर्यात् स्वान्तः प्रसन्नं शरदिव रजनीं सर्वदा यः शरण्यः ।१०७। (पृ.५८)

कुर्यात् स्वान्तः प्रसन्नं मखमिव दहनो राम एवं शरण्यः ।१०८। (पृ.५९)

कुर्यात् स्वान्तः प्रसन्नं गगनमिव मरुद्राम एवं शरण्यः ।१०९। (पृ.५९)

कुर्यात् स्वान्तः प्रसन्नं भुवनमिव घनो राम एवं शरण्यः ।११०। (पृ.५८)

कुर्यात् स्वान्तः प्रसन्नं शरदिव सरितो राम एवं शरण्यः ।१११। (पृ.५८)

माथिका पाँचै पङ्क्तिमा रामलाई उपमेय र शरद्, दहन, मरुद् आदि उपमान् र तिनका कृत्य साधारण धर्म र सबै ठाउँमा इव वाचक शब्दको प्रयोग गरी उपमा अलङ्कार प्रयोग गरिएको देखिन्छ । 'पद्मपद्भ्यः' (पृ.३७) जस्ता कतिपय ठाउँमा पदमा पद्मको आरोप गरिएका ठाउँमा रूपक अलङ्कार पनि पर्न गएको देखिन्छ । 'सीताविद्युत्प्रकाशैः' (४४।पृ.३९) यहाँ पनि सीतामा विद्युत्को अभेद आरोप गरिएको हुँदा रूपक पर्न गएको छ ।

स्वभावोक्ति

भगवान् रामचन्द्रका स्वरूपको स्वाभाविक वर्णनमा स्वभावोक्ति अलङ्कार पर्न गएको छ -

श्यामाङ्गं चापहस्तं दृढशरकलितं वर्मणा बद्धगात्रं
कर्णान्ते प्राप्तनेत्रं तिलकुसुमसमं सुभ्रवं सुष्ठुभालम् ।
व्यूढोरस्कं प्रसन्नं नवनलिनमुखं राममेवं विलोक्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वामित्रोऽपि मेने निजकृततपसो रूपमेतत् फलस्य ॥९॥ (पृ.२७)

अतिशयोक्ति

यहाँ धर्तीलाई नै कम्पायमान गराउने भन्ने अर्थ र वानरहरूले पृथ्वीलाई नै ढाक्ने गरी सीताको खोजीमा लागे भन्ने अर्थमा पनि अतिशयोक्ति देखिन्छ ।

कुर्वन्तो घोररावं तरलगतितया कम्पयन्तो धरित्रीं (८९। पृ.५३)

जानक्या मार्गणार्थं प्रतिदिशमगमन् छादयन्तो धरित्रीम् । (५७ पृ४३)

आदि स्थानमा विषयको अतिशयता झल्केकाले अतिशयोक्ति अलङ्कार पर्न गएको देखिन्छ ।

(घ) रस सिद्धान्तको चर्चा

रस, अलङ्कार, ध्वनि आदि तत्त्वले काव्यलाई सुशोभित, आह्लादित प्रभावपूर्ण बनाउँछ । र पौरस्त्य काव्यसिद्धान्तमा रस, अलङ्कार र ध्वनिसिद्धान्त निकै प्रचलित र प्रसिद्ध छन् । यीबाहेक रीतिवाद, वक्रोक्तिवाद र औचित्य सिद्धान्त पनि चर्चामा पठनपाठन र विमर्शमा रहेको पाइन्छ । रस सिद्धान्तको प्रतिपादन भरतले गरे भने अलङ्कारको विमर्श पनि भरतनाट्यशास्त्रम्मा पाइन्छ ।

उपनिषद्मा नै रस शब्दको उल्लेख भेटिन्छ, जस्तो 'रसो वै सः' 'रसो ह्येवायं लब्ध्वानन्दी भवति' आदि । त्यो रस नै हो, त्यो रस (रसमय ब्रह्म)लाई प्राप्त गरेर नै आनन्दित हुन्छ । रस नै ब्रह्म हो र ब्रह्म नै रस हो ।

रस शब्द रस् धातुबाट बन्ने हुँदा संस्कृतमा 'रस्यते इति रसः' (रस्-अच् -रस) यस्तो व्युत्पत्ति पाइन्छ । पाणिनीय धातुपाठमा ५ ठाउँमा 'रस्' धातुको उल्लेख आएकाले रस धातुका रूप र अर्थसमेत विस्तृत हुने कुरा बुझिन्छ । रसको नेपाली बृहत् शब्दकोशले रसका २२ वटा विभिन्न अर्थ गरेको पाइन्छ । पानी, जडिबुटीको झोल, पारो आदि पदार्थलाई पनि रस भनिन्छ । 'खाद्यवस्तु जिभ्रामा पर्दा जिभ्राले अनुभव गर्ने अमिलो, नुनिलो पिरो गुलियो, टर्रो, तितोसमेत छ प्रकारको स्वाद, षड्रस, रसेन्द्रियले प्राप्त गर्ने आस्वाद' भन्ने अर्थ र 'साहित्यमा विभाव, अनुभाव, र सञ्चारिभावका संयोगबाट प्रस्फुरण हुने शृङ्गार, वीर, करुणा, बीभत्स, र शान्तसमेतका अनुभूतिगत नवरस' भन्ने अर्थ गरेको छ । स्वामी केशवानन्दको विद्युतीय संस्कृत-शब्दकोशले रसका ३८ वटा अर्थ दिएको छ । त्यसमा जलादि औषधादि पदार्थगत रस, षड्रस र साहित्यशास्त्रमा प्रयुक्त रसको उल्लेख छ । त्यसमा साहित्यशास्त्रमा वर्णित आनन्द गराउने चित्तवृत्ति वा अनुभव नै रस हो भन्न सकिन्छ । यो विभाव, अनुभाव तथा सञ्चारिभावबाट युक्त कुनै स्थायी भावबाट प्रकट हुन जान्छ भनिएको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रसको परिभाषा गर्ने काम भरतमुनिदेखि सुरु भएको पाइन्छ। रस्यते इति रसः वा सरते इति रसः यस्तो पनि भेटिन्छ। उनका अनुसार चिनी, मसला आदिको संयुक्त मिश्रणबाट सर्बतको छुट्टै मौलिक स्वाद उत्पन्न भएजस्तै विभाव, अनुभाव र सञ्चारिभावको संयोगबाट पैदा हुने संयुक्त आनन्द नै रस हो। उनको रससूत्र **'विभावानुभावव्यभिचारिभावसंयोगाद्रसनिष्पत्तिः'** रहेको छ। यसले विभाव, अनुभाव र व्यभिचारिभावको संयोगबाट रसको उत्पत्ति हुन्छ भन्ने अर्थ प्रदान गर्दछ।

भरतको यस सूत्रमा प्रयुक्त 'संयोगात्' र 'निष्पत्तिः' शब्दलाई लिएर अनेक व्याख्या भएका छन्। विभाव, अनुभाव र व्यभिचारिभावबाट अभिव्यक्त भई पुष्ट भएको स्थायी भाव वा स्थायीभावले युक्त आनन्दमय चैतन्य स्वरूपलाई साहित्यशास्त्रमा रस भनिन्छ।

विश्वनाथले विभाव, अनुभाव र सञ्चारिभावबाट व्यक्त रत्यादि स्थायीभाव नै रस हुन्छ भनेका छन्।

'विभावेनानुभावेन व्यक्तः सञ्चारिणा तथा।
रसतामेति रत्यादिः स्थायीभावः सचेतसाम्॥' (सा.द. ३।१)

विभाव, अनुभाव र सञ्चारीभावको स्वरूप

(क) विभाव : विभावलाई हेतु भनिन्छ। रस निष्पत्तिमा हेतुको उपस्थिति अनिवार्य हुन्छ। 'विभाव्यते अनेन इति विभावयतीति वा विभावः' यसको व्युत्पत्ति हुन्छ। यो त्यस्तो तत्त्व हो जसले भावनालाई प्रस्फुटित गर्दछ। अर्थात् सामाजिकको मनमा अवस्थित प्रेम, शोक आदि भावहरूको आस्वादनदायी अङ्कुरलाई उमार्ने तत्त्लाई विभाव भनिन्छ। विभावको दुई कार्य हुन्छन् (क) चित्तवृत्तिलाई उद्बोधन गराउनु, (ख) त्यस चित्तवृत्तिलाई रससम्म पुर्‍याउनु, **(सा.द ३।१४)**[४]।

विभाव दुई किसिमका हुन्छन् (क) आलम्बनविभाज र (ख) उद्दीपनविभाव। जुन वस्तुबाट रस उत्पन्न हुन्छ त्यही नै आलम्बन विभाव हो। आलम्बनका पनि विषय र आश्रय दुई भेद मानिएको छ।

आलम्बनोद्दीपनाख्यौ तस्य भेदावभौ स्मृतौ।
आलम्बनो नायिकादिस्तमालम्ब्य रसोद्गमात् (सा.द. ३।२९)।

उद्दीपन विभावः आलम्बनका रूप, गुण, भूषण, आदि चन्द्रचन्द्रिका, भ्रमर, पर्वत, नद नदी आदि रसलाई उद्दीप्त पार्ने तत्त्व नै उद्दीपन विभाव हो। **उद्दीपनविभावास्ते रसमुद्दीपयन्ति ते** (सा.द)।

४ सकार्यकारणञ्चारिरूपा अपि हि लोकतः। रसोद्बोधे विभावाद्याः कारणान्येव ते मताः॥ (सा.द ३।१४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ख) अनुभाव : जसले भाव वा रसको अनुभव गराउँछ भन्दा 'अनुभाव्यते अनुभावयति इति वा अनुभावः' यस्तो व्युत्पत्तिअनुसारको शब्द बन्दछ । अनुभाव त्यो तत्त्व हो जसले कुनै भावको अनुभव गराउँछ । वास्तवमा विभावबाट उत्पन्न भएको प्रतिक्रिया नै अनुभाव हो । विभाव कारण र अनुभाव कार्यको रूपमा रहेको देखिन्छ । रोमाञ्च, स्वरभङ्ग, कम्पन, आँसु, कटाक्ष, हास्य आदि क्रियात्मक व्यापार नै अनुभाव हुन् । अर्थात् विभावको असर कायिक, वाचिक र सात्त्विक रूपबाट प्रकट भएको सूचना नै अनुभाव हो (सा.द.३।१३२-१३३)[५]।

(ग) सञ्चारीभाव : जो सञ्चरण गरिरहन्छ भन्दा 'सञ्चरतीति साञ्चारी' (सम् चर भू अ सञ्चारीभभाव) यस्तो व्युत्पत्तिबाट सञ्चारीभाव शब्द बन्दछ । त्यस्तै 'व्यभिचरतीति व्यभिचारीभावः' भन्ने शब्द बन्दछ । स्थिर रूपले रहने रत्यादि आदि स्थायी भावमा कहिले प्रकट र कहिले तिरोभाव हुने चलनशील अस्थायी भाव (निर्वेद, आवेग, दैन्य, श्रम, मद, जडता, उग्रता, मोह, विबोध, स्वप्न, अपस्मार, गर्व, मरण, आलस्य, अमर्ष, निद्रा, अवहित्था, उत्सुकता, उन्माद, शङ्का, स्मृति, मति, व्याधि, सन्त्रास, लज्जा, हर्ष, असूया, विषद, धृति, चपलता, ग्लानि, चिन्ता र वितर्क जस्ता ३३ व्यभिचारी वा सञ्चारीभावको उल्लेख विश्वनाथले गरेका छन् ।) नै व्यभिचारीभाव हो[६]।

स्थायीभावको स्वरूप र संख्या

स्थायीभाव : समग्र प्रबन्ध वा वर्णनीय विषयको थालनीदेखि लिएर समाप्तिपर्यन्त व्यापक रूपमा स्थिर भएर रहने भावलाई स्थायीभाव भनिन्छ । स्थायी भाव नै रसरूपमा परिणत हुन्छ । विश्वनाथ भन्छन् :

विरुद्धा अविरुद्धा वा यं तिरोधातुमक्षमाः ।
आस्वादाङ्कुरकन्दोऽसौ भावः स्थायीति संज्ञितः ॥

अर्थात् प्रतिकूल वा अनुकूल भावहरूद्वारा जो तिरोहित हुँदैन र जो रसास्वादनको अङ्कुरको कन्द (डाँठ र मूल) हो त्यसलाई स्थायीभाव भनिन्छ ।

मम्मटले काव्यप्रकाशमा रति, हास, शोक, क्रोध, भय, जुगुप्सा, विस्मय, निर्वेद स्थायीभाव र तदनुसार रस देखाएका छन्

रतिर्हासश्च शोकश्च क्रोधोत्साहौ भयं तथा ।

---

५ उद्‌बुद्धं कारणैः स्वैः स्वैर्बहिर्भावं प्रकाशयन् ।
लोके यः कार्यरूपः सोऽनुभावः काव्यनाट्ययाः (साद) ।

६ निर्वेदावेगदैन्यश्रमदजडता औग्न्यमोहौ विवोधः, स्वप्नापस्मारगर्वा मरणमलसता मर्षनिद्रावहित्थाः । औत्सुक्योन्मादशङ्काः स्मृतिमतिसहिता व्याधिसन्त्रासलज्जा, हर्षासूयाविषादाः सधृतिचपला ग्लानिचिन्तावितर्काः ॥ सा.दा. ३।१४१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुगुप्सा विस्मयश्चेति स्थायिभावाः प्रकीर्तिताः ॥ का.प्र. १।३०
निर्वेदस्थायिभावोऽस्ति शान्तोऽपि नवमो रसः । (का.प्र.१।३५)

स्थायी भाव	रस
रति	शृङ्गार
हास	हास्य
शोक	करुण
क्रोध	रौद्र
उत्साह	वीर
भय	भयानक
जुगुप्सा वा घृणा	वीभत्स
विष्मय	अद्भूत
शम, निर्वेद	शान्त

विभवादि रसका सामग्री हुन् । ती पुष्ट नहुनजेल भाव हुन्छन् भने पुष्ट भएपछि रस रूपमा परिणत हुन्छन् (सा.दा ३।१७५)[७]।

रसानुभूतिको स्वरूप

रसानुभूतिको स्वरूप र साधारणीकरण रस निष्पत्तिभन्दा अलग सिद्धान्तचाहि होइनन् । यिनलाई बेग्लै राख्दा प्रसङ्ग अलमलिदैन भन्ने भात्रै हो । व्यञ्जनाव्यापारले सामाजिकको स्थायीभावको साधारणीकरण भएपछि स्थायीभाव नै रसरूपमा वदलिन्छ । भोक्ताले परमानन्दको अनुभव गर्दछ । यसबाट प्राप्त आनन्दको कस्तो स्वरूप हुन्छ साहित्य दर्पणमा स्पष्ट पारिएको छ । जस्तो -

सत्त्वोद्रेकाखण्डस्वप्रकाशानन्दचिन्मयः ।
वेद्यान्तरस्पर्शशून्यो ब्रह्मास्वादसहोदरः ॥
लोकोत्तरचमत्कारप्राणः कैश्चित्प्रमातृभिः ।
स्वाकारवदभिन्नत्वेनायमास्वाद्यते रसः (साद.३।२-३) ।

आनन्दमय, तनमय, चिन्मय, र अखण्डमय रसको चर्वणा गर्दछ। रसानुभूतिको स्वरूप क. सत्त्वोद्रेक, ख. अखण्ड, ग. स्वप्रकाशानन्द र चिन्मय, घ. लोकोत्तर चमत्कार, ङ. वेद्यान्तरस्पर्शशून्य, च. अलौकिकता, छ. ब्रह्मानन्दसहोदर नै रसको अनुभव हुन्छ ।

प्रस्तुत काव्यमा रस विधान

प्रस्तुत काव्यमा निर्वेद स्थायी भाव भएको शान्तरस परिपाकमा पुगेको

७ रतिर्हासश्च शोकश्च क्रोधोत्साहौ भयं तथा । जुगुप्सा विस्मयश्चेत्थमष्टौ प्रोक्ताः शमोऽपि च ॥ (सा.दा ३।१७५)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखिन्छ । शान्तरसमा शम वा निर्वेद स्थायीभाव हुन्छ । दुःखपूर्ण सांसारिक प्रपञ्च यसको आलम्बन विभाव हुन्छ । ईश्वर, तीर्थस्थल, मठमन्दिर, सत्सङ्ग आदि उद्दीपन विभाव हुन्छ । रोमाञ्चकता, अश्रुपात, मोह आदि अनुभाव हुन् । निर्वेद, स्मरण, हर्ष आदि व्यभिचारीभाव हुन् (सा.दा ३।२४५-२४९)[८] ।

काव्यको मङ्गलाचरणको पहिलो श्लोकले त्रिदेवको वन्दना गरेको छ भने त्यसपछि गुरु, पाञ्चायन देवता क्रमशः शिव, गणेश, सूर्य, देवी, विष्णुको वन्दना प्रस्तुत छ । त्यसपछि हनुमान् र वाल्मीकिको वन्दना छ । त्यसपछिका १४ श्लोकले संसारको नश्वरता, ईश्वरको शाश्वतता, संसारको बीज ईश्वर हो, राम हो भन्ने कुरा सुरुदेखि अन्त्यसम्म प्रतिपादित छ ।

सत्यं ज्ञानमनन्तं यद् रामाख्यं बीजमव्ययम् ।
जगद्वृक्षाङ्कुरोद्गारं त्रिदैवं मङ्गलं भजे ॥१॥

निर्वेदका विभिन्न अर्थ भएपनि परम वैराग्यलाई निर्वेद भनिन्छ । निर्वेद शब्दको प्रयोग महाभारत, भागवत्, गीता आदि ग्रन्थमा पाउन सकिन्छ ।

रामकथाबाट नै अध्ययन गर्ने अभिप्रेरणा पलाएको, रामकृपाबाट नै विद्याको विकास भएको र राम नै जीवनधन संझने कविमा वैराग्यको बीज त सानैदेखि थियो तर ३५ वर्षकै उमेरमा नेत्रशक्ति गुमाएपछि प्राक्तनकर्म सञ्चित बीजभूत वैराग्य झन् पल्लवित र पुष्पित भएको देखिन्छ । त्यो परम वैराग्य यस काव्यमा मात्र होइन बालरामायण र अन्य कविताहरूमा पनि मुखरित देखिन्छ ।

उदाहरण -

जन्मान्तरीयमपि हन्ति समस्तपापं
तापं विधूय वितनोति च मङ्गलानि ।
तन्नामधेयममलं रसने पिब त्व-
मात्मस्थराममपहाय कमाश्रयामि ॥१४॥ (पृ.२३)

मङ्गलाचरणका अन्य श्लोकहरूमा पनि कविको परम वैराग्यभाव सघनरूपमा प्रकट भएको पाइन्छ । कविले रामलाई नै भवसागर तर्ने अवलम्बका रूपमा लिएका छन् । यो उदाहरण हेरौं -

---

८ शान्तः शमस्थायिभावः उत्तमप्रकृतिर्मतः । २४५।
कुन्देन्दुसुन्दरच्छायः श्रीनारायणदैवतः ॥ अनित्यत्वादिनाऽशेषवस्तुनिःसारता तु या । २४६।
परमात्मस्वरूपं वा तस्यालम्बनमिष्यते । पुण्याश्रमहरिक्षेत्रतीर्थरम्यवनादयः ॥२४७॥
महापुरुषसङ्गाद्यास्तस्योद्दीपनरूपिणः । रोमाञ्चाद्याश्चानुभावास्तथा स्युर्व्यभिचारिणः ॥२४८॥
निर्वेदहर्षस्मरणमतिभूतदयादयः ॥२४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धन्यं यशस्यं रघुनाथकीर्तनमशेषपापौघहरं पवित्रम् ।
परागरूपं खलु रामनाम्नो जिघ्रन् बुधः को न तरेद् भवाब्धिम् ॥२२॥ (पृ.२३)

मङ्गचाचरणपछि काव्यको पहिलो श्लोकमा नै 'ज्वलन इव सादा दुःखनाशे च दौर्गम्' भनेको संसारको ज्वलनवद् दुःख विनाशका लागि दुर्गाको रूप लिनुहुन्छ भन्दा यहाँ दुःखपूर्ण सांसारिक प्रपञ्च यसको आलम्बन विभाव बन्न पुगेको देखिन्छ र कामक्रोधलोभमोहमदमात्सर्य आदि सांसारिक तुच्छ भावलाई विभिन्न ढङ्गमा संकेत गरिएको पाइन्छ । शान्तरसमा ईश्वर, तीर्थस्थल, मठमन्दिर, सत्सङ्ग आदि उद्दीपन विभाव हुन्छ । काव्यमा मङ्गलाचरणदेखि नै ईश्वरको वा रामको शरणागतिको विषय सशक्त ढङ्गमा आएको छ । त्यस्तै पूर्वार्द्धको पहिलो श्लोकमा पनि 'ध्यायेयं राममीशं सजनकतनयं प्रेरयेद्यो हि विश्वम्' भन्ने ईश्वरको व्यापक स्वरूपको उल्लेख छ । रामका अनेक चरित्रहरूको प्रभावपूर्ण वर्णनले उद्दीपन विभावको काम गरेको छ । काव्यमा प्राप्त हुने रोमाञ्चकता, अश्रुपात, मोह आदि अनुभाव हुन् । त्यस्तै काव्यमा प्रकट भएको निर्वेद, स्मरण, पुलकितता, हर्ष, ईशस्मरण आदि व्यभिचारीभाव हुन् । यी विभाव, अनुभाव र व्यभिचारीभावबाट अभिव्यक्त निर्वेद स्थायीभाव भएको शान्तरस परिपाकमा पुगेको छ । उत्तरार्द्धको १२ औं कुसुमले परमवैराग्यलाई सशक्त ढङ्गमा प्रतिपादन गरेको छ ।

नानाजन्मान्तरीयैरपि दुरितचयैर्दह्यमानोऽहमीश !
संसारे दुःखसारे विषयविषमये कर्मभिर्भ्राम्यमाणः ।
एतावत् संस्मृतं नो चरणयुगमहो ! संसृतिच्छेदनाय
ध्यातव्यो मेऽधुनासौ सकलभयहरो राम एवं शरण्यः ॥११७॥ (पृ.६१)

अन्तिमको १२ औं पूर्णलीलाकुसुममा ६ वटा श्लोक आएका छन् र तिनमा ४ श्लोकका अन्तिम पाउमा 'राम एवं शरण्यः' भन्ने पदावलि रहेको पाइन्छ । यस कुसुमका ६ श्लोक पढेपछि पाठक निर्वेद स्थायीभाव भएको शान्तरसको परम आनन्दमा चुर्लुम्म डुब्न पुग्छ र 'वेद्यान्तरस्पर्शशून्य' 'ब्रह्मानन्दसहोदर'को अवस्थामा पुग्छ । यस्तो रसानुभूतिका लागि पाठक वा भावकमा पनि तदनुसारको योग्यता र अनुकूल परिस्थिति आवश्यक हुन्छ ।

यस काव्यमा वीर रस पनि अङ्गरसकारूपमा प्रयोग भएको छ । लङ्कापुरी दहन, रामयात्रा र युद्ध वर्णनका केही कुसुममा वीररसको स्वाद प्राप्त छ । वीररसमा उत्साह स्थायीभाव हुन्छ । यस रसमा शत्रु वा प्रतिद्वन्द्वी आलम्बन विभाव हुन्छ । रण, वीरताप्रदर्शन आदि उद्दीपन विभाव हुन्छ । शत्रुका क्रियाकलाप, तिरस्कार,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्त्रप्रहार, कठोर वचन आदि यसका अनुभाव हुन् । गर्व, धैर्य, रोमाञ्च, आँट, चपलता आदि व्यभिचारीभाव हुन् ।

यहाँ रावणादि रामका शत्रु आलम्बन विभाव, प्रयाण, हनुमानले समुद्रमा छलाङ्ग लगाउनु, लङ्कादहन, कुम्भकर्ण र रामयुद्ध, इन्द्रजित् र लक्ष्मणयुद्ध, रामरावण युद्ध आदि उद्दीपन विभाव हुन् । शत्रुभूत रावणादिका क्रियाकलाप, तिरस्कार, अस्त्रप्रहार, कठोर वचन आदि प्रतिक्रिया अनुभाव हुन् । रामको उत्साह, गर्व, धैर्य, रोमाञ्च, आँट, चपलता आदि व्यभिचारी भाव हुन् । यसरी विरभाव उद्‌बुद्ध भएको पाइन्छ ।

लङ्कादहनको एक श्लोक

लोहस्तम्भं गृहीत्वा दशमुखनगरीं चूर्णय पीडयन् सन्
हत्वा रक्षांसि भूयोऽपि च गृहमदहद् बालवृद्धातुरढ्यम् ।
पापीनां पातकं यत् प्रदहति च यथा रामानामानलेन
तद्वल्लङ्कां ससेनां दहनसखसुतो भस्मशेषं चकार ॥८५॥ (पृ.५२)

रामको प्रयाणको वर्णनमा पनि वीररसको प्रवाह भेटिन्छ-

कुर्वन्तो घोररावं तरलगतितया कम्पयन्तो धरित्रीं
शूरा विरास्तथान्ये कपिपतिवचनात् वानराश्चानुजग्मुः ।
उद्यच्छ्रीरामचन्द्रो रिपुगणतमसो नाशनाय प्रवृत्तो
रेजे चैवं स चन्द्रो भगण इव तदा वानराणां गणोऽपि ॥

रावण वधको प्रसङ्गमा रौद्ररसको समेत झल्को मिल्छ- हेरौं

छिन्ना मूर्धान आजौ पुनरपि रुरुहू रावणस्यातिचित्रं
मत्वा छिन्नाश्च भूयोऽपि च पुनरभवत् वारमेकं शताष्टौ ।
सन्देहाविष्टचेतास्तदनुज-वचनैर्नाभिपीयूषशोषं
कृत्वा रामोऽतिक्रुद्धो रिपुवधसमये कालरुद्रेण तुल्यः ॥१०३॥ (पृ.५७)

राम सीता विवाहका प्रसङ्गमा र अयोध्या प्रवेशका सन्दर्भमा अङ्गरसका रूपमा शृङ्गारभावको पनि प्रयोग देख्न र अनुभव गर्न सकिन्छ ।

नीलाम्भोदे च तस्मिन् रिपुजनभयदे भक्तसन्तापहारे
चान्तर्ज्योतिःप्रकाशेऽमृतमयवपुषा लोकदृङ्नन्दकारे ।
लोलाक्षी हेमरूपा धवलतररुचा द्योतयन्ती दिशोऽभ्रं
वैदेही चापि रेजे तडिदिव जलदे सङ्गता राघवेशे ॥२०॥ (पृ.३०)

हनुमान् र रावणको संवादमा हास्यरसको केही झल्को पाइन्छ । धेरै फुर्ति नगर बलिबाट परास्त थियौ, बलिलाई पनि वामनले थुनेथे, कैलास पर्वत उठाउँदा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यै पर्वतले चेपेर शिवजीबाट प्राणदान पाएका होइनौ ? कार्तवीर्यले तिमीलाई जेल हालेको होइन ! भन्दा हास्यको पुट छ -

कैलासात् प्राप्तदेहं पशुपतिकृपया जीवितञ्चापि शप्तं
कारागारे निविष्टं दशमुखमपि यं कार्तवीर्यार्जुनस्य ॥८१। (पृ. ५०)

हनुमान्को पुच्छर जलाएको प्रसङ्गमा पनि हास्यको झल्को पाइन्छ प्राहेदं पुच्छदाहं प्रकुरुत हि भटा दग्धपुच्छः प्रयातु ॥८४॥ (पृ. ५१)

५.२.५. प्रकृति र संस्कृति

प्रकृति र संस्कृतिका विषयमा पनि प्रस्तुत काव्यमा वर्णन पाइन्छ। रामकथाको प्रवाह काव्यमा पाइने हुनाले यसमा प्रकृतिभन्दा बढी संस्कृति मुखरित भएको पाइन्छ ।

(क) प्रकृति : प्रकृतिको विस्तृत वर्णन काव्यमा छैन, तर पनि विभिन्न ठाउँमा प्रकृतिका अनेक छोटाछोटा सन्दर्भहरू उपस्थित रहेका छन् । अलङ्कार विधानमा पनि प्रकृतिको चित्रण गरिएको पाइन्छ । रामसीता वनलाई नै सुशोभित गर्दै अरण्यतिर लाग्नुभयो भन्दा पनि प्रकृति स्मृत छ ।

'जग्मुस्तेऽरण्यमध्ये रुचिरतररुचा शोभयन्तो वनानि' ॥३१॥ (पृ.३५)

कालिन्दी र जाह्नवीको सौन्दर्य-वर्णनमा पनि नदीसौन्दर्यको वर्णन सुन्दर देखिन्छ, हेरौँ -

कालीन्दीजह्नुपुत्र्योः सलिलमिव यदा पञ्चवट्या वनान्त-
मानन्दस्वादपूर्णं रसमयममृतं यत्र तत्शुक्लनीलम् ।
आभाति ब्रह्मवापि पररसरसिकैः सेविता राजहंसै-
र्भाग्याधीनाः पपुस्तत्परिचितसुकृता नेत्रवन्तस्तदानीम् ॥४०॥ (पृ.३७)

प्रस्तुत काव्यमा प्रकृतिको विस्तृत वर्णन त गरिएको छैन तर विभिन्न स्थानमा आवश्यकताअनुसार प्रकृतिको छोटो चित्रण गरिएको छ । कतै उपमान् वा उपमेय स्थापनाका सन्दर्भमा पनि प्रकृति चित्रित छ । कतै समान्य सन्दर्भमा पनि प्रकृतिको चित्रण भेटिन्छ । सीता हरण भयो, अनेक ठाउँमा खोजे तर पाएनन् र वर्षाकाल लागेकाले गुफामा केही समय व्यतीत भर्नुभयो भने वर्षा सकिएपछि सीता अन्वेषणमा हनुमान्लाई प्रेषित गरियो भन्दा प्रकृति चित्रित छ ।

'एवं वर्षासु दर्यां रघुपतिरवसल्लक्ष्मणेनापि युक्तो' ।
'वर्षाकाले व्यतीते कपिपतिवचसा प्रेषिता वानराश्च' ॥५७॥ (पृ. ४३)

यहाँ प्रकृतिको सामान्य वर्णन छ ।

'चातकैः प्रार्थ्यमानः' 'सीता विद्युत्प्रकाशैरुदयति' ॥११०॥ (पृ. ५९)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुर्यात्सोऽन्तःप्रसन्नं शरदिव सरितो राम एवं शरण्यः ॥१११॥ (पृ. ५९)

यस्ता अनेक ठाउँमा प्रकृतिको सूक्ष्म वर्णन पर्न गएको पाइन्छ । रामकथालाई संक्षिप्त रूपमा कथन गरेकाले प्रकृतिको विस्तृत वर्णन त कमै पाइन्छ तर पनि विभिन्न सन्दर्भमा प्रकृतिको वर्णन भने नभएको होइन ।

(ख) संस्कृति : प्रस्तुत काव्यमा प्रकृतिका साथै संस्कृतिको पनि प्रयोग गरिएको छ । प्रस्तुत काव्य रामकथासंग आधारित भएको हुँदा रामकथाले बोकेको संस्कृतिका विविध पक्षलाई काव्यले संवहन गरेको देखिन्छ । रामायण स्वयं एउटा पौरस्त्य संस्कृतिको आधारस्तम्भ हो । त्यसैले गर्दा यहाँका हरेक विषयको वर्णनमा पौरस्त्य संस्कृतिको रूप झल्कने गर्दछ । सुरुदेखि अन्तिमसम्मका सबै विषय र प्रसङ्गको वर्णनमा संस्कृतिको विशिष्ट प्रभाव भेट्न सकिन्छ ।

काव्यको मङ्गलाचरणमा नै सृष्टिको बीजरूप ईश्वरलाई वन्दना गरिएको छ । पाञ्चायन देवताको स्तुति, हनुमान्को वन्दना, रामभक्तहरूको वन्दना, रघुवंशकेतु रामको वन्दना आदि सबैतिर पौरस्त्य संस्कृतिको सन्दर्भ आएको छ । काव्यको पूर्वार्द्धमा ईश्वरलाई ओम्कार वाच्य भनेको छ । यो योगसूत्रमा आउने तस्य वाचकः प्रणवः को संकेतक छ भने उपनिषद्हरूमा पनि यस्तो संकेत पाइन्छ । काव्यमा रामको जन्म, वृद्धि, पठनपाठन (साङ्गान् वेदान् पठित्वा पृ.२६) गुरुदक्षिणा, शास्त्रपूत बनेको सन्दर्भ, विश्वामित्रसंग कौशिकतट प्रस्थान गरेको सन्दर्भ, यज्ञ, दैत्यवध, युद्धविद्याको बोध, सीताराम विवाह, राज्याभिषेकको प्रसङ्ग, वनवास, ऋषिहरूको आश्रमको भ्रमण, सीताहरण, उद्योग, युद्ध, सीतामिलन, अयोध्यागमन आदि स्थानको वर्णनमा पौरस्त्य संस्कृतिका अनेक रूप र रङ्ग वर्णनमा आएका छन् ।

५.२.६ निष्कर्ष

प्रस्तुत काव्यको शीर्षक नै रामभक्तमाला रहेको छ । यसको अर्थ रामभक्तले लेखेको वा तयार गरेको काव्यरूप माला भन्ने अर्थ देखिन्छ । त्यसैले गर्दा यो काव्य भक्तिप्रधान छ भन्ने कुरा स्वतः सिद्ध छ । यस काव्यमा २३ श्लोकको मङ्गलाचरण रहेको छ भने १२१ श्लोक स्रग्धरा छन्दमा मुख्य काव्य लेखिएको छ । दुवैको संख्या जोड्दा १४४ श्लोकको काव्य बन्न गएको छ । मुख्यकथाको नेपालीमा समछन्दमा अनुवाद पनि छ र यो १६५ श्लोकमा फैलिएको छ । काव्यको ६२ श्लोकसम्म पूर्वाद्ध र त्यसपछिको भाग उत्तरार्द्धका रूपमा प्रस्तुत गरिएको छ । रामायणका विभिन्न कथाखण्डलाई पूर्वार्द्धका विभिन्न १३ उपशीर्षकमा र उत्तरार्द्धका ५९ श्लोकलाई १३ उपशीर्षकमा राखिएको छ । रामायणका सबै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथा संक्षिप्त रूपमा भन्ने प्रयत्न गरेकाले काव्य भावप्रधानभन्दा वर्णनप्रधान वा घटनाप्रधान नै बन्न गएको छ। एउटा कुनै कथाखण्डलाई मात्रै विस्तार गरेको भए काव्य भावप्रधान बन्न सक्थ्यो।

कविको संस्कृत भाषामा पकड देखिन्छ भने भाषाको प्रवाह पनि रहर लाग्दो नै मान्नुपर्छ।

काव्यमा मूलभूत रूपमा स्रग्धरा छन्दको प्रयोग गरिएको छ भने केही अन्य छन्द पनि प्रयुक्त छन्। अलङ्कार विन्यांसमा कविको त्यति रुचि रहेको छैन, कवि भक्तिभावमा नै डुबेका छन्, तै पनि काव्यमा शब्दालङ्कार र आर्थालङ्कारका अनेक छटाहरू पाउन सकिन्छ। संस्कृत काव्यमा अन्त्यानुप्रासलाई त्यति स्थान दिइँदैन। तै पनि कतै कतै मिल्न गएको छ। काव्यमा निर्वेद स्थायीभाव भएको शान्तरसको प्रयोग गरिएको छ। प्रकृतिको त्यति धेरै वर्णन नगरे पनि स्वाभाविक रूपमा प्रकृति र संस्कृतिको चित्रण गरिएको देखिन्छ। नेत्रशक्ति गुमाएर रामभक्तिमा तल्लीन भएका वेलामा लेखेको हुनाले कवि रामप्रतिको अगाध भक्तिभाव प्रकट गर्न सफल देखिन्छन्।

५.३ महेन्द्रशतकम् खण्डकाव्यको अध्ययन

५.३.१. काव्यपरिशीलन

यस खण्डकाव्यको नाम महेन्द्रशतकम् भन्ने रहेको छ। कविताका लघुतर, लघु, मध्यम, बृहत् र बृहत्तर ५ भेद मध्ये मध्यम भेद अन्तर्गत खण्डकाव्य पर्दछ। पूर्वीय काव्यसिद्धान्तमा महाकाव्यको विस्तृत चर्चा गरिएको पाइन्छ तर खण्डकाव्यको विषयमा विस्तृत छलफल गरिएको पाइँदैन। छोटो चर्चा भने गरिएको पाइन्छ। साहित्यदर्पणमा 'खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि यत्' भनेर परिचय दिइएको पाइन्छ। महाकाव्यको एकदेशको अनुकरण गर्ने रचना विशेष नै खण्डकाव्य हुन्छ। महाकाव्यमा आठ भन्दा बढि सर्ग हुनुपर्छ, धीरोदात्त नायक र शृङ्गार, वीर, शान्त रसमध्ये एक अङ्गीरस हुनुपर्छ, अन्य सबै अङ्गरस, नाटकका सबै सन्धिहरूको पनि प्रयोग हुनुपर्छ। इतिहासप्रसिद्ध कथानक, वा सज्जनाश्रित कथानक रहनुपर्छ। धर्म, अर्थ, काम, मोक्ष पुरुषार्थ चतुष्टयमध्ये एक फलको वर्णन हुनुपर्छ। त्यस्तै सुरुमा नमस्कारात्मक, आशीर्वादात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरण गरिनुपर्दछ। काव्यमा खलादिको निन्दा सज्जनको गुणकीर्तन हुनुपर्छ। एउटा सर्गमा एउटै छन्दको प्रयोग हुनुपर्छ र सर्गान्तमा छन्द परिवर्तन आवश्यक ठानिन्छ। कुनैकुनै सर्गमा विविध वृत्तको प्रयोग पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनुपर्छ र सर्गान्तमा भावि सर्गको कथाको सूचन पनि हुनुपर्छ। प्रकृतिका विविध स्वरूपको मृगया, रण, प्रयाण, नक्षत्र, ऋतु, वन, शैल आदिको साङ्गोपाङ्ग वर्णन महाकाव्यमा आवश्यक हुन्छ। खण्डकाव्यमा यी तत्त्वहरू मध्ये केही तत्त्वको मात्रै प्रयोग भएको हुन्छ। (साहित्यदर्पण ६ परिच्छेद)

खण्डकाव्यमा आठभन्दा कम सर्ग संख्या हुनुपर्छ। स्वल्प वृत्त, एक रस, एक सन्धि, स्वल्पांश जीवनखण्डको वर्णन खण्डकाव्यमा गर्नुपर्दछ। छ ऋतुमध्ये एउटा ऋतुको वर्णन, प्रकृतिको विविध स्वरूपमध्ये स्वल्प स्वरूपको मात्रै वर्णन हुनुपर्छ। नवरस मध्ये एक रस, प्रायः गरेर ख्याताख्यानको प्रयोग खण्डकाव्यमा वाञ्छित मानिन्छ। खण्डकाव्य अतिदीर्घ, अतिस्वल्प (छोटो) हुनुहुँदैन र सर्ग रचना पनि ज्यादै लामो र ज्यादै छोटो हुनु हुदैन भन्ने मान्यता रहेको पाइन्छ।

यी खण्डकाव्यका तत्त्वहरूमध्ये यस काव्यमा केही तत्त्वको प्रयोग देखिन्छ। यस काव्यमा एउटै मात्र सर्गको रचना गरिएको छ। महेन्द्रशतकम् (खण्डकाव्यम्) भन्ने यसको नाम दिएबाट संस्कृतको शतक साहित्य परम्पराबाट पनि प्रभावित देखिन्छ। एक भाव, एक रस, एक छन्द, एक सर्ग, राजा महेन्द्रको जीवनको प्रमुख घटनामा एकोन्मुख वृत्त यस काव्यमा प्रयुक्त छ।

५.३.२. शीर्षक र संरचना

यस काव्यको नाम नै महेन्द्रशतकम् रहेको छ। विषयवस्तु, नायकनायिकाको नाम, प्रतीकात्मकता र कतैकतै रचनाकारको नामबाट समेत कृतिको नामकरण गरिएको पाइन्छ। यस काव्यमा महेन्द्रका पुर्खा, महेन्द्रको जीवनी र जीवनका प्रमुख घटनाको वर्णन पाइन्छ। त्यसैले यस काव्यको नाम महेन्द्रशतकम् राखिएको प्रतीत हुन्छ। अर्कोतिर संस्कृत साहित्यमा शतक साहित्यको परम्परा पनि भेटिन्छ। भर्तृहरिका नीतिशतक, शृङ्गारशतक र वैराग्यशतक निकै प्रसिद्ध रहेका छन्। यस्ता अनेकौं शतक काव्य संस्कृत साहित्यमा फेला पर्दछन्। यसैको प्रभावमा महेन्द्रशतकम् शीर्षक दिएर सय श्लोकमा काव्य पूर्ण गरिएको पाइन्छ। विषयवस्तुमा आधारित शतक साहित्यमा अवलम्बित महेन्द्रशतकम् शीर्षक छोटो छरितो, सहज र सुहाउँदो देखिन्छ।

यस काव्यको बाह्य रचना मन्दाक्रान्ता छन्दका १०० श्लोकमा र एक श्लोक वसन्ततिलका छन्दमा रचित छ। काव्य एक सर्गात्मक रचना ढाँचामा अवलम्बित भएको देखिन्छ। आन्तरिक रचना र भाव विन्यासको दृष्टिले हेर्दा राजा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महेन्द्र प्रति श्रद्धावनत भाव र महेन्द्रको स्वदेश तथा विदेश भ्रमण र बुद्धिमत्तापूर्ण कार्यको वर्णन वीर भाव, विविध अलङ्कार, विम्ब र प्रतीकका माध्यमबाट गरिएको पाइन्छ । विश्वप्रसिद्ध महाकवि कालिदासको मेघदूत खण्डकाव्यको भाषा शैली र संरचनालाई पछ्याउँदै काव्यभाव विस्तार गरिएको प्रतीत हुन्छ ।

महेन्द्रशतकलाई कविले खण्ड काव्य नै भनेका छन्

कृत्वा महेन्द्रशतकं खलु खण्डकाव्य-
मालोच्य दोषमखिलं सुधियः क्षमेरन् ।
सम्प्रार्थ्य तद् बुधजनाय समर्प्य चेत्थं
चाक्षुष्यशक्तिरहितः प्रणतो गणेशः ॥१०१॥ (पृ.२०६)

काव्यमा राजाप्रतिको राजभक्ति व्यक्त भएकाले शान्तभाव प्रकट भएको कुरा प्रा.टीकाराम अधिकारीले उल्लेख गरेका छन् । (स्मृतिग्रन्थ पृ. २६३)

५.३.३ कथानक

यस काव्यको कथानक शाहवंशको संक्षिप्त कथन र महेन्द्रको जीवनीमा आधारित देखिन्छ । काव्यमा द्रव्य शाह, पृथ्वीनारायण शाह, पृथ्वीवीरविक्रम शाह, त्रिभुवनवीरविक्रम शाहको नाम लिएर यिनै त्रिभुवनको कान्तीदेवीको कोखबाट ज्येष्ठ सुपुत्रको रूपमा महेन्द्रको जन्म भएको कुरा उल्लेख छ । द्रव्य शाहले गोरखा राज्य प्रतिष्ठापन गरी प्रसिद्ध भएको र तिनैको कुलमा जन्मिएका पृथ्वीनारायण शाहले नेपाल एकीकरण र विशाल बनाएको कुरालाई कविले निकै सशक्त ढङ्गमा व्यक्त गरेका छन् -

धावन् धावन् पवनवदसौ प्राप्य नैकान् प्रदेशान्
प्राक्पाश्चात्यान् रविरिव तमो राजसङ्घान् विजित्य ।
स्वल्पं राज्यं तदपि सहसा तैलविन्दनिवाप्सु
विस्तार्यैवं शिवकरुणया स्थापयामास राज्यम् ॥३॥ (पृ. १९३)

पृथ्वीनारायणकै कुलमा जन्मिएका राजा त्रिभुवनले राणाशासनको चङ्गुलबाट देश र जनतालाई मुक्त गरेको कुरा १४।१५ श्लोकमा विस्तार गएिको छ ।

अस्मिन् लोके त्रिभुवनसमो नैव कश्चित् कृपालु
स्त्यक्त्वा स्वार्थं स्फुरति करुणा यस्य नित्यं प्रजासु ।
यस्योद्योगः प्रगतिपथगो लोकतन्त्रं विधातुं
तीव्रौन्नत्यं प्रसरति तदा कामपूर्त्यै प्रजानाम् ॥१३॥ (पृ.१९४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाललाई प्रजातन्त्र दिलाउनका लागि राजाले प्रयत्न गरेका थिए भन्ने कुरा पनि सशक्त ढङ्गमा व्यक्त भएको पाइन्छ

इत्थं भूपे विदधति यदा लोकतन्त्रं स्वराज्यं
पूर्णानन्दः समजनि तदा बन्धनस्थेऽपि लोके ।
यद्वत्कृष्णः खलदलबलैः पीडितानात्मबन्धून्
तद्वल्लोकाँस्त्रिभुवननृपो मोचयामास बन्धात् ॥२१॥ (पृ. १९५)

त्यसपछि राजा त्रिभुवनको मृत्यु र श्री ५ महेन्द्र राज्यसिंहासनमा आरूढ भएको कुरा काव्यमा उल्लेख गरेको पाइन्छ । महेन्द्र राजा भएपछि देश र जनताको अवस्था बुझ्नलाई देश भ्रमणमा निस्केको कुरा २९-३२ श्लोकमा वर्णन गरिएको छ । भारत भ्रमणको सन्दर्भलाई पनि कविले (३३-३७ श्लोक) आस्वाद्य रूपमा वर्णन गरेका छन् । त्यसपछि कविले स्वदेशकै स्वल्प भ्रमण, विविध कृत्य, पशुपतिप्रतिको भक्तिभावको वर्णन गर्दै र ५ श्लोकमा (४२-४६) कोटिहोमको वर्णन गरेका छन् । कविले काव्यको मध्यतिर पुगेर राजाको विश्वभ्रमणको सन्दर्भ उठाएका छन् । अमेरिकाको निम्ता मान्न जाने क्रममा राजा कलकत्ता, थाइलैन्ड, हङकङ हुँदै जापान प्रस्थान गरेको कुरा सुरम्यभाषामा वर्णित छ । राजाको जापान भ्रमणको वर्णन ७ श्लोक (५०-५६) मा आकर्षक ढङ्गमा प्रस्तुत छ ।

एवं पश्यन् कतिपयदिनैर्दर्शनार्हस्थलानि
नानाशिल्पैरभिनवपुरैस्तत्र वैज्ञानिकानि ।
भ्रामं भ्रामं भ्रमणविषयं सार्थकं संविधाय
यस्मिन् स्वर्गे हरिरिव तदा राजते भूमहेन्द्रः ॥५३॥ (पृ.२००)

जापानबाट अमेरिका प्रस्थान गरेको र अमेरिकाको अनेक सन्दर्भ १४ श्लोक (५७-७०) मा समाहित गरिएको देखिन्छ ।

आनन्दाढ्यः सह परिचरैर्व्योमयानाधिरूढो
मन्दं मन्दं विहरति यदा चारयन् नेत्रपद्मम् ।
सर्वत्रैवं वियति विचरन् मार्गमाणः सुतत्त्वं
नेपालेशो धृतिमितदिनेऽमेरिकायां प्रपेदे ॥५८॥ (पृ. २००)

४ श्लोकमा फिर्ती सवारी र स्वागतको केही सन्दर्भ वर्णित छ । त्यसपछि ४ श्लोक लगाएर (७५-७८) बेलायत भ्रमणको वर्णन गरिएको छ । देशदुर्दशाको चित्रण गरी राजाले शासनसत्ता हातमा लिएको कुराको संकेत मात्रै गरेका छन् र त्यस घटनालाई महत्त्व दिएका छैनन् । त्यसपछि राजा महेन्द्रको विविधकृत्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र कोटिहोमको समेत वर्णन गरी सत्य सनातन वैदिक धर्मको प्रतिष्ठा दिलाएको कुरा सुन्दर शैलीमा वर्णन गरिएको छ ।

योऽयं राजा श्रुतिमतपरः कोटिहोमादियज्ञान्
कृत्वा यत्नात् सकलमपुषद् वैदिकं सत्यधर्मम् ।
मन्दाऽऽनन्दं विषमसुखदं नास्तिकानां मतं यन्
मत्वा तुच्छं त्वरितमकरोत् खण्डितं तत् समस्तम् ॥९५॥ (पृ.२०५)

५.३.४ चरित्रचित्रण

प्रस्तुत काव्यमा श्री ५ महेन्द्रको चरित्र निकै सशक्त रूपमा प्रस्तुत गरिएको पाइन्छ । यस काव्यमा द्रव्य शाह, पृथ्वीनारायण शाह, त्रिभुवन आदिको पनि संक्षिप्त रूपमा चर्चा गरिएको छ र यी राजाहरूको चरित्र पनि चाख लाग्दो ढंगमा व्यक्त भएको छ । पृथ्वीनारायण शाहको चरित्रचित्रण ५ श्लोकमा गरिएको छ । नेपालको एकीकरण पृथ्वीनारायण शाहबाट भएको र श्रुतिपथगामी नेपालीहरूलाई विभिन्न कर्म अनुसारको भोग गर्न पाउने अवसर सृजना गरे भन्ने कुरा सशक्त ढंगमा व्यक्त गरिएको पाइन्छ ।

धर्माचारान् श्रुतिपथगतान् वर्णजातिक्रमेण
भूषावेषानपि स विदधौ कर्मभोज्यं विभिन्नम् ।
एवं कृत्वा त्वमरपदवीं लोकपाले गते वै
वीरालम्बं प्रगतिपथगं राज्यमेतद् बभूव ॥५॥

१ देखि २५ श्लोकसम्म नेपालको एकीकरणदेखि राणाशासन र प्रजातन्त्रको प्राप्ति एवं राजा त्रिभुवनको स्वर्गगमनसम्मको सन्दर्भ सुन्दर ढङ्गमा वर्णन गरिसकेपछि २६ सौं श्लोकमा राजा महेन्द्रको राज्यारोहण भएको विषय प्रस्तुत गरिएको छ र त्यसपछि काव्य पूर्णतया महेन्द्रकै क्रियाकलाप र चरित्र चित्रणमा अगाडि बढेको देखिन्छ ।

महेन्द्र राजा भएपछि देश र जनताको अवस्था के के रहेछ भनेर जान्न देश भ्रमण गर्ने इच्छा राख्नु भयो र प्रस्थान पनि गर्नुभयो ।

इच्छा चित्ते समजनि तदा देशसंवीक्षणाय
जाता बुद्धिर्भ्रमणविषये लोकसंशिक्षणार्थम् ।
अब्दे विश्वाभ्रनयनमिते वैक्रमे राजकीयं
प्रारब्धं तद् भ्रमणमपि यद् विश्वमाव्याप्य सर्वम् ॥२९॥ (पृ.१९६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजाको शासनपद्धति र शीलस्वभाव कस्तो छ त ? कवि लेख्छन् दुर्जनहरूलाई दमन गर्न काकोदरजस्तै छन् भने धीर र वीरहरूका लागि मित्रजस्तै छन् अनि साधुवर्गका लागि पिता समान छन् । दानमा मेघजस्तै र शुचिता र विक्रमतामा रामजस्तै छन् भने धैर्यमा सिन्धुजस्तै र न्याय प्रदान गर्नमा गुरुजस्तै हुनुहुन्छ भन्ने भाव सुन्दर शैलीमा उपमा अलङ्कारका साथ व्यक्त गरिएको पाइन्छ । त्यो पनि मालोपमा बन्न गएको छ -

यद् वा काकोदर इव सदा दुर्जनानां दमाय
धीरे वीरे सुहृदिव तथा साधुवर्गे पितेव ।
दाने मेघोऽनल इव शुचौ विक्रमे राम एव
धैर्ये सिन्धुर्गुरुरिव नये दृश्यते श्रीमहेन्द्र : ॥९०॥ (पृ.२०५)

राजाको देशदौडाहाको वर्णन अझ सुन्दर ढङ्गमा यसरी व्यक्त गर्दछन् कवि- त्रिभुवनपुत्र राजा महेन्द्र धार्मिक र सत्यवादी छन्, जनताको उद्धारकर्ता र प्रगतिपथगामी हुनुहुन्छ र जनताका हितका निमित्त देशको कुना कुनामा, हिमाल पहाड र तराईमा, दुर्गमक्षेत्रमा, गाउँजङ्गल, पहाडपर्वतका शिखरशिखरमा र सहरहरूमा समेत घुम्नुभयो ।

योऽसौ राजा त्रिभुवनसुतो धार्मिकः सत्यवादी
लोकोद्धर्ता प्रगतिपथगो मङ्गलार्थं प्रजानाम् ।
कोणे कोणेऽपि समविषमे दुर्गमे दुष्टमार्गे
ग्रामेऽरण्ये शिखरिशिखरे पर्यटन् पत्तनेषु ॥३२॥ (पृ.१९७)

५.३.५. भाषाशैली, छन्द, अलङ्कार र रसयोजना

(क) भाषाशैली : प्रस्तुत काव्यको भाषा स्तरीय, प्रौढ र प्राञ्जल रहेको देखिन्छ । कविको नेपाली भाषाको पकडभन्दा संस्कृतभाषाको पकड अझ राम्रो रहेको दृष्टिगोचर हुन्छ । नेपाली भाषाका काव्य कवितामा नेपाली शब्दलाई विभिन्न ठाउँमा भाँचेका छन्, ह्रस्व हुने शब्दलाई दीर्घ र दीर्घ शब्दलाई ह्रस्व बनाएका छन्, वर्णविन्यासका नियमहरू पनि भग्न छन् । तर संस्कृत काव्यमा भने कतै पनि भग्नप्रयोग र व्याकरणव्यतिक्रम गरेका छैनन् । भाषाको प्रवाह पनि तीव्र प्रवहणशील देखिन्छ । काव्यशैली पनि प्रौढ र परिष्कृत अनुभव हुन्छ ।

(ख) छन्द : कविले यस काव्यमा एउटै मात्र छन्दको प्रयोग गरेका छन्, त्यो हो मन्दाक्रान्ता छन्द । मन्दाक्रान्ता छन्दलाई विभिन्न कविले प्रयोग गरे पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माधवप्रसाद घिमिरेले बहुधा प्रयोग गरेका छन् र लोकप्रिय छन्दका रूपमा नेपालीमा स्थापित गरेको पाइन्छ। संस्कृतमा विभिन्न कविहरूले यस छन्दको प्रयोग गरेका छन्। वीररसका लागि बहुधा यस छन्दको प्रयोग गरिएपनि शृङ्गारादिमा पनि प्रयुक्त छ। विश्वप्रसिद्ध कवि कालिदासको खण्डकाव्य मेघदूतकाव्य मन्दाक्रान्ता छन्दमा नै रहेकाले कवि गायत्री गणेशले पनि यस काव्यको रचनामा मान्दाक्रान्ता छन्दको चयन गरेको हुन सक्छ। कविको पहिलो रचना नै स्रग्धरा छदमा रहेको छ। यसबाट कविले संस्कृतका विभिन्न काव्यको अध्ययन गरेका थिए र छन्दशास्त्रका विषयमा पनि अध्ययन गरेका थिए भन्ने स्पष्ट हुन्छ। त्यसैले गर्दा नेपाली काव्यकवितामा पनि कविले शब्दलाई बरु भाँचेका छन् तर छन्द बिगारेका छैनन्। संस्कृतमा त उहाँको अव्याहत गति रहेको देखिन्छ। संस्कृत र नेपाली दुवैमा कविले लामा लामा छन्दलाई सहजै खेलाएका छन्। उहाँको नेपाली महाकाव्य भने अनुष्टुप् छन्दमा मात्रै रचना गरिएको देखिन्छ। महेन्द्रशतकम् मा अन्तिमको एक श्लोक भने वसन्ततिलका छन्दमा रहेको छ। अन्य नेपाली र संस्कृतका केही कविता अन्य छन्दमा पनि रचना गरेको देखिन्छ त्यसबाट कवि जुनसुकै छन्दलाई पनि सहज रूपमा खेलाउन सक्छन् भन्ने कुरा स्पष्ट हुन्छ।

(ग) अलङ्कारविधान : काव्यमा अलङ्कारको प्रयोग कुनै न कुनै रूपमा भएको हुन्छ। अलङ्कारबिना काव्य अलङ्कृत हुन सक्दैन। त्यसैले काव्यशास्त्रीहरूले काव्यमा अलङ्कारको खोजी गरी त्यसको अध्ययन, वर्गीकरण र व्याख्यासमेत गरेका छन्। काव्यशास्त्रीहरूले शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कारको वर्गीकरण गरेका छन्।

(अ) शब्दालङ्कार : शब्दालङ्कारमा शब्दमा नै अलङ्कार आश्रित भएको हुन्छ, शब्द फेरिदिनेबित्तिकै अलङ्कार रहन सक्दैन। यसमा अन्त्यानुप्रास, अन्तर्अनुप्रास श्लेष आदि गरेका अलङ्कारहरू रहेका हुन्छन्। यस काव्यमा कतै कतै अन्त्यानुप्रासको प्रयोग गरिएको भए पनि धेरै ठाउँमा अन्तर्अनुप्रासको प्रयोग गरिएको भेटिन्छ। निम्न श्लोकहरूमा एउटै वर्ण एक पटक वा पटक पटक दोहोरिएर शब्दालङ्कारको प्रयोग भएको देखिन्छ।

'दर्शं दर्शं सकरुणमुखम्' 'मन्दं मन्दं हसति वसुधा' (पृ.१९६) 'भ्रामं भ्रामं भुवनमखिलं' (पृ.१९७) स्थाने स्थाने पथिकजनता' (पृ.१९८) श्रावं श्रावं श्रवणसुखदं' (पृ.२००) 'रेजे राजा नल इव तदा' (पृ.२०४) सत्ये सत्ये वसति सततं तारकाणां गणोऽपि (पृ.२०५) आदि श्लोकमा विभिन्न किसिमका अनुप्रासको प्रयोग भएको देखिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यमा एकाध ठाउँमा अन्त्यानुप्रासको पनि प्रयोग गरिएको देखिन्छ। यद्यपि संस्कृतकाव्यमा अन्त्यानुप्रासको प्रयोग खासै देखिँदैन । बरु नेपाली कवि ललितावल्लभको भक्तविजय काव्यमा १०९ श्लोक अन्त्यानुप्रासयुक्त रहेका छन्। यस काव्यमा प्रयुक्त अन्त्यानुप्रासका नमुना -

अभ्युद्योतैर्झटिति पुरुषैः सर्वकारस्य यत्र
केचिद्विद्धा पुरुषलगुडैर्मूर्च्छिताः केऽपि तत्र ॥७९॥ (पृ. २०३)
विद्युज्ज्वाला प्रकृतिविमला दृश्यते कार्यशाला
माहेन्द्रीया जगति सकला द्योतते कीर्तिमाला ॥९९॥ (पृ. २०६)

यसरी काव्यमा शब्दालङ्कारका अनेक सौन्दर्य प्राप्त गर्न सकिन्छ।

(आ) अर्थालङ्कार : काव्यमा अर्थालङ्कारको भूमिका नै महत्त्वपूर्ण हुन्छ। शब्दालङ्कार बढी यान्त्रिक हुनेहुँदा यसलाई काव्य विवेचकहरूले उत्तमकोटिको दर्जा दिएका छैनन् । अर्थालङ्कार पनि धेरै किसिमका हुन्छन् । उपमा, रूपक, उत्प्रेक्षा, स्वभावोक्ति, अतिशयोक्ति आदि । भामहले ३९ र अन्य आचार्यहरूले अलङ्कारको संख्या निकै थपेका छन्। अर्यालको यस काव्यमा त्यति धेरै अलङ्कारको प्रयोग भएको देखिदैन । तै पनि प्रमुख अलङ्कारहरूको प्रयोग भएको पाइन्छ। त्यसमा उपमा अलङ्कारको प्रयोग बढ्ता रहेको देखिन्छ।

उपमा अलङ्कारमा उपमेय, उपमान्, साधारण धर्म र वाचक शब्द गरी ४ थोक चाहिन्छ।

निम्न पङ्क्तिमा राजा महेन्द्रले २०१८ साल माघ महिनामा चालिस दिन लगाएर रुद्रयाग गरेको र यज्ञान्तमा अवभृथ स्नान गरेपछि राजा सूर्यजस्तै चम्किए भन्दा उपमा अलङ्कार पर्न गएको छ।

स्नानं कृत्वा ह्यवभृथजलैः सूर्यवद् राजते स्म ॥४३॥ (पृ.१९८)

निम्न पद्यमा रविको प्रकाशजस्तै चारैतिर बुद्धिद्वारा शास्त्रको ज्ञान छरिरहेका र राजाद्वारा सम्मानित लोकबाट हरिजस्तै सम्पूजित सोमनाथ जुन यज्ञमा प्रकट भएथे भन्दा पनि दुवै ठाउँमा उपमा पर्न गएको छ।

शास्त्रज्ञानं रविरिव धिया भ्राजमानो विधिज्ञो
लोकैः पूज्यो हरिरिव सदा न्यायवित् प्रज्ञराजः।
आचार्यले नृपतिमहितः कोटिहोमप्रयोगे
यस्मिन् यज्ञे समजनि तदा पण्डितः सोमनाथः ॥४५॥ (पृ.१९९)

यहाँ श्लेष पर्न गएको छ एउटै शब्दबाट विभिन्न अर्थको संभावना देखिदा श्लेष अलङ्कार पर्न जान्छ -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रत्नाधीशं गुणगणयुतं लोकचूडायमानं
दीनाधारं त्रिभुवनसुतं भूमेहन्द्रं महेन्द्रम् ॥५१॥ (पृ.१९९)

यहाँ रत्नाधीशं रत्नका अधीश भन्ने अर्थ र रत्ना रानीकी अधीश राजा भन्ने अर्थ गर्दा र त्रिभुवन राजाका छोरा र त्रिभुवनकै छोरा भन्दा श्लेष पर्न गएको छ। निम्न स्थानहरूमा पनि उपमा पर्न गएको छ

उद्गच्छन्तं तुहिनकिरणं पर्वणीन्दुं यथा त-
मभ्युद्यातो जलधिवदसौ निम्नगाभिः समेतः ॥६१॥ (पृ.२०१)
कोष्ठे कोष्ठे प्रतिगृहमगात् कार्यसंवीक्षणाय
एवं सारं मधुकर इवाधत्तवान् श्रीमहेन्द्रः ॥६८॥ (पृ.२०२)

राज सुखदुःख बुझ्न घरघर कोठाचोटा मधुकरझैँ चहारे भन्ने अर्थमा पनि उपमा पर्न गएको छ । यहाँ राजा उपमेय मौरी उपमान्, इव वाचक शब्द, पुष्पसार र सुखदुःखका अवस्थासार ग्रहण गर्नु साधारण धर्म (मौरीले पुष्पसार लिने पुष्पकोश र राजाले जनताको सुखदुःख बुझ्ने प्रतिगृह कोष्ठ)बाट उपमा प्रकट भएको छ ।

भूपालानां मणिरिव स वै शाहवंशावतंसो
भ्राम्यन् कुर्वन् नयनविषयं सर्वगौराङ्गराज्यम् ॥७७॥ (पृ.२०३)

यहाँ शाहवंशका राजा भूपालहरूका मणिजस्तै भन्ने अर्थमा उपमा अलङ्कार पर्न गएको छ ।

दुधर्षो यः प्रकृतिगुणतो दुर्विभाव्यो दुरापो
दृष्टो लेके गुणनिधितया सिन्धुवच्छ्रीमहेन्द्रः ॥८९॥ (पृ.२०४)

यहाँ पनि गुणको खानीले गर्दा राजा महेन्द्र सिन्धुझैँ गम्भीर छन् भन्ने अभिव्यक्तिमा पनि उपमा नै झल्किन्छ ।

यद्वा काकोदर इव सदा दुर्जनानां दमाय
धीरे वीरे सुहृदिव तथा साधुवर्गे पितेव ।

यस माथिल्लो श्लोकमा उपमा र तल्लोमा धैर्यमा सिन्धुजस्तै भन्दा पनि उपमा झल्किन्छ ।

निम्न श्लोकमा उपमा र रूपक अलङ्कार देखिन्छ ।

दाने मेघोऽऽनल इव शुचौ विक्रमे राम एव
धैर्ये सिन्धुर्गुरुरिव नये दृश्यते श्रीमहेन्द्रः ॥९०॥ (पृ.२०५)
कस्मात् तिष्ठेत् तिमिरनिकरो भास्करे भासमाने ॥९७॥ (पृ.२०६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेजुर्यस्मादुदयति रवौ दृश्यते का तमिस्रा ॥१००॥ (पृ.२०६)

(घ) प्रस्तुत काव्यमा रसको सन्दर्भ : प्रस्तुत महेन्द्रशतकम् काव्यमा वीर रसको प्रयोग भएको छ । काव्यको प्रारम्भ नै द्रव्य शाहले गोरखाराज्यको स्थापना गरे तिनी कस्ता थिए भने **'धीरो वीरो जितरिपुगणः पालको यः प्रजानाम्'** धीर वीर र रिपुगणलाई जितेका र प्रजाको पालनामा तत्पर भएका भन्ने वाक्यमा नै वीर रसको बीज-वपन भएको छ भने यिनकै वंशमा जन्मेका वीर पृथ्वीनारायण शाहको वर्णनमा वीररसको भावध्वनि अङ्कुरित भएको अनुभव हुन्छ ।

धावन् धावन् पवनवदसौ प्राप्य नैकान् प्रदेशान्
प्राक्पाश्चात्यान् रविरिव तमो राजसङ्घान् विजित्य ।
स्वल्पं राज्यं तदपि सहसा तैलविन्दूनिवाप्सु
विस्तार्यैवं शिवकरुणया स्थापयामास राज्यम् ॥३॥ (पृ.१९३)

वीररसमा उत्साह स्थायीभाव हुन्छ । यस रसमा शत्रु वा प्रतिद्वन्द्वी आलम्बन विभाव हुन्छ । रण, वीरताप्रदर्शन आदि उद्दीपन विभाव हुन्छ । शत्रुका क्रियाकलाप, तिरस्कार, अस्त्रप्रहार, कठोर वचन आदि यसका अनुभाव हुन् । गर्व, धैर्य, रोमाञ्च, आँट, चपलता आदि व्यभिचारीभाव हुन् (सा.दा ३।२३२)[९]। यसका धर्मवीर, दानवीर, दयावीर, युद्धवीर ४ भेद छन् । यस काव्यमा धर्म, दान र दयावीरको सूक्ष्मस्वरूपको संकेत पाइन्छ भने युद्धवीरको स्थूलसंकेत पाउन नसके पनि विभिन्न तहमा चलेका अन्तर्द्वन्द्व, २०१७ साल पछिका राजनीतिक परिवर्तन र राजनीतिक द्वन्द्व एवं राजाविरोधीहरूसंगको द्वन्द्व र राजाको विजययात्रा आदिको वर्णनमा युद्धवीरताको झझल्को पाइन्छ ।

काव्यमा द्रव्य शाहको वर्णन गर्दा वीर रसको बीजवपन भएको छ भने पृथ्वीनारायण शाहको वर्णनमा वीर रसको अङ्कुरण भएको देखिन्छ अनि त्रिभुवनको वर्णनमा वीर रस पल्लवित भएको दृष्टिगोचर हुन्छ । त्रिभुवनको वर्णनमा १९ श्लोक आएकाले उनको वर्णनमा रस परिपाक नभएपनि रसोदयको अवस्था रहेको हुनाले भावध्वनिकै अवस्था देखिन्छ ।

काव्यमा राजा महेन्द्र नै नायक भएकाले महेन्द्रकै केन्द्रीयतामा अध्ययन

---

९ उत्तमप्रकृतिर्वीर उत्साहस्थायिभावकः । महेन्द्रदैवतो हेमवर्णोऽयं समुदाहृतः ॥सा.द. ३।२३२॥
आलम्बनविभावास्तु विजेतव्यादयो मताः । विजेतव्यादिचेष्टाद्यास्तस्योद्दीपनरूपिणः ।
अनुभावास्तु तत्र स्युः सहायान्वेषणादयः ॥सा.द.२३३॥
सञ्चारिणस्तु धृतिमतिगर्वस्मृतितर्करोमाञ्चाः । स च दानधर्मयुद्धैर्दयया च समन्वितश्चतुर्धा स्यात् ॥सा.द.३। २३४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा उत्साह स्थायी भाव भएको वीर रसको भावध्वनि व्यक्त भएको अनुभव हुन्छ। वीररस परिपाकमा पुग्नलाई आवश्यक उपकरणको अभाव रहेकाले वीररस उद्बुद्ध भएको हुँदा वीररसको भावध्वनि व्यक्त भएको देखिन्छ।

काव्यको २६ सौं श्लोकमा पिता त्रिभुवनको मृत्यु भएपछि युवराज महेन्द्र राजगद्दीमा आरूढ भए। उनमा वीरोचित राजोचित गुणहरू विद्यमान थिए। निम्न श्लोकले नै रजा महेन्द्रमा सर्वगुणसम्पन्नता रहेको बताएको छ

श्रीमान् धीमान् त्रिभुवनसुतो दीनबन्धुर्दयावान्
शान्तेर्नेता प्रकृतिगुणतो वर्धमानः क्रियासु।
राष्ट्राध्यक्षः श्रुतिसुरगणे भक्तिवान् सत्यवादी
धर्मप्रेमी नृपवरगुणै राजतेऽसौ महेन्द्रः ॥२६॥ (पृ.१९६)

राजा महेन्द्रमा नेपालको उन्नति प्रगति गर्ने अत्यन्त ठूलो उत्साह रहेको थियो। पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि बहादुर शाह र त्यसपछि पनि युद्ध गर्दै जाँदा नेपालीहरूले नेपालको सीमा टिस्टा र काँगडा पुऱ्याएका थिए। सुगौली सन्धिले गर्दा नेपालले केही खुम्चनुपऱ्यो। सुगौली सन्धिपछि नेपाल आन्तरिक द्वन्द्व र कलहमा फस्यो। १०४ वर्ष राणाहरूले राजालाई दरबारभित्र थुने, खोपीमा राखेर शासन गरे। प्रजातन्त्र आएपछि बल्ल राजाले नेपालको हिमाल, पहाड र तराई हिंड्न पाए, देश र जनताको विकास गर्ने संकल्प र कर्म गर्न पाए। यस्ता राजाको वर्णनमा कवि लेख्छन् -

लोकारामे दृढभुजलता शान्तिशाखावलम्बा
प्रोत्फुल्ला सा सहकिशलयैरुन्नतौ यस्य नित्यम्।
प्राप्तानन्दा नृपकरुणया राज्यलक्ष्मीः सपत्नी
मन्दं मन्दं हसति वसुधा स्वामिनं संविलोक्य ॥२८॥ (पृ.१९६)

आफू राजा भएपछि महेन्द्रले उत्साहका साथ केही महिना लगाएर नेपालको भ्रमण गरे भने विदेशको पनि भ्रमण गरे। नेपालीहरूको अवस्था, नेपालको अवस्था, गाउँको अवस्था सबै हेरे, जाने, बुझे। नेपालीको उत्थानका लागि उत्साहका सथा अगाडि बढ्ने अठोट पनि लिए।

स्थाने स्थाने पथिकजनताऽऽवाससद्मप्रपानां
प्राचीनानां सलिलसरसां देवतामन्दिराणाम् ॥
जीर्णोद्धारं नृपतिरकरोद् वित्तराशिप्रदानै-
स्तस्माल्लोके स्फुरति सुयशो धार्मिकत्वं नृपस्य ॥३९॥ (पृ.१९८)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विदेशको भ्रमण गरेर अनेक कुराको सहयोग पनि लिनु थियो मित्रराष्ट्रहरूबाट त्यसैले राजाले विदेशको पनि भ्रमण गरे । अमेरिका, बेलायत, जापान, हङकङ, भारत, थाइल्यान्ड आदि देशको ३ महिना लागाएर भ्रमण गरे ।

नेपालमा प्रजातन्त्र आयो । दलहरूले काम गरिरहेका थिए । निर्वाचन पनि भयो । सरकारले काम पनि थाल्यो । तर मन्त्रीमण्डलको कामबाट राजा सन्तुष्ट हुन सकेका थिएनन् । राजाले मन्त्रीमण्डल अपदस्थ गरी शासनसत्ता हातमा लिए । त्यसले गर्दा राजा एकातिर र दलहरू अर्कोतिर पर्न गए । विरोधीहरूलाई शमन गरेर राजा अगाडि बढे । यो काव्य २०१८ साल श्रावणमा लेखिसकिएको बुझिन्छ । २०१७ साल पुस १ गते मन्त्रीमण्डल अपदस्थ गरिएको थियो । विसं. २०१८ सालमा राजाले पशुपति रुद्रगाडेश्वरमा रुद्रयाग गरेका थिए । राजाको उत्साहको वर्णन हेरौँ

इत्थं यज्ञैः प्रयतवपुषा भ्राजमानो महेन्द्रो
भूयो देशान्नयनविषयी कर्तुमेवं प्रवृत्तः ॥४६॥ (पृ.१९९)

यस काव्यमा राजा महेन्द्रमा रहेको देश निर्माणको उत्साह स्थायीभाव उद्बुद्ध भएको देखिन्छ । उत्साह स्थायीभाव भएको वीर रस यस काव्यमा व्यक्त हुनखोजे पनि रसउपकरण र वीररसको अभिव्यक्तिलाई परिपाकमा पुऱ्याउने सामग्री नभएकोले उत्साह स्थायीभाव उद्बुद्ध भएको हुँदा उत्साहभाव उद्बुद्ध भएको भावध्वनि व्यक्त भएको बुझिन्छ ।

राजा महेन्द्रमा दानवीरताको भाव पनि थियो भन्ने कुरा ४४ श्लोकमा स्पष्ट पारिएको छ ।

दानैर्मानैरनलविबुधान् पण्डितान् वेदविज्ञान्
विप्राँश्चान्यानपि च सकलान् भूतसङ्घान् प्रतोष्य ॥४४॥

दुष्टहरूलाई दमन गर्दै राजा अगाडि बढेको उत्साहलाई कविले यसरी वर्णन गरेका छन्

आपच्छान्तिर्भवति जगतां दण्डनाद् दुर्जनाना-
मित्थं ज्ञात्वा जनहितमिदं बुद्धिमान् श्रीमहेन्द्रः ॥
शाके द्व्यष्टद्विपशशिमिते पौषमासाद्यवारे
तेषाञ्चक्रे निरसनमतो मन्त्रिणां दुर्मदानाम् ॥८२॥ (पृ.२०४)

काव्यका ८२ श्लोकपछिका सबै जसो श्लोकहरूले राजा महेन्द्रको सुकृत्य, उदय र राजकृत्यहरूको वर्णन र राष्ट्रविरोधीको दमन एवं राजाको उदय र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विजयलाई सशक्त ढङ्गमा वर्णन गरिएकाले यस काव्यमा उत्साहभाव उद्‌बुद्ध भएको वीररसको भावध्वनि व्यक्त भएको अनुभव हुन्छ ।

५.३.६. प्रकृति र संस्कृति

प्रकृति र संस्कृतिको चित्रण काव्यका अभिन्न अङ्ग हुन् । हरेक काव्यमा प्रकृतिको चित्रण कुनै न कुनै रूपमा गरिएको हुन्छ। प्रकृति र संस्कृतिको चित्रणले नै काव्यलाई आस्वादनीय बनाएको पनि हुन्छ ।

(क) प्रकृति : प्रकृति चित्रणमा कविले त्यति ध्यान दिएका छैनन् । प्रकृति चित्रणविना काव्यको आस्वादमा केही फरक पर्न जान्छ। हरेक काव्यलाई प्रकृति चित्रणले निकै सुन्दर, आस्वाद्य कालजयी कृतिका रूपमा स्थापित गरेको हुन्छ । तर यो लघुकाव्य भएको हुनाले कविको ध्यान त्यतातिर नगएको हुन सक्छ । एकाध ठाउँमा जो प्रकृतिको चित्रण गरेका छन् त्यो ज्यादै सुन्दर र वस्तुगत रहेको देखिन्छ । काव्यको पहिलो श्लोकमा नै कविले प्रकृतिको छटालाई सूत्रवत् कथन गरेका छन् -

कश्चिद् देशो हिमगिरितटे नाकवत् पुण्यरूपो
गोरक्षाख्यो मुकुटमणिवद् यत्र भूपो विरेजे ॥१॥ (पृ.१९३)

अर्को ठाउँमा जनताको दुःखजाललाई अपवारण गर्दै विहानको सूर्य झैं महेन्द्रको उदय भयो भन्दा उपमा अङ्गारका लागि उपमान्‌का रूपमा प्रकृतिको चित्रण सुन्दर ढङ्गमा गरिएको अनुभव हुन्छ ।

'प्रातः काले रविरिव तमो दूरयन् दुःखजालम्' ॥११॥ (पृ.१९४)

यस्तै गरी काव्यमा अन्यत्र पनि कतै उपमेय र कतै उपमान्‌का रूपमा प्रकृतिको चित्रण गरिएको पाइन्छ । त्यसले अलङ्कार विधान, सौन्दर्य प्रवर्धन कलात्मक भावविन्यासलाई समेत चमत्कृत् तुल्याएको दृष्टिगोचर हुन्छ ।

भारत भ्रमणको सन्दर्भमा सुन्दर प्रकृतिको चित्रण गर्दै नेपालका अनेक नदनदीहरू बगेर भारत भूमिको सिञ्चन गर्दछन् यस्तो सुन्दर र पवित्र भूमिको भ्रमण गर्न कसलाई मन लाग्दैन र भन्ने भाव पनि सुन्दर र प्रकृतिको चित्रणमा प्रभावपूर्ण देखिन्छ -

यस्मिन् नद्यो विमलसलिला अद्रिपुत्र्यो वहन्त्यो
नानारूपा कुटिलगतयः क्षेत्रजातं प्रसिञ्च्य ।
मन्दं मन्दं सलिलगतिभिर्भारतं पावयन्त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्तुं तत्राभिलषति न को ? यत्र भूमिः पवित्रा ॥३६॥ (पृ.१९७)

अर्को श्लोकमा पनि राजा महेन्द्रको वर्णन गर्दा प्रकृतिकै सहायता लिएका छन्

भ्रामं भ्रामं भुवनमखिलं व्योममार्गेण ताव-
दानीयार्को रसमिव करैर्विश्वसारं समस्तम् ।
दुःखैम्लानान् बहुघनजलैर्लोकशस्यान् प्रसिञ्च्य
उच्चैर्गत्या जगति विजयाद् राजतेऽसौ महेन्द्रः ॥३७॥ (पृ.१९८)

उपमाका लागि 'हिमशिखरवत्' (७१ । पृ. २०२) 'सिन्धुवच्छ्रीमहेन्द्रः' (८९। पृ.२०४), 'फुल्लहृत् पद्मकोशे', 'कुर्वन् फुल्लं वदनकमलं' (७० । पृ.२०२) मन्दं मन्दं चलति पवनो गन्धवाहः सदैव' (८४ । पृ.२०४) जस्ता ठाउँमा कतै उपमाका लागि त कतै प्रकृति चित्रणका लागि कतै राजाको वैशिष्ट्य देखाउनका लागि उपमा अलङ्कारसहित प्रकृतिको वर्णन गरिएको पाइन्छ ।

कम्पं कम्पं विशति सलिले स्नानशीलो द्विजोऽपि
मन्दं मन्दं सरति सभयो धर्मकार्ये बुधोऽपि ।
हेमन्तेऽस्मिन् खलजडभयात् कम्पमानः सदैव
काङ्क्षन्त्येवं रविमिव जना वर्धमानं महेन्द्रम् ॥९३॥ (पृ. २०५)
कस्मात् तिष्ठेत् तिमिरनिकरो भास्करे भासमाने ॥९७॥ (पृ. २०६)

यस्मान् मूलादमलरचना विद्यते यत्र तत्र
ग्रामे मार्गे सरिति नगरे पर्वते चापि देशे ।
विद्युज्ज्वाला प्रकृतिविमला दृश्यते कार्यशाला
माहेन्द्रीया जगति सकला द्योतते कीर्तिमाला ॥९९॥

काव्यको पहिलो श्लोकमा पनि प्रकृतिको छोटो र सुन्दर स्वरूपको चित्रण गरिएको छ भने अन्तिम श्लोकमा पनि उपमान्को रूपमा प्रकृतिको चित्रण गरिएको छ । रविको उदयभएपछि घोर अन्धकारको अस्तित्व नरहेझैं राष्ट्रको चौतर्फी विकासमा विघ्नबाधा दिनेहरूलाई खदेडेर लघारेपछि दुष्टहरूको उपस्थिति कसरी संभव हुन्छ र ? भन्दा पनि प्रकृतिबाट नै उपमान् लिएको देखिन्छ । जस्तो -

'भेजुर्यस्मादुदयति रवौ दृश्यते का तमिस्रा ॥१००॥ (पृ.२०६)

(ख) संस्कृति : काव्यमा संस्कृतिका विषय सशक्त ढङ्गमा फैलिएको पाइन्छ । संस्कृतिमा प्रकृतिभिन्न मानवसृजित भौतिक अभौतिक, स्थूल सूक्ष्म,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्य अदृश्य, सबै वस्तु संस्कृतिभित्र समाहित हुन्छन् । संस्कारकृत्य, वर्षकृत्य, नित्यकृत्य, नैमित्तिककृत्य, अनुष्ठानकृत्य, दर्शन आदि पनि संस्कृतिभित्र पर्दछन् । घर, घरका उपकरण, कृषि औजार, युद्ध औजार, उद्योग औजार आदि पनि स्थूल संस्कृतिभित्र पर्दछन् । चालचलन, रितिरिवाज, विधिव्यवहार, खानपान, वस्त्राभूषण, न्यायनिसाफ, परिवार, समाज र राज्यव्यवस्था आदि पनि संस्कृतिकै अभिन्न अङ्ग हुन् ।

यहाँ व्यक्ति, परिवार, समाज र राज्यव्यवस्थासंग जोडिएका अनेक सांस्कृतिक सन्दर्भहरूको उल्लेख गरिएको पाइन्छ । जस्तो राजाहरूको वैयक्तिक सन्दर्भहरू काव्यमा एकातिर छन् भने दरबारको पारिवारिक स्वरूप अर्कोतिर रहेको छ । सुरुमा नै द्रव्यशाहको नीतिनिपुणता र प्रजापालनशीलताको बखान गरी काव्य प्रारम्भ भएको छ। द्रव्यशाह, उनको परिवार र राज्यव्यवस्थासम्बन्धी संस्कृतिको वर्णन यहाँ भएको देखिन्छ । द्रव्यकै वंशमा नरभूपालको जन्म र उनको ज्येष्ठ सुपुत्रका रूपमा पृथ्वीनारायण शाहको जन्म भएको र उनले विशाल नेपालको रचना गरेको र पशुपतिनगरीलाई राजधानी बनाएको विषय वर्णनमा सांस्कृतिक स्वरूपको बिम्ब पनि झल्किएको पाइन्छ । यिनकै कुलमा पृथ्वीवीरविक्रम र उनका छोरा त्रिभुवन भएथे र उनका छोरा महेन्द्रको जन्म भएको थियो भन्दा र राणाहरूले जहानियाशासन अन्यायपूर्ण ढङ्गमा चलाएका थिए भन्दा पनि अनेक राज्यसन्दर्भका वर्णनमा संस्कृतिको वर्णन झल्किएको देखिन्छ। काव्यमा विभिन्न मठमन्दिरहरूको देवालयको, संस्कारकृत्यको, विश्वासको, वेदवेदादि शास्त्रको, यज्ञ, दान, विप्र, कोटिहोम, गोरक्षनाथ, कालिका, मनःकामना, वैदिक, सनातन धर्म, सूर्यको वर्णन आदिमा पौरस्त्य संस्कृतिको वर्णन पाइन्छ भने विदेशको भ्रमणमा केही विदेशी संस्कृतिको चञ्चुप्रवेश भएको देख्न सकिन्छ ।

५.३.७ निष्कर्ष

प्रस्तुत महेन्द्रशतकम् काव्यमा नेपालको एकीकरणको संकेत गर्दै त्रिभुवनले राणाको चङ्गुलबाट नेपाललाई निकालेको र त्यसपछि राजा महेन्द्रले विकास निर्माणका लागि प्रयत्न गरेको वर्णन आएको छ। राजाले पहिला स्वदेशको भ्रमण गरेर नेपाल र नेपालीको अवस्था बुझेको र विकासका लागि अनेक प्रयत्न गरेको वर्णन छ। राजासंग जनताले विद्यालय, पानी, पुल, अस्पताल आदि विकासको माग गरेको पनि संकेत छ काव्यमा । देश विकासका लागि मित्रराष्ट्रबाट पनि सहयोग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुटाउनका लागि भारत, बेलायत, अमेरिका, जापान आदि देशको भ्रमण गरेको वर्णन काव्यमा छ । राजाले राष्ट्रविरोधीहरूलाई र विकास निर्माण विरोधीहरूलाई तह लगाई यज्ञसमेत गरेको र राजाको उदयले तिमिरनिकरमा डुबेको वर्णन सुन्दर छ । 'उदयति रवौ दृश्ते का तमिस्रा' भनेर सूर्यको उदयभएपछि अन्धकार नष्ट भएझैँ राजाको उदयले राष्ट्रविरोधीहरू अध्यारोमा डुबेको उल्लेख छ ।

काव्यमा राजाको वर्णन गरिएको छ । संस्कृत भाषाको वहाव छ, विभिन्न छन्दको प्रयोग गरिए पनि मन्दाक्रान्ता छन्दको प्रयोग मुख्य रूपमा गरिएको देखिन्छ । शब्दालङ्कार र अर्थालङ्कारको सामान्य प्रयोग गरिएको देखिन्छ भने उत्साहभाव भएको वीररस उद्‌बुद्ध भएको हुँदा भावध्वनि व्यक्त भएको पाइन्छ ।

५.४ नेपाली प्रबन्धकाव्य बालरामायणको अध्ययन

५.४.१ शीर्षक, संरचना र विषयवस्तु

बालरामायण गायत्री गणेशका महत्त्वपूर्ण रचनाहरूमध्ये एक हो । यस काव्यको शीर्षक भनौं या ग्रन्थनाम नै बालरामायण दिइएको छ । नामका आधारमा बालकहरूलाई रामगाथा सुनाउन सिकाउन नै यसको रचना भएको जस्तो देखिन्छ । अर्को यस नामले रचनाप्रौढताको अवशिष्टतालाई पनि संकेत गर्न खोजेको हो कि भन्ने पनि देखिन्छ । साथै कविमा बालवयदेखि नै रामप्रतिको अनुराग जुन थियो त्यसलाई अभिव्यक्त गर्न पनि यस काव्यको रचना भएको विषय अनुमान गर्न सकिन्छ । त्यसैले गर्दा यस काव्यको नाम ज्यादै सरल, सहज र रामकथालाई संकेत गर्ने खालको अभिधात्मक रहेको छ ।

काव्यको रचना १४ विलासमा भएको देखिन्छ । कविले मङ्गलाचरणको पहिलो श्लोक संस्कृतमा प्रस्तुत गरेका छन् भने त्यसको नेपालीमा भाव पनि पद्यमा दिएका छन् । काव्यमा ११६८ श्लोकमा रामभक्ति प्रधान काव्य फैलिएको छ । प्रत्येक विलासको अन्त्यमा सर्गान्तमा छन्द परिवर्तन गर्ने नियमलाई परिपालना गर्दै फरक छन्दमा विलासान्तको विट मारिएको छ भने अन्य सबै श्लोक अनुष्टुप् छन्दमा रचना गरिएको छ ।

भक्तमालामा आएको कथानकको मूल धारालाई यस काव्यमा विस्तार गरिएको देखिन्छ । यद्यपि यी दुवै काव्य बिलकुल मौलिक र स्वतन्त्र छन्, संस्कृत काव्यको प्रौढिमा यस काव्यले प्राप्त गर्न भने सकेको छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.४.२. कथानक

काव्यको पहिलो विलासमा अयोध्यामा दशरथ नाम गरेका राजा थिए र उनका ३ पत्नी थिए । तर सन्तान थिएनन् । ऋष्यशृङ्गी ऋषि झिकाएर यज्ञ गराई ४ पुत्र जन्मिएको प्रसङ्ग आएको छ । भागवतको माहात्म्यमा आएको धुन्धुलीको कथाप्रसङ्ग पनि प्रस्तुत गरिएको छ । उनको चरित्र त्याज्य देखाउन खोजिएको छ । जेठा कौशल्यापुत्र राम, माहिला कैकेयीपुत्र भरत, सुमित्रापुत्र लक्ष्मण र शत्रुघ्न चार पुत्र भए । संगै खेल्दै पढ्दै संगै हुर्किए । एक दिन विश्वामित्र ऋषि दशरथपुत्र लिन भनी आयोध्या आए । राक्षसलाई निवारण गरी यज्ञ सम्पन्न गर्न राम आवश्यक भएकाले कौशिकी तटमा लान चाहेको बताए । गुरुसंगसमेत सल्लाह गरेर राम र लक्ष्मणलाई लैजान अनुमति दिए । कोशीनदीको तटमा रहेको विश्वामित्र आश्रममा आएर ताडका सुबाहु आदिलाई बध गरेर यज्ञ सम्पन्न गराए । रामले युद्धविद्या सिकेको प्रसङ्ग यहाँ छैन । यज्ञसम्पन्न गरेर मिथिला प्रस्थान गरेको विषय यस विलासमा छ ।

दोस्रो विलासमा जनकपुर पुगी धनुर्भङ्ग गरेर सीतासंग विवाह गरेको र अयोध्यामा पुगेर केही काल बिताएपछि राज्याभिषेकको प्रसङ्गमा यो विलास टुङ्गिएको छ । तेस्रो विलासमा राज्याभिषेकको प्रसङ्ग र कैकेयीले रामलाई १४ वर्षका लागि वनवास र भरतलाई राज्याभिषेकको माग गरिन् । राजाको वचन राख्न राम, सीता, लक्ष्मण वनप्रस्थान गरेको घटनामा यो विलास टुङ्गिएको छ । चौथोमा यमुना तरेर चित्रकूट पुगेको, त्यताबाट दण्डकारण्य पुगेको अत्रि अनुसूयाको आतिथ्य लिएर राक्षस मारेको प्रसङ्ग आएको छ यहाँ । पाचौँ विलासमा विराध आदिलाई मारेको त्यसपछि अगस्त्याश्रम गएको र त्यहाँ ऋषिबाट इन्द्रको धनुष र खड्ग लिएको उल्लेख छ । यतैबाट पञ्चवटी गएको, खरदूषणको वध र शूर्पणखाको नशच्छेदको प्रसङ्ग पनि यसैमा आएको छ । शूर्पणखाकै योजनामा रावणले सीताहरणको योजना बनाएको विषय यहाँ अनुस्यूत छ । सीताहरण, सीतान्वेषण, जटायु संवाद, सवरी अनुग्रह आदि यसमा आएको छ । छैटौँमा सीता अन्वेषण, सुग्रीव र हनुमान्संग भेट, बालिनिग्रह, वर्षारम्भ सीतान्वेषण गर्न हनुमान् लङ्का प्रस्थान गर्नु आदि विषय यहाँ चित्रित छन् ।

आठौँ विलासमा हनुमान् लङ्काप्रस्थान गर्दा आकाशमार्गमा नै सुरसा आई र त्यसलाई छक्क्याएर लङ्का पुगे, लङ्किनी द्वारेलाई परास्त गरेर सीतासँग संवद गरी, औँठी दिई, लङ्काका उपवन भञ्जन गरेको सन्दर्भ चित्रित छ । नवौँ विलासमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्षयकुमारलाई समेत मारेकाले इन्द्रजितले हनुमान्लाई पक्री मार्न खोजेको र विभीषणले दूतलाई मार्न हुन्न भनेको र पुच्छरमा तेलयुक्त कपडा बेरी आगो लगाएकाले त्यसैबाट लङ्का दहन गरी हनुमान् फर्केको र रामले ज्यादै प्रसन्नता प्रकट गरी अङ्कमाल गरेको काखमा राखेको प्रसङ्ग यहाँ वर्णित छ ।

दशम विलासमा लङ्का जान प्रस्थान गरेको, विभीषणसंग संवाद, उनलाई शरण दिएको र पाँच दिनमा सेतुबन्धन गरी लङ्काप्रवेश गरेको र लङ्कालाई घेरी दैत्यदहन गर्न थालेकाले रावण शोकमा डुबेको घटना वर्णित छ। एघारौं विलासमा रावण पनि चिन्तित बन्यो । कुम्भकर्णले पनि युद्ध नगरौं, सीताफर्काऔं भनी संझाए, विनासकालमा किन संझन्थ्यो । रावणले युद्धमा नै जाने आदेश दियो, ऊ पनि मारियो । रावण झन् झस्कियो । रावणको वीरपुत्र इन्द्रजित कुम्भिल अभिचार कर्म गर्न एकान्तमा गयो, त्यस अनुष्ठानलाई विघ्न गरी इन्द्रजितलाई लक्ष्मणले मारे । यहाँ लक्ष्मण घाइते भएको र हनुमान्ले मृतसञ्जीवनी ल्याएको प्रसङ्ग छैन । मन्दोदरीले पनि अर्काकी पत्नी हरण गर्नु अधर्म हो, सीता फर्काएर युद्ध अन्त्य गर्न अनुरोध गरैकी छन् तर काल आएकाले रावणले संझिएन । लक्ष्मणले पनि भेटेर संझाएका छन् तर युद्ध नै चाहेकाले राम र रावणको भयङ्कर युद्ध भएर नै छाड्यो कसैले रोक्न सकेन ।

बाह्रौं विलासमा भयानक युद्ध भयो, कसै गरी त्यो रावण मारिएन । विभीषणले नाभिमा अमृततत्त्व भएकाले त्यसलाई समाप्त गरेपछि मात्र रावण ढल्छ भनी जानकारी दिए । रामले पनि आग्नेयास्त्रबाट अमृत सोसी शिरमा प्रहार गर्दा रावण मारियो ।

गएर बाणले काट्यो दशै शिर छटाछटी
दशै शिर गिरे भैंमा जिब्रो टोकी कटाकटी ॥१२॥ (पृ.१३१)

रामले रावणको अन्त्येष्टि गर्न आदेश दिएका छन् । मन्दोदरीलाई संझाएका छन् र रावणको इच्छा कलिकालमा पूरा होला भन्ने संकेत पनि दिएका छन् । सीतापरीक्षण गरी विभीषणलाई राज्य दिएर राम अयोध्या फर्किएका छन् यस विलासमा ।

तेह्रौं विलासमा पौरस्त्य राजनीति शास्त्रका विषयमा शिक्षा दिइएको छ भने चौधौं विलासमा धोवीको वचनलाई आधार मानेर लक्ष्मणलई सीता वनमा लगी छोड्न निर्देशन दिनुभएको र लक्ष्मणले पनि वाल्मीकि ऋषिको आश्रम नजिकै सीतालाई छोडेर आउनुभएको विषय उल्लेख छ । वाल्मीकिले सीताको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पालन पोषण गरेर लवकुशको जन्म भएको र वाल्मीकिबाट नै रामपुत्रले सारा वेदादिशास्त्र र युद्धविद्या आदि सिकेका थिए । रामले यज्ञ गर्न छोडेको घोडा पक्रिएको र अनेक योद्धालाई परास्त गरेको देखेर रामपुत्रको ख्याति फैलिएको थियो । रामले पनि पराक्रम सुनेर पुत्र र सीतालाई समेत राजधानी ल्याउनुभएको वर्णन काव्यमा छ । रामको दर्शन गरेर सीता धर्तीमा विलीन हुनुभयो भने राम पनि केही समयपछि छोरालाई राज्य दिएर दिव्य धाममा फर्किनुभएको विषय उल्लेख गर्दै यो काव्य टुङ्गिएको छ ।

५.४.३. चरित्र चित्रण

प्रस्तुत काव्यमा राम र सीता धीरोदात्त नायक र स्वकीया नायिका रहेका छन् भने रावण खलनायक रहेको देखिन्छ । कविले राम र सीताको चरित्र चित्रणमा दिल फुकाएका छन् । कवि रामभक्त भएको हुनाले रामका यावत् चरित्रको वर्णन काव्यमा पाउन सकिन्छ । काव्य धेरै ठूलो पनि होइन र ज्यादै सानो पनि छैन । अनुष्टुप् छन्दका करिब एघार सय श्लोकमा फैलिए पनि विभिन्न घटना र चरित्रको वर्णन शीघ्र रूपमा अगाडि बढेको देखिन्छ । जन्म, संस्कार, शिक्षा, विश्वामित्रसंग कोशीगमन, मारीच, सुबाहुलाई परास्त गरेको र जनकपुर आई जानकीसंग विवाह गरेका घटनामा रामको उदात्त चरित्र प्रकट भएको छ । वनवासको प्रसङ्गमा रामले नै सबैलाई संझाएर पिताको आज्ञा पालना गर्नुपर्छ भनेका छन् । चतुर्थविलासबाट राम वनवास गएका छन् र विभिन्न आश्रममा पनि गएर ऋषिहरूको दुःखकष्ठको निवारण गरेका छन् । सीताको हरणपछि सीतालाई प्राप्त गर्न उद्वेलित छन् र युद्धबाट सीतालाई लङ्काबाट फर्काउन सफल देखिन्छन् । यसमा सीता, हनुमान्, रावण, मन्दोदरी, विभीषण आदिको चरित्र पनि आवश्यकताअनुसार उद्घाटित भएको पाइन्छ ।

५.४.४. भाषाशैली, छन्द, अलङ्कार र रसविधान

(क) भाषाशैली : प्रस्तुत काव्यमा सहज, सरल र स्वाभाविक व्यावहारिक भाषाको प्रयोग गरिएको छ । बालरामायण भएकाले बालकहरूलाई नै सुशिक्षा दिन यो कृति तयार गरेकाले पनि यसको भाषा ज्यादै सरल रहेको छ । अन्य कविता र २ नेपाली खण्डकाव्यमा जस्तो यस काव्यमा नेपाली भाषालाई त्यति धेरै भाँचिएको छैन । वर्णविन्यासलाई पनि त्यति खजमज पारिएको देखिदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभिन्न ठाउँमा आलङ्कारिक भाषाको पनि प्रयोग छ ।

भारी उत्सवले छायो अयोध्या नगरीभरि ।
सबै आनन्दमा मग्न भए वैकुण्ठमा सरि ॥१२।८६॥ (पृ.१३६)
रमिता रमितै हुन्थ्यो अयोध्या नगरीभरी ।
मनुष्यरूपले हिँड्थे द्यौताहरू थरिथरी ॥१३।४॥ (पृ.१३६)

केही ठाउँमा भग्न प्रयोग गरेको पाइन्छ जस्तो बिगारन, नासन, बसने आदि

(ख) छन्द : यस काव्यमा ११६८ श्लोकको रचना भएको छ । सर्गान्तबाहेक (यस काव्यमा सर्गलाई विलास भनिएको छ) सबै श्लोकमा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । सबै सर्गान्तमा छन्द परिवर्तन गरिएको छ । पहिलो सर्गान्तमा २ वटा शालिनी छन्द प्रयुक्त छन् । दोस्रोमा २ वटा स्रग्धरा, तेस्रोमा १ स्रग्धरामा र चारौँमा एक शिखरिणी, पाचौँमा २ पद्य वसन्त तिलकामा, छैटौँ, नवौ र दशौँमा १ पद्य शार्दूलविक्रीडितमा, सातौँ, आठौँ र एघारौँमा १ वसन्ततिलका छन्दमा छ । बाह्रौँमा १ पद्य इन्द्रवज्रामा, तेह्रौँमा १ पद्य शार्दूलविक्रीडितमा १४ मा मालिनी छन्दमा १ पद्यको रचना भएको पाइन्छ । यस काव्यमा छन्दको प्रयोग ज्यादै सहज, सरल र स्वाभाविक गतिमा गरिएको देखिन्छ ।

(ग) अलङ्कार : प्रस्तुत काव्यमा शब्दालङ्कार एवं अर्थालङ्कारको प्रयोग गरिएको छ । तर कविले अलङ्कारका लागि कुनै प्रयत्न गरेका छैनन् ।

सहज रूपमा अलङ्कारको प्रयोग भएको छ । काव्यमा शब्दालङ्कार तथा अर्थालङ्कारबाट निर्मित उभयालङ्कारको पनि प्रयोग भएको पाइन्छ ।

सक्तैन टिक्न लौ राम मेरा सामु कसै गरी ।
बाँच्दैन मृगको बच्चा अगाडि सिंहका परी ॥

यहाँ अन्त्यानुप्रास, अन्तर्अनुप्रास र दृष्टान्त अलङ्कारको प्रयोग भएको छ ।

(अ) शब्दालङ्कार : काव्य कवितामा शब्दालङ्कारको महत्त्वपूर्ण भूमिका हुन्छ । कविता, खण्डकाव्य, महाकाव्य आदि श्रव्यकाव्यका भेद हुन् । श्रव्यकाव्य श्रुतिमधुर हुनुपर्छ । पहिलो तहमा काव्य स्वयं मधुर स्वरमा वाचन गरेर वा अरूले गरेको सुमधुर वाचन सुनेर आनन्दको उत्पत्ति हुन्छ, श्रुतिमधुर शब्दशय्याले र तदनुकुल स्वरको माधुर्यले भावक, पाठक वा स्रोताको ध्यान तान्दछ । शब्दालङ्कार सामान्य भावक, पाठक वा स्रोताले पनि सजिलै बोध र अनुभव गर्न सक्तछ । त्यसैले शब्दालङ्कारको पनि धेरै महत्त्व हुन्छ काव्य कवितामा । काव्य भनेकै पहिलो तहमा शब्द कला हो, शब्द जादू हो, शब्द चमत्कार हो । त्यसपछि अर्थ, भाव, रस अलङ्कार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्वनि आदिको अनुभव, रसास्वादन हुँदै जान्छ। शब्दबोधबाट नै काव्यभाव प्रकट हुने हुनाले यो महत्त्वपूर्ण छ। शब्दालङ्कार मिलाउन अनेक कृत्रिम प्रयत्न गरियो भने त्यो विद्रूप पनि बन्न सक्छ र कव्यभूषणको सट्टा काव्यदूषण बन्न जान्छ। बलपूर्वक प्रयोग गरिएको शब्दालङ्कारलाई कविहरूले र काव्यसमीक्षकहरूले पनि त्यति राम्रो मानेका छैनन्, काव्य चमत्कार त अर्थालङ्कारमा हुन्छ, काव्य चमत्कार त ध्वनिमा हुन्छ भनेको पाइन्छ। तर अभिधा, लक्षणा र व्यञ्जना हुँदै अर्थालङ्कार, ध्वनि र रससम्म पुग्ने सोपान त शब्द नै भएकाले शब्दको सुललित प्रयोग आवश्यक पर्छ। त्यही सुललित प्रयोग नै शब्दालङ्कार भैदिन्छ।

शब्दालङ्कारका विभिन्न भेदको चर्चा माथि गरिसकिएको छ। यमक, श्लेष, अनुप्रास आदि यसका भेद छन्। अनुप्रास पनि ८ किसिमका हुन्छन्। नेपालीमा अन्त्यानुप्रास र अन्य ७ किसिमका अनुप्रासलाई अन्तर्अनुप्रास शब्दले बुझाउने प्रयत्न गरिएको पाइन्छ। शब्दालङ्कारमा अन्त्यानुप्रासको महत्त्वपूर्ण भूमिका हुन्छ। यस काव्यमा अन्त्यानुप्रासको प्रयोग सर्वत्र गरिएको छ। कतै कतै अन्त्यानुप्रास नमिलेका एकाध ठाउँ पनि पाउन सकिएला। अन्त्यानुप्रासको एउटा उदाहरण हेरौं -

रथ सौमित्रको बल्दो तेजका दाहमा परी।
मरे राक्षसका फौज बत्तीमा पुतली सरी ॥१।७५॥ (पृ.७२)

अन्तर्अनुप्रास

देखेर रामको रूप मोहले मोहिनी बनी
भन्दथिन् रामका साथ रति देऊ ममा पनि ।५।२१॥

यहाँ र र, म म वर्णको र एकस्थानीय वर्णको समेत आवृत्ति भएको छ।

ऐश्वर्य शान्ति र सबै सुख राज्य छाडी (५।७४। पृ.९२)
'दशै शिर थिए शाखा' 'दुष्टका दुस्मनै सरी' (पृ.१०७)
माथि श श, स स, द द वर्णको आवृत्ति भएको छ।

'भवबन्धनमा बाधा छैन' 'बदमास बडो बनी'
यै हो बानरको बच्चा बगैंचा ध्वस्त पारने (पृ.१११)

माथि ब को अनेक पटक आवृत्ति भएको छ।

सबै घरघरै आगो दन्केको नि दनादन।
मर्न थाले बूढा बाला नसक्ने जति भागन ॥१२।७३॥ (पृ.११६)

माथि घ, द, न वर्णको आवृत्ति भएको छ र यसले अन्तर्अनुप्रासको सौन्दर्य निर्माण गरेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(आ) अर्थालङ्कार : विभिन्न अर्थालङ्कारको प्रयोग भए पनि उपमा, रूपक आदि अलङ्कार बढ्ता प्रयुक्त छन् । निम्न श्लोकहरूमा उपमा अलङ्कार झल्किएको छ -

रथ सौमित्रको बल्दो तेजका दाहमा परी ।
मरे राक्षसका फौज बत्तीमा पुतली सरी ॥१।७५॥ (पृ.७२)

यहाँ उपमा अलङ्कार पर्न गएको छ । राक्षसका फौज उपमेय र पुतली उपमान् भएर प्रयुक्त छ ।

देखिन्थ्यो जसको शोभा चार नै अंश बाँडिदा ।
राज्यका लक्ष्मीजस्ता नै रतिकाम सरी हुँदा ॥२।३०॥ (पृ.७५)
रिसले सर्पझैं बनी, ३।२७ विषाक्त बाणले सरी ३।४० (पृ.७९)

माथिका सबै अंशमा उपमेय, उपमान्, वाचक शब्द र साधारण धर्मसमेतको संकेत मिल्ने हुँदा उपमा अलङ्कार पर्न गएको छ ।

छरेर रश्मि नै कीर्ति डाँडाकाँडा सफा गरी ।
उदाए दिनका स्वामी दुष्टका दुष्मनै सरी ॥८।३३। पृ.१०७)
रामराज्य हुँदा बस्थिन् आनन्द मनमा गरी
हरियो रेसमी वस्त्र लाएकी महिला सरी ॥१३।२५॥ (पृ.१४४)

माथिका दुवै श्लोकमा उपमेय, उपमान्, वाचक शब्द र साधारण धर्मसमेतको संकेत मिल्ने हुँदा उपमा अलङ्कार पर्न गएको छ ।

निम्न श्लोकमा 'रामसिंह छँदा' अंशमा राममा सिंहको आरोप गर्दा रूपक बन्न गएको छ भने अन्यमा उपमा अलङ्कार बन्न गएको देखिन्छ ।

रामसिंह छँदा त्रास मानेर भिक्षुभै हरी ।
मलाई ल्याउँदा तेरो दर्जा भो कुक्कुरै सरी ॥८।४१॥ (पृ.१०८)

साथै यहाँ रूपक, उपमा र अन्त्यानुप्रासको संयुक्त प्रयोग गरिएकाले संसृष्टि अलङ्कार पनि बन्न गएको देखिन्छ ।

छोड लौ दुष्टको संग तिमी बालकले पनि ।
हेमन्तसँग तेज मन्दै छ रविको पनि ॥

माथि दृष्टान्त अलङ्कार पर्न गएको छ । दुष्टको संगत छोड्नुपर्छ, अन्यथा त्यसको प्रभाव पर्छ । हेमन्तको संगतले गर्दा रविको पनि तेज मन्द छ भनेर बिम्ब बिम्बी भाव देखाइएको छ ।

काव्यमा अतिशयोक्ति, स्वभावोक्ति आदि अलङ्कार पनि प्रयुक्त छन् । कविले अलङ्कार विधानका लागि कतै पनि सचेत आयोजना गरेका छैनन् । त्यसैले गर्दा अलङ्कारको त्यति धेरै प्रयोग छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(घ) रसविधान : रामायणको कथा प्रसङ्ग नै यस काव्यमा आएकाले शान्तरसकै प्रसङ्ग यहाँ पनि देखिन्छ । रामको जन्म, बाललीला, विवाह, वनवास, ऋषि आश्रमको पालनपोषण र रक्षण, सीता अपहरण, रावणसंग युद्ध, सीताको उद्धार, रामसीता मिलन, आयोध्या आगमन, राज्याभिषेक, राज्यसञ्चालन, रामसीता धाम गमन आदि घटनामा शमभाव मूलभूत रूपमा व्यक्त भएको पाइन्छ ।
अन्तिम श्लोकको वर्णन सुनौं -

गरिकन सब साँचो राजको कामकाज
हित गरी जनतामा पाल्नुभो राम धम ।
स्थविर तरुण बाला राम आदर्श जानी
रघुवर भज सारा लोकमा भै इमानी ॥१४।१३६॥ (पृ.१५२)

प्रस्तुत काव्यमा निर्वेद स्थायी भाव भएको शान्तरसकै प्रयोग भएको अनुभव हुन्छ । शान्तरसमा शम वा निर्वेद स्थायीभाव हुन्छ । दु:खपूर्ण सांसारिक प्रपञ्च यसको आलम्बन विभाव हुन्छ । ईश्वर, तीर्थस्थल, मठमन्दिर, सत्सङ्ग आदि उद्दीपन विभाव हुन्छ । रोमाञ्चकता, अश्रुपात, मोह आदि अनुभाव हुन् । निर्वेद, स्मरण, हर्ष आदि व्यभिचारीभाव हुन् । यी विभावबाट शमभावमा पुगेर काव्यले विश्राम लिएको हुँदा शान्तरस प्रधान काव्य बन्न पुगेको छ ।

५.४.५. प्रकृति र संस्कृति

(क) प्रकृति : प्रकृति प्रयोगका दृष्टिले पनि प्रस्तुत काव्य महनीय बन्न गएको छ । कविले प्रकृतिकै प्रयोगमा कसरत त गरेका छैनन्, तै पनि स्वाभाविक रूपमा विविध समय र स्थानका प्रकृतिको चित्रण काव्यमा पाउन सकिन्छ । भीषण, सौम्य र मानवीकृत प्रकृतिमध्ये धेरैजसो सौम्य प्रकृतिकै वर्णन पाइन्छ । कतै कतै मानवीकृत प्रकृतिको पनि वर्णन भेटिन्छ । उपमान् र कतै उपमेयका रूपमा पनि प्रकृतिको प्रयोग गरिएको पाइन्छ ।

निम्न श्लोकहरूमा सामान्य प्रकृतिको वर्णन हेरौं-
फुलेको फूलमा सारा डुबेका भँमरा थिए ।
रस चुस्दै कराएर लोकचित्त हरीदिए ॥२।३२। (पृ.७५)
फलेका फलले ज्यादा झुकेका रुखले पनि ।
आनन्द मनमा दिन्थे सारामा गुणवान् बनी ॥२।३३॥ (पृ.७५)
अशोक बेल जम्बीर गुराँस महुवा पनि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिपलै चिउरी डुम्री देखिन्थे सुन्तला पनि ॥४।२१॥ (पृ.८४)

वर्षा वर्णन

ऋतुका फलले सारा फूलले शोभियो वन ॥५।१६॥ (पृ. ८८)

निम्न श्लोकमा उपमा पनि पर्न गएको छ र मानवीकृत पनि छ

हरियो सस्यले पूर्ण धरणी सब भागमा ।
नयाँ वस्त्र लगाएकी वधूझैं यस लोकमा ॥६।८५॥

निम्न श्लोकमा कुहिरोलाई टोपमा आरोप गरेको हुँदा रूपक र झर्नाको आवाजलाई मुखियाको आवाजसंग दाँजेको हुँदा उपमा अलङ्कार पर्न गएको छ। साथै प्रकृतिको मानवीकृत रूपसादृश्य पनि देखिन्छ । अन्त्यानुप्रास, रूपक र उपमासमेत प्रयोग भएकाले संसृष्टिसमेत पर्न गएको छ ।

कुहिरो टोप लाएर झर्नाका छलले गरी ।
हेर डाँडा कराएका गाउँका मुखिया सरी ॥६।८६॥
मेघमद्दतले उर्ली नदीनाला बढे अधि ।
थाले तोडन मर्यादा कलिका ब्राह्मणैसरि ॥६।८०॥ (पृ.९८)
उलँदा खहरे खोला नदीनाला सबथरि ।
सुसाए बहँदा पानी साँबे सर्प हिँडेसरि ॥६।८७॥ (पृ.९९)

सामान्य प्रकृतिको वर्णन -

खोजेको यसले के हो नदीनाला बढाउन ।
बर्साई जलका धारा बाटो बन्द गराउन ॥६।७९॥
कागती कमला केरा अमिली आँपका फल,
इत्यादि वृक्षमा शोभा देखिन्थ्यो जुन निर्मल ॥१३।२१॥
फल-फूल-बगैँचाले ढाकियो सब पर्वत ।
हरियो सस्यले पूर्ण मैदानहरू सर्वतः ॥१३।२८॥ (पृ.१३८)
फलमूललतापुष्पवृक्षोपवन-शोभित ।
परोपकारमा लाग्ने देखिन्थे सब पर्वत ॥१४।२२॥
झुलेका धानका बाला फेरि फाँट तराइमा ।
उर्लन्थिन् उर्वरा भूमि परोपकार काममा ॥१४।२३॥
कतै कालो कतै सेतो कतै रातो बुटा भरी ॥
देखिन्थिन् धरणी देवी पहेँलो मोहडा धरी ॥१४।२४॥
रामराज्य हुँदा बस्थिन् आनन्द मनमा गरी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरियो रेसमी वस्त्र लाएका महिलासरी ॥१४।२५॥ (पृ. १४४)

(ख) संस्कृति : प्रस्तुत काव्यको मूल विषय नै रामगाथा भएकाले यस काव्यमा पौरस्त्य भाषा, साहित्य, संस्कृति, दर्शन, आत्मा, परमात्मा, भेषभूषा, दैनिककृत्य, संस्कारकृत्य, वर्षकृत्य, अनुष्ठानकृत्य आदि, गृह उपकरण, कृषि उपकरण आदिको सन्निवेश भएको देखिन्छ । रामजन्मकथा, यज्ञसम्पादन, पुत्रोत्पत्ति, नामकरण, पठनपाठन, युद्धविद्याको प्रशिक्षण, सीतासंग विवाह, राज्याभिषेक, वनगमन, अनेक ऋषिहरूको आश्रमको भ्रमण, अनेक विषयमा चर्चा, सीताहरण, सीताको अन्वेषण, लङ्का गमन, युद्ध, विजय, अयोध्याप्रस्थान, राज्याभिषेक आदिमा पौरस्त्य संस्कृतिको उल्लेख पाइन्छ ।

५.४.६. निष्कर्ष

प्रस्तुत महाकाव्यको नाम नै बालरामायण राखिएको छ । यसबाट बालकका लागि बनाएको रामायण, बालबुद्धिले बनाएको रामायण, बालकजस्तै अप्रौढ रामायण आदि अर्थ पनि संकेतित हुन्छन् । जे अर्थ निकाले पनि रामायण पढ्दा बालकहरूले पनि सजिलै बुझ्ने गरी सहज र सरल ढङ्गमा यो ग्रन्थ लेखिएको देखिन्छ । १४ विलास र ११६८ श्लोकमा लेखिएको रामगाथा हुनाले यसलाई सजिलै महाकाव्य भन्न सकिन्छ । रामायणको कथा दक्षिण एशियामा र विश्वमा नै पनि लामो समयदेखि प्रसिद्ध हुँदै आएको हो । सनातन वैदिक धर्मावलम्बीहरूको त यो कथा महत्त्वपूर्ण धरोहर नै हो । रामायण र महाभारत हिन्दुजगत्को चिन्तन परम्पराको महत्त्वपूर्ण आधार सामग्री मानिन्छ । यी दुई ग्रन्थ उपजीव्य महाकाव्य पनि हुन्, जसमा लाखौं ग्रन्थ आधारित छन् ।

काव्य पूरै अनुष्टुप् छन्दमा रचित छ भने सर्गान्तमा छन्द बदलिएकाले केही अन्य छन्दहरूको पनि प्रयोग छ । काव्यमा शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ भने अन्त्यानुप्रासको सर्वत्र निर्वाह गरिएको देखिन्छ । रामभक्तिबाट उद्वेलित भई काव्य प्रणयन गरेकाले र भक्ति र वैराग्य पुष्ट हुने गरी काव्य प्रणयन गरिएकाले निर्वेद स्थायीभाव भएको शान्तरस काव्यमा रहेको छ । रामायणका सबै कथा वर्णन गर्ने प्रयत्न गरिएकाले काव्य भावप्रधानभन्दा वर्णनप्रधान नै बन्न गएको छ । रामायणकै एउटा कुनै खास घटनाको मात्रै वर्णन गरेको भए काव्य भावप्रधान बन्न सक्थ्यो । तर पनि कवि आफ्नो रामप्रतिको अगाध भक्तिभाव व्यक्त गर्न सफल देखिन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५.५ श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा

५.५.१ पृष्ठभूमि

पण्डित गायत्री गणेश अर्यालका काव्यहरूमध्ये नेपालीमा २ खण्डकाव्य रहेका छन् । त्यसमा **'श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा'** प्रबन्ध काव्य हो । यो काव्य **पण्डित गायत्री गणेश स्मृतिग्रन्थमा** समाहित रहेको छ । यस काव्यको शीर्षकबाट नै विषयवस्तुको बोध हुन्छ । प्रस्तुत काव्य वर्णनात्मक रहेको छ भने काव्यमा १०३ श्लोकको प्रयोग भएको छ । यस काव्यमा शार्दूलविक्रीडित (९१), स्रग्धरा (५ श्लोक), शिखरिणी (३ श्लोक) र अनुष्टुप् (३ श्लोक) छन्दको प्रयोग देखिन्छ । पहिलो श्लोक संस्कृत भाषामा छ र यहाँ पनि स्रग्धरा छन्दकै प्रयोग छ ।

५.५.२. कथानक र विषयवस्तु

राजा महेन्द्रले देशमा शान्ति विकास गर्न गराउन र विश्वमा नेपालको प्रतिष्ठा दिलाउने इच्छा राखेर २०१५ साल पुस १० गतेदेखि पुर्खाहरूले राज्य गरेको ऐतिहासिक स्थल गोरखाको भ्रमण थालेका थिए । राज्यस्तरबाट नै त्यसको राम्रो तयारी भएको थियो । कहिले, कहाँ कसरी जाने कहाँ बास बस्ने कहाँ कहिले के खाने आदिको व्यवस्था योजनाबद्धरूपमा भएको थियो । दरबारबाट राजा पहिला जितपुरफेदी हुँदै स्थानसिं क्याम्पमा पुगेर बास बसे । बाटा बाटामा हजारौं हजार नरनारीले स्वागत गरे, फूलमाला चढाए, जय जयकार गरे । त्यहाँबाट राजा गाउँवस्ती हुँदै, जनताको सुखदुःख सुन्दै गएर ज्यामृङ्गमा पुगेर बास भयो । ज्यामृङ्गबाट राजाको सबारी गोरखा जिल्लाको आग्नेय कोणमा रहेको बुढी गण्डकीको तिर दरबुङ्गमा भयो । कविले यहाँ गोरखाको सुन्दर वर्णन गरेका छन् । गोरखामा अनेक कोटहरू छन् । मन्दिरहरू छन् । देवीदेवताहरू छन् । गोरखाको कैलाशकूट पर्वत छ । दक्षिणतिर मनःकामनाको मन्दिर छ । अर्को डाँडोमा छिम्केश्वरी छ । उत्तरतिर हिमाल टल्किरहेको छ । नदीको वर्णन हेरौं सुनौं -

पुत्री छन् गिरिका प्रसिद्ध जसमा बेनी, लुदी ज्यादुल
सिर्दी चार भनेर जान जनको हो स्वर्ग जाने पुल ।
चेपे औ मनस्यन्दी पश्चिम रहे धर्मावती बीचकी
गर्दै सेचन घुम्दछन् यिनी सबै वृद्धा नदी गण्डकी ॥१९॥ (पृ. १६६)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा महेन्द्रको उपस्थिति देखेर पृथ्वीनारायणकी धरा राजपुत्रलाई छातीमा पाएर मुसुक्क मुस्कुराइन् । कविले राजाको कुलको वर्णन पनि यहाँ गरेका छन् । लमजुङे राजा यशोब्रह्म शाहका कान्छा छोरा द्रव्यशाहले गोरखाको शासन हातमा लिए । उनका छोरा पूर्ण शाह भए, उनका छोरा छत्र शाह भए, उनका कुलमा राम शाह भए । रामका छोरा डम्बर, उनका कृष्ण, उनका रुद्र शाह छोरा भए । रुद्रका पृथ्वीपति उनका छोरा नरभूपाल र उनका छोरा पृथ्वीनारायण शाह जन्मिए । यिनैले छरिएको नेपाललाई एकीकरण गरे ।

पृथ्वीको कुलमा प्रताप शाह, उनका छोरा रणबहादुर शाह, उनको गीर्वाणविक्रम शाह, उनको राजेन्द्र, उनको सुरेन्द्र, उनको त्रैलोक्य, उनका पृथ्वीवीरविक्रम छोराहरू क्रमशः भए । पृथ्वीका त्रिभुवन छोरा भए । यिनको पालामा राजेन्द्रदेखि सुरु भएको १०४ वर्षे राणा शाही खतम भयो । त्रिभुवनका छोरा महेन्द्र भए । उनले नेपालको चौतर्फी विकासका लागि प्रयत्न गरे ।

दरबुङ्गबाट राजाको दलबल मनःकामनातर्फ प्रस्थान गऱ्यो । बाटामा अनेक स्थानमा स्वागतद्वारहरू बनेका थिए । बस्ती-बस्तीमा जनताहरूको ठूलो भिडले राजाको स्वागत गरेको थियो । सो दिन मनःकामनामा नै शिविर लागेको थियो । राजाले पहिले वक्रेश्वरको दर्शन गरे । कवि स्वयं छात्रहरूसहित मनःकामनाद्वारमा वैदिक मङ्गलाचरण पाठ गरेर बसेका थिए ।

ढोकानेर बसेर आर्षकुलका छात्रादिले साथ नै
गर्थें मङ्गल वेदपाठ म पनि आनन्दमा मग्न भै ॥३५॥ (पृ. १६८)

कविले आफूले चलाएको ऋषिकुल विद्यालयलाई राजाबाट सहयोग होस् वा राजकीय संरक्षण प्राप्त होस् भनी बिन्ती बिसाएका थिए । राजाले पनि आश्वासन दिएका थिए र केही समयसम्म सहयोग मिलेको पनि थियो । भोलिपल्ट राजाले मनःकामना देवीको विधिपूर्वक पूजा गरे, बलि चढाए । त्यहाँको पूजा आदि कृत्य सकेर गोरखातिर कालिकास्थान उद्देश्य राखेर राजाको सबारी भयो । बाटामा अनेक स्वागत भए

नाना रङ्गविरङ्गले नगरमा ढोका बनेका छँदा
हेर्दा लोक समस्त नै खुस थिए राम्रो सफा देखँदा ।४०। (पृ.१६९)

गोरखाको सदरमुकाम पोखरीथोकमा पुगेर राजाले विश्राम लिए । रात ७ बजे जनप्रतिनिधिहरूलाई भेट्ने र गुनासो सुनाउने अवसर पनि दिए । जनताले -

पानी, स्कूल र औषधालय तथा औं पाठशाला अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाटो सेतु समस्त माग गरथे पाटी र पौवा पनि ॥ (पृ. १६९)

राजाले पनि विभिन्न स्थानमा विद्यालय, औषधालय, पालुङटारमा विमानस्थल आदिको व्यावस्था हुने कुराको आश्वासन दिएका थिए । सदरमुकाममा विशेष समारोह भएर नागरिक अभिनन्दन पनि गरिएको थियो । राजाले पहिला गोरखनाथको र त्यसपछि कालीको दर्शन पूजाआजा गर्नुभयो । यस वेला कृष्णराज पन्त गोरखाका बडाहाकिम थिए, उनले भ्रमणको सबै व्यवस्था मिलाएका थिए ।

पादुका सुनको त्रिशूल डमरु त्यो चाँदीको शोभन
भोला गोरखनाथमा हुन गयो श्री ५ को अर्पण ।५३। (पृ. १७१)
कालीको अनि पाउमा शिर धरी भारी भयो पूजन
नाना भूषण भेट रत्न कपडा गर्दै सबै अर्पण ।५४। (पृ. १७१)

गोरखा सदरमुकामको कार्यक्रम सके । कालीका, गोरखनाथ आदिको जीर्णोद्धारको पनि व्यवस्था गर्ने हुकुम भयो । त्यहाँबाट राजा पालुङ्गटारतिर प्रस्थान गरे । कविले राजा, जनता र आफ्नो कुलको समेत वर्णन गरेर काव्य टुङ्ग्याएका छन् ॥

५.५.३. चरित्रचित्रण

प्रस्तुत काव्यमा राजाको चरित्र विभिन्न ढङ्गमा गरिएको पाइन्छ । राजा प्रजावत्सल, विकासप्रेमी र हितैषी राजाको रूपमा अर्यालले वर्णन गरेका छन् । राजामा प्रजाप्रति असीम प्रेमभाव रहेको छ, देश विकासको हुटहुटी छ । राज्यव्यवस्था कसरी राम्रो गर्ने भन्ने चिन्ता छ । जनताको उत्थान र हित कसरी गर्ने, कसरी बाटो, विद्यालय, अस्पताल आदि गाउँमा पुऱ्याउने भन्ने चिन्ता राजामा रहेको कुरा काव्यमा वर्णित छ । जनताले पनि ठाउँठाउँका बासमा राजालाई भेट्दै विकास नै मागेको कुरा काव्यमा परेको देखिन्छ । जनताले पनि राजालाई ठूलै भरोसा गरेको कुरा पनि काव्यबाट खुल्न जान्छ । गाउँगाउँमा जनता जम्मा भएर फूल वर्षा गरेर यही कुराको संकेत गरेको बुझिन्छ । राजाले देश विकासको लागि विदेशको भ्रमण गरेको विषय पनि काव्यमा सांकेतिक छ । राजाले जनतालाई खुसी पारेको कुरा हेरौँ -

पूर्ण प्रेम धरी दयार्द्र दिलले रद्दै गराई जन
राजा यो पदरञ्जनादि गुणले सार्थक्य पारीकन ॥९॥ (पृ.१६५)

नेपालको राजपरम्परा लोकप्रिय रहेको र त्रिभुवनपछि महेन्द्र राजा भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनताको घरदैलोमा आएको विषय हेरौं -

वाहाँका सुत नै महेन्द्र अहिले नेपालको शासन
गर्दै देशविदेशको भ्रमणले पाई प्रतिष्ठाकन ॥३२॥ (पृ.१६८)

राजालाई सीता र रामकै दर्जामा कविले वर्णन गरेका छन्

सीतारामसरी महेन्द्र नृप औ रत्नाख्य देवी हुँदा
झल्केको सब रामराज्य जनमा देखिन्छ हेर्दा सदा ॥८४॥ (पृ.१७५)

ढाकेको तमले समस्त जन यो सन्देहमा नै थिए
ऐले झल्की महेन्द्रसूर्यकरले सारा हटाइदिए ॥९४॥ (पृ.१७६)

यसरी प्रस्तुत काव्यमा राजाको चरित्रलाई विभिन्न कोणबाट प्रस्तुत गरेर उदात्त र समुन्नत चरित्रको प्रतिष्ठा प्रदान गरेको अनुभव हुन्छ ।

५.५.४. संरचना, छन्द, भाषाशैली, अलङ्कार र रसविधान

(क) संरचना : प्रस्तुत काव्य १०३ श्लोकमा संरचित छ । विभिन्न शास्त्रीय छन्दमा अवलम्बित भई भाव विचार र विषयको विस्तारमा यस यात्रा वर्णन काव्यको बाह्यसंरचना तयार भएको देखिन्छ । कविको राजाप्रतिको श्रद्धाभाव, देशविकासको चाहना, राजाको जनतामा र जनताको राजामा रहेको प्रेम भाव, अन्तर्लय, शब्द तथा अर्थालङ्कारको प्रयोग, उत्साह स्थायीभाव भएको वीर रसको भाव आदिबाट आन्तरिक संरचना तयार भएको देखिन्छ ।

(ख) छन्द : छन्दको सचेत प्रयोग छ प्रस्तुत वर्णनात्मक काव्यमा । यस काव्यमा १०३ श्लोकको प्रयोग भएका छन् । शार्दूलविक्रीडित (९१), स्रग्धरा (५ श्लोक), शिखरिणी (३ श्लोक) र अनुष्टुप् (३ श्लोक) छन्दको प्रयोग काव्यमा देखिन्छ । पहिलो श्लोक संस्कृत भाषामा छ र यहाँ पनि स्रग्धरा छन्दकै प्रयोग छ । छन्द मिलाउनलाई कविले ठाउँ ठाउँमा नेपाली शब्दलाई भाँचेका छन्, कतै स्वरागम गरेका छन् त कतै खुट्टो काटेका छन् ।

(ग) अलङ्कार विधान : अलङ्कारले काव्यलाई सुशोभित र आह्लादित बनाउँछ । अलङ्कारवादी आचार्यहरू त अलङ्कार विना काव्य नै हुँदैन भन्दछन् । ध्वनिवाद र रसवादले पनि आफ्नो प्राधान्य बताएकै छन् । अलङ्कार, ध्वनि र रस तीन तत्त्वकै सन्तुलित प्रयोग हुन सकेमा काव्य सुन्दर हुन्छ । तर केही घटीबढी भए पनि यी काव्यतत्त्वको विन्यास काव्यमा भएकै हुन्छ । शब्दालङ्कार, अर्थालङ्कार र उभयालङ्कारको केही सैद्धान्तिक विषय माथि प्रस्तुत भैसकेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अ) शब्दालङ्कार : शब्दालङ्कारमा शब्दको प्रधानता रहेको हुन्छ। यो अलङ्कार शब्दमा नै आश्रित हुन्छ। त्यो ठाउँमा त्यो त्यो शब्द हटाउँदा अलङ्कार पनि हट्छ। अलङ्कारको प्रयोगमा कविको झुकाउ छैन, सहज रूपमा अलङ्कारको प्रयोग भएको देखिन्छ। शब्दालङ्कारको केही उदाहरण हेरौँ -

नाना रङ्गविरङ्गले नगरमा ढोका बनेका छँदा
हेर्दा लोक समस्त नै खुस थिए राम्रो सफा देखदा ॥४०॥ (पृ.१६९)

यहाँ न, र ङ्ग, स, द आदि वर्णको आवृत्तिले अन्तरअनुप्रास परेको छ भने अन्त्यानुप्रास पनि प्रयुक्त छ।

पानी दुर्लभ पो हुँदा पिउनमा ज्यादा बनी आकुल
गर्थे माग यी गाँउका जन सबै बन्दै ति काकाकुल।
के कस्तो हुन गो पुगेन कि कबै त्यो मागको पत्रले
ढाक्यो हो अथवा यी ग्राम्य जनमा दुर्भाग्यको छत्रले ॥८०॥ (पृ.१७४)

यस श्लोकमा विभिन्न अक्षरहरू अनेक पटक आवृत्ति भएका छन् र यिनले शब्दाङ्कारको चमक थपेका छन्। यस्तै यहाँ चारै पङ्क्तिमा अन्त्यानुप्रास पनि प्रयोग भएकै छ। यस्तै खालको अन्त्यानुप्रास र अन्तर्अनुप्रासले काव्यमा सर्वत्र चहक थपेकै पाइन्छ।

(अ) अर्थालङ्कार : अर्थमा आधारित अलङ्कारलाई अर्थालङ्कार भनिन्छ। अर्थालङ्कार नै काव्यको मुख्य अलङ्कार मानिन्छ। अर्थालङ्कारका अनेक भेदहरू छन्। सबै अलङ्कारको प्रयोग सबै कविले गरेका हुँदैनन्। कविको सामर्थ्य र रुचिअनुसार अलङ्कारको प्रयोग गरिएको हुन्छ। कवि गायत्री गणेशले उपमा बहुधा प्रयोग गरेका छन् भने रूपक, अनुप्रास, उत्प्रेक्षा, स्वभावोक्ति, अतिशयोक्ति आदिको पनि प्रयोग गरेका छन्।

जस्तै देह सिंगारदा पुरुषले अन्यत्र अङ्गैगरि
पैरन्छन् शिरमा पछाडि गहना रत्नादि नाना थरी।
गोर्खाशीर्ष बुझेर राष्ट्रभरको जिल्ला जउन् हो भनी
होला श्रीअधिराजका करुणया सम्पूर्ण हाम्रो पनि ॥४५॥ (पृ.१७०)

लाग्दामा ताप रातो रविकिरण खुला झल्किने साफ साफ
डाँडाकाँडा बनेको हिमचुलि फुलले शोभिँदो यो गुलाफ।
हो यो नेपाल हाम्रो नरपति अब तामादि अत्तर् बनाई
छिट्ने उद्योग साथै मग मग सुनमा गन्धजस्तै बनाई ॥७६॥ (पृ.१७४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ नेपाललाई शोभिँदो गुलाफ भनी अभिन्न आरोप गरेकाले रूपक अलङ्कार बन्न गएको छ। त्यस्तै सुनमा सुगन्धजस्तै अत्तरको प्रसङ्ग आएकाले लोकोक्तिको छाया परेको हुँदा लोकोक्ति अलङ्कार पनि पर्न गएको छ। रत्नादि शब्दको प्रयोगले रत्न र रानी रत्नको समेत संकेत गरेकाले श्लेष पनि पर्न गएको छ।

त्रेतामा जुन रामचन्द्र नृपमा सीताजी लक्ष्मी स्थिरा
त्यस्तै आज महेन्द्र भूपति हुँदा श्रीरत्नराज्येन्दिरा ॥८३॥ (पृ. १७५)

यहाँ महेन्द्र र रत्नालाई उपमेय र राम र सीता उपमान्का रूपमा प्रयोग गरिएको छ र 'त्यस्तै' शब्द वाचक वनेर आएको छ भने स्थिर शोभा धर्म आदि साधारण धर्मबाट उपमा व्यक्त भएको छ।

उम्ल्यो उन्नतिको अमूल्य बिरुवा नेपालको बागमा
हालौं मोल समस्त लोक मिलि लौ उद्योगको मूलमा।
यस्तो सम्मतिले समस्त जनता जागिरहेका छन
झल्केमा नृप भै महेन्द्रसविता गम्किरहेको झन ॥९३॥ (पृ.१७६)

यहाँ शब्दालङ्गर अर्थालङ्गार दुवै छ। यहाँ महेन्द्रलाई सविताको रूपमा अभेद आरोप गरिएको हुँदा रूपक अलङ्कार पर्न गएको छ। ब, ब, ल, म, ज, न आदि वर्ण दोहोरिएर शब्दालङ्कारको नमुना पनि बन्न पुगेको छ।

ढाकेको तमले समस्त जन यो सन्देहमा नै थिए
ऐले झुल्की महेन्द्रसूर्यकरले सारा हटाइदिए ।९४। (पृ.१७६)

(घ) रसविधान : प्रस्तुत काव्यमा राजा महेन्द्रमा रहेको देश निर्माणको अदम्य उत्साह भाव मुख्य कथ्यका रूपमा रहेको छ। राष्ट्रको विकास निर्माणमा अवरोध गर्ने, शत्रु, राजाका प्रतिद्वन्द्वी आलम्बन विभावका रूपमा मान्न सकिन्छ। तर यसमा वीर रसलाई परिपुष्ट गर्ने रससामग्री नभएकाले यसलाई वीररसकै काव्य भन्न गाह्रो हुन्छ। त्यसैले गर्दा उत्साहभाव रहेको भावध्वनि यस काव्यमा व्यक्त भएको पाइन्छ।

५.५.५. प्रकृति र संस्कृति

प्रस्तुत काव्यमा प्रकृति र संस्कृतिको वर्णन पनि गरिएको पाइन्छ। प्रकृतिको वर्णन विना काव्य काव्य नै हुँदैन। हरेक काव्यमा कुनै न कुनै रूपमा प्रकृतिको वर्णन गरिएकै हुन्छ।

(क) प्रकृति : झर्नाले वनबस्तीले छ बढिया मौसमका चीजले ।१७। (पृ.१६६)

यहाँ झर्ना वनबस्तीको सुन्दर वर्णन गरिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टल्केको छ हिमाल उत्तरदिशा पश्चिम् बहन्छन् नदी
अड्डाले र बजारले सहरमा पार्दैन क्यै आपदी ।
चारैतर्फ खुला सफा पवनले आनन्द पारीकन
जस्मा गोरखनाथको र जनको गर्छन् सदा सेवन ॥१८॥ (पृ.१६६)

यहाँ प्रकृतिको सुन्दर वर्णन गरिएको छ । उत्तरमा हिमाल टल्केको छ भने पश्चिमतिर नदी बगिरहेको छ । यहाँ प्रकृतिको मानवीकरण पनि गरिएको छ । प्रकृतिका सबै कुराले गोरखनाथ र जनताको सेवा गर्दछन् भन्ने वर्णनमा प्रकृति चित्रित छ ।

गोरखाका नदी, खोलानालाको वर्णन हेरौँ -

पुत्री छन् गिरिका प्रसिद्ध जसमा बेनी, लुदी ज्यादुल
सिर्दी चार भनेर जान जनको हो स्वर्ग जाने पुल ।
चेपे औ मनस्यन्दी पश्चिम रहे धर्मावती बिचकी
गर्दै सेचन घुम्दछन् यिनी सबै वृद्धा नदी गण्डकी ॥१९॥ (पृ. १६६)

नेपालकी धराको वर्णन पनि ज्यादै सुन्दर ढङ्गमा प्रस्तुत छ -

धन्यै छन् यी धरा पवित्र पतिकी टाढा रहेकी बरा
ज्यादा दुब्ली थिइन् उपेक्षित हुँदा निर्धी तथा प्याखरा ।
आशा दर्शनमा गरेर रहँदी श्री ५ को सर्वदा
ऐले दर्शनले प्रसन्न यि भइन् भर्ता स्वयं देखँदा ॥२०॥ (पृ.१६६)

सुयोग्य शासक पाएर गोरक्षभू पनि मुस्कुराएको कुरा हेरौँ -

मेरा स्वामी सुयोग्य शासक उनै श्री पृथ्वीनारायण
सम्राट्रूप महेन्द्र नाम अहिले पाल्नु भयो लौ भन ।
लज्जामा छलले छपक्क हिमले ढाकी मुहोडा अनि
हाँस्नुभो खुसले मुसुक्क मनमा गोरक्षभू यी पनि ॥२१॥ (पृ.१६७)

यसरी प्रस्तुत काव्यमा प्रकृतिको वर्णन विस्तृत रूपमा नगरेपनि विभिन्न स्थानमा प्रकृतिको चित्रण सुन्दर ढङ्गमा गरिएको पाइन्छ ।

(ख) संस्कृति : प्रस्तुत काव्यमा संस्कृतिको वर्णन पनि गरिएको पाइन्छ । संस्कृति वर्णनमा नै काव्य केन्द्रित नभए पनि विभिन्न ठाउँमा संस्कृतिको वर्णन भने भएको पाइन्छ ।

रामचन्द्रजस्तै प्रतापी राजाले चन्द्रवत् आह्लाद प्रदान गर्दै अगाडिबढिरहेको भन्दा पनि रामायणी संस्कृतिको स्मरण गरिएको छ । गोरखाराज्यले स्वयं एउटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राज्यसंस्कृतिको निर्माण गरेको छ । त्यसमा एउटा निश्चित व्यवस्था छ । नीतिनियम छ । सैन्य व्यवस्था छ । राजा दलबलसहित देशाटनमा निस्किएका छन् । बाटामा विभिन्न स्थानमा जनताले भव्य स्वागत गरेका छन् । त्यो स्वागतमा नेपाली संस्कृतिको झल्को पाइन्छ । इतिहास आँफै संस्कृतिको द्योतक हो, त्यसको राजपरम्पराको यहाँ वर्णन गरिएको छ । गोरखाका विभिन्न स्थानको भ्रमण, मनकामना, गोरखनाथ, कालिका आदिको पूजा आदि गरेको वर्णनमा संस्कृति अनुस्यूत रहेको देखिन्छ । नेपालका नदीनालाको वर्णनमा पनि संस्कृतिको संकेत पाइन्छ । जनताले बाटो, विद्यालय, अस्पताल आदिको माग गर्दा पनि संस्कृतिको वर्णन भएको देखिन्छ ।

५.५.६. निष्कर्ष

यस काव्यको शीर्षकबाट नै विषयवस्तुको बोध हुन्छ । 'श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा' काव्यको नाम रहेको छ । यो काव्य २०१५ साल श्रीपञ्चमीमा शान्तादेवी पाण्डेले प्रकाशन गरेको सूचना पाइन्छ भने पछि स्मृतिग्रन्थमा पनि प्रकाशित छ । १०३ श्लोकमा फैलिएको प्रस्तुत काव्य यात्रा वर्णनमा आधारित भई वर्णनप्रधान काव्य बन्न गएको छ । मूलतः शार्दूलविक्रीडित छन्दमा रचित काव्यमा शिखरिणी र अनुष्टुप् छन्दका केही श्लोक पनि पर्न गएका छन् । काव्यमा सामान्यतया शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग छ र अन्त्यानुप्रासलाई सर्वत्र विन्यास गरिएको देखिन्छ । प्रकृति र संस्कृतिको प्रयोग पनि ठाउँठाउँमा देख्न सकिन्छ । उत्साह स्थायीभाव भएको वीररसोचित भावध्वनि काव्यमा प्रकट भई तदनुसारको आस्वाद काव्यमा भेटिन्छ । राजा महेन्द्रको गोरखा, मनकामना मन्दिर र कालिका मन्दिर आदिको भ्रमण गरी पूजाआजा र जनतासंग प्रत्यक्ष संवाद गरेको यात्रा वृत्तान्तलाई प्रस्तुत वर्णनात्मक काव्यले निकै हद राम्रोसंग वर्णन गरेको देखिन्छ र काव्य केन्द्रीय भाव र विचारको प्रणयनमा सफल पनि छ ।

५.६ श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल भ्रमण

५.६.१ सन्दर्भकथन

कवि पण्डित गायत्री गणेश अर्यालको अर्को नेपाली प्रबन्धकाव्य रहेको छ **'श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल-भ्रमण'** । यस काव्यमा १०५ श्लोक रहेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छन् । तिनमा ४ संस्कृतका श्लोक छन् भने १०१ श्लोक नेपाली भाषामा निबद्ध छन् । संस्कृत र नेपालीका गरी स्रग्धरा छन्दमा ८ श्लोक छन् भने अनुष्टुप् छन्दमा ७ श्लोक छन् र बाँकी ९० श्लोक शार्दूलविक्रीडित छन्दमा विरचित छन् । कविको भाषा र छन्दको पकडं नेपालीमा भन्दा संस्कृतमा अझ सुदृढ रहेको दृष्टिगोचर हुन्छ । यो काव्य पनि यात्रा वर्णन प्रधान रहेको देखिन्छ । गोरखाभ्रमणको वर्णनभन्दा प्रस्तुतकाव्य केही परिष्कृत रहेको अनुभव हुन्छ ।

५.६.२. कथानक र विषयवस्तु

२०१६ साल मंसिर महिनामा प्रधानमन्त्री श्रीविश्वेश्वरप्रसाद कोइरालासहित मध्यपश्चिमाञ्चलको भ्रमणमा राजा महेन्द्र निस्किएका थिए । राजा महेन्द्र विमानस्थलबाट पोखरा पुगी त्यतैबाट स्याङ्जा बास बसेर पश्चिमतिर प्रस्थान गरेको सन्दर्भ काव्यमा पाइन्छ । स्याङ्जाबाट ६ कोस टाढा रहेको ह्याङ्जामा अर्को दिनको बास भयो भने ह्याङजाबाट मंसिर २८ गते कुस्मा पुगेर बास बसेको सन्दर्भ पनि काव्यमा वर्णित छ । कुस्माबाट लक्ष्मीनारायण जङ्गेश्वरको दर्शन गर्दै बागलुङ प्रस्थान गरेको घटना ज्यादै सशक्त ढङ्गमा वर्णित छ । त्यतैबाट मुस्ताङमा भने छोरा वीरेन्द्रलाई पठाएका थिए भने आफूले चाहिँ बागलुङकै विभिन्न स्थानको भ्रमण गरेका थिएर विभिन्न कार्यक्रममा भाग लिएका थिए । भाषणमा राजाले भने :

आएको छु म ता तपाईंहरूमा सम्बन्ध राखूँ भनी
जाला राष्ट्र समस्त नै प्रगतिमा के काम गर्दा भनी ॥१९॥ (पृ.१८०)

बागलुङबाट पिउनेपानी भन्ने ठाउँमा अर्को बास रहन गयो भने त्यताबाट अगाडि बढ्दै जाँदा मुस्ताङी राजाका छोरालाई कप्तानी दिएर राजाको भ्रमण टोली गल्कोटतिर प्रस्थान गऱ्यो । अर्को दिन त्यहाँबाट बामिटक्सार पुगेर भ्रमण दलले विश्राम लियो । त्यहाँबाट त्यो दल गुल्मीको तम्घास पुग्यो र त्यहाँ पनि ठूलो कार्यक्रम भयो अनि राजाले देश विकासका लागि जनताको राय लिन आएको छु भनेर भाषण गरे, जनताहरूले राजाको विचारलाई ज्यादै राम्रो ठाने । गुल्मी नाघेर राजाको भ्रमण दलले पुस ९ गते प्यूठान जिल्लाको सिमल्चौर शिविरमा पुगेर विश्राम लिएको थियो ।

पुस १० गते प्यूठान सदरमुकाममा रहेको क्याम्पमा भ्रमणदलले विश्राम गरेको थियो । त्यहाँ पनि जनताले राजाको भव्य स्वागत गरे । ढोका तोरणहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनेका थिए। त्यहाँबाट १२ गते देवीस्थान भन्ने स्थानमा पुगेर राजाको दलबलले विश्राम लिएको थियो भने माण्डवी नदीलाई स्पर्श गर्दै १३ गते यो भ्रमणटोली जुमलेपानीमा पुगेर बास बसेको थियो। पौष १४ गते घोराइमा पुगेर विश्राम लिएको थियो भने दाङका भव्य कार्यक्रममा सहभागी भएर वरपर घुमेर १६ गते द्यौखुरीतर्फ भास्सिएको थियो र पाँचकोस पर पुगेर अर्जुनखोलामा क्याम्प लगाई यो दलले विश्राम लिएको थियो। पुस १७ मा नर्तिगाउँमा र १८ पौषमा दाङदुधरासको क्याम्पमा आएर विश्राम लिएको कुरा काव्यमा वर्णन गरिएको छ। पुस २१ गते राजाको तुलसीपुरमा आवास रहेको थियो। त्यहाँ सल्यानी राजा नरेन्द्रले राम्रो स्वागत पनि गरेका थिए। जनताले भव्य स्वागत गरे। जनताले राजा छन् भन्ने सुनेका थिए तर कस्ता छन् के छन् भन्ने कुरा विगत डेड सय वर्षदेखि देख्न पाएका थिएनन्, सुनेका मात्रै थिए तर अहिले घर आँगनमा राजालाई देख्न र स्वागत गर्न पाउँदा जनताको अपार भिड लाग्नु स्वाभाविक नै थियो। २३ पुसमा सल्यान लवङ्गपुरमा आवास रहन गएको थियो भने त्यहाँ पनि जनताले भव्य स्वागत गरेका थिए। दिउँसो भव्य कार्यक्रम हुन्थ्यो भने रातमा क्याम्पमा राजाले जनतालाई दर्शन भेट दिन्थे। भेटका अवसरमा विकास निर्माणका विषयमा विमर्श पनि गर्थे।

२०१६ पुस २५ मा भव्य कार्यक्रम भएको थियो। दैलेखसम्म जाने इच्छा भए पनि अन्तर्राष्ट्रिय सम्मेलनमा जान परेकाले भ्रमण छोट्याएर २६ गते राजा फलेबाङमा आएर बसे। २७ गते हरिबगैयामा विश्राम लिए। यसरी स्याङ्जा, बाग्लुङ, मुल्मी, प्यूठान, द्यौखुरी, सल्यानआदि जिल्लाको भ्रमण सकेर नेपालगन्जका लागि प्रस्थान गरे भने अम्बापुरमा आएर विश्राम गरेका थिए। २८ मा लौकी भन्ने ठाउँमा बसे। त्यहाँको कार्यक्रममा राजालाई पाएर जनता दङ्ग थिए। त्यहाँबाट राजा नेपालगन्ज सदरमुकामतिर प्रस्थान गरे। केही दिन नेपालगन्जको क्याम्पमा बसी आराम गरेर शिकारसमेत खेलेर माघ १७ गते राजा मेहेन्द्रको काठमाडौं फिर्ती सबारी भएको थियो। काव्यको ८२ श्लोकसम्म यात्राको वर्णन गरेपछि त्यसपछिका श्लोकले राजाले काठमाडौंमा रुद्रयाग गरेका थिए, त्यसको वर्णन गरिएको छ। यज्ञवर्णन यस्तो छ -

जस्तो विश्व घुमेर बाहुबलले पारी सबै कायम
गर्ने हुन् रघु विश्वजित् मख पनि राजा कुनै कालमा।
एवं भूप महेन्द्र -वाक्यरसले उन्मुग्ध पारीकन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोटिहोम गरेर पारन सबै नेपाल नै पावन ॥८३॥ (पृ.१८८)

कोटिहोमको आचार्यत्व सोमनाथले गरेका थिए । याज्ञीय ऋत्विजहरू पनि सोमनाथले नै छानेका थिए । २०१८ माघ महिना २८ गतेतिर केही दिन लगाएर यज्ञ गरिएको थियो । महेन्द्रशतकमा ४० दिन यज्ञमा लागेको उल्लेख छ । वेद, पौराणिक साहित्य महाकाव्यहरूमा पनि राजाले दिग्विजय गरेपछि विश्वजित् यज्ञ गरेको प्रसङ्ग आएको पाइन्छ । लिच्छविकालीन राजा मानदेवले पनि राजा भएपछि विद्रोहमा उत्रेका राजा रजौटालाई आफ्नो नियन्त्रणमा ल्याएर यज्ञ गरेका थिए । त्यसैगरी राजा महेन्द्रले पनि देश भ्रमण गरेर जनताको अपार मायाममता प्राप्त गरेपछि आफ्ना विरोधीहरूलाई तह लगाएर काठमाडौँमा आई उक्त समयमा यज्ञ गरेका थिए ।

प्रस्तुत काव्यमा राजाको मध्यपश्चिमाञ्चलको भ्रमणसम्बद्ध कथानक र तत्सम्बद्ध विकास निर्माणका विषयहरू प्रस्तुत भएका छन् । राजाको भ्रमणका प्रत्येक तिथिमिति समय, वासस्थान, कार्यक्रम सबैको विवरण अनकन्टार गाउँमा कसरी ज्ञात भयो होला भनी जिज्ञासा राख्ता कविका छोरा रामशरण अर्यालले गोरखापत्र जाने गरेको थियो, सो पत्रिका पढ्न लगाएर सबै घटना, तिथिमिति उतार गरी मनमनै गुनगुनाउनुहुन्थ्यो र कुनै चेलालाई काव्य लेख्न लगाउनुहुन्थ्यो भन्ने जानकारी पाइयो ।

५.६.३. चरित्रचित्रण

चरित्रचित्रणका दृष्टिले पनि प्रस्तुत काव्य पठनीय छ । पहिलो काव्य गोरखा जिल्लाको भ्रमणसंग सम्बन्धित छ भने प्रस्तुत काव्य मध्यपश्चिमाञ्चल क्षेत्रको भ्रमणसंग सम्बन्धित रहेको छ । राजा महेन्द्रले देशनिर्माणका लागि स्वदेश र विदेशको समेत भ्रमण गरेका छन् । गोरखाको भ्रमणपछि मध्यपश्चिमको भ्रमण गरेका छन् र त्यहाँ पनि जनतासंग भेटघाट गरी देशनिर्माणको विषयमा चिन्ता प्रकट गरेका छन् । जनताले पनि देश विकासको विषयमा नै जिज्ञासा राखेका छन् । यी सबै कृत्यहरूमा राजाको उत्साहपूर्ण भूमिका रहेको देखिन्छ । यस काव्यमा पनि देशाटनका साथै रुद्रयाग गरेको प्रसङ्गको वर्णन गरिएको छ ।

जस्तै सूर्य उदाउँदा तिमिरको थुप्रोसरी लोकमा
भाग्यो नास्तिकता सबै मुलुकमा त्यो यज्ञको रापमा ।
ज्यादा स्वच्छ हिमालको शिखरझैँ बालार्कका रश्मिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झल्क्यो उज्ज्वलता प्रताप परदा मौसूफको कीर्तिले ॥९२॥ (पृ.१८९)

पाखण्डवादले वेदपद्धति प्रताडित थियो, राजाको उदयले गर्दा त्यो सुधारको बाटोमा आएको संकेत छ । राजाको प्रतापले गर्दा देशमा सुधार हुन थालेको विषय संकेतित छ । त्यसैले गर्दा राजाको चरित्रलाई काव्यले उठाउने प्रयत्न गरेको छ । साथै काव्यमा कतै कतै रानी रत्नाको पनि चर्चा गरिएको पाइन्छ ।

५.६.४ भाषाशैली, छन्द, अलङ्कार र रस

(क) भाषा : प्रस्तुत काव्यको भाषा सामान्य प्रकृतिको रहेको छ । कविले नेपाली भाषाको प्रयोग गर्दा केही भाँचभुच पनि गरेका छन्, त्यो छन्द मिलाउनका लागि त्यस्तो गरिएको हो । नेपाली भाषासाहित्यको उर्वर समयमा कविले प्रस्तुत काव्यको रचना गरेको पाइन्छ, जुन बेला लेखनाथ पौडेल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे आदिको काव्यरचना र प्रचार प्रसार चलिरहेको थियो । तर कवि गायत्री भने नेत्रशक्ति गुमाएर गायत्री पुरश्चरणमा संलग्न थिए । त्यसैले गर्दा १९९० को दशकमा जे जस्तो भाषा शैली बन्यो त्यसैलाई कविले आत्मसात् गरेको अनुभव हुन्छ । कविले अन्य कविका रचना पढ्ने अवसर पनि त्यति पाएनन् किन भने कविको समय गोरखाको आफ्नै जन्मभूमि बक्राङ, लिगलिगकोटको जयन्ती विद्यालय र केही समय लमजुङमा बितेको देखिन्छ । त्यसैले गर्दा समकालीन समाजको बोलचालको भाषा र संस्कृत भाषाको प्रभाव कविको काव्य रचनामा रहेको देखिन्छ ।

(ख) छन्द : छन्दका विषयमा पनि चर्चा गरौं । प्रस्तुत काव्यमा १०५ श्लोक छन् । यस काव्यमा ४ संस्कृतका श्लोक पनि प्रयुक्त छन् भने १०१ श्लोक नेपाली भाषामा निबद्ध छन् । संस्कृत र नेपालीका गरी स्रग्धरा छन्दमा ८ श्लोक छन् भने अनुष्टुप् छन्दमा ७ श्लोक छन् र बाँकी ९० श्लोक शार्दूलविक्रीडित छन्दमा विरचित छन् । छन्दलाई कविले राम्रैसंग खेलाएका छन् तर पनि एकाध ठाउँमा केही कसरमसर रहेको भने देखिन्छ । छन्द मिलाउन कतिपय श्लोकमा कविले शब्द भाँचेका छन्, कतै स्वरागम गरेका छन् कतै स्वरभङ्ग गरेका छन् । भानुभक्त, मोतीराम भट्ट आदिको भाषाशैलीको प्रभाव सजिलै देख्न सकिन्छ । जेजस्तो भएपनि भाव, विचार र भाषाको प्रवाह भने सहजरूपमा प्रवाहित भएको दृष्टिगोचर हुन्छ ।

(ग) अलङ्कार : काव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग पाइन्छ । कवि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजभक्त भएकाले राजाको सामान्य गतिविधिको वर्णनमा केन्द्रित छन्, अलङ्कार सज्जामा उहाँको ध्यान गएको देखिदैन। तै पनि केही न केही अलङ्कार त काव्यमा रहेकै छन्।

(अ) शब्दालङ्कार : कवि अलङ्कार विधानमा त्यति धेरै प्रयत्न गर्दैनन्, लेख्दै जाँदा अलङ्कार मिले पनि ठिकै छ नमिले पनि ठिकै छ, केही आग्रह पनि छैन, कुनै गुनासो पनि छैन। शब्दालङ्कारमा अन्त्यानुप्रास, अनुप्रास, श्लेष, यमक आदि पर्दछन्। काव्यमा सबै ठाउँमा अन्त्यानुप्रास मिलाइएको पाइन्छ भने अनेकौं श्लोकमा अन्तर्अनुप्रास मिलाएको देखिन्छ। अन्त्यानुप्रासको सचेत प्रयोग गरे पनि अन्तर्अनुप्रास भने सहजविन्यस्त छन्।

यौटाका भरमा भएन अहिले यो राष्ट्रको उन्नति ।२६। (पृ.१८१)

यहाँ या, भ, र वर्णको आवृत्तिले शब्दसौन्दर्यमा वृद्धि भएको छ।

नारीका मनमा मनोभवसरी क्याम्पाविषे भित्रँदा ।७४। (पृ.१८७)

यहाँ न, र, म,व वर्णको आवृत्तिले शब्द सौष्टवता थपेको छ।

जस्मा आस्तिक साधुवर्ग जति थे देशीविदेशी सबै
आए दर्शन यज्ञको गरुँ भनी आनन्द मन्मा हुँदै ॥९०॥ (पृ.१८९)

यहाँ स, द, न, जस्ता वर्णको आवृत्ति भएको छ र अन्त्यानुप्रास पनि रहेकै छ। यस्तै किसिमका एकै ठाउँमा शब्दालङ्कार र अर्थालङ्कार भएका थुप्रै प्रयोग यस काव्यमा पाउन सकिन्छ।

(आ) अर्थालङ्कार : अर्थालङ्कारका दृष्टिले पनि काव्य रमणीय बन्न गएको छ। माथि पनि भनियो कवि अलङ्कारको प्रयोगमा कसरत गर्दैनन्, सहज भावविन्यास मात्र कविको लक्ष्य देखिन्छ।

गौरी शङ्करको विलास गरने यो स्वर्ग-उद्यानमा
थन्केको जुन राष्ट्रपद्म फुल यो सङ्कोचका रूपमा।
ऐले शान्त महेन्द्रको किरण नै मार्तण्ड भैँ झुल्कँदा।
पायो बल्ल विकास दुष्ट घनको स्वातन्त्र्यले फारदा ॥१॥ (पृ.१७८)

प्रस्तुत श्लोकको पहिलो आधामा राष्ट्रलाई नै कमलपुष्पका रूपमा अभेद आरोप गरेकाले रूपक अलङ्कार पर्न गएको छ। राष्ट्रपद्म सङ्कुचित थियो, फुलेको थिएन तर अहिले मार्तण्ड भैँ महेन्द्रको किरणले दुष्ट घनलाई (बादल) फारदा (हटाउँदा) राष्ट्रपद्म विकसित हुन पायो भन्दा उपमा झल्केको छ। यहाँ महेन्द्र उपमेय, मार्तण्ड उपमान्, भैँ वाचक शब्द र विकसित हुनु साधारण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्म देखिन्छ । पत्राच्छन्न संकोचित कमलपुष्प सूर्य उदाएपछि विकसित भएझैं संकुचित गतिहीन देशविकासको गतिले पनि महेन्द्रको किरण पाएर पल्लवित हुने पुष्पित हुने अवसर पाएको छ भन्दा उपमाको सौन्दर्य प्रकट भएको छ ।

पर्न्या शीतल गर्मी मौसमविषे सत्कीर्ति नै चाँदनी
जाडोमा जडता हटाउनि उता उद्योगको रोसनी ।
बाधा छैन कतै कुनै समयमा जस्को हुँदा शासन
हो यो दिव्य महेन्द्रतेज बलदो आनन्दको साधन ॥३॥ (पृ.१७८)

यसको पहिलोमा सत्कीर्तिलाई चाँदनीमा अभेद आरोप गरिएको छ भने दोस्रोमा जाडोमा जडताको, उद्योगमा रोसनीको, बल्दो महेन्द्रको तेजमा आनन्दको साधनलाई अभेद आरोप गरिएको हुँदा यहाँ रूपकालङ्कार झल्किएको छ ।

जाँदामा अधिराजका उपरमा वर्षा भयो फूलको
थाल्यो देखिन मार्गमा तरफका धारासरी मेघको ।
साराका मनमा उमङ्ग भरियो श्री ५ को दृष्टिले
भैगो चातकको समान मनमा आनन्दको वृष्टिले ॥३२॥ (पृ.१८२)

पहिलो आधामा मेघको वर्षा सरी फूलको वर्षा भयो भन्दा पनि उपमा अलङ्कार पर्न भएको छ । अर्को आधामा पनि मन उपमेय, चातक उपमान्, 'समान' वाचक शब्द, (श्री ५ को दृष्टि उपमेय चातकको दृष्टि समान उपमान्) साधारण धर्म आनन्दको वृष्टिबाट व्यक्त उपमा झल्किएको छ ।

सारा आनन्दमा पर्थे पाएर भेट दर्शन ।
हेर्थे चकोरले चन्द्रजस्तै टोल भईकन ॥५०॥ (पृ.१८४)

यहाँ पनि जनता र राजा उपमेय, चकोर र चन्द्रमा उपमान् । दुवैले परस्पर हेर्नु साधारण धर्म जस्तै वाचक शब्दबाट उपमा नै झल्किएको छ ।

मेघाडम्बर फ्याँकदा शरदले टल्किरहेको नभ
जस्मा चन्द्र उदाउँदा उस विषे झल्किरहेछन् सब ।
त्यस्तै श्रीअधिराजका उदयले झल्क्यो सबै भूतल
देखिन्थ्यो जनको प्रसन्न मुख जो आनन्दले उज्ज्वल ॥५७॥ (पृ.१८५)

यस श्लोकमा राजा उपमेय छन् भने चन्द्र उपमान् छ, 'त्यस्तै' वाचक शब्द हो भने झलमल हुनु दुवैमा रहेको साधारण धर्म हो । उपमेय, उपमान्, वाचक शब्द र साधारण धर्मसमेत स्पष्ट रहेकाले यो श्लोक पूर्णोपमाको उदाहरण बन्न पुगेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

झल्केका अनि दिव्य रत्न कपडा त्यो यज्ञभूमिभरि ।८८। (पृ. १८९)

राजा महेन्द्रले यज्ञ गर्दा यागभूमि रत्न र कपडा आदिले झल्केको छ भन्ने प्रकृत अर्थ र यस वर्णनमा रानी रत्नको पनि वर्णन आएकाले यहाँ रत्नाको उपस्थितिले यज्ञभूमि सुशोभित भएको अर्थ झल्किएको हुँदा श्लेष अलङ्कार पर्न गएको छ ।

जस्तै सूर्य उदाउँदा तिमिरको थुप्रोसरी लोकमा
भाग्यो नास्तिकता सबै मुलुकमा त्यो यज्ञको रापमा ।
ज्यादा स्वच्छ हिमालको शिखरझैँ बालार्कका रश्मिले
झल्क्यो उज्ज्वलता प्रताप परदा मौसूफको कीर्तिले ॥९२॥ (पृ.१८९)

यस श्लोकमा तिमिर र नास्तिकता उपमान्, सूर्य र यज्ञ उपमेय नास्तिकता र तिमिरता साधारण धर्म सरी वाचक शब्दबाट उपमा झल्किएको छ । त्यस्तै अर्कोमा राजाको कीर्ति उपमेय, हिमालको शिखर टल्कनु उपमान् 'झैँ' वाचक शब्द, ज्यादा स्वच्छता र उज्ज्वल प्रताप साधारण धर्मबाट पूर्णोपमा अलङ्कार व्यक्त छ ।

(घ) रसयोजना : संस्कृतका काव्यविवेचकहरूले वस्तु, नेता र रसको विवेचनालाई जोड दिएको पाइन्छ । वस्तु र नेताका विषयमा माथि केही विषय प्रस्तुत भैसकेको छ । यहाँ रसका विषयमा सामान्य चर्चा गरिन्छ । रससिद्धन्तका विषयमा माथि सामान्य चर्चा गरिएको छ । संस्कृत साहित्यमा नवरसको व्यापक मात्रामा सैद्धान्तिक र प्रायोगिक विषयको विश्लेषण पाइन्छ । रामभक्त माला संस्कृतकाव्य र बालरामायण नेपाली महाकाव्यमा शान्तरसको प्रयोग गरिएको कुरा माथि प्रस्तुत भैसकेको छ । संस्कृतको महेन्द्रशतकम् र नेपालीका महेन्द्रको गोरखा र मध्यपश्चिमको भ्रमणसम्बन्धी दुईकाव्यमा वीरभासको प्रयोग देखिन्छ । तर वीररसका लागि आवश्यक पर्ने सबै उपकरण र वीरत्व वर्णनको उचाइ त्यसतर्फ नगएकाले वीररसको भावध्वनि रहेको देखिन्छ । उत्साहभाव त छ काव्यमा तर युद्धको वर्णन छैन, राजा स्वयं युद्धमा छैनन्, रणमैदानमा शत्रुलाई परास्त गरेका पनि छैनन् । त्यसैले गर्दा उत्साह भाव उद्‌बुद्ध भएको भावध्वनि यहाँ व्यक्त भएको अनुभव हुन्छ ।

५.६.५. प्रकृति र संस्कृति

प्रकृति र संस्कृतिको प्रयोगका दृष्टिले पनि प्रस्तुत काव्य विवेचनीय रहेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । यद्यपि काव्यमा प्रकृति र संस्कृतिको वर्णन स्वाभाविक रूपमा आएकै हुन्छ । तै पनि त्यसलाई कविहरूले वैयक्तिक भावधारामा रङ्गाएर व्यक्त गरेका हुन्छन् । यस काव्यमा पनि त्यसको केही उदाहरण पाउन सकिन्छ ।

(क) प्रकृति : प्रस्तुत काव्य राजाको भ्रमण विषयक भएकाले प्रकृति चित्रणको सन्दर्भ त्यति आएको छैन तै पनि ठाउँठाउँमा प्रकृतिको चित्रण पाइन्छ । प्रकृति कतै उपमेय भएर र कतै उपमान् भएर पनि प्रस्तुत भएको पाइन्छ । कतै प्रकृतिलाई मानवीकृत गरिएको पाइन्छ भने कतै स्वाभाविक प्रकृतिको चित्रण पाइन्छ । प्रकृति र संस्कृतिका विषय काव्यकृतिमा आएकै हुन्छन् । प्रकृति चित्रण विनाको काव्य के काव्य ?

कविले नेपाललाई शिव र पार्वतीले क्रीडा गर्ने स्वर्गको उद्यानका रूपमा लिएका छन् । हिमाल शिवपार्वतीको क्रीडा भूमि हो भनेर अनेक शास्त्रहरूले, तन्त्रशास्त्रले, शिवपुराण, स्कन्दपुराण, वराहपुराण आदिले उल्लेख गरेकै छन् । कविले नेपाललाई कमलको फूलको रूपमा लिएका छन् । महेन्द्ररूपी रवि नहुँदा खुम्चिएको थियो । अहिले माहेन्द्री सूर्यले गर्दा पद्मपत्र विकसित भएको वर्णन गरेका छन् । यहाँ शब्दालङ्कारसहित रूपकालङ्कार पनि झल्केको छ-

गौरी शङ्करको विलास गरने यो स्वर्ग-उद्यानमा
थन्केको जुन राष्ट्रपद्म फुल यो सङ्कोचका रूपमा ॥१॥ (पृ.१७८)

अर्को ठाउँमा राजाको सत्कीर्तिरूपी चाँदनीले गर्मीमा पनि शीतलता दिने विषय राख्दा र उद्योगको रोसनीले जाडोको जडता हटाउने सर्न्दमा पनि प्रकृतिको वर्णन सुन्दर ढङ्गमा अलङ्कार पर्ने गरी व्यक्त छ ।

पर्न्या शीतल गर्मी मौसमविषे सत्कीर्ति नै चाँदनी
जाडोमा जडता हटाउनि उता उद्योगको रोसनी ॥३॥ (पृ.१७८)

(ख) संस्कृति : हरेक साहित्यिक काव्य कृतिमा संस्कृतिको सन्दर्भ कुनै न कुनै ढङ्गमा आएकै हुन्छ । प्रस्तुत काव्यमा पनि भ्रमणका वेला अनेक सांस्कृतिक सन्दर्भहरूको वर्णन पाइन्छ । प्रकृतिभिन्न मानव व्यवहार र मानवले बनाएका दृष्ट अदृष्ट स्थूलसूक्ष्म आदि पदार्थ संस्कृतिभित्र पर्छन् ।

राजाको भ्रमण, विश्राम, राजाको भव्य स्वागत, जयजयकार, स्वागतद्वार, तोरण, मञ्च, पुष्पगुच्छा, माला, स्वागत अभिनन्दन, औपचारिक समारोह, आवासका लागि शिविर लगाउनु, खानपान, भारी भरौट आदिमा संस्कृतिका विविध स्वरूप झल्किएको पाइन्छ । राजाको भ्रमणमा विकास निर्माणको संस्कृतिलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कविले सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् -

बाटो निर्माण होला मुलुकभरि सफा सेतु बन्लान् नदीमा
बन्लान् औ कारखाना कुशल कल मिली राष्ट्रजिल्लाभरिमा ।
बन्लान् फेर् पाठशाला इलम सिकी सबै जिन्दगी पो सपार्लान्
विज्ञान-ज्ञान-विद्या सिकीकन जनता सभ्यतामा ठहर्लान् ॥७४॥ (पृ.१७४)

यसै गरी संस्कृतिका अनेक सन्दर्भ आएको पाइन्छ । संस्कृतिका सन्दर्भमा नेपाली समाजका अनेक सन्दर्भहरूको चित्रण पनि आस्वादनीय बनेर प्रस्तुत भएको पाइन्छ ।

५.६.६. निष्कर्ष

प्रस्तुत काव्य राजा महेन्द्रको मध्यपश्चिमाञ्चल क्षेत्रको भ्रमणमा केन्द्रित रहेको पाइन्छ । यो काव्य लेख्दा कवि आफ्नै घर गोरखाको वक्राङमा ऋषिकुल विद्यालय सञ्चालन गरेर विद्यार्थीहरूलाई पढाइरहेका थिए । प्रत्येक दिनको वास, स्थान, भेटघाट आदि कसरी कविलाई ज्ञात भयो होला ? यसका विषयमा खोज्दै जाँदा घरमा गोरखापत्र झिकाउने गरेको रहेछ, विद्यार्थीले पत्रिका पढेर सुनाउँदा रहेछन् र त्यसैबाट संझिएर टिपोट गरेर भ्रमणको एक एक वृत्तान्तको वर्णन गरिएको रहेछ (रामशरण अर्यालबाट प्राप्त जानकारी) । त्यसैले गर्दा पनि काव्य वर्णनप्रधान बन्न गएको छ, एउटै केन्द्रीय कथ्यवृत्तमा भावका अनेक तरेली व्यक्त नभई विविध घटनाहरू व्यक्त हुन आएका छन् ।

राजाले स्याङ्जा, बाग्लुङ, गुल्मी, प्यूठान, दाङ्ग, द्यौखुरी, सल्यान आदि जिल्लाको भ्रमण सकेर नेपालगन्जका लागि प्रस्थान गरेको र उतैबाट विमान चढेर काठमाडौं गएको वर्णन काव्यमा पाइन्छ ।

काव्यमा विभिन्न छन्दहरूको प्रयोग गरिएको छ भने शब्दालङ्कार र अर्थालङ्कारको पनि प्रयोग हुन गएको छ । उत्साह स्थायी भाव भएको वीररसोचित भावध्वनि काव्यमा व्यक्त छ । वर्णनप्रधान यस काव्यले राजाको भ्रमण विषयलाई सुन्दर ढङ्गमा प्रस्तुत गर्न सफल रहेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिच्छेद : छ
उपसंहार तथा निष्कर्ष

६.१ विषयप्रवेश

'कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका कृतिहरूको समीक्षात्मक अध्ययन' नामक शोधग्रन्थ ५ परिच्छेदमा तयार पारिएको छ । प्रस्तुत ग्रन्थमा गायत्री गणेश अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको समष्टिगत अध्ययन प्रस्तुत गरिएको छ । यस अध्यायमा भने अध्यायगत निष्कर्ष र समष्टिगत निष्कर्ष तथा उपसंहार प्रस्तुत छ । अन्तिममा परिशिष्ट र सन्दर्भसामग्री प्रस्तुत गरिएको छ ।

६.२ परिच्छेदगत सारांश

प्रस्तुत ग्रन्थको पहिलो परिच्छेदमा गायत्री गणेशप्रसाद अर्यालको जीवनी र व्यक्तित्वका विषयमा प्रकाश पारिएको छ । गणेशप्रसाद अर्यालको जन्म १९६६ सालमा भएको थियो भने उहाँ २०२४ साल चैत्र महिनामा ब्रह्मलीन हुनुभएको थियो ।

दोस्रो परिच्छेदमा काव्यसिद्धान्तको सामान्य चर्चा, संस्कृत काव्यपरम्पराको रूपरेखा, नेपालीकाव्यको रूपरेखा र गोरखाली कविप्रतिभाको समेत सामान्य परिचय प्रस्तुत गरिएको छ। यसै परिच्छेदमा गोरखाका संस्कृतका रचनाकारहरूका उपलब्ध रचनाहरूको तुलनात्मक समीक्षासमेत प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा गायत्री गणेशले रचना गरेका संस्कृतका १० वटा कविताको अध्ययन, व्याख्या र विश्लेषण गरिएको छ भने चारौँ परिच्छेदमा नेपालीमा लेखिएका १८ वटा फुटकर कविताहरूको अध्ययन प्रस्तुत गरिएको छ । पाँचौं परिच्छेदमा संस्कृतमा लेखिएका **रामभक्तमाला** र **महेन्द्रशतकम्** खण्डकाव्य र नेपालीमा लेखिएका **बालरामायण** (महाकाव्य), **श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा** र **श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल-भ्रमण** प्रबन्धकाव्यको अध्ययन प्रस्तुत भएको छ ।

६.३ समष्टिगत निष्कर्ष तथा उपसंहार

कवि अर्यालको जन्म १९६६ माघ २७ गते भएको थियो भने उहाँ २०२४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साल चैत्र १६ गते ब्रह्मलीन हुनुभएको थियो । कवि अर्याल नेपाल एकीकरणको शिलान्यास गर्ने द्रव्य शाहका गुरुकल्प र सहयोगी नारायणदास अर्यालका सन्तति हुनुहुन्छ । यस ग्रन्थमा नारायणदास अर्यालदेखि गायत्री अर्यालसम्मको वंशविस्तारको रूपरेखा पनि प्रस्तुत गरिएको छ । अर्यालको बाल्यकाल गाउँमा नै बितेको थियो भने १३।१४ वर्षको उमेरमा रामायणकथाबाट प्रभावित भई अध्ययन आरम्भ गर्नुभएको थियो । रुद्री, चण्डी, रामायण, कौमुदी आदि आधारभूत ग्रन्थको अध्ययन गरी काठमाडौँमा आई संस्कृत प्रधान पाठशालामा औपचारिक रूपमा अध्ययन गरेका थिए अर्यालले । मेधावी र परिश्रमशील भएकाले अर्यालले २३।२४ वर्षको उमेरमा १९९० सालतिर सम्पूर्णमध्यमा समुत्तीर्ण गरेका थिए । यसै वर्ष १९९० सालमा जनैपूर्णिमाको दिन नारदकुण्डमा स्नान गर्न जाँदा पिता वेदप्रसाद शर्मा र माता चन्द्रमायाको उतै एकैचोटी देहावसान भएको थियो ।

वि.सं. १९९० सालमा मातापिताको निधन भएपछि अध्ययनमा बाधा परेको देखिन्छ । तैपनि १९९१-१९९२ सालमा अर्यालले वेदान्त विषयमा सोमनाथ सिग्देलबाट शास्त्रीका दुई खण्डको अध्ययन पूरा गरेका थिए । स्वास्थ्य र घरायसी समस्याले गर्दा घर फर्की वि.सं. १९९३ सालबाट २००१ सम्म लमजुङ उदीपु, चितिमा २ वर्ष र गोरखा खोपलाङमा ५ वर्ष गरी ७ वर्ष सरकारी भाषापाठशालामा अध्यापन गरेका थिए भने २००१ सालमा आँखामा समस्या आई उपचारमा लागेको र अनेक उपाय गर्दा पनि केही नलागी नेत्रशक्ति गुमाउनुपरेको थियो । अर्यालले २००८ सालको पूर्वार्द्धसम्म करिब ६।७ वर्ष घरमै बसी अध्यापन, रामभक्तमाला (२००६) को रचना र गायत्री पुरश्चरण (२००७) गर्नुभएको देखिन्छ । २००८ सालको अन्त्यतिरदेखि ०१५ साल पूर्वार्द्धसम्म लिगलिग जयन्ती विद्यालयमा पढाउनुभएको र त्यसपछि जन्मथलो बक्राङमा नै आई ऋषिकुल विद्यालय खोलेर २०२४ सालसम्म पढाउनुभएको थियो अर्यालले । उहाँले जयन्ती विद्यालयमा रहँदा र गाउँकै ऋषिकुल विद्यालयमा पढाउँदा विद्यार्थीहरूलाई टिप्न लगाई विभिन्न ग्रन्थको रचना गरेको देखिन्छ । सबै कृतिका श्लोकको गणना गर्दा २४११ श्लोकको रचना गरेको देखिन्छ । तर उहाँको स्मृतिग्रन्थ (२०६२) प्रकाशित हुँदा ३९० श्लोक बराबरका केही खण्डकाव्य र केही फुटकर कविता अप्राप्य रहन पुगे । तै पनि हाम्रा सामु अहिले संस्कृतका १० फुटकर कविता, नेपालीका १८ फुटकर कविता, संस्कृतमा दुई खण्डकाव्य र नेपालीमा एक महाकाव्यसहित दुई खण्डकाव्य उपलब्ध छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गायत्री गणेशका १० वटा संस्कृतका फुटकर कविताहरूमध्ये ५ वटा कविता कालिका, गोरक्षनाथ र मनःकामनाका स्तुतिपद्यका रूपमा आएकाले निर्वेद भाव व्यक्त भएको पाइन्छ । शोकप्रवाह र त्रिभुवनशोकतरङ्गिणीमा समवयःका मामा हरिभक्त र राजा त्रिभुवनको मृत्युमा लेखिएकाले शोकभाव व्यक्त भएको छ । पद्मशमशेरलाई निवेदन, लक्ष्मणथापा र वंशवर्णनम् जस्ता ३ कवितामा सामान्य भाव र विचारको प्रवाह रहेको पाइन्छ ।

गायत्री गणेशका १८ वटा नेपाली फुटकर कविताहरूमध्ये ६ वटा कवितामा समाज धार्मिक भावधाराबाट विचलित हुँदै गएकामा चिन्ता व्यक्त गरिएको छ र सुधारको सन्देश दिँदै पौरस्त्य चिन्तन, चरित्र र दर्शनको आलोकमा रम्न आग्रह गरिएको छ । एउटामा राजा महेन्द्रलाई शुभकामना दिइएको छ भने अर्कोमा हजुरआमा सती गएकाले उहाँको सतीचरित्रको वर्णन गरिएको छ । **प्रजातन्त्रसमाजचित्रण, राष्ट्रियश्लोक र लोकचेतावनीमा** समाज पौरस्त्य आदर्शबाट विचलित हुँदै गएकामा चिन्ता र सुधारको सन्देश दिइएको छ । **रामराज्यानुवर्णनमा** रामराज्यको वर्णन गर्दै त्यस्तै आदर्श र चरित्रको अनुसरण गर्न देश र दुनियाँलाई सन्देश दिइएको पाइन्छ ।

गणेशकल्पलताका पूर्वप्रकाशित ११ वटा कवितामा एक कवितालाई छोडेर सबै कवितामा निर्वेद स्थायी भाव भएको शान्तरसको भाव व्यक्त भएको पाइन्छ । गुरुलहरीबाट आरम्भ गरेर हेरम्ब, आदित्य, दुर्गा, शारदा, शिव, राम, विष्णु लहरीमा ईश्वरप्रतिको भक्तिभाव प्रकट भएको पाइन्छ । ब्रह्मलहरीमा वेदान्तदर्शनमाथि चिन्तन गरिएको छ । रागलहरीमा शृङ्गारभाव प्रकट गरी वृद्धावस्थामा र मुमुक्षुलाई शृङ्गारभावले काम नदिने कुराको संकेत गर्दै वैराग्यलहरीमा पुगेर वैराग्यले नै मुक्तिमार्गको कनककपाट उद्घाटित हुने कुराका साथ काव्यशृङ्खला टुङ्गिएको छ ।

गायत्री गणेशका ५ वटा प्रबन्धकाव्यमध्ये संस्कृतमा रचित **रामभक्तमाला**मा रामकथाको समग्रसार आएकाले रामायणको सन्देशलाई नै यस काव्यले पनि आत्मसात् गरेको छ । निर्वेद स्थायीभाव भएको यस काव्यमा शान्तरस परिपाकमा पुगेको अनुभव हुन्छ । कविको **बालरामायण** पनि निर्वेद स्थायीभाव भएको शान्तरस परिपाकमा पुगेको नेपाली महाकाव्य हो । संस्कृतमा लेखिएको **महेन्द्रशतकम्** खण्डकाव्यमा राजा महेन्द्रको स्वदेश तथा विदेशको भ्रमण, देश उन्नतिको प्रयत्न र रुद्रयागको वर्णन गरिएकोमा विभिन्न अलङ्कारसहित उत्साहस्थायीभाव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उद्‌बुद्ध भएको हुनाले उत्साह भावध्वनि व्यक्त भएको छ । उनका **श्री ५ महेन्द्रको पश्चिमाञ्चल गोरक्षयात्रा** र **श्री ५ महेन्द्रको मध्यपश्चिमाञ्चल भ्रमण** दुई प्रबन्धकाव्यमा राजा महेन्द्रका यी दुई क्षेत्रको उत्साहपूर्ण भ्रमणको वर्णन र विकासको प्रयत्नको वर्णन गरिएको छ र उत्साहभाव उद्‌बुद्ध भई उत्साहभावप्रकट भएकाले तदनुसारको भावध्वनि व्यक्त भएको पाइन्छ ।

कवि गायत्री गणेशका संस्कृतका १० फुटकर कविता र रामभक्तमाला एवं महेन्द्रशतकम् दुई खण्डकाव्यको अध्ययन गर्दा कवित्वको प्रवाह स्तरीय छ, भाव, विचार र भाषाको प्रौढता वन्दनीय र आस्वादनीय छ । नेपालका संस्कृतका रचनाकारहरूको काव्यकृतिको तुलनामा गायत्री गणेशका रचना कमजोर छैनन् । नेपालीका १८ वटा फुटकर कविता र एक महाकाव्य एवं दुई खण्डकाव्यको अध्ययन गर्दा गायत्री गणेशमा माध्यमिक कालको उत्तरकालीन प्रवृत्तिको प्रभाव देखिन्छ भने आधुनिक कालको छिपछिपे चिन्तन र काव्यशैलीको समेत प्रभाव रहेको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट



गायत्री गणेशद्वारा स्थापित राममन्दिर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



गायत्री गणेशको जन्मथलो, बत्राङ, गोरखा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भग्रन्थसूची

अधिकारी, टीकाराम (२०६२) *गणेशप्रसाद अर्यालका रचनाहरूमा पाइने काव्यवैचित्र्यको रसमाधुरी,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

अधिकारी, श्रीकान्त (२०६२) *गणेश अर्याल : एउटा जीवन्त व्यक्तित्व,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति

अर्याल, रामशरण, (२०६२), *मेरो गौरव,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

अर्याल, विमला (२०६२) *एक आदर्श व्यक्तित्व : गायत्री गुरु,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

कट्टेल नवराज, २०७८ *संस्कृतकाव्यसिद्धान्त समीक्षा,* काठमाडौँ, जयतु संस्कृतम् ।

कीथ ए.बी. (अनु मङ्गलदेव) १९६७, *संस्कृत साहित्यका इतिहास,* वाराणसी, मोतीलाल बनारसीदास ।

खनाल, केदारनाथ (२०६२), *प्रज्ञाचक्षु पण्डित गणेशप्रसाद अर्याल,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौँ, स्मृतिग्रन्थ प्रकाशन समिति ।

खनाल, केदारनाथ, (२०७८), *नेपाली साहित्यमा गोरखाली स्रष्टाहरू : संक्षिप्त अभिरेखाङ्कन,* गोरखा वाङ्मय, काठमाडौँ, गोरखा साहित्य सर्जक ।

त्रिपाठी, वासुदेव (२०६२), *गोरखाका कवि पण्डित गायत्री गणेश अर्याल,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौँ, स्मृतिग्रन्थ प्रकाशन समिति ।

देवकोटा उपेन्द्र (२०६२), *मेरा श्रद्धेय गायत्री गुरु,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौँ, स्मृतिग्रन्थ प्रकाशन समिति ।

देवकोटा, पूर्णचन्द्र (२०६२) *गुरु गायत्री गणेश अर्याल,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

देवकोटा, वाचस्पति (२०६२), *आदरणीय गुरु गायत्री गणेशको संझनामा* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवकोटा, राजेश्वर (२०६२), पण्डित गायत्रीप्रसाद अर्याल पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

वाग्ले, चिरञ्जीवी (२०६२), *गुरु गायत्री गणेश : एक संझना,* पण्डित गायत्री गणेश स्मृतिग्रन्थ, काठमाडौं, स्मृतिग्रन्थ प्रकाशन समिति ।

श्रेष्ठ, दयाराम र शर्मा (२०४९), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* काठमाडौं, साझाप्रकाशन ।

सुवेदी हंसपुरे, २०३७, *संस्कृत वाङ्मय संक्षिप्त अध्ययन,* काठमाडौं, पाविके, त्रिभुवन विश्वविद्यालय ।

उपाध्याय केशव, २०३८, *साहित्य प्रकाश,* काठमाडौं, साझा प्रकाशन ।

उपाध्याय केशव, २०३६, *पूर्वीय साहित्य सिद्धान्त,* काठमाडौं, पा.वि.के. त्रिभुवन विश्वविद्यालय ।

गौतम कुलचन्द्र, २०१५ *राघावालङ्कार,* काठमाडौं, नेपाल एकेडेमी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ॥
नेपालसर्वकारतः स्वीकृता सामाजिकी प्राज्ञिकी च सर्वकारीयेतरा संस्था

जयतु संस्कृतम् संस्थायाः प्रकाशनानि

१. मङ्गलग्रहः (काव्यम्) - डा. टीकारामः पन्थी
२. कृष्णाभिसर्पणम् (काव्यम्) - महाकविः भरतराजः मन्थलीयः
३. मीमांसातर्कभाषा - डा. काशीनाथः न्यौपाने
४. चन्द्रप्रभा (काव्यम्) - डा. टीकारामः अधिकारी
५. संस्कृतकवितासङ्ग्रहः (प्रथमपुष्पम्) - संयुक्तसम्पादनम्
६. कलमाक्षरचरितकाव्यम् - प्रा. तेजः केशरी शर्मा
७. संस्कृतमा के छ ? - अनुसन्धानात्मकलेखसङ्ग्रहः
८. जयतु संस्कृतम् (मुखपत्रम्) - संयुक्तसम्पादनम्
९. प्राकृतपोखरा (संस्कृते) - अनुवादकः डा. लक्ष्मीकान्तः पन्थी
१०. लङ्कावतारसूत्रम् - अनु.डा. काशीनाथः न्यौपाने
११. चार्वाकदर्शनम् - प्रा. रेवतीरमणः खनालः
१२. गौतमन्यायसूत्रम् - अनु.प्रा. पद्मप्रसादः भट्टराई
१३. ब्रह्मसूत्रम् - अनु.प्रा.डा. दीर्घराजः घिमिरे
१४. जयतु संस्कृतम् (मुखपत्रम्) - संयुक्तसम्पादनम्
१५. संस्कृतकवितासङ्ग्रहः (द्वितीयपुष्पम्) - संयुक्तसम्पादनम्
१६. कामकलाविलास - प्रा. विद्यानाथ-उपाध्यायः
१७. जैनदर्शनं - तत्त्वार्थसूत्रम् - डा. चन्द्रमणि नेपाल
१८. दर्शनसारामृतम् - लोकनाथलुइँटेलः
१९. मीमांसापरिभाषा - प्रा.डा. ऋषिरामपोखरेलः
२०. समीक्षात्मकग्रन्थ - ध्रुवभट्टराई
२१. ब्रम्हाण्डपुराण - डा. बद्रि पोखरेल
२२. नेपालगौरवम् (महाकाव्यम्) - प्रा.डा. विष्णुप्रसादशर्मदेवकोटा
२३. संस्कृतकाव्यसिद्धान्त समीक्षा - डा. नवराज कट्टेल
२४. कर्मफलम् (संस्कृतरूपकसङ्ग्रहः) - प्रा.डा. नवराजकट्टेलः
२५. कवि पण्डित गायत्री गणेशप्रसाद अर्यालका ... - प्रा.डा. नवराज कट्टेल

जयतु संस्कृतम्
केन्द्रीयकार्यालयः, काष्ठमण्डपः, नेपालः दूरभाषः ०१-४७०५३७१

Jayatu Sanskritam, Kathmandu, Nepal